# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ९०

फिलिपिन्सको जनयुद्धले कसरी वार्ता सम्पन्न गऱ्यो ?



## सबैको आँखा वार्तातिर वार्ताको दिशा कतातिर ?

**वार्ताबारे के भन्छन् ?**

- सरकारका वार्ता प्रमुख चिरंजीवी वाग्ले
- माओवादी वार्ता प्रमुख कृष्णबहादुर महरा
- मध्यस्थकर्ता पद्मरत्न तुलाधर
- प्रतिपक्षी नेता माधवकुमार नेपाल

राजसंस्थाको लोकतान्त्रिक व्यवस्थापन
- *नरहरि आचार्य*

कसरी हुनुपर्छ नेपालमा क्रान्तिकारी भूमिसुधार ?

एमाले-माले एकता कता ?

www.mulyankan.itgo.com

# DUCKHAMS




अन्तरराष्ट्रिय
**ISO-9002** को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल







**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**



प्रकाशित भएको ६ महिनाभित्रै
६ हजारप्रति बिक्री भएको
चर्चित र लोकप्रिय पुस्तक

**विश्व क्रान्तिका नायक**

# चे ग्वेभारा



लेखक : राजेन्द्र महर्जन

◆ परिमार्जन
र थप महत्वपूर्ण
सामग्रीहरु सहित

## तेस्रो संस्करण

छिटै बजारमा आउँदैछ !

- 'म चेकी छोरी हुँ, यसमा म गर्व गर्दछु ।'
  *- डा. अलैदा ग्वेभारा मार्चको आखामा चे ग्वेभारा*
- 'आज चेले पहिलेभन्दा धेरै बेसी युद्धहरू लडिरहनुभएको छ र जितिरहुनुभएको छ ।'
  *- क्यूवाली राष्ट्रपति फिडेल क्यास्त्रोको विश्लेषण*
- क. चे ग्वेभारा र साम्राज्यवादविरोधी संघर्ष
  *- कोरियाली कम्युनिष्ट नेता किम इल सुङद्वारा मूल्यांकन*
- चे ग्वेभारा नैराश्यको कारणले होइन, मनुष्यप्रतिको प्रेमको कारणले गुरिल्ला बनेका थिए ।
  *- ब्राजिलका क्रान्तिकारी शिक्षाविद् पाउलो फ्रेरीको विचार*
- थप पठनीय सामग्रीहरू

**साथमा**
निनु चापागाइँ
र
श्याम श्रेष्ठका
चेसम्बन्धी
विचारहरू

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोनः ४२२७६९, फ्याक्सः ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं

◄ यसभित्र

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष-१८, पूर्णाङ्क- ९०
भाद्र, २०५८

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुलसीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी
**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का
**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल :
yuwa@ntc.net.np
वेभसाइट:
www.mulyankan.itgo.com

## सबैको आँखा वार्तातिर

# वार्ताको दिशा कतातिर ?



## प्रथम चरणको वार्ता कस्तो रह्‍यो ?

**प्रमुख वार्ताकारहरू के भन्छन् ?**

- ❑ लचिलो त दुवै पक्ष हुनुपर्छ- *चिरञ्जीवी वाग्ले*
- ❑ वार्ताको टेबुलमा जे पनि हुनसक्छ, हुन पाउनुपर्छ- *कृष्णबहादुर महरा*
- ❑ दुवै पक्ष वार्ताप्रति गम्भीर र प्रतिबद्ध भएको देखियो - *पद्मरत्न तुलाधर*
- ❑ अहिले नेपालमा आमूल सुधार गरिनुपर्छ- *माधवकुमार नेपाल*

## कसरी हुनुपर्छ क्रान्तिकारी भूमिसुधार ?

❑ *विरोध किन हुँदैछ ?* ❑ *हदबन्दी घटाएर मात्र पुग्दैन* ❑ *खण्डीकरणको समस्या र उपायहरू* ❑ *कृषि क्रान्ति र औद्योगीकरण पनि गर्नु जरूरी*

***बडाल आयोग र कांग्रेस पार्टीद्वारा प्रस्तावित हदबन्दी कस्तो छ ?***

# फिलिपिन्सको जनयुद्धले कसरी वार्ता सम्पन्न गर्‍यो ?

**रक्सीविरोधी वार्ता सफल**

मन्दिर उद्घाटनमा माओवादी, बोक्सी बकाउनेमा एमाले-माले !



राजसंस्थाको प्रजातान्त्रीकरण हुनु जरुरी छ
*- माधवकुमार नेपाल -*

*राजसंस्थाको लोकतान्त्रिक व्यवस्थापन*
*-नरहरि आचार्य -*

**एमाले-माले एकता कता ? एकता प्रक्रियाहरुबारे मसाल के भन्छ ?**

## सीलगुडी वार्तामा के भएको थियो ?

**पूँजीवादको बदलिंदो स्वरुप**
**- डा. चैतन्य मिश्र**

**हाम्रो मूल्यांकन:**
बृहत् वाममोर्चा आजको आवश्यकता ४

**आवरण कथा**
सबैको आँखा वार्तातिर वार्ताको दिशा कतातिर ?
*-श्याम श्रेष्ठ* ५

**विश्व कम्युनिष्ट आन्दोलन,**
शान्तिवार्ता र जनयुद्धबीच कसरी बढ्दैछ फिलिपिनो कम्युनिष्ट आन्दोलन ?
*-राजेन्द्र महर्जन* १६

**नीति / संस्कृति**
मन्दिर उद्घाटनमा माओवादी, बोक्सी बकाउनेमा एमाले-माले !
*-चन्द्रदेव नेपाली* ३५

**अर्थतन्त्र**
कसरी हुनुपर्छ क्रान्तिकारी भूमिसुधार ?
*-श्याम श्रेष्ठ* २२

**बहस**
राजसंस्थाको प्रजातान्त्रीकरण हुनु जरूरी छ
*-माधवकुमार नेपाल* २५
राजसंस्थाको लोकतान्त्रिक व्यवस्थापन
*-नरहरि आचार्य* २६

**आत्मकथा**
तुल्सीलाललाई ज्यापु ड्रेसमा आमसभामा बोल्न लगाएँ -निर्मल लामा
*-तुल्सीदास महर्जन* ३०

**घटना र प्रवृत्ति**
रक्सीविरोधी वार्ता सफल: संघर्षको यो शैलीबाट महिलाहरू सशक्त हुन्छन् ? २९
वास्तवमा सिलीगुडी वार्तामा के भएको थियो ? ४४
नेपाल-भारत वाणिज्य सन्धि नवीकरणमात्र गर्न पनि यत्रो महाभारत ?
*-दीपक वैद्य* ४६

**विज्ञान**
'सापेक्ष समय' पछिल्लो भौतिक विज्ञानको निष्कर्ष हो
*-तुल्सीदास महर्जन* ३२

**किताब**
महिला स्वास्थ्यका लागि उपयोगी दुई पुस्तक
*-मुक्ता श्रेष्ठ* ३७

**उल्लेख्य** ३७

**अन्तर्क्रिया**
पूँजीवादको बदलिंदो स्वरूप
-डा. चैतन्य मिश्र ३८

**पाठकको कुरो** ४६

आवरणमा : सरकार-माओवादी वार्ताको सन्दर्भमा कार्टुन, कार्टुनिष्ट : बासु क्षितिज । आवरण सज्जा: टाइम्स क्रिएशन, बागबजार, फोन: २५२६४५ ।
कलर सेपरेशन: पोलिइमेज, प्रदर्शनी मार्ग, फोन: २५२५७१ । कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. सारू, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२ ।*
मुद्रण: इन्द्रेणी अफसेट प्रेस, अनामनगर, फोन: ४३७४४८

# बृहत् वाममोर्चा आजको आवश्यकता

नेपालमा यतिखेर विश्वमै बिरलै भेटिने विशिष्ट स्थिति विद्यमान छ : यहाँ संसदमा पनि सबैभन्दा शक्तिशाली वामपन्थी नै छन्, सडकमा पनि र जंगलमा पनि । यी तीनैथरी वामपन्थी शक्तिहरु समाजलाई अग्रगतिमा लाने र आमूल परिवर्तन गर्ने एउटा साझा न्यूनतम कार्यक्रममा आधारित भएर एक ढिका हुने हो भने नेपालमा वामपन्थी शक्ति जति बलवान र जनव्यापी अर्को कुनै हुनेवाला छैन । विडम्वना के छ भने वामपन्थी शक्तिहरु नेपालको यो विशिष्ट स्थितिलाई आत्मसात् गरिरहेका छैनन् । उनीहरु मिलनका साझा विन्दुहरु ज्यादै कम खोजिरहेछन्, बे-साझा कुराहरुमा झगडा ज्यादा गरिरहेछन् ।

बहुदल आएको १२ वर्ष भईसक्यो, बहुसंख्यक नेपाली जनताले व्यवस्था परिवर्तनको कुनै अनुभूति गर्न सकिरहेका छैनन् । सिंहदरवारमा बस्ने पात्रमात्र बदलिएको छ, प्रवृत्ति बदलिएको छैन । नयाँ शासकहरुमा पनि उही पुरानै आत्म-केन्द्रित प्रवृत्ति, भ्रष्ट आचरण र निरंकुश चरित्र देखेर आमजनता आजित र अधीर भइसके । त्यसैले, यतिबेला सम्पूर्ण जनताले खोजेको यहीं र अहिल्यै व्यापक आर्थिक-सामाजिक परिवर्तन हो । सर्वांग र आमूल परिवर्तन हो । नेपालका सम्पूर्ण वामशक्तिहरु यही सर्वांग र आमूल परिवर्तनको लागि एक ढिक्का भएर प्रस्तुत हुनु आजको आवश्यकता हो ।

वामशक्तिहरु एक ढिक्का हुनका लागि पहिलेभन्दा निकै अनुकूल स्थिति देशमा सृजना भएको पनि छ । एमाले र मालेको पानी बाराबारको स्थिति लगभग अन्त्य भएको छ । माओवादी र एमालेको शत्रुतापूर्ण सम्बन्ध अब हिजोको कुरा भइसकेको छ । मसाल र माओवादीले शत्रुतापूर्ण सम्बन्ध थोरै त्यागेर अब सँगै बसेर छलफल गर्न प्रारम्भ गरेका छन् । आफूबाहेक अन्य वाम सबैलाई या त संशोधनवादी या प्रतिक्रियावादी देख्ने माओवादीले अब उनीहरुलाई 'मित्रशक्ति' देख्न थालेको छ । मुख्य मुख्य वामपन्थी शक्तिको 'सिलीगुडी बैठक' अब संभव भएको छ, जुन एक वर्षअघिसम्म कल्पना पनि गर्न सकिन्नथ्यो । सबैजसो वामपन्थी शक्तिहरु यतिबेला लचिलो देखापरिरहेछन् । सबैको सबैसँग संवाद संभव भएको छ । यो स्थितिलाई वामएकताको निम्ति अत्यन्त सकारात्मक स्थितिका रुपमा लिइनु पर्दछ ।

परन्तु वामएकताका निम्ति केही गम्भीर समस्या र तगाराहरु पनि अझै बाँकी छन् । एउटा मुख्य तगारो के भइरहेछ भने प्रमुख ठूला वामपन्थी पार्टीहरुले नेपाली समाजको आमूल रुपान्तरण र त्यसका लागि साझा न्यूनतम कार्यक्रमको विकास, त्यसमा आधारित प्रभावकारी संयुक्त आन्दोलन र स्थानीय जनसत्ताको विकासलाई आफ्नो प्रमुख एजेण्डा बनाउन सकिरहेका छैनन् । सामाजिक स्वार्थसँग बाझ्ने संकीर्ण समूहस्वार्थ नै धेरैजसो प्रमुख पार्टीको प्रमुख एजेण्डा बनिरहेछ ।

अहिले एमालेसँग र अन्य वाम पार्टीहरुसँग व्यापक र शक्तिशाली जन-बल छ, माओवादीसित जनबलको अलावा शक्तिशाली सैन्यबल छ । यो जनबल र सैन्यबलको मिलन आजको खाँचो हो । यसो गर्न सकेको खण्डमा अर्को कुनै बलले यसलाई परास्त गर्न सक्ने स्थिति नेपालमा विद्यमान छैन । परन्तु जनबलवालाहरुले सैन्यबललाई आफ्नो ठान्न सकिरहेका छैनन्, सैन्यबलवालाले अरुको जनबलको टेकोमा आफू खडा हुनसक्ने अनुभूति गर्न सकिरहेको छैन । जनबल र सैन्यबलका बीचमा आपसमा हार्दिक र विश्वासयोग्य सम्बन्ध र संवादको अभाव यतिखेरको अर्को ठूलो समस्या हो ।

वृहत् वाम मोर्चाको निर्माणको लागि एमाले र माओवादी यतिबेला निर्णायक शक्तिका रुपमा छन् । उनीहरुविना यो मोर्चा सर्वांग र शक्तिशाली नै हुँदैन । परन्तु भरे सरकारमा जाने सवाललाई धुरी बनाएर, सरकारमा जानका लागि जनबल र संयुक्त वाम बल होइन, विदेशी शक्ति र दरवारको समर्थनको आवश्यकतालाई मुख्य आधार बनाएर एमालेले माओवादीसित दूरी कायम राख्न खोजिरहेछ । माओवादीसित मिलेर वृहत् वाम मोर्चा निर्माण गर्न इन्कार गरिरहेछ । वामएकताका लागि यो सोच र व्यवहार अर्को ठूलो तगारो भइरहेछ ।

संयुक्त मोर्चाको आचारसंहिता पालना गर्न खास खास ठूला शक्तिहरु चुक्नु अर्को समस्या हो । विशेषत: माओवादीबाट संयुक्त कार्यक्रममा आफ्नो पार्टीको विशिष्ट नारा लगाइदिने, अराजक भईदिने कारणले पनि संयुक्त वाममोर्चा निर्माणमा तगारो खडा भइरहेछ ।

अहिलेको पहिलो आवश्यकता हो- यी तगाराहरु हटाउनु । विश्वमै नभएको अहिलेको नेपालको विशिष्ट स्थिति र संभावनालाई हरेक पार्टीले महशूस गऱ्यो भने, वाम एकताको निम्ति अहिले बनिरहेको सकारात्मक स्थितिमा एक कदम अगाडि बढ्ने एवं एक धक्का अर्को दिने अठोट गऱ्यो भने र आ-आफ्नो भागमा पर्ने तगारो आफैले भत्काउने काम आत्मआलोचक भएर शुरु गऱ्यो भने यी तगाराहरु हटाउन असंभव छैन । सिर्फ आवश्यकता छ- गतिशील चिन्तन, समाजमुखी व्यवहारको र काममा इमान्दारिताको ।

वृहत् वाममोर्चा निर्माणको लागि नेपालका वामपन्थी पार्टीहरुका बीच कैयन् साझा सवालहरु छन् । 'मूल्यांकन'ले सबै पार्टीका दस्तावेजहरु र हालैका वक्तव्यहरु अध्ययन गरेर ती साझा सवालहरुमा गृहकार्य पनि गरेको छ । सबै पार्टीको दस्तावेजमा भेटिने यी सवालहरु वृहत वाममोर्चाको निम्ति 'साझा न्यूनतम कार्यक्रम' हुन सक्छन् भन्ने हामीलाई लाग्छ ।

◆ *सन् १९५० को असमान सन्धि खारेज हुनुपर्छ, समानता र पारस्परिक लाभका आधारमा नयाँ सन्धि हुनुपर्छ । ☐ नेपाल-भारत सीमा नियन्त्रित र नियमित गरिनुपर्छ, वर्क परमीट प्रणाली लागु गरिनुपर्छ । ◆ कालापानी-लिम्पियाधुरा क्षेत्रबाट भारतीय सेना फिर्ता हुनुपर्छ । ☐ विदेशी ऋण र तिनका नव-उपनिवेशवादी शर्तहरूबाट राष्ट्रलाई मुक्ति दिलाइनु पर्छ । ◆ क्रान्तिकारी भूमिसुधार, कृषिक्रान्ति र ग्रामीण औद्योगीकरण एकसाथ सम्पन्न गरिनुपर्छ । ☐ प्रगतिशील भूमि कर र सम्पत्ति कर प्रणाली लागु गरिनुपर्छ । ◆ सबै क्षेत्रका मजदूरहरूलाई आठ घण्टे श्रमदिन लागु गरिनुपर्छ र मानवोचित ज्याला दिइनुपर्छ । ☐ महिलाहरूलाई आर्थिक-सामाजिक-राजनीतिक सबै क्षेत्रमा पूर्ण समानताको हक दिइनु पर्छ । ◆ धर्मको मामिलामा राज्य निरपेक्ष हुनुपर्छ । ☐ सबै भाषा र जनजातिहरूलाई जातीय स्वायत्त शासनको हक प्रदान गर्नुपर्छ, उनीहरूलाई राज्यले समान व्यवहार र विकासको समान अवसर दिइनुपर्छ, एक भाषा र एक जाति विशेषाधिकार अन्त्य गर्नुपर्छ । ◆ सेना, राजदरवार र राजगद्दी उत्तराधिकारसम्बन्धी व्यवस्थालाई संसदको मातहत ल्याइनुपर्छ र विकेन्द्रित शासन प्रणाली हुनुपर्छ । ☐ राष्ट्रिय आर्थिक-सामाजिक क्रान्तिको मूर्त आवश्यकता पूरा गर्ने वैज्ञानिक र जनवादी शिक्षा प्रणाली हुनुपर्छ ।*

यो कार्यक्रम सबै वाम पार्टीको साझा न्यूनतम कार्यक्रम बन्न सक्छ कि सक्दैन, प्रत्येक पार्टीले छलफल गरोस् । यसमा आवश्यक थपघट र संशोधन गरोस् । र, एउटा साझा न्यूनतम कार्यक्रममा आधारित बृहत वाममोर्चा निर्माण गर्न हरेक जिम्मेवार पार्टीले पहल गरोस् । यसैमा आधारित भएर सडक, संसद र सरकार तीनै ठाउँमा संयुक्त संघर्ष चलाइयोस् । ☐

---

नेपालको आधुनिक इतिहासमा पहिलोपटक सरकार र क्रान्तिकारी विद्रोहीबीचे औपचारिक वार्ता ललितपुरको गोदावरी भिलेज रिसोर्टमा यही भाद्र १४ गते सम्पन्न भएको छ । शान्तिपूर्ण वार्ताको माध्यमबाट मुलुकका सबै मत-मतान्तर र समस्याको निकास खोज्ने प्रतिबद्धता व्यक्त गरेर र दुई हप्ताभित्र फेरि अर्को चरणको वार्ता गर्ने सहमतिसहित पहिलो चरणको यो वार्ता सम्पन्न भएको छ ।

अहिले सम्पूर्ण राष्ट्रको आँखा वार्ताको टेबुलमा केन्द्रित छ- जहाँ सरकार र माओवादी प्रतिनिधिहरू माओवादी 'जनयुद्ध' शुरू भएको करिब साँढे पाँच वर्षपछि पहिलोचोटि आम्ने-साम्ने बसेर संवाद गरिरहेछन् । निकै महँगो मूल्य चुकाएर यो वार्ता भएको छ । गृह मन्त्रालयका अनुसार, जनयुद्धको क्रममा अहिलेसम्म १८१७ जना नेपालीहरूको ज्यान गइसकेको छ, जसमध्ये १०६० जना माओवादी छन् ४४० जना प्रहरीहरू र बाँकी ३१७ जना जन-साधारण छन् । नेपालमा अहिलेसम्म भएको कुनै पनि आन्तरिक टकरावमा यति धेरै मानिसको ज्यान गएको यो पहिलो घटना हो । यो वार्ताले कस्तो रूप लेला ? बहुसंख्यक नेपालीलाई अहिले यो प्रश्नले दिलभित्रसम्म चिमोटिरहेको छ ।

माओवादीका तर्फबाट अध्यक्ष प्रचण्डले दोस्रो चरणको वार्ता भाद्र २५ गते रोल्पामा होस् भन्ने प्रस्तावित गर्नुभएको छ, अनि तेस्रो चरणको वार्ता असोज ९ गते काठमाण्डौमा । सरकारले त्यसमा सहमति जनाइसकेको छैन । परन्तु जनाउने संभावना छ ।


माओवादीको तीन सदस्यीय वार्ताटोलीको अगुवाई कृष्णबहादुर महराबाट भैरहेछ, जो २०४७ सालपछिको पहिलो संसदमा सं.ज.मो.का तर्फबाट सांसद हुनुहुन्थ्यो र अहिले माओवादीको केन्द्रीय समिति सदस्य हुनुहुन्छ । सरकारको तर्फबाट ५ सदस्यीय वार्ताटोलीको अगुवाई

## प्रथम चरणको वार्तामा के भयो ?

रिपोर्ट पृष्ठ ९ मा



# सबैको आँखा वार्तातिर



# वार्ताको दिशा कतातिर ?

- श्याम श्रेष्ठ -

वरिष्ठ मन्त्री चिरंजीवी वाग्लेले गर्दै हुनुहुन्छ, जो मन्त्री परिषद्मा वरियता क्रममा प्र.म.पछिको दोस्रो स्थानमा हुनुहुन्छ ।

माओवादी नेतृत्वले वार्ता हुनुअघि वार्ताको लागि विश्वसनीय वातावरण बनाउन समस्त बन्दी रिहाइ गर्नुपर्ने, बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्नु पर्ने, सार्वजनिक सुरक्षा नियमावली-२०५८ खारेज गर्नु पर्ने र पश्चिम नेपालमा खटाइएको सैनिक टोली फिर्ता गर्नु पर्ने माग प्रस्तुत गरेको थियो । गृहमन्त्रालयका अनुसार यो पंक्ति लेख्दासम्म देउवा सरकारले शान्ति सुरक्षा ऐनअन्तर्गतका राजबन्दीमध्ये घोषणा गरेर ३३ जनामात्र छाडेको छ, दुईजनाको कैद मिनाहा गरेको छ । र, १८ जनाको मुद्दा फिर्ता गरेको छ । अन्य थुप्रै अझै प्रहरी हिरासतमा नै छन् । बेपत्ता पारिएकाहरू सबैको स्थिति पनि उसले सार्वजनिक गरिसकेको छैन, न त सा.सु.नि. नै उसले खारेज गरेको छ ।

नेपाली कांग्रेसभित्रको भू.पू. प्र.म. गिरिजाले अगुवाइ गरेको अनुदार पक्षले सरकारलाई त्यसो नगर्न चर्को दबाव दिएको बुझिन्छ तर देउवा सरकारले साहसका साथ त्यो दबाब चिर्न सकेको देखिँदैन ।

तथापि माओवादी नेतृत्व यो सवालमा यसपटक आवश्यकताभन्दा र अनुमान गरेभन्दा ज्यादा लचिलो भएको देखिएको छ । ऊ देउवा सरकारले बन्दीहरू सबै नछोडेर प्रमुख नेताहरू र अरू बन्दीहरू किस्ता किस्तामा आधैमात्र छोडे पनि वार्ताको टेबुलमा जान तयार भएको छ । उसले पहिलो चरणको वार्तामा जोडसाथ यसलाई उठाएको छ । सरकारले यसमा सकारात्मक रवैया त देखाएको छ, परन्तु ठोस जवाफ भने दिएको छैन । वार्ताबाट यो समस्या हल भएन भने वार्ता टुट्नको लागि यही एउटा कारणमात्र पनि पर्याप्त हुनसक्ने टड्कारो संभावना छ ।



## प्रमुख वार्ताकारहरू के भन्छन् ?

**सरकारी वार्ता प्रमुख चिरञ्जीवी वाग्ले रमाओवादी वार्ता प्रमुख कृष्णबहादुर महरासँगको विशेष कुराकानी**

**साथमा**

मध्यस्थकर्ता पद्मरत्न तुलाधर र प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपालका विचारहरु

माओवादी वार्ता टोलीका संयोजक कृष्णबहादुर महराले मूल्यांकनलाई सुस्पष्ट शब्दमा बताउनुभएको छ- "हामीले धेरै पहिलेदेखि नै सबै राजबन्दीहरूको रिहाइ, बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्ने, सार्वजनिक सुरक्षा नियमावली खारेज गर्ने, सशस्त्र प्रहरी बल एवं स्थानीय प्रशासन ऐन फिर्ता गर्नुपर्ने र सेनालाई ब्यारेकमा फिर्ता गर्नु पर्ने कुरा उठाउँदै आएका छौं । उपरोक्त कुराहरूमा सरकारको इमान्दारिता प्रकट भएको छैन । बरू कतिपय विषयहरूमा उल्टो कार्यले षडयन्त्रको संकेतसमेत देखिन्छ । हामी सरकारसँग उपरोक्त कार्यहरूमा शीघ्रता र तदारूकता कायम गरेर इमान्दारिता देखाउन र वार्ताको लागि विश्वासिलो वातावरण बनाउन आह्वान गर्दछौं । यदि यसो गर्नुको सट्टा आलटाल, उदासीन र चालबाजी गरिन्छ भने वार्ताको संभावना र निरन्तरताको दूरी सरकारकै कारणले बढ्न सक्छ ।"

देउवा सरकार भने माओवादीलाई संशय र भयको आँखाले हेर्दै फुकी फुकीकन कदम चालिरहेको प्रतीत हुन्छ । सबै बन्दी अहिले नै छोडी दिएमा माओवादीले अब वार्ताको टेबुलमै नआएर धोका दिने त होइन ? यो भय र आशंकाले समेत उसले वार्ताअघि नै सबै बन्दी नछोड्ने कार्यनीति अपनाएको बुझिन्छ ।

माओवादी पक्ष भने यतिबेला वास्तविक वार्ता प्रक्रिया शुरू हुनुअघि

आफ्नो कारणले वार्ता टुटेको भान पर्ने कुनै काम पनि नगर्ने, यसको दोषजति सरकारको काँधमा छोडीदिने कार्यनीति लिएर अघि बढिरहेको प्रतीत हुन्छ । त्यसैले, उसका वार्ता अघिका केही मागहरू पुरा नभए पनि ऊ वार्ताको कोठामा प्रवेश गरेको छ । त्यहाँ यी सवाललाई सरकारले आलटाल गरेमा वार्ता भाँडेको दोष सरकारको थाप्लामा खन्याएर ऊ कुनै पनि बेला फिर्ता हुनसक्ने स्थिति छ ।

## वार्ताको एजेण्डा


पहिलो चरणको वार्तामा परिचयको आदान प्रदान र माओवादीबाट आफ्नो धारणा र आफ्नो धारणा यसरी बताउनुभयो ।


सरकारको तर्फबाट मुख्य वार्ताकार- वरिष्ठ मन्त्री चिरञ्जीवी वाग्लेको भनाइ छ, "शान्ति कायम गर्नु, जो यतिबेला सबैको चाहना भएको छ, त्यो नै वार्ताको मुख्य एजेण्डा र उद्देश्य हुनेछ । अरू एजेण्डा त वार्तामै टेबिलमा मात्र खोलिनेछन् ।"

परन्तु माओवादीका एजेण्डा नितान्त भिन्नै छन् । माओवादी वार्ता टोलीका संयोजक कृष्णबहादुर महरा वार्ताको एजेण्डा सम्बन्धमा यस्तो धारणा राख्नुहुन्छ : "मुलुकले खप्नुपरेको तत्कालको संकट पुरानो सत्ताभित्रबाट समाधान हुन अब विषयमा नै हुनेछ । हाम्रो पार्टीले अहिलेको नाराकै रूपमा सार्वजनिक गरिसकेको 'अन्तरिम सरकार', 'नयाँ संविधान' तथा 'गणतन्त्रको संस्थागत विकास' नै अहिलको हाम्रो वार्ताको मुख्य र केन्द्रित एजेण्डा हुनेछ । अरू एजेण्डाहरू वार्ताको क्रमसँगै सार्वजनिक हुनेछन् ।" महराले मूल्यांकनलाई बताउनुभएको छ ।

एजेण्डाहरूको यो द्वन्दमा के लख काट्न सकिन्छ भने सरकारले जनयुद्ध रोक्नुलाई नै वार्ताको मूल एजेण्डा बनाउन खोज्नेछ र माओवादीले जनयुद्धको उपलब्धी सुरक्षित गर्नुलाई र जनगणतन्त्रलाई वार्ताको मूल एजेण्डा बनाउन







*वार्ता टोली: संयोजक कृष्णबहादुर महरा र सदस्यहरू अग्नि सापकोटा एवं टोपबहादुर रायमाझी यही भाद्र १३ गते काठमाण्डौंको कीर्तिपुरमा सार्वजनिक अभिनन्दन समारोहमा*

एजेण्डा प्रस्तुत गर्नुबाहेक अरू कार्य भएन । दोस्रो चरणको वार्तामा सरकारले आफ्नो एजेण्डा प्रस्तुत गर्नेभएको छ ।

सरकारले माओवादीलाई केही ठूला सुधारहरू गर्न र आफू संविधान संशोधन गर्नसमेत तैयार भएर, उसका केही मागहरू पूरा गरिदिएर, हतियार छोडाउने, द्वैतसत्ताको स्थिति अन्त्य गर्ने र संसदीय संरचनाभित्रको राष्ट्रिय राजनीतिमा आउन माओवादीलाई आमन्त्रित गर्ने सवाललाई नै आफ्नो तर्फबाट मुख्य एजेण्डा बनाउन लागेको देखिन्छ ।

"म बहुदलीय संसदीय व्यवस्था र संवैधानिक राजतन्त्र -यी दुईवटा विषयमा केही पनि गर्न सक्दिनँ, यी दुईवटा विषयमा बाहेक अरू सबै विषयमा म खुला छु, छलफल गर्न सकिन्छ र यतिसम्म कि आवश्यकता पर्‍यो भने संविधानसमेत संशोधन गर्न सकिन्छ" - प्र.म. शेरबहादुर देउवाले **मूल्यांकन**लाई एजेण्डा सम्बन्धमा

> *"मुलुकले खप्नुपरेको तत्कालको संकट पुरानो सत्ताभित्रबाट समाधान हुन अब असंभव छ । .... यस स्थितिमा वार्ताको मूल विषयवस्तु स्वाभाविक रूपमा राजनीतिक निकास हुनुपर्छ ।"*
>
> **-कृष्णबहादुर महरा**

असंभव छ । .... यस स्थितिमा वार्ताको मूल विषयवस्तु स्वाभाविक रूपमा राजनीतिक निकास हुनुपर्छ ।"

"स्वाभाविक रूपमा मुलुक र जनताका सरोकारका राष्ट्रियता, जनतन्त्र एवं जनजीविकासँग सम्बन्धित विषय-वस्तुहरूमा पनि वार्तामा बहस हुनेछ, तर पनि यी सबैको केन्द्रीय सम्बन्ध राजनैतिक खोज्नेछ ।

तर यो वार्तामा छलफल हुनै पर्ने जनताको एजेण्डाचाहिँ के ? यसबारे वार्तामा चर्चा उठे पनि यसले गौण महत्व पाउने संभावना व्यापक छ । माओवादीले आफ्नो समूहस्वार्थबाट माथि उठेर सम्पूर्ण श्रमिक र उत्पीडितवर्गको प्रतिनिधित्व गर्ने पार्टीको रूपमा आफूलाई उभ्याउन सक्नुपर्छ र जनताको एजेण्डा उसले राख्नुपर्छ भन्ने मलाई लाग्छ ।

◆ दरवार र सिंहदरवारमा ठगी गर्ने र चुसी खानेहरूमा मात्र केन्द्रित सत्ताशक्ति खोसेर, विकेन्द्रित गरेर भूईंतहका गरीखाने जनताको हातमा ल्याउनु, सबै कुनाका जनतालाई हरदृष्टिले पहिलेभन्दा अधिकार र सुख सुविधा सम्पन्न बनाउनु ◆ किसान, मजदुर महिलाको हक र जीवनमा आमूल परिवर्तन ल्याउने क्रान्तिकारी सुधारका कार्यक्रमहरू ल्याउनु ◆ दलित, जनजाति र उपेक्षित धर्महरूलाई समानताको हक दिलाउनु ◆ राष्ट्रलाई असमान सन्धि, विदेशी ऋण र खुला सीमाबाट मुक्त गराउनु ◆ गरीवि, बेरोजगारी र गाउँ शहरको भेदबाट मुक्ति दिलाउन कृषिक्रान्ति र ग्रामीण औद्योगिकरणको कार्यक्रम ल्याउनु ◆ भ्रष्टाचार र महँगीबाट छुटकारा पाउने प्रणाली ल्याउनु ।

## देउवा सरकारले कति बन्दी छोड्यो ?

| | |
|---|---|
| ◆ शान्ति सुरक्षा ऐनअन्तर्गत छोडिएका बन्दीहरू | ३३ |
| ◆ कैद मिनाहा गरिएका बन्दीहरू | २ |
| ◆ मुद्दा फिर्ता गरिएकाहरू | १८ |

*स्रोत : गृह मन्त्रालय, भाद्र १२, २०५८ सम्ममा*

## संविधानमा परिमार्जन गर्न विचारै गर्न नसकिने भन्ने कुरा हुँदैन

**❑ माओवादीहरूले अहिले माओवादी बन्दीहरूको रिहाइ, बेपत्ता पारिएका मानिसहरूको सार्वजनीकरण र सार्वजनिक सुरक्षा नियमावलीको खारेजी गर्नुपर्ने कुराहरू अगाडि ल्याएका छन् । सरकारले किन ती काम नगरेको होला ?**

-बन्दीहरूको रिहाइ सरकारले गरिरहेको छ । सुरक्षा कानूनअन्तर्गत बन्दी भएका सबै बन्दीहरू छुटिसके, केही व्यक्तिहरूको मुद्दा फिर्ता भएको छ । केही व्यक्तिहरूमाथि लागेको अभियोग र कैद माफी भएको छ । बाँकी अरूहरूलाई छोड्ने कुरालाई पनि सरकारले गम्भीरतापूर्वक लिएको छ र वार्ताको दौरानमा छोड्ने छ । यसरी विश्वसनीय वातावरण बनाउन सरकारले हर सम्भव प्रयत्न गरिरहेको छ ।

**❑ अनि सार्वजनिक सुरक्षा नियमावली नि ? त्यो के हुँदैछ ?**

-त्यसको लागि एउटा कानूनी सेल बनेको छ । त्यो सेलले नियमावली अध्ययन गर्दैछ, त्यसमा के गर्न सकिन्छ, त्यो सेलको सिफारिस हेरेपछि निर्णय हुन्छ ।

**❑ अहिलेको वार्ताबाट के के कुरा होस् भन्ने उद्देश्य सरकारले राखेको छ ?**

- अहिलेको प्रमुख समस्या भनेको माओवादी क्रियाकैलापबाट आर्थिक क्षेत्रमा चोट पर्न थालेको छ । देशको प्रमुख आयस्रोतको रूपमा रहेको पर्यटन उद्योग ओरालो लाग्न थालेको छ, निश्चितै रूपमा सडकमा हुने राजनैतिक क्रियाकलाप तथा आर्थिक क्रियाकलापहरू एक आपसमा जोडिएका छन् । यहाँ हुने अस्थिरता र अराजकताबाट आर्थिक क्रियाकलापमा निश्चितै रूपमा चोट पर्छ । त्यसकारण माओवादीसँग वार्ता भएर देशमा भएको अस्थिरता र अराजकता समाप्त भएमा सरकार निश्चिन्त भएर आर्थिक क्रियाकलापमा लाग्न सक्छ र देशको आर्थिक अवस्थामा सुधार आउनसक्छ र जनताले शान्तिपूर्ण जीवनयापन

# लचिलो त दुवै पक्ष हुनुपर्छ

## सरकार-माओवादी वार्तासम्बन्धमा सरकार पक्षका वार्ता प्रमुख वरिष्ठ मन्त्री चिरञ्जीवी वाग्लेसँग अन्तरवार्ता

गर्नसक्छ भन्ने मलाई लाग्छ । त्यसैले यो वार्ताबाट सरकारले चाहेको कुरा हो- सर्वांशमा शान्तिपूर्ण किसिमबाट हामी नेपालीहरूले आफ्नो जीवनयापन गर्न सकौं, त्यो प्रकारको शान्ति समाजले प्राप्त गरोस् ।



*सरकारी वार्ता टोलीका संयोजक चिरञ्जीवी वाग्ले*

❑ त्यस्तो शान्ति र शान्तिपूर्ण निकासको लागि त माओवादीले अन्तरिम सरकार, जनसंविधान र गणतन्त्रको संस्थागत विकासको कुरा ल्याएको छ । यस सम्बन्धमा सरकारको भनाइ के त ?

-अहिले हामी बहुदलीय-संसदीय संवैधानिक संरचना अन्तर्गत परिचालित छौं । यसै अन्तर्गत रहेर हाम्रा सबै समस्याहरू समाधान हुनसक्छन् भन्ने कुरामा म विश्वस्त छु । यस विषयमा विशेष छलफल वार्ताकै बेलामा गर्दै जानेछौं ।

❑ यो संरचनाभित्रै संविधानमा आधारभूत सुधार सम्भव छ कि छैन ?

- संविधान भनेको पनि मानवनिर्मित दस्तावेज नै हो । हामीले यो संविधान १० वर्ष पहिला निर्माण गरेका हौं । यसमा नेपाली जनताको हक-अधिकार तथा स्वतन्त्रता सुरक्षित र संरक्षित गर्ने सन्दर्भमा, सामाजिक, आर्थिक रूपान्तरण गर्ने सम्बन्धमा संविधानमा कुनै परिमार्जित गर्नुपर्ने ठाउं छ भने त्यसलाई परिमार्जन गरेर वा हटाएर हाम्रो जीवनलाई अझ सहज, सुलभ र स्वस्थ बनाउन सक्ने सम्भावना छन् भने त्यसबारेमा बिचारै गर्न नसकिने, छलफलै गर्न नसकिने भन्ने कुरा हुँदैन । हामी वार्तामा बस्दा त्यसको निकास खोज्न सकिन्छ ।

❑ माओवादीहरूले आफूसमेत सामेल हुनसक्ने किसिमको अन्तरिम सरकारको माग अघिसारेका छन्, सरकार यस सम्बन्धमा कति सकारात्मक छ त ?

- वार्ताको बेलामा यी सबै कुरा उठ्दै जानेछन् । वार्तामा नै छलफल गरेर यसबारे निष्कर्ष र निधोमा पुग्नुपर्छ ।

❑ सरकारले वार्तामा उठाउन चाहेका मूलभूत सवालहरू के के हुन् ?

- माओवादी विनाशर्त वार्तामा आउनुपर्छ भन्ने हाम्रो धारणा छ र हामी पनि विनाशर्त वार्तामा जान्छौं । वार्तामा बसेपछि त्यहां जे जे सवाल र समस्याहरू उठ्छन्, त्यसलाई समाधान गर्नको लागि निश्चय पनि सरकारले आफ्नो जिम्मेवारीको भूमिका निर्वाह गर्नेछ र माओवादीको तर्फबाट पनि जिम्मेवारीको भूमिका निर्वाह हुनेछ भन्ने कुरा हामी ठान्छौं । त्यसैले वार्तामा बस्नुभन्दा पहिले सवालहरू उठाउनुभन्दा त्यहां बसेपछि नै उठाउनु राम्रो होला जस्तो लाग्छ ।

❑ 'जनयुद्ध' शुरु गर्नुभन्दा पहिले संयुक्त जनमोर्चामार्फत् नेकपा माओवादीले चालीस सूत्रीय माग राखेर आर्थिक, सामाजिक क्रान्तिको सवाल व्यापक रूपमा उठाएको थियो । अहिले त्यो झन् मुखरित भएको छ । त्यसप्रति सरकारको दृष्टिकोण के रहेको छ ?

- हजारौं वर्षदेखि शोषण र दमनमा परिरहेका तिमुखा जनताले व्यापक आर्थिक, सामाजिक सुधार नगरिकन न्याय पाउन सक्दैनन् । त्यसैले सरकारले साउनको अन्त्यमा संसदमा व्यापक आर्थिक-सामाजिक सुधारलाई लक्षित गरेर आठ बुँदे कार्यक्रमको घोषणा गरेको छ । अन्यायमा पर्दै आएका दलित, जनजाति, आदिवासीहरूको भलाईको निम्ति हामी त्यो कार्यक्रमको कार्यान्वयनको तयारीमा पनि छौं । अझ अरू पनि सवाल तथा समस्याहरू छन्, त्यसलाई पनि समाधान गर्ने कामलाई सरकारले अगाडि बढाउनुपर्छ र बढाउने पनि छ । यी सबै समस्याहरू समाधान गर्नको लागि व्यापक आर्थिक, सामाजिक तथा सांस्कृतिक सुधारहरू गर्नुपर्छ । सरकारले यसलाई पहिलो प्राथमिकतामा राखेर अगाडि बढ्ने अठोट गरेको छ । र, नागरिक समाजले पनि यसलाई अगाडि बढाउन सहयोग गर्नुपर्दछ भन्ने म ठान्दछु ।

❑ अहिले यस बीचमा वार्ताको प्रक्रिया चलिरहँदा जुन नाइटभिजन हेलिकप्टर किन्ने, सशस्त्र सुरक्षाबलसम्बन्धी अध्यादेश पास गर्ने काम भयो, त्यसले त माओवादीलाई दबाउने रणनीतितिरै सरकार उन्मुख छ भन्ने प्रमाणित गर्दैन ?

- त्यस रूपमा सोच्नु हुन्न भन्ने मलाई लाग्छ । तपाईंले सशस्त्र सुरक्षा प्रहरी बलको कुरा गर्नुभएको छ । तर सरकार तथा राज्यको सामु एउटा त्यस्तो अवस्था सृजना भइसकेको थियो, जसलाई संसदमार्फत् राज्यले टुंगो लगाउनु आवश्यक थियो । त्यसलाई सबैले यही रूपमा हेर्नुपर्छ । यो बहुदलीय प्रजातन्त्र हो, यस व्यवस्थामा सबैलाई आ-आफ्नो विचार राखेर जिउने अधिकार छ । विभिन्न व्यक्तिहरूमा भिन्नभिन्न विचारहरू होलान् । तर राष्ट्रिय स्वार्थ र राष्ट्रिय सवालको विषयमा हाम्रो विचार एक हुनुपर्छ । त्यसो भयो भने मात्रै राष्ट्रिय स्वार्थको रक्षा गर्न सकिन्छ । मैले अघि पनि भनिसकें, माओवादी समस्या हामी शान्तिवार्ताबाट नै समाधान गर्न चाहन्छौं । त्यसैले सशस्त्र प्रहरी सुरक्षा बललाई कुनै पक्ष, कुनै पार्टी वा कुनै व्यक्तिका विरूद्ध लक्षित गर्ने सवाल नै छैन, त्यस्तो हुनु पनि हुँदैन ।

❑ माओवादीहरू संसदीय संरचनामा आउन नचाहने, सरकार उनीहरू यही संरचनाभित्र आउन् भन्ने चाहने, यस्तो अवस्थामा माओवादीहरूलाई कसरी राष्ट्रिय राजनीतिमा ल्याउन सकिन्छ ?

-सबै नेपालीहरूले आफ्नो भूमिका, क्षमता, योग्यता, इमान्दारिता नेपाली समाजको वृहतर हितका लागि प्रयोग गर्नुपर्छ । यो परिस्थिति सबैले निर्माण गर्नुपर्छ । उदार प्रजातान्त्रिक दृष्टिकोण र विचारभित्र क्रियाशील रहेको खण्डमा त्यो परिस्थिति निर्माण हुन्छ जस्तो मलाई लाग्छ । अहिले मैले कुनै शर्त भनें भने त्यो सरकारी शर्त हुन्छ । त्यसैले म अहिले त्यतातिर जान चाहन्न । तर वार्तामा छलफल गर्दा माओवादी पनि हाम्रो राष्ट्रिय सन्दर्भमा वा राष्ट्रिय राजनीतिमा क्रियाशील हुने परिस्थिति यही व्यवस्थामा खोज्न सकिन्छ जस्तो मलाई लाग्छ ।

❑ तपाईहरूको वार्ता यहीनेर अड्किने देखिन्छ । यसलाई सुल्झाउन सरकार कस्तो गृहकार्य गरिरहेको छ र कति हदसम्म लचिलो हुनसक्छ ?

-लचिलो त दुवै पक्ष हुनु पर्छ । त्यसको लागि दुवै पक्ष बसौं र कुराकानी गरौं । कुराकानीबाटै समाधान निस्कन्छ । ❑

**माओवादी पनि हाम्रो राष्ट्रिय सन्दर्भमा वा राष्ट्रिय राजनीतिमा क्रियाशील हुने परिस्थिति यही व्यवस्थामा खोजन सकिन्छ जस्तो मलाई लाग्छ**

– संक्षिप्तमा यतिबेलाका जनताका एजेण्डाहरू यिनै हुन् ।

माओवादी वार्ता प्रतिनिधिहरूले यी एजेण्डाहरूलाई वार्ताको एजेण्डा बनाउन भरमग्दुर संघर्ष गर्नुपर्दछ । हाम्रो वामआन्दोलनमा एउटा दृष्टिकोणगत रोग छ– 'पाए १०० नै लिने, नभए शून्यमै बस्ने' यो अधिभूतवादी दृष्टिकोणबाट माओवादी वार्ताटोली मुक्त हुनुपर्दछ । संघर्षमा अपेक्षा गरिएजति कहिल्यै पाइँदैन । अपेक्षा र प्राप्तिका बीचमा हमेशा ग्याप र अन्तरविरोध रहिरहेकै हुन्छ । प्राप्ति त्यति नै हुन्छ, जति आफ्नो तागत र औकात निर्माण भएको हुन्छ । अहिलेको वार्ताले जनताको हक र जीवनमा थोरै पनि प्रगति हुने कुरा प्राप्त गर्न सक्यो भने त्यसलाई गौरवका साथ र विनाहिच्किचाहट लिनुपर्छ र लिएका उपलब्धिलाई प्रयोग गर्दै र लिन बाँकीका लागि पुनः संघर्ष गर्नुपर्दछ ।

देउवा सरकारले श्रावण ३२ गते आठ बुँदे सुधारको घोषणा गऱ्यो । माओवादी नेतृत्वले त्यो घोषणालाई सकारात्मक ढंगले लिएको देखिएन । उसले यो घोषणालाई 'जनताको नयाँ क्रान्तिकारी उभारलाई मत्थर पार्ने कुत्सित दाउ'को रूपमा व्याख्या गऱ्यो । यो व्याख्या बेठीक भयो भन्ने मलाई लागेको छ ।

हो, यो घोषणाको कैयन् दोष र सीमाहरू छन्, त्यसलाई छर्लंग्याइनु पर्दछ । यसको कार्यान्वयन कति इमान्दारिताका साथ कसरी हुने हो, त्यो हेर्न बाँकी छ । परन्तु यो घोषणा त अहिलेसम्मको जनताको संघर्ष र माओवादी जनयुद्धको दबाबले गर्दा नै भएको हो नि । अन्यथा, यो घोषणा किन २०४८ सालमा भएन ? किन २०५२ सालमा भएन ? र किन आजैमात्र हुँदैछ ? यसलाई त माओवादी नेतृत्वले संघर्षको उपलब्धिको रूपमा पो लिनु पर्ने । यसलाई त उसले वार्ता अगाडिको वार्ताकै प्रक्रियाको आंशिक उपलब्धिको रूपमा व्याख्या गर्नुपर्ने । तर, ऊ यसो गरिरहेको देखिन्न । वास्तवमा माथि भनिएको 'पाए सय नै लिने, नभए शून्यमै बस्ने' दृष्टिकोणका कारणले यस्तो हुनगएको हो । यो र यस्तो दृष्टिकोण वार्ताको दौरानमा र वार्ताको एजेण्डा किटान गर्दा नहोस् भन्ने कुरामा माओवादी वार्ता टोलीको ध्यानाकर्षण हुनु जरूरी छ ।

## *माओवादीमा आएका परिवर्तनहरू*

दोस्रो राष्ट्रिय सम्मेलनयता माओवादीमा काफी सकारात्मक हेरफेरहरू देखापरिरहेछन्, जुन हुनुपर्छ भनेर हामीले जनयुद्धको प्रारम्भदेखि नै भन्दै आएका हौं । पहिलो कुरो, ऊ कार्यनीतिक सवालमा अत्यन्त गतिशील र लचिलो भइरहेछ । दोस्रो, उसले सारा मित्रशक्तिप्रति शत्रुवत् व्यवहार गर्ने सोच र व्यवहारमा परिवर्तन गरेर मित्रवत् व्यवहार गर्ने र साझा सरोकारका सवालमा समेटेर ल्याउने सोच र व्यवहार प्रदर्शित गरिरहेछ । तेस्रो, सशस्त्र झडपमा मात्र सीमित हुने राजनीतिबाट ऊ अब दिनानुदिनको राजनीतिमा र सामाजिक राजनीतिमा प्रवेश गरेको छ ।

माओवादी नेतृत्वको सोच र व्यवहारमा आएका यी हेरफेरहरूले वार्ता प्रक्रियामा काफी असर पुऱ्याएको छ । माओवादीले यो वार्तालाई केवल आफू र सरकारबीचको वार्ताको रूपमा मात्र नलिएर सम्पूर्ण जनपक्षीय शक्तिहरू र सरकारबीचको वार्ताको रूपमा लिन थाल्नु राम्रो कुरो भएको छ । वार्ताअघि छुट्टाछुट्टै संवाद गरेर र सिलीगुडी बैठक गरेर उसले सम्पूर्ण वामशक्तिलाई आमूल परिवर्तनकारी राजनीतिमा संयुक्त गरेर लाने जुन कदम चाल्यो त्यो झन् राम्रो कुरा भएको छ । ने.क.पा.(मसाल)प्रतिको अति शत्रुतापूर्ण र पूर्वाग्रहपूर्ण रवैयाप्रति पनि माओवादी नेतृत्व आत्मालोचक हुनथालेको संकेत मिलेको छ, जुन खुशीको कुरो हो ।

अब नेपालमा सडक आन्दोलन, संसद आन्दोलन र सशस्त्र संघर्ष तीनवटै संघर्षको रूपलाई एक अर्काको परिपूरकका रूपमा अख्तियार गर्ने न्यूनतम साझा कार्यक्रममा आधारित वृहत् वाममोर्चा बन्न जरूरी भएको छ र त्यसको लागि देशमा अनुकूल र परिपक्व स्थिति सृजना भएको छ । वार्ताकै बेला यस्तो वाममोर्चा बन्न सकेको भए अझ बेस हुने थियो । तथापि अझै ढिलो भइसकेको छैन । यस्तो मोर्चा बन्नमा एमाले निर्णायक शक्ति हुनुपर्ने हो । परन्तु ऊ दह्रो मुटु र स्पष्ट भिजनका साथ यस्तो मोर्चामा आउन हच्किरहेछ । यस्तो मोर्चा बन्न सके आगामी सरकार अत्यधिक बहुमतसहितको वामसरकार हुने कुरामा अब कुनै शंका छैन । त्यसको अगुवा एमाले नै हुने कुरा पनि स्पष्टै छ ।

परन्तु जन-बलको भरमा र संयुक्त वाम तागतको भरमा शक्तिशाली हुने, संघर्षशील हुने र सरकारसमेत बनाउने कुरामा एमालेको त्यति चाख देखिएको छैन । ऊ अहिले त्यसो गर्दा दरवार रिसाउला कि ? साम्राज्यवादी विदेशी तागतहरू रिसाउलान् कि ? भनेर भयभीत भइरहेको र उनीहरूलाई खुशी पार्न प्रयत्नशील रहेको देखापरिरहेछ । सिलीगुडी वार्ता पछाडिको एमालेको वक्तव्यले त्यही संकेत गरिरहेछ । त्यस वक्तव्यमा सिलीगुडी बैठकमा हुन सकेका सहमतिहरू पटक्कै बाहिर ल्याइएन, असहमति र माओवादी-सितको दूरीका कुरामात्र ल्याइए ।

भरे आफू सरकारमा जाने कुरालाई केन्द्रीय सवाल बनाएर नै एमाले नेतृत्व यस्तो गर्दैछ । परन्तु एमाले नेतृत्व स्पष्ट हुनुपर्ने कुरा के हो भने एमाले जति लचिलो भएपनि ऊ कम्युनिष्ट पार्टीको नाममा कार्यरत रहेसम्म कुनै पनि दरवार र साम्राज्यवादी शक्तिले उसलाई सरकारमा पुऱ्याउन र टिकाउन मद्दत गर्नेवाला छैन । सरकारमा जाने र टिक्ने हो भने उसले जन-बल र संयुक्त वामशक्तिकै भर पर्नु पर्दछ । परिवर्तित परिस्थितिमा माओवादी-सहितको वृहत् संयुक्त वाममोर्चाले मात्र उसलाई सरकारमा सहजै पुऱ्याउन सक्छ र टिकाउन पनि संभव छ । अरू बाटो नै छैन, उपाय नै छैन । किनभने संयुक्त पार्टी हुँदा एक्लैले पनि चुनाव जित्ने स्थिति जुन २/३ वर्ष अगाडि थियो, त्यो अहिले रहेन । यसबीच एमालेको तलको जनाधार काफी मात्रामा माओवादी प्रभावमा गएको पाइएको छ ।

माओवादी नेतृत्वको सोच र व्यवहारमा अहिले जुन गतिशीलता र लचिलोपन आइरहेछ, त्यसलाई एमालेले दरोसित पक्रिन र दोहन गर्न जरूरी छ । यसका लागि एमाले गतिशील र लचिलो हुनुपऱ्यो ।

अहिलेको वार्तालाई देश, जनता र लोकतन्त्रको पक्षमा अधिकतम उपलब्धिमूलक बनाउनका लागि प्रयत्न गर्नु जरूरी छ । त्यसका लागि एमालेको सहयोग र समर्थन निर्णायक हुनसक्छ ।

## *वार्ताले के ल्याउला, के नल्याउला ?*

यो वार्ता-प्रक्रियाको प्रारम्भमात्र हुनसक्ने संभावना ज्यादा छ । यसपटक केही बन्दीहरूको रिहाइ, केही खारेजी र सुधारको घोषणा-बस यतिमै वार्ता टुंगिने संभावना प्रबल देखिन्छ ।

यसको एउटा कारण के हो भने वार्ताको बारेमा माओवादीले जुन गम्भीरताका साथ गृहकार्य गरिरहेको छ, त्यस्तो गृहकार्य सरकारी पक्षमा देखिँदैन । माओवादीले वार्तामा 'अन्तरिम सरकार, जन संविधान' र 'गणतन्त्रको संस्थागत विकास'को सवाल प्रमुख रूपमा उठाएको छ अझ उठाउनेवाला छ । परन्तु सरकार न त अन्तरिम सरकारका लागि तयार देखिन्छ, न जन-संविधानका लागि, न गणतन्त्रको संस्थागत विकासको लागि नै । वार्ता यही सवालमा आएर दुर्घटनाग्रस्त हुने संभावना टड्कारो छ ।

दोस्रो कारण के हो भने नेपाली



*सरकारी वार्ता टोलीका सदस्यहरू: महेश आचार्य, चक्रप्रसाद बाँस्तोला, विजय गच्छेदार र नरहरि आचार्य*

## कति बन्दीहरू अझै बेपत्ता छन् ?

| | |
|---|---|
| ◆ प्रहरीले कब्जामा लिएका र कहाँ छन् भन्ने पत्तो नभएका मानिसहरू (त्यसमध्ये २५ देखि ३० जना मारिसकेको आशंका छ) | १२५ जना |
| ◆ माओवादीले अपहरण गरेका र कब्जामा राखेका मानिसहरू | १४४ जना |

*स्रोत : इन्सेक, भाद्र १२, २०५८ सम्ममा*

# प्रथम चरणको वार्तामा के भयो ?

## वार्ता टोलीको परिचयपछि पद्मरत्न तुलाधर र दमननाथ ढुंगानाले थोरै बोलेर वार्ता औपचारिक रूपमा शुरू भएको थियो

बहुप्रतीक्षित तथा बहुचर्चित प्रथम चरणको सरकार-माओवादी वार्ता भाद्र १४ गते गोदावरी रिसोर्ट, ललितपुरमा कुनै ब्यवधानबिना सफलतापूर्वक सम्पन्न भएको छ ।

२००७ सालपछिको आधुनिक नेपालको इतिहासमा पहिलोपटक सरकार र क्रान्तिकारी विद्रोहीहरुबीच भएको ऐतिहासिक वार्ता दुईवटा सवालमा सहमति बनाएर टुङ्गिएको छ । एक, शान्तिपूर्ण वार्ताको माध्यमबाट मुलुकका सबै मत-मतान्तर र समस्याको निकास खोज्ने सवालमा दुवैथरिको प्रतिबद्धता । अर्को, दुई हप्ताभित्र पुनः अर्को चरणको वार्ता गर्ने सवालमा दुबैथरिको सहमति । यस सम्बन्धमा वार्तापछि दुबैथरिको वार्ता प्रमुखको हस्ताक्षर भएको संयुक्त प्रेस विज्ञप्तिसमेत प्रकाशित गरिएको छ । परन्तु अर्को वार्ता कहाँ हुने र कुन मितिमा हुने, विज्ञप्तिमा केही बताइएको छैन ।

वार्तामा सरकारको तर्फबाट वरिष्ठ मन्त्री चिरञ्जीवी वाग्लेका साथसाथै मन्त्री विजयकुमार गच्छेदार र महेश आचार्य तथा नेपाली कांग्रेस पार्टीको तर्फबाट सभापति गिरिजाप्रसाद कोइरालाको सिफारिसमा नरहरि आचार्य र चक्रप्रसाद बाँस्तोलाको सहभागिता थियो । माओवादीका तर्फबाट कृष्णबहादुर महराका साथ अग्निप्रसाद सापकोटा र टोपबहादुर रायमाझी सामेल हुनुहुन्थ्यो ।

दुबै पक्षको सहमतिमा प्रजातान्त्रिक अधिकार जागाऔं आन्दोलनका संयोजक पद्मरत्न तुलाधर र सह-संयोजक दमननाथ ढुंगाना सहजकर्ता साक्षीका रुपमा वार्तामा वस्नुभएको थियो । वार्ता टोलीको परिचयपछि उहाँहरु दुबैले थोरै बोलेर वार्ता औपचारिक रुपमा शुरु भएको थियो । वार्तास्थलमा उपस्थित विश्वस्त सूत्रले *मूल्यांकन*लाई बताएअनुसार शुरुको परिचयपछि सहजकर्ताहरुलाई वार्तामा सामेल गर्ने वा नगर्ने भन्नेबारे छलफल गरी उहाँहरुलाई आधा घण्टाभन्दा पनि ज्यादा समयसम्म छुट्टै कोठामा राख्ने कार्य गरिएको थियो । परन्तु वार्ताकारहरुबीच उहाँहरुलाई राख्नुपर्ने समझदारी भएपछि उहाँहरुलाई वार्तामा पुनः सामेल गराइएको थियो । वार्ता ९:३० बजे शुरु भएर अपरान्ह १:०० बजेसम्म चलेको थियो ।

सहभागी एक सूत्रका अनुसार वार्तामा सर्वप्रथम सरकारी पक्षका संयोजक मन्त्री चिरञ्जीवी वाग्लेले समस्याको शान्तिपूर्ण समाधानको आवश्यकतामाथि जोड दिँदै माओवादीले बल प्रयोग गर्ने, दबाब दिएर चन्दा उठाउने र अन्य शान्ति सुरक्षालाई खलल पार्ने कामहरु सबै बन्द गरेर वार्ताको लागि अनुकूल वातावरण बनाउनुपर्ने माग गर्नुभएको थियो । उहाँले असोज ५ गते काठमाण्डौमा हुने भनिएको माओवादीको वृहत् आमसभा रद्द गर्न समेत माओवादी पक्षलाई आग्रह गर्नुभएको थियो ।

"त्यसको प्रत्युत्तरमा बोल्दै माओवादी वार्ता टोलीका संयोजक कृष्णबहादुर महराले- माओवादी शान्तिपूर्ण बार्ताको माध्यमबाट देश र जनताका समस्या र मतमतान्तर हल गर्न तयार छ, तर त्यसका लागि अहिलेको संविधान नै समस्याको जड भएकाले अन्तरिम सरकार, नयाँ संविधान र गणतन्त्रको संस्थागत बिकासका लागिं सरकार तयार हुनुपर्ने माग गर्नुभयो । २१ औं शताब्दीमा नेपाल प्रवेश गर्ने हिसाबले आमूल-आर्थिक, सामाजिक सुधारका कदमहरु दलित, महिला र जनजातिको मुक्ति हुने कदमहरु चाल्न सरकार तयार हुनुपर्‍यो भनेर बोल्नुभयो" वार्ताका सहजकर्ता साक्षी पद्मरत्न तुलाधरले मूल्यांकनलाई बताउनुभयो ।

"उहाँले वार्ताको लागि विश्वसनीय वातावरण बनाउन सबै राजबन्दीहरु छाड्नुपर्ने, वेपत्ता पारिएकाहरुको स्थिति सार्वजनिक गर्नु पर्ने र सार्वजनिक सुरक्षा नियमावली खारेज गर्नु पर्ने माग पनि गर्नुभयो" -वरिष्ठ मानवअधिकारवादी नेता तुलाधरले बताउनुभयो । -"जहाँसम्म असोज ५ गतेको आमसभा छ, त्यो त संविधानअन्तर्गतको संविधानले नै दिएको मौलिक हक अन्तर्गतको शान्तिपूर्ण आमसभा हो, त्यसमा कुनै गडबडी र अराजकता हुन नदिने ग्यारेण्टी हामी दिन्छौं, तर त्यस्तो शान्तिपूर्ण आमसभा, जुलुस गर्दा सरकार त खुशी पो हुनु पर्ने, जंगलमा बन्दूक पड्काइरहेका मान्छेहरु सडकमा ओर्लेर संविधानको परिस्थितिअन्तर्गत पर्ने कार्यक्रममा आउँदा सरकार उल्टो किन आत्तिएको ? -महराले यो प्रश्न सरकारी वार्ता प्रतिनिधिलाई गर्नुभयो । वाग्लेजीले यसमा कुनै जवाफ फर्काउनु भएन ।"

वार्तामा माओवादी प्रतिनिधिले दबाब र बल प्रयोगको कामचाहिं आफूबाट नहुने बचन दिनुभएको वार्तामा सामेल भएका सहभागीहरुबाट थाहा भएको छ ।

"वार्तामा हामीले पार्टीका एजेण्डाहरु राख्यौं, त्यसलाई सरकारले सुन्ने काम गरेर 'राम्रो रेस्पोन्स गरेको छ", वार्तापछि महराले बताउनुभयो । परन्तु सरकारले भने यसपटकको वार्तामा माओवादीको एजेण्डामाथि कुनै प्रतिक्रिया जनाएन, आफ्नो एजेण्डा पनि राखेन । 'सरकारले हाम्रो कुरा सुन्नेबाहेक अरु केही गरेन्, र एजेण्डामाथि कुनै छलफल पनि भएन' महराको भनाइ थियो ।

वार्ताअघि नयाँ बानेश्वरस्थित आफ्नो सम्पर्क कार्यालयमा प्र.म. शेरबहादुर देउवाले माओवादीका तीनै जना वार्ता प्रतिनिधिलाई स्वागत गरेर गोदावरी वार्ताको निम्ति विदाइ गर्नुभएको थियो । संयोजक महराले प्र.म.लाई अध्यक्ष प्रचण्डको तर्फबाट बधाइ ज्ञापन गर्नुभएको थियो । 'प्र.म.ले त्यहीं महरालाई असोज ५ गतेको आमसभाबारे पुनर्विचार गरीदिन अनुरोध गर्नुभएको थियो । महराले त्यही जवाफ दिनुभएको थियो, जुन वार्ताको क्रममा दिनुभयो ।' एक विश्वस्त सूत्रले *मूल्यांकन*लाई बताएको छ ।

गोदावरीमा वार्तास्थल वरिपरि सुरक्षा व्यवस्था निकै कडा थियो । वार्तास्थललाई प्रहरीले मात्र नघेरेर दुई ट्रक शाही सेनाले समेत घेरेको थियो । वार्ताको लगत्तैपछि माओवादी वार्ता संयोजक कृष्णबहादुर महरा आफ्ना अंग रक्षकसहित विमानद्वारा नेपालगंजको आमसभामा, अग्नि सापकोटा जनकपुरको आमसभामा र टोपबहादुर रायमाझी भैरहवा जानुभएको थियो । ❑

कांग्रेस पार्टीको सांगठनिक पकड देउवाको हातमा छैन । यो मुख्य रूपमा सभापति गिरिजाप्रसाद कोइरालाको हातमा छ । पार्टीभित्र गिरिजाप्रसादको गिरोह वार्ता सफल होस् भन्ने पक्षमा देखिँदैन, यो वार्ता भाँडियोस् भन्ने पक्षमा देखिन्छ । वार्ता सफल हुन दिएर देउवालाई हिरो हुन किन दिने ? यो मानसिकता कांग्रेसको पार्टी नेतृत्वको बहुमत पक्षमा काफी मात्रामा हावी देखिन्छ । त्यसमाथि थप, यसको भ्रष्टाचारको आयाम पनि छ । एकथरि तत्वहरू युद्ध भई राखोस्, माओवादी जनयुद्ध लम्बिरहेमा हरेक वर्ष ६.८ अर्बको हात-हतियार खरीद गर्न पाइन्छ र त्यसबाट १/२ अर्ब रूपैयाँ कमीशनवापत सजिलै हात लगाउन पाइन्छ भन्ने ध्याउन्नामा देखिन्छन् । कमीशन स्वार्थले गर्दा उनीहरू वार्ता सफल भएर शान्ति कायम होस् भन्ने पक्षमा विल्कुलै देखिँदैनन् ।

यही कारणले प्र.म. देउवालाई वार्ताको सवालमा सरकार र पार्टी दुवैलाई सन्तुलित रूपमा साथै लिएर हिंड्न हम्मेहम्मे परिरहेछ । माओवादीलाई खुश पार्‍यो, पार्टी साथमा छैन । पार्टीलाई खुश पार्‍यो माओवादी राजी छैन । यो समस्या देउवा सरकारले चर्को रूपमा झेलिरहेछ ।

यही कारणले वर्तमान वार्ताको सीमा छ । यो सीमाअन्तर्गत अहिलेकै वार्तले चिरस्थायी शान्ति ल्याउला र माओवादी विद्रोहलाई जरैबाट समाधान गर्ला भनेर आशा राख्नु कोरा कल्पनामात्र हुनेछ । यो वार्ताले युद्धविरामको अवधि लम्ब्यायो, सशस्त्र झडप र गृहयुद्धको संभावना केही समय टार्‍यो र केही सहमति र सुधारहरूको घोषणा भयो भने मात्र पनि त्यसलाई ठूलो उपलब्धि ठान्नुपर्ने हुन्छ ।

देउवा सरकार वार्तालाई अन्तिम टुंगो नलागेसम्म गोप्य राख्न खोज्दैछ । यसो गर्नु अत्यन्त प्रत्युत्पादक हुन्छ र यो जनमुखी र प्रजातान्त्रिक चरित्र पनि होइन । वार्तालाई जनमुखी र पारदर्शी बनाइनुपर्छ । वार्ता कुन प्रक्रियामा विकसित हुँदैछ- त्यसबारे आम जन-समुदायलाई निरन्तर रूपमा सुसूचित गरी नै राख्ने प्रबन्ध गरिनु पर्छ, चाहे वार्ता काठमाडौमा होस् या रोल्पामा । विनापारदर्शिता गोप्य कोठामा हुने वार्ताले प्रतिक्रियावादी पक्षलाई मात्र फाइदा गर्छ, प्रगतिकामी पक्षलाई कहिल्यै फाइदा गर्दैन । ❑

### गत साँढे पाँच वर्षमा जनयुद्धको क्रममा कति नेपालीको मृत्यु भयो ?

| | |
|---|---|
| ◆ प्रहरीले मुठभेडमा मारेका माओवादीहरू | १०६० |
| ◆ माओवादीले मारेका प्रहरीहरू | ४४० |
| ◆ माओवादीले मारेका गैर-प्रहरी नागरिकहरू | ३१७ |
| जम्मा मृत्यु | १८१७ |

*स्रोतः गृह मन्त्रालय, भाद्र १२, २०५८ सम्ममा*




*कीर्तिपुर (पांगा)मा भाद्र १३ गते माओवादी वार्ता टोली सार्वजनिक समारोहमा/ पछाडि उनीहरुका अंगरक्षकहरु पनि देखिन्छन्*

# वार्ताको टेबुलमा जे पनि हुनसक्छ, हुन पाउनुपर्छ

**कृष्णबहादुर महरा, संयोजक : माओवादी वार्ता टोली**

**माओवादी वार्ता टोलीका संयोजक कृष्णबहादुर महरासँगको ताजा कुराकानी**

◆ **माओवादी पार्टीले सरकारसितको वार्तालाई कसरी लिएको छ ?**

-अहिले हाम्रो पार्टी र सरकारबीच वार्ताको अवस्था सृजना भएको छ, वार्ता भइरहेको छ । वार्ताको यो अवस्था कुनै पनि पक्षको मनोगत इच्छाबाट पैदा नभई आजको गम्भीर र विशिष्ट राजनैतिक परिस्थितिबाट पैदा भएको परिणाम हो । यस अर्थमा वार्ता आजको वस्तुगत आवश्यकता हो । करीब पौने ६ वर्षसम्मको वर्ग-युद्धको भीषण प्रक्रियाद्वारा पुरानो सत्ताका स्थानीय अंगहरूलाई विस्थापन गर्दै केन्द्रीय सत्ताका अनेकौं शक्तिकेन्द्रहरूमा पतन र विघटनको एउटा स्थिति एवं तलबाट व्यापक रूपमा स्थानीय जनसरकारको निर्माण तथा स्थापना हुँदै केन्द्रीय जनसरकार निर्माणको वस्तुगत आधार बन्दै गइरहेको आजको स्थितिमा वार्ताको प्रक्रिया अघिआएको छ । यो स्थितिमा वार्ता आफैले वर्ग टक्करसँग सरोकार राख्ने सबै पक्षबीचको सन्तुलनको विशिष्ट अवस्थाको परिभाषा दिइरहेको छ । नयाँ र पुराना वर्ग-शक्तिहरूको नयाँ विकासको यो अवस्थामा वर्ग-संघर्षको रूप पनि स्वाभाविक रूपमा नयाँ बनेको छ । संघर्षको यही रूप वार्ता हो र यो वर्ग सन्तुलनको विशिष्ट घडीमा क्रान्तिकारीहरूले निश्चित उद्देश्य प्राप्तिको लागि प्रयोग गर्ने एक साधन हो ।

हाम्रो पार्टी नेकपा (माओवादी) हाल सरकारसँग भइरहेको वार्तालाई मुलुकको विद्यमान गम्भीर संकटको घेराबाट मुक्त गर्ने दिशामा प्रयोग गर्न चाहन्छ । जनताको चाहना र मागको सम्मान गर्दै मुलुकलाई नयाँ राजनैतिक निकासद्वारा अग्रगति प्रदान गर्ने साधनकै रूपमा वार्तालाई हाम्रो तर्फबाट जिम्मेवारीपूर्वक र इमान्दारीपूर्वक प्रयोग गर्न हामी तयार छौं ।

◆ **सरकारले मूर्त रूपमा के के गरेमा चालू वार्ताको लागि विश्वसनीय वातावरण बन्छ ? के गरेमा वार्ता भंग हुन्छ ?**

- वार्ताका लागि विश्वसनीय वातावरणको पहिलो शर्त भनेको सरकारमा देखिने गम्भीरता र इमान्दारिता नै हो । यो गम्भीरता र इमान्दारिता भनेको जनता र राष्ट्रप्रति जति धेरै उत्तरदायी बनिन्छ, त्यति नै छिटो बन्ने गर्दछ । तर हामीले हेरिरहेका छौं, सरकार गम्भीर र इमान्दार बनिरहेको छैन । हामीले धेरै पहिलेदेखि नै सबै राजबन्दीहरूको रिहाइ गर्ने, बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्ने, सार्वजनिक सुरक्षा नियमावली खारेज गर्ने, सशस्त्र प्रहरी बल एवं स्थानीय प्रशासन ऐन फिर्ता गर्नुपर्ने, सेनालाई ब्यारेकमा फिर्ता गर्नुपर्ने कुरा उठाउँदै आएका छौं । उपरोक्त कुराहरूमा सरकारको इमान्दारिता प्रकट भएको छैन, बरू कतिपय विषयहरूमा उल्टो कार्यले षडयन्त्रको संकेतसमेत गरेको छ ।

**जनता नयाँ र अग्रगमनको लागि तयार भएको अवस्था छ । यस स्थितिमा वार्ताको मूल विषयवस्तु स्वाभाविक रूपमा राजनैतिक निकास हुनुपर्छ ।**

हामी, सरकारसँग उपरोक्त कार्यहरूमा शिघ्रता र तदारूकता कायम गरेर इमान्दारिता देखाउन र वार्ताका लागि विश्वासिलो वातावरण बनाउन आग्रह गरेका छौं । यदि यसो गर्नुको सट्टा आलटाल, उदासीन र चालवाजी गरिन्छ भने वार्ताको असफलताको सम्भावना सरकारकै कारण बढ्न पनि सक्छ ।

◆ **अनि यो वार्तामार्फत् माओवादीले कुन उद्देश्य हासिल गर्न खोज्दैछ नि ?**

- वार्ता लडाईको मोर्चा हो नै । एउटा विशिष्ट स्थितिमा यो मोर्चा खडा भएको कुरा हामीले भन्यौं पनि । निश्चितै रूपमा वार्ताको प्रक्रियाबाट अधिकतम उद्देश्य प्राप्ति गर्ने प्रयास हुन्छ पनि । तर प्रतिक्रियावादी वर्गस्वार्थका कारण त्यो सम्भव छैन र यसका लागि पुरानो सत्तामाथि प्रभावशाली दवाब हाल्न वा बल प्रयोग गर्न जरूरी हुन्छ ।

हामीले अहिले सरकारसँगको वार्ता प्रक्रियामार्फत् पुरानो सत्तामा कायम रहन पुगेको शक्तिलाई जनतामा फर्काउनु हाम्रो अधिकतम उद्देश्य हुनेछ । यसको अर्थ नयाँ र अग्रगामी राजनैतिक निकासद्वारा जनयुद्धका उपलब्धिहरूको रक्षा एवं त्यसको विकास गर्नु नै हाम्रो उद्देश्य हो ।

◆ **अनि वार्ताका एजेण्डाहरू नि ? तपाईहरूको तर्फबाट राखिएका वार्ताका मूलभूत एजेण्डा के के हुन् ?**

- आजको वस्तुगत राजनैतिक अवस्थाले नयाँ राजनैतिक निकास खोजिरहेको छ । मुलुकले खप्नुपरेको तत्कालको संकट पुरानो सत्ताभित्रबाट समाधान हुनु अब असम्भव छ । जनता नयाँ र अग्रगमनको लागि तयार भएको अवस्था छ । यस स्थितिमा वार्ताको मूल विषयवस्तु स्वाभाविक रूपमा राजनैतिक निकास हुनुपर्छ । स्वाभाविक रूपमा मुलुक र जनताका सरोकारका राष्ट्रियता, जनतन्त्र एवं जनजीविकासँग सम्बन्धित विषयवस्तुहरूमा पनि

वार्तामा बहस हुनेछ । तर पनि यी सबैको केन्द्रीय सम्बन्ध राजनैतिक विषयमा नै हुनेछ । हाम्रो पार्टीले अहिलेको नाराकै रूपमा सार्वजनिक गरिसकेको 'अन्तरीम सरकार, नयाँ संविधान तथा गणतन्त्रको संस्थागत विकास' नै अहिलेको हाम्रो वार्ताको मुख्य र केन्द्रीय एजेण्डा हुनेछ । बाँकी एजेण्डाहरू वार्ताको क्रमसँगसँगै सार्वजनिक हुनेछन् ।

**◆ वार्ताका आगामी चरणहरूमा तपाईहरू जन-सरोकार र राष्ट्रिय अग्रगतिका लागि कुन कुन मुद्दा र मागहरू उठाउन लाग्दैहुनुहुन्छ ?**

- यसबारेमा माथि नै पनि भनियो । जनताका विविध समस्याहरूको क्रान्तिकारी समाधान तथा राष्ट्रिय अग्रगति प्राप्त गर्न यसै पुरानो सत्ताभित्रबाट सम्भव छैन । जनतालाई जति बढी जनअधिकार प्रदान गर्न सकिन्छ, त्यति नै बढी जनताका समस्याहरू एवं राष्ट्रिय एकता एवं संबर्द्धनको पनि ग्यारेण्टी हुँदैजान्छ । यस कारण जनताको हातमा सम्पूर्ण सत्ता सुम्पिने कुरामा नै जनता एवं राष्ट्रका मागहरूले सार्थकता पाउने छन् । त्यस कारणले नै हामीले अहिलेको सन्दर्भमा अन्तरिम सरकारको निर्माण गरी नयाँ संविधान बनाउने र गणतन्त्रको संस्थागत विकासद्वारा जनताका तमाम समस्या र राष्ट्रिय अग्रगतिका कार्यक्रमहरू अगाडि कार्यन्वयन गर्न सकिने छ । यसको अर्थ, जनसरोकारका विविध मागहरूबारेमा अहिलेको वार्तामा छलफल नै नहुने भन्ने हुनेछैन । यी सम्पूर्ण विषयमा पनि छलफल त हुनेछ, तर अन्तिम निकासका लागि केन्द्रीय विषय राजनीतिक विषय नै हुनेछ ।

सन् १९५० देखिका सम्पूर्ण असमान सन्धिहरू, कालापानी लगायत सीमा अतिक्रमण, विदेशमा रहेका नेपालीहरूको समस्या, दलाल र नोकरशाही पूँजीको अनियन्त्रित प्रवाहद्वारा भैरहेका तमाम आर्थिक शोषण र उत्पीडनका समस्याहरू, जस्तो : चर्को ऋण, अनियन्त्रित बजार र मूल्य, भ्रष्टाचार, कमिशनतन्त्र, भूमिसम्बन्धी स्वामित्व, वितरण, उत्पादनसम्बन्धी पुरानो सम्बन्धका समस्याहरू, बेरोजगारी, विकासका लागि पूर्वाधार निर्माणका सवालहरू, क्षेत्रीय एवं जातीय असमानता, भेदभाव, छुवाछूत महिला क्षेत्रका विविध उत्पीडन, जस्तो : सम्पत्तिमाथिको अधिकार, राजनैतिक एवं शैक्षिक प्रोत्साहन, बलात्कार, विविध कु-प्रथा र कु-संस्कारहरू, बालबालिकाहरू, अपांग, बृद्धहरूको सामाजिक सम्मान र संरक्षणका समस्याहरू, सस्तो र सुलभ स्वास्थ्य सेवाको समस्या, सूचना र प्रचारमा देखिएको सरकारी हस्तक्षेप, युवा तथा विद्यार्थीहरूलाई जनसेवा र राष्ट्र निर्माणमा केन्द्रित गर्ने समस्या, शिक्षामा विद्यमान निजीकरण र व्यापारीकरणको समस्या आदि तमाम समस्याहरू नै आजका जनता र राष्ट्रका समस्याहरू हुन् । हामी फेरि दोहऱ्याउं छौं -यी तमाम समस्याहरूको अन्तिम निकास मुलुकको राज्यसत्ताको सवालसँग जोडिएको छ ।

**◆ सरकार के चाहिरहेछ भने तपाईहरूले जनयुद्ध बन्द गरेर, हात हतियार छोडेर राष्ट्रिय राजनीतिको मूलधारमा आउने कार्य गर्नुहोस् । के त्यसो गर्ने कुनै संभावना छ ? छ भने कुन स्थितिमा ?**

- यसलाई सरकारको अत्यन्त पिछडिएको र न्यून चेतनाबाट उत्पन्न चाहना भन्नुपर्छ । प्रतिक्रियावादीहरू आफ्नो वर्गस्वार्थका कारण प्रतिगामी चेतनाभन्दा माथि उठ्न सक्दैनन् । नितान्त व्यक्तिगत स्वार्थ, लोभ र लालच उनीहरूको सोच्ने क्षेत्र हो । राष्ट्र र जनताप्रति उत्तरदायी हुने र त्यसका लागि आजको यथार्थलाई स्वीकार गरी भविष्यसम्म पुग्ने आँट र साहस उनीहरू गर्न सक्तैनन् ।

तपाईंको प्रश्नअनुसार उनीहरूको चाहना असम्भव कल्पना हो । जनताले आफ्नो विकास र रक्षाका खातिर युद्धद्वारा आर्जित हतियार, आफ्नो वर्ग-दुश्मनलाई बुझाउन हैन, बरू वर्ग दुश्मनलाई आफ्नो नियन्त्रणमा राख्न प्रयोग गर्नेछन् । राष्ट्रिय राजनीतिको मूलधार भनेको के ? यहाँ जनताको आमूल परिवर्तनकारी राजनैतिक मूलधार एउटा छ, अर्को प्रतिक्रियावादीहरूको प्रतिगामी र सुधारवादी धारहरू अघिपछि गर्दै हिँडिरहेका छन् । हाम्रो विचारमा आजको राष्ट्रिय राजनीतिको मूलधार भनेको जनताको आमूल परिबर्तनकारी धार नै हो । आज सिंगो राष्ट्र र मुलुक, बहुसंख्यक जनताहरू यही धारबाट मात्र नयाँ निकास हुने कुरामा विश्वस्त भएका छन् । के यो आजको वस्तुगत यथार्थ होइन ? पुरानो राज्यसत्ता अन्तर्गतको सरकार, त्यसको सेरोफेरोमा केही राजनैतिक पार्टीहरूको हताश, आतंकित र छटपटीको मानसिकता एवं त्यसअनुसारका गतिविधिहरूले उनीहरू जनताको ठूलो हिस्साबाट अलग्गिएको नै प्रमाणित गरिरहेका छन् । यस्तो स्थितिमा जनताको अग्रगामी धारकाविरूद्ध, उसका देशी एवं विदेशी मालिकहरूले परम्परादेखि गर्दैआएका मूर्खतापूर्ण कदम चाल्ने कुराको सपनासम्म नदेखोस् । बरू हाम्रो आग्रह २१ औं शताब्दीको युगको चाहना र माग, जनताको इच्छालाई स्वीकार गर्ने बुद्धि र साहस गर्न सकेमा यो युगान्तकारी तथा ऐतिहासिक नै हुने थियो ।

यदि शासकहरू जनताको नाम जपेर जनतालाई नै ठगी गरिरहेका छौं भन्ने सच्चाइ स्वीकार गर्न अझै हिचिकचाउँछन् भने, जनतालाई सम्पूर्ण शक्ति हस्तान्तरण गर्न अझै इन्कार गर्छन् भने, जनशक्तिलाई अझै पनि अजेय शक्तिका रूपमा स्वीकार गर्न तयार हुँदैनन् भने जनताले अझ बढी हतियार जम्मा गर्नेछन् र जनतामाथि उत्पीडन गरिरहेका अहिलेका शासकहरूबाट युगौंदेखिको आफ्नो हिसाबसमेत चुक्ता गर्नेछन् । जनताले आफ्नै सेना निर्माण गर्नु, आफै हतियारबद्ध हुनु, आफ्नो विकासको लागि आफ्नै सरकार निर्माण गर्नु गौरवको कुरा हो । यसको अरू बढी सम्मान गर्नुपर्छ र प्रोत्साहन गर्नु पर्दछ । जनताप्रति उत्तरदायी भएर सोच्ने भनेको यही हो ।



माओवादी छापामारहरु शहीदप्रति श्रद्धाञ्जली व्यक्त गर्दै

> यदि शासकहरू जनशक्तिलाई अझै पनि अजेय शक्तिका रूपमा स्वीकार गर्न तयार हुँदैनन् भने जनताले अझ बढी हतियार जम्मा गर्नेछन् र युगौंदेखिको आफ्नो हिसाबसमेत चुक्ता गर्नेछन् ।

**◆ के भएमा यो वार्ता सफल हुनसक्ने संभावना छ ? के भएमा यो विफल हुन्छ ?**

- वार्ताबाट सही निकास दिन निश्चित रूपमा सबै पक्ष गम्भीर र जिम्मेवार हुनै पर्दछ । सबै पक्ष आ-आफ्ना अधिकतम लक्ष्यसहित, एउटा निश्चित उद्देश्य प्राप्तिका लागि अघि बढिरहेका छन् । तर मुख्य कुरा, अहिलेको वस्तुस्थितिको सही निकासमा सहमत हुनु नै हो । यसका लागि हाम्रो पार्टीले अहिले नै जनवादी सरकार, जनवादी संविधान र जनवादी गणतन्त्रको कुरा उठाइरहेको छैन । त्यहाँसम्म पुग्ने हाम्रो लक्ष्य कायमै छ । आजको वस्तुगत र विशिष्ट अवस्थामा अन्तरिम सरकारको गठन, नयाँ संविधानको निर्माण र गणतन्त्रको संस्थागत विकास गरेर पनि आफ्नो अधिकतम लक्ष्यतिर अघि बढ्न सकिन्छ भन्ने हाम्रो धारणा हो । यस मामिलामा हामी अधिकतम लचिलो भएको स्वतः स्पष्ट हुन्छ । सरकार र सरोकारवाला सबै पक्षहरू यहीअनुसार आ-आफ्नो यथास्थानबाट माथि उठ्नु जरूरी छ । अहिलेको युगको यही माग छ । यही मागअनुसार सबै बदलिन तयार भए भने वार्ताले सफल निकास दिन सक्छ । क्रान्तिकारी अग्रगमनको अर्थ पुरानो सत्ता संरचनाभित्रै हुने आंशिक र अनर्थक सुधार हुनसक्तैन, यस्तो

सुधारले जनतालाई भ्रम सिवाय अरू केही दिन सक्तैन । सिंगो राजनैतिक पद्धतिमा परिवर्तन गर्न सरकार तयार भएमा मात्र सहमतिको बिन्दू फेला पार्न सकिनेछ ।

यहाँ वार्ता बिथोल्ने तत्वहरू त्यतिकै सक्रिय भैरहेका देखिएका छन् । यस्ता तत्वहरूबाट सरकारसमेत प्रभावित हुन खोजिरहेको संकेत मिलिरहेको छ । यदि सरकारले आफ्नो सेरोफेरोका यस्ता शक्तिहरूलाई समेत नयाँ दिशातिर अभिप्रेरित गराई अघि बढ्न सकेन, उल्टै उनीहरूको घेराबन्दीमा फस्दै षडयन्त्रको तानाबाना रच्न थाल्यो भने वार्ता असफल हुनेछ ।

**◆ अनि आफ्नोतर्फबाट वार्ता विफल हुन नदिन तपाईंहरू कुन हदसम्मको प्रयत्न गर्न तैयार हुनुहुन्छ त ?**

- वार्ताको टेबुलमा गएर त्यहाँ विषयवस्तुहरूको प्रस्तुति र त्यसमा हुने छलफल-बहसपछिको सफल-असफल, त्यो एउटा प्रसंग हो । त्यहाँ जे पनि हुनसक्छ, हुन पाउनुपर्छ । त्यहाँ को कति गम्भीर र जिम्मेवार हुनसक्छ, को कति बदलिन सक्छ, त्यहाँको कुरा भयो । त्यहाँ पनि हाम्रो अधिकतम प्रयास सरकारी पक्षलाई जनतालाई अधिक शक्ति हस्तान्तरण गर्ने, जनअधिकार प्रदान गर्ने र त्यस दिशामा अगाडि ल्याउने कार्यमा केन्द्रित हुनेछ । तर यहाँ प्रसंग अर्कै छ । त्यो भनेको वार्ता प्रारम्भिक रूपमै वा बीचमै असफल पार्ने षडयन्त्रहरू पनि शुरू हुँदैछन् । "मुखमा राम राम बगलीमा छुरा"को कार्यनीतिमा यहाँका केही तत्वहरू सक्रिय रहँदै गरेको आभास मिल्दछ । वार्ताको रूपभित्र वार्ताविरोधी सारतत्वको बेलैमा भण्डाफोर गर्ने काममा हामी पछि पर्ने छैनौं । यस कामको निम्ति हामी मुलुकका सम्पूर्ण प्रबुद्ध वर्गहरू, पत्रकार बन्धुहरू, मावनअधिकारवादी संस्था एवं व्यक्तित्वहरू, राजनैतिक पार्टी एवं नेतृत्वहरूलाई सचेत र सतर्कतापूर्वक स्थितिको अवलोकन गरिरहन र जुन पक्षबाट षडयन्त्रको संकेत आउँछ, त्यसको भण्डाफोर गर्न अपील गर्दछौं ।

केवल वार्ताको प्रसंगमा मात्र हैन, देशव्यापी रूपमा तीव्रताका साथ बनिरहेको क्रान्तिकारी राजनीतिको उभारकाविरूद्ध पनि गम्भीर षडयन्त्र हुनसक्ने सम्भावना छ । यसबारे हाम्रो पार्टी सचेत रहेको छ र यसका लागि जनतालाई सक्रिय बनाइराख्ने कुराको महत्वलाई जोड दिएको छ । देशव्यापी रूपमा भैरहेका जनसभा र जनप्रदर्शन यसै उद्देश्यसँग परिलक्षित रहेको छ । यसबाट षडयन्त्रकारी तत्वहरू अत्यन्तै आतंकित भएका र अत्तालिएका छन् । जनताको शक्तिदेखि डराउनु कायरहरूको विशेषता नै हो । यही जनताको सक्रिय शक्तिले मात्रै कुनै पनि षडयन्त्रलाई निस्तेज पार्नेछ ।

**◆ तपाईंहरूले 'अन्तरिम सरकार', 'जन संविधान' र 'गणतन्त्रको संस्थागत विकास'को मुद्दा उठाउनुभएको छ । प्र. म. देउवाले सार्वजनिक रूपमा स्पष्टतः भन्नु भएको छ- गणतन्त्र र बहुदलीय प्रजातन्त्र, यी दुईवटा सवालमा हामी केही पनि गर्न सक्दैनौं, अरू सबैमा हामी लचिलो हुनसक्छौं । के यही सवालमा कुरा नमिलेर वार्ता टुट्दैन ? - यी दुई अडानका बीचमा मिलनबिन्दु के ? लचिलो मूर्त निकास के ?**

- प्रधानमन्त्री देउवाको यो भनाइले वार्तालाई सहजतामा लिने संकेत गर्दैन । मुलुकको सबभन्दा ज्वलन्त राजनैतिक विषयवस्तुलाई एजेन्डा बाहिर पार्न खोज्नुबाट सरकारको निरीहता प्रदर्शन हुन्छ । वार्ताको टेबुलमा देश र जनताका कुनै पनि विषय निर्बाध उठ्नुपर्छ । राजतन्त्र, संविधान, सरकार सबैका विषयमा बहस हुनुपर्छ । उपरोक्त विषयमा पहिले नै केही गर्न सकिंदैन भन्ने देउवाको निरीह स्वर भनेको वार्तालाई अवरोध खडा गर्ने संकेत हो । मुख्य विषयमा लचिलो र खुकुलो नभई अन्यमा हुने लचिलोपनको कुनै अर्थ छैन । यदि मुख्य सवालमा बहस हुँदैन भने वार्ता टुट्न पनि सक्छ ।

जहाँसम्म मिलनबिन्दु वा लचिलोपनको मूर्त निकासको कुरा छ, त्यो अहिले भन्न सक्ने कुरा हैन । बहसको क्रममा निस्कने परिणाम, द्वन्द्वकै क्रममा हुने विकास प्रक्रिया, वार्ताको संघर्ष र बाह्य स्थितिमा आउन सक्ने परिवर्तनबाट मात्रै निकासको सही बिन्दु जन्मिनेछ । पहिले बहसको प्रक्रिया थाल्नु नै उचित हुन्छ ।

**◆ देउवा सरकारले हालै घोषणा गरेको 'आठ बुँदे कार्यक्रम'प्रति तपाईंहरूको दृष्टिकोण ?**

- सरकारले घोषणा गरेको विशेष कार्यक्रमको दुई पक्ष छ । एउटा पक्ष भनीदिने र अर्को पक्ष गरीदिने । अहिलेसम्मका कुनै पनि प्रतिक्रियावादी राज्यसत्ताका- सरकारहरूको गरीदिनेभन्दा भनीदिने कार्यक्रमद्वारा जनतालाई भुक्याउँदै आएको इतिहास अब कसैको अगाडि छिपेको छैन । कार्यक्रम भनीदिँदा मात्र त्यो धेरै सुन्दर हुन्छ, क्रान्तिकारी पनि हुन्छ, तर त्यसको मूल पक्ष कार्यान्वयन हो । यो कार्यक्रम भनीदिने कार्यक्रम हो र यस अर्थमा 'मकैको बोटमा धान फलाउने' देउवाको सपनामात्र हो । वर्तमान सामन्तवादी, साम्राज्यवादी राज्ययन्त्रभित्र यो कार्यक्रम असम्भव र कोरा कल्पनामात्र हो । यदि देउवा साच्चिकै यो कार्यक्रमलाई व्यवहारमा उतार्ने साहस गर्छन् भने उनले आफ्नो वर्गस्वार्थभन्दा माथि उठेर वर्तमान पुरानो संविधानको घेरा तोड्न सक्नुपर्छ । त्यसो हो भने हामीले अघिसार्दै आएको गणतन्त्र, नयाँ संविधानमा देउवा रहनु सक्नुपर्छ । के यो आँट सरकारले गर्नसक्छ ?

विद्यमान अवस्थामा देशव्यापी क्रान्तिकारी जनउभार तीव्र गतिमा उम्रिरहेको सन्दर्भ छ, हाम्रो पार्टी वार्ताको प्रक्रियाबाट मुलुकलाई नयाँ गति दिन तत्पर रहेको प्रसंग छ । यस्तो अवस्थामा यो कार्यक्रमको घोषणा जनताको नयाँ उभारलाई मत्थर पार्ने कुत्सित दाउमात्र हो । चौतर्फी संकटको घेराबन्दीमा फसिरहेको सत्तापक्ष र प्रतिपक्षले आफ्नो अस्तित्वको रक्षार्थ पनि यो दाउ प्रयोग गरेको प्रष्ट हुन्छ । तर क्रान्तिकारी आन्दोलनबाट खारिदै अघि बढिरहेका जनतालाई सरकारको यो कार्यक्रमले भ्रमित पार्न सक्तैन, उल्टै सरकार र प्रतिपक्ष नराम्रो घेराबन्दीमा अझ फस्नेछन् ।

**◆ सरकार-माओवादीबीचको वार्ता केवल माओवादीसँगको मात्र वार्ता नभएर सम्पूर्ण जनपक्षीय शक्तिबीचको वार्ता होस् भन्ने तपाईंहरूको धारणा सार्वजनिक भएको थियो । त्यो धारणा कत्तिको कार्यान्वयन हुनसक्यो ?**

- अहिले वर्ग टक्करको अघिल्लो पंक्तिमा रहेको कारण हाम्रो पार्टी र सरकार दुईपक्षबीच वार्ता स्वाभाविक हो । तर यसले आफ्नो विकास क्रममा दुई पक्षको मात्र सरोकार राख्नेछैन । निश्चित रूपमा वार्ताको प्रक्रियाले क्रान्तिकारी एवं जनपक्षीय शक्तिहरूको एउटा धार र प्रतिक्रान्तिकारी शक्तिहरूको अर्को धार निर्माण गर्नेछ र गर्नुपर्छ । जनयुद्ध केवल हाम्रो पार्टीको मात्र आन्दोलन नभएर सम्पूर्ण मुक्तिकामी जनता एवं जनपक्षीय शक्तिहरूको पनि आन्दोलन भएकोले जनपक्षीय शक्तिहरूको पनि चासो र चिन्ताको विषय हो । यस क्रममा सम्पूर्ण देशभक्त एवं जनपक्षीय शक्तिहरूसँग हाम्रो पार्टीको नियमित कुराकानी भैरहेको छ । यसलाई हाम्रा पार्टीका अध्यक्ष क. प्रचण्डले भर्खरै जारी गर्नुभएको वक्तव्यले समेत पुष्टि गरेको छ ।

**◆ वार्तापछि नेपालमा इण्डोनेशिया र चिलीको घटना नदोहोरियोस् भन्नाका लागि के कस्तो सजगता अपनाउनु हुँदैछ ?**

- यो धेरै महत्वपूर्ण प्रश्न हो । क्रान्ति र प्रतिक्रान्तिका अन्तर्राष्ट्रिय शिक्षा तथा आफ्नै मुलुकको विशिष्टता एवं मौलिकतामा त्यो शिक्षाको सृजनशील प्रयोग आजको क्रान्तिको विज्ञान हुन आउँछ । यही आधारमा नै हाम्रो पार्टीले प्रचण्डपथको निर्माण गरेको छ । जसरी क्रान्तिका पुराना मोडेलहरू आजको विशिष्टतामा हुबहु लागु हुँदैनन्, त्यसरी नै प्रतिक्रान्तिको पुराना मोडेलहरूले पनि नयाँ रूप धारणा गर्नेछन् । क्रान्तिको नयाँ मोडेलको प्रयोगकै क्रममा प्रतिक्रान्तिका नयाँ रूपहरू सतहमा देखिँदै जान्छन् । त्यसलाई बेलैमा चिन्न र त्यसको



माओवादी महिला छापामारहरु

**केवल वार्ताको प्रसंगमा मात्र हैन, देशव्यापी रूपमा तीव्रताका साथ बनिरहेको क्रान्तिकारी राजनीतिको उभारकाविरुद्ध पनि गम्भीर षडयन्त्र हुनसक्ने सम्भावना छ**

> *हामी पुराना सत्ताका सबै शक्तिकेन्द्रहरूलाई पनि २१ औं शताब्दीको युगको चाहना एवं जनताको क्रान्तिकारी परिवर्तनको इच्छाको सम्मान गर्न यथास्थितिवादबाट माथि उठ्ने साहस गर्नसमेत अनुरोध गर्दछौं ।*

प्रतिकार गर्न सर्वहारावर्गको नेतृत्वले अत्यन्त सूक्ष्म रूपमा, अति तीक्ष्ण रूपमा घटनाक्रमको विकास प्रक्रियालाई निरन्तर अवलोकन गर्नुपर्ने हुन्छ । क्रान्ति-प्रतिक्रान्ति, यो त निरन्तर अघि बढिरहने प्रक्रिया हो । मुख्य कुरा के हो भने प्रतिक्रान्तिको घटना हावी हुन नपाओस् भन्नका लागि जनताको पहल जहिले पनि अघि हुनपर्दछ । यसका लागि जनसमुदायलाई सधैं सक्रिय बनाइराख्ने कुराको आधारभूत महत्व छ । निरन्तर सक्रिय र गतिशील जनताले नै कुनै पनि प्रतिक्रान्ति वा षडयन्त्रलाई नियन्त्रण गर्नसक्ने धारणा प्रचण्डपथको हो । जनतालाई निष्क्रिय रक्षामा राख्नु प्रतिक्रियावादी एवं संशोधनवादीहरूको तरिका हो । यसबाट पराजयसिवाय अर्को हात लाग्दैन । क्रान्ति र परिवर्तनका असली ऊर्जा जनता हुन् । हामी सबैले प्रेरणा लिने त्यहींबाट हो ।

◆ **अन्त्यमा, मूल्यांकनमार्फत् कुनै पनि पक्षलाई केही भन्न चाहनुहुन्छ ?**

- तपाईंको सहयोगको लागि धन्यवाद ! हामी सम्पूर्ण देशभक्त, जनवादी क्रान्तिकारी शक्तिहरू, जनसमुदाय, प्रबुद्धवर्ग, मानव-अधिकारवादी एवं पत्रकार मित्रहरूसँग देशी तथा विदेशी शक्तिकेन्द्रहरूद्वारा हाम्रो पार्टी र हाम्रो आन्दोलन तथा हाम्रो नेतृत्वका विरूद्ध जुन षडयन्त्रका अनेकौं खेलहरू खेल्ने प्रयास गरिंदैछ, यसै माध्यमबाट वार्तालाई असफल पार्ने जुन प्रयास हुन खोजिरहेको छ, यसप्रति सचेत भइदिन हार्दिक अपील गर्दछौं । हामी यतिबेला शान्तिपूर्ण परिवर्तनद्वारा राष्ट्रलाई अग्रगति दिन इमान्दारी एवं जिम्मेवारीपूर्वक तयार भएका छौं । हामी पुराना सत्ताका सबै शक्तिकेन्द्रहरूलाई पनि २१ औं शताब्दीको युगको चाहना एवं जनताको क्रान्तिकारी परिवर्तनको इच्छाको सम्मान गर्न यथास्थितिवादबाट माथि उठ्ने साहस गर्नसमेत अनुरोध गर्दछौं । जनता र मुलुकप्रति इमान्दार हुनु, गम्भीर बन्नु र जिम्मेवारीबोधको उच्चतम मूल्यबोध गर्नु सबैको लागि आजको आवश्यकता हो । □



**सरकार-माओवादी वार्ता गराउन मध्यस्थकर्ताको भूमिका खेलेका र वार्ताको समयमा सहजकर्ताको रूपमा संलग्न रहेका पद्मरत्न तुलाधरसँगको ताजा कुराकानी**

# दुबै पक्ष वार्ताप्रति गम्भीर र प्रतिबद्ध भएका देखिए



**पद्मरत्न तुलाधर**

● **सरकार र माओवादीबीच सम्पर्क जोड्ने सेतु तपाईं नै कसरी बन्न पुग्नुभयो ?**

- मलाई अहिले पनि सम्झना छ- त्यसबेला पनि शेर बहादुरजी प्रधानमन्त्री हुनुहुन्थ्यो । चालीस सूत्रीय माग लिएर त्यसबेला बाबुरामजीहरू प्रधानमन्त्रीकहाँ डेलिगेशन जानुभयो । जनयुद्ध त शुरू भयो । मचाहिँ मानवअधिकार आन्दोलनबाट बराबर प्रधानमन्त्रीकहाँ डेलिगेशन जानेमा पर्दथें । वामपन्थीहरूको संयुक्त प्रतिनिधि मण्डलमा पनि स्वतन्त्र वामपन्थीको रूपमा म सामेल रहन्थें । मलाई देख्ने वित्तिकै त्यति नै बेला पनि शेर बहादुरजी 'वार्ता गराई दिनुपर्‍यो, नत्र भने यस्तो विधेयक आउँछ, उस्तो विधेयक आउँछ' भन्नुहुन्थ्यो । त्यसरी जनयुद्धको शुरू अवस्थादेखि वार्ताको निम्ति म शेर बहादुरजीको आग्रहमै पनि लागिपरेको हुँ । त्यसरी लाग्दाखेरी माओवादीहरूसंग पनि राम्रो सम्बन्ध भयो । म कुनै पार्टीमा लागेको छैन । म वामआन्दोलन र मानवअधिकार आन्दोलनमा लागेको छु । वार्ता हुनुपर्दछ भन्छु । हुनसक्दछ भन्छु । त्यही हिसावले मलाई प्रधानमन्त्रीले पनि विश्वास गर्दिने, माओवादीले पनि विश्वास गर्दिने भएर म लागेको हुँ ।

● **अघिल्लोपटक पनि रामचन्द्र पौडेल गृहमन्त्री हुँदा तपाईंको माध्यमबाट सरकार-माओवादी वार्ता हुनै लागेको थियो, तर भाँडियो । त्यसबेला र अहिलेका प्रयासहरूमा के अन्तर छ ?**

- यसअघिको अनुभवलाई कटु अनुभव भन्नुपर्छ । सबैलाई थाहा छ, त्यसबेला झण्डैझण्डै वार्ता हुने स्थिति बनिसकेको थियो । तत्कालीन उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेल र माओवादी केन्द्रीय सदस्य रवीन्द्र श्रेष्ठका बीचमा अनौपचारिक वार्ता पनि भैसकेको थियो । त्यसबेलाको वार्तामा म आफैं पनि बसेको थिएँ । वार्ता एकदमै सकारात्मक भएको थियो । तर त्यसै बीचमा दिनेश शर्मा प्रकरण घट्यो । मेरो विचारमा त्यो घटाइएको घटना हो । यो त मलाई मात्र होइन, राष्ट्रलाई नै धोका दिएको हो भनेर यसबारे मैले त्यतिबेलै टिप्पणी पनि गरें ।

● **अहिलेको वार्ता अभियानमा सकारात्मक कुरा के के देख्नुभएको छ ?**

- अहिले युद्धविरामको स्थिति भएको छ । यति सजिलै यस्तो होला भनेर कसैले आशा नगरेको स्थिति भएको छ । त्यो हिसाबले दुवै पक्ष वार्ताप्रति गम्भीर र प्रतिवद्ध भएको देखियो । यहाँसम्मको स्थितिलाई सबैले स्वागत र उत्साह प्रकट गरेका छन् । श्री ५ को सरकारले नेकपा माओवादीहरूलाई आधिकारिक नै पत्र काटेर दश दिनभित्र वार्तामा आउनको लागि अनुरोध पठायो । त्यो पनि राम्रै भएको छ । नेकपा माओवादीलाई मान्यता दिने नदिने भन्ने कुरा पनि थियो । मान्यता दिएन भने वार्तामा नआउला भन्ने आशंका थियो । आधिकारिक पत्र काटेर वार्ताको निम्ति आह्वान गरेपछि त त्यो आधिकारिक मान्यता दिएकै भयो । यसरी एउटा समस्या त्यहाँबाट पनि समाधान भयो । अब माओवादीहरूको एउटा कुरा के छ भने वार्ताको स्थिति बनाउनको लागि 'बेपत्ता पारिएकाहरूलाई सार्वजनिक गर' भन्ने छ । यो काम आजका मितिसम्म (भाद्र ८ गते) भइसकेको छैन । अर्को, बन्दीहरू रिहाईसम्बन्धी कुरा छ । यसको प्रक्रिया शुरू भएको छ । सरकारले नै तीनसय चानचुन माओवादी बन्दीहरू रहेको बताएको छ । माओवादीहरूले कम से कम सय/डेढ सय जनालाई रिहा गर्‍यो भने वार्ताको स्थिति बन्छ भनेका छन् । गिरिजाप्रसाद कोइरालाको शासनकालमा जे-जति दमनकारी नियमहरू बनेका छन्, ती सबै फिर्ता गर भन्ने माओवादी पक्षको भनाइ छ । तर सरकारले त्यस भनाइअनुरूप काम गरको छैन । अब यी सबै कुराहरू वार्ताकै क्रममा उठाउने गरी माओवादीहरू वार्तामा आएका छन् । यो पनि राम्रो भएको छ । यी पूर्व शर्तहरू सरकारले यस बीचमा पूरा गर्ने दिशामा काम गरेन भने चाहिं यसले वार्तालाई बीचमै असर पार्न पनि सक्छ भन्ने चिन्ता छ ।

● **माओवादीका मागहरू सरकारले पुरा गर्न सक्ने माग हुन् त ?**

- माओवादीहरूले उठाएका कतिपय कुराहरू त मानवअधिकार आन्दोलनले नै उठाउने कुराहरू हुन् । वेपत्ता पारिएकाहरूलाई सार्वजनिक गर्ने, सार्वजनिक सुरक्षा नियमावली खारेज गर्ने कुरा मानवअधिकार आन्दोलनकै पनि माग हो । त्यसलाई हामी सबैले उठाउँदै आएका हौं । त्यस्ता मागहरूलाई माओवादीको माग भनेर होइन कि नेपाली जनताको माग, प्रजातन्त्रवादीको माग, मानवअधिकारवादीहरूको माग भनेर पनि पुरा गर्नु सरकारको दायित्व हुनजान्छ ।

● **बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र अपरिर्वतनीय कुरा हो, यसमा सम्झौता हुनसक्दैन भन्ने कुरा प्रकारान्तरले प्रधानमन्त्री स्वयंबाट व्यक्त भएको छ । अर्कोतिर माओवादीहरूले गणतन्त्रको**

**कुरा उठाइरहेका छन् । यी दुईथरि भिन्न विचारका कारणले बीचैमा वार्तालाई अड्किन नदिन उचित निकास के हुनसक्ला ?**

- अहिले वैचारिक रूपले अत्यन्त विपरीत ध्रुवबीच वार्ता हुँदैछ । अर्को भाषामा भन्दा संविधानको परिधिभित्रको एउटा शक्ति राज्यशक्ति र संविधानको परिधिबाहिरको विद्रोही शक्तिबीच वार्ता हुँदैछ । त्यसैले वार्ताको शुरूमा यस्ता विपरीत कुराहरू आउनु अत्यन्तै स्वभाविक कुरा हो ।

यो वार्तालाई सामान्य रूपमा लिन थालियो भने समस्या हुनसक्छ । श्री ५ को सरकार र एमालेबीच विगतमा भइ आएका वार्ताजस्तै हो भन्ने किसिमले लिइयो भने पनि यो ठीक ठाउँबाट शुरू हुन सक्दैन । नेकपा माओवादीका अध्यक्ष प्रचण्डले एउटा सर्न्दभमा भन्नुभएको छ : "हामी बरू सबै सखाप हुन तयार छौं, तर हामी आत्मसमर्पण गर्दैनौं । कमसेकम एउटा इतिहास लेखिनेछ ।" यी शब्दहरू म अहिले जस्ताकोतस्तै तपाईलाई भनिरहेको छु । त्यसकारण माओवादीहरू आत्मसमर्पण गर्ने किसिमले वार्तामा आइरहेका छैनन् भन्ने कुरा बुझ्नु पर्दछ ।

देशको संकटको एउटा राजनैतिक निकासको कुरा छ । त्यसैले वार्ताको टेबुलमा धेरै गम्भीर कुराहरू उठ्न सक्छन् । भोलि वार्ताको टेबुलबाट दुईटा पक्षले समाधान निकाल्न सकेनन् भने अन्तिम निर्णय जनताले गर्ने हो भनेर प्रजातन्त्र, जनवादको सिद्धान्तलाई स्वीकार गर्ने हो भने भोलि जनमत संग्रह पनि होला ।

**● कुनै तरिकाले पनि यो चालू वार्ता बीचैमा नभाँडियोस् भनेर दुवै पक्षलाई सचेत गराउने र दबाव दिने काम गर्न जनपक्षीय शक्तिहरूले खेल्नुपर्ने भूमिका के होला ?**

- मेरो विचारमा जनपक्षीय शक्तिले खेलेको भूमिका नै साकार भएर अहिलेको वातावरण बनेको छ । नागरिक समाजले धेरै अघिदेखि वार्ता हुनुपर्दछ, वार्ताबाट मुलुकको समस्या समाधान हुनसक्दछ भनेर दुवै पक्षलाई यहाँसम्म ल्याइपुर्‍याएको हो । वार्ताको टेबुलमा पुगिसकेपछि निश्चितै रूपमा गणतन्त्र कि राजतन्त्र भन्ने विवाद आएको छ । यो विवाद आउने बित्तिकै डेडलक हुनुहुन्न । अहिलेसम्म त भएको पनि छैन । यसबेला जनपक्षको, नागरिक समाजको, सबै क्षेत्रको भूमिका पहिलेको भन्दा बढी गम्भीर हुनुपर्दछ । वार्ता क्रममा वार्तामा डेडलक हुनसक्ने कतिपय विषयहरू आउन सक्छन् । त्यस्तो अवस्थामा मेरो विचारमा दुवै पक्ष जनसमक्ष आउनु पर्दछ । श्री ५ को सरकारले यो कारणले डेडलक शुरू भयो भन्दिनुपर्छ । त्यस्तै, माओवादी पक्षले पनि हामीले यो कुरा राख्यौं, यसमा अडान रह्यो, सरकारले हाम्रो कुरा मान्दिएन, त्यसकारण अवरोध शुरू भयो भनेर आउनुपर्छ । त्यसरी आउँदा नागरिक समाजले बहस शुरू गर्नुपर्ने हुन्छ । नागरिक समाज र नेपालको पत्रकारिता, नेपालको मानवअधिकार आन्दोलन सबैले अत्यन्तै सक्रियताका साथ गम्भीर भूमिका खेल्नुपर्ने हुन्छ ।


**● प्रधानमन्त्री शेरबहादुर देउवाले गर्नुभएको ८ बूँदे घोषणालाई जनपक्षीय घोषणाको रूपमा बुझिएको छ । यस घोषणाले सरकार-माओवादी चालू वार्तालाई कस्तो असर पार्ला ?**

- सरकारले ल्याएको आठवटा कार्यक्रमलाई प्रगतिशील कार्यक्रम भन्नुपर्दछ । तर माओवादी-सरकार वार्तासँग सन्दर्भित गरेर यसलाई हेरियो भने यो घोषणाले अर्को समस्या थपेको छ । यसले प्रधानमन्त्री देउवालाई आफ्नो पार्टीभित्रै पनि चुनौती झेल्नुपर्ने स्थिति थपिएको छ । संसदभित्रै पनि राप्रपा र सद्भावना दुईटा पार्टीको विरोध उहाँले झेल्नु परिरहेको छ । यो वार्ताको स्थितिमा प्रधानमन्त्रीलाई त स्वच्छन्द रूपले काम गर्ने अवसर प्राप्त हुनुपर्थ्यो । तर वार्ता शुरू हुने बेलामै यो घोषणा भएर प्रधानमन्त्री आफैं एउटा अप्ठेरो स्थितिमा पर्नुभएको छ । मलाई पनि वार्तासँग सम्बन्धित भएर सोच्दा, यो आठ सूत्रीय कार्यक्रमको घोषणा प्रधानमन्त्रीले उचित समयमा गर्नुभएन, यसैले गर्दा एउटा समस्या थप भएको छ र यसले वार्तामा पनि असर पार्ने हो कि भन्ने लागेको छ ।

**● दुई पक्षबीच पुलको रूपमा काम गर्दा तपाईंले अनुभव गर्नुभएको दुवै पक्षका व्यवहारहरू कस्ता छन् ?**

- दुवै पक्ष वार्ताको पक्षमा प्रतिवद्ध देखिन्छन् । व्यक्तिगत रूपमा प्रधानमन्त्री शेरबहादुर देउवा एकदमै प्रतिवद्ध देखिनुहुन्छ । शुरूदेखि नै उहाँ वार्ताको पक्षमा हुनुहुन्थ्यो । वार्ताको निम्ति शुरूको प्रस्तावक नै भन्नुपर्छ उहाँलाई । त्यस्तै, माओवादीको पनि प्रचण्डदेखि लिएर जिम्मेवार व्यक्तिहरू जो-जोसँग मेरो सम्पर्क भएको छ, उहाँहरू पनि त्यत्तिकै गम्भीर हुनुहुन्छ । त्यत्तिकै प्रतिवद्ध हुनुहुन्छ । व्यक्तिगत रूपले मैले दुवै पक्षको वार्ताप्रति सहयोगी भूमिका पाएको छु ।

**● यो वार्तालें नेपाली जनताको निम्ति ल्याउने प्रमुख उपलब्धी के होला ?**



प्रचण्डले एउटा सर्न्दभमा भन्नुभएको छ : "हामी बरू सबै सखाप हुन तयार छौं, तर हामी आत्मसमर्पण गर्दैनौं । कमसेकम एउटा इतिहास लेखिनेछ ।" यी शब्दहरू म अहिले जस्ताकोतस्तै तपाईलाई भनिरहेको छु ।

- सतही रूपमा वार्ता र शान्तिको कुरा गरिएको छ । यो स्वभाविक तर एकपक्षीय कुरो हो । धेरै नेपाली जनताको कुरा सुनिएकै छैन । अंग्रेजीमा unheard voice भनिन्छ, त्यस्तै धेरै जनताको आवाज सुनिएकै छैन । नसुनिएको आवाज भनेको- 'यो देशमा क्रान्ति हुनुपर्छ, क्रान्तिविना परिवर्तन संभव छैन, नेपाली जनताको मुक्ति संभवै छैन' भन्ने आवाज हो । मकहाँ डाक्टर, इन्जिनीयर, पाइलट इत्यादि पनि आउँछन् र मलाई भन्छन्- "तपाई किन लाग्नुभएको यो वार्ता सार्तामा ? भर्खर एउटा क्रान्ति शुरू भएको छ, त्यसलाई किन रोक्न खोज्नुहुन्छ ? जनयुद्ध रोक्न पाईदैन" भनेर हाक्काहाक्की भन्छन् उनीहरू ।

मैले भन्न खोजेको के हो भने शान्ति हुनुपर्दछ भन्ने व्यक्त आवाजहरू हामीले सुनेका छौं भने साथसाथै आफ्नो आवाज व्यक्त गर्नलाई मंच नपाएका उत्पीडत जनताहरू क्रान्ति हुनुपर्छ भन्छन् । क्रान्ति हुनुपर्छ भन्ने ती जनताका आवाजहरू छोपिएका छन्, त्यसैले सुनिएका छैनन् । शान्ति जसरी सर्वसाधारण समेतको लागि प्रिय शब्द हो, त्यसरी नै क्रान्ति भनेको मुक्तिकामीहरूको लागि अत्यन्तै प्रिय शब्द हो । त्यसकारण क्रान्ति रोकिनु हुँदैन भन्ने कुरा छ । समाजमा आमूल परिवर्तन आवश्यक छ । उत्पीडनबाट जनता मुक्ति खोजिरहेका छन् । त्यसकारण यहाँ एक वा अर्को किसिमको क्रान्ति त अनिवार्य र अवश्यंभावी छ । जनताले चाहेको परिवर्तन ल्याउन सकेन भने वार्ता जतिसुकै सफल भए पनि समस्या समाधान हुँदैन । वार्ताले आमूल परिवर्तन नहोला तर वार्ताको माध्यमबाट आमूल परिवर्तनतर्फको प्रक्रिया शुरू भयो भने वार्ता सफल भएको मान्नुपर्छ ।

**● तपाईंको विचारमा माओवादीहरूको तर्फबाट राखिने मागहरूमा रहेको प्रगतिशील तथा परिवर्तनकारी तत्वलाई पुरा गराउन अरू वामपन्थीहरूले एकजुट भएर माओवादीहरूलाई सघाउने वा सरकारलाई दबाब दिने काम गर्नु जरूरी छ कि छैन ?**

- यस पक्षमा वामएकता अत्यन्तै आवश्यक कुरा थियो । मैले अखबारहरूमा पढेको छु : एकताकेन्द्रको पहलमा एकताकेन्द्र, माओवादीलगायत वामशक्तिहरू माले-एमाले सबैको एउटा भेला भयो । त्यहाँ अहिलेको वार्ताकै विषयमा छलफल भयो । प्रधानमन्त्री शेरबहादुर देउवाले सर्वदलीय बैठक डाक्नुभएजस्तै नेकपा माओवादीसहित भएर वामपन्थीहरूको एउटा सहमतिको लागि भनेर यो भेला आयोजना गरियो । मेरो विचारमा प्रधानमन्त्रीले सहमति लिन गर्नुभएको सर्वदलीय भेला र नेकपा माओवादीले नेपालका सम्पूर्ण वामशक्तिहरूको सहयोग र समर्थनको लागि प्रयास गर्नु स्वभाविक र सकारात्मक कुरा हो । तर तैपनि वाम आन्दोलनप्रति शुभेच्छा र सद्भाव राख्ने हामीजस्ताको निम्ति यसले उत्साहजनक कुरा आउन सकेको छैन । वामपन्थीहरूले माओवादीहरू समक्ष आफ्नो कुरा पुर्‍याउने, सहयोग गर्ने अथवा आलोचना र विरोध भए त्यो पनि गर्ने गर्न सक्छन् । तर मेरो विचारमा, समग्र रूपमा कम्युनिष्ट आन्दोलनलाई दृष्टिगत गरेर भन्ने हो भने अहिले एउटा अत्यन्तै ठूलो निर्णायक घडीमा नेपालको कम्युनिष्ट आन्दोलन पुगेको छ । नेकपा माओवादीका प्रतिनिधिमार्फत कम्युनिष्ट आन्दोलनले वार्ताको टेबुलमा आफ्नो कुरा राख्नुपर्दछ । साझा सवालमा मिलेर जानुपर्छ भनेर सबैले भन्ने, तर निर्णायक घडीमा चाहिँ सबै भाग्ने गर्नुहुँदैन । त्यसकारण अहिलेको सन्दर्भमा वामपन्थीहरूबीच एकता र सहमतिको निम्ति फेरि पनि प्रयास जारी हुनुपर्दछ । ❑



# "अहिले नेपालमा "आमूल सुधार गरिनुपर्छ

- क. माधवकुमार नेपाल, महासचिव, नेकपा (एमाले)

◆ **अहिले नेकपा (माओवादी) र सरकारबीच वार्ताको प्रक्रिया चलिरहेको छ । यस वार्तालाई तपाईंले कुन रूपमा लिनुभएको छ ?**

- यो वार्तालाई नेकपा (एमाले)ले सकारात्मक रूपमा लिएको छ । हामीले बारम्बार के भन्दै आएका छौं भने माओवादी समस्या एउटा राजनीतिक समस्या हो । त्यसैले यसलाई मूलतः राजनीतिक ढंगबाट नै समाधान गरिनुपर्छ ।

हाम्रो मुलुकमा राणाकाल होस्, पंचायतकाल होस् वा अहिलको बहुदलीयकाल होस् हामीकहाँको जुन राज्य संरचना छ, त्यो पुरातन खालको छ । यहाँको विद्यमान सामाजिक-आर्थिक संरचनाबाट नै शोषण, भेदभाव, अनाचार, दुराचार, गरीवी आदि इत्यादि देखापरेका हुन् । त्यसैले विद्यमान संरचनामा नै परिवर्तन नभइकन समस्याहरूको समाधान हुने कुरा भएन ।

बहुदलको गत बाह्र वर्षमा नेपाली जनताले धेरैभन्दा धेरै समय नेपाली कांग्रेसको कुशासनलाई नै झेलेका छन् । र, त्यस कुशासनबाट विपक्षलाई पेल्ने, सत्ताको दुरूपयोग गर्ने, भ्रष्टाचार गर्ने, साधन स्रोतको दुरूपयोग गर्ने, विदेशीहरूको दलाली गर्ने, आम श्रमिक जनतामा दमन उत्पीडन संचालन गर्नेजस्ता थुप्रै समस्याहरू सृजना भएका छन् । त्यसकारण विद्यमान समस्याहरू विद्यमान संरचनामा नै निश्चित भएका समस्याहरू हुन् वा नेपाली कांग्रेसको कुशासनबाट सिर्जित भएका समस्याहरू हुन् । यसको निक्यौंल र समाधानमा नै माओवादी समस्याको समाधान अन्तर्निहित रहेको छ ।

माओवादीहरूबाट उत्पन्न भएका समस्याहरू पनि छन् । ती त यो संरचना र शासनको बाइ प्रोडक्ट (by product) को रूपमा आएका छन् । यी सबै समस्याहरूको समाधान वार्ताबाट र परिवर्तनबाट सम्भव छ, समझदारी, गहन सुधार र आमूल परिवर्तनबाट सम्भव छ ।

त्यसैले हामीले भनिरहेका छौं कि वार्ता हुनु राम्रो कुरा हो । अझ युद्धविराम हुनु झनै राम्रो कुरा हो । त्यस्तैगरी राष्ट्र र जनताको सवालका सबै विषयहरूमा छलफल हुनु पनि राम्रो कुरा हो ।

सबै राजनीतिक पार्टीहरूले आफ्नो आस्था र विश्वास राख्न पाउँछन् । यी कुराहरूलाई कसैले पनि दबाब र धम्कीबाट फेर्न सक्दैन । नेकपा (एमाले) को पनि जुन आफ्नो विश्वास छ, त्यो कसैको बन्दूक र त्राशले फेरिदैन । कसैले हामीलाई कुनै आरोप लगाउन सक्छ, हामी पनि कसैलाई आरोप लगाउन सक्छौं ।

हिजो निर्मल लामाजीलाई कसैले सि.आई.डि. भने । हामीलाई कसैले सि.आई.ए.को एजेण्ट भने । कसैले हामीलाई कुनै भड्कावको शिकार बन्यो भने । हामीले पनि कसैलाई उग्रवामपन्थी भड्कावको शिकार बन्यो भन्यौं । यी कुराहरू भनेका राजनीतिक तहमा एक अर्कालाई गरिने स्वभाविक आलोचनाहरू हुन् । यसरी गुनासाहरू नहुने हो भने त देशमा एउटै पार्टी भइहाल्थ्यो नि ।

नेकपा (एमाले) एउटा छुट्टै राजनीतिक पार्टी हो । यो उग्रवामपन्थी भड्कावबाट मुक्त भएको र दक्षिणपन्थी भड्कावबाट पनि जोगिएको पार्टी तथा मार्क्सवाद लेनिनवादलाई नेपालको परिस्थितिमा सृजनात्मक रूपमा लागु गर्न प्रतिबद्ध भएको एवं सामन्तवाद र साम्राज्यवादको शोषण शासनलाई समाप्त पार्दै आमूल परिवर्तनको दिशातर्फ बढिरहेको पार्टी हो । यस अर्थमा, यो जनताको जनवादी अधिनायकत्व अन्तर्गत जनताको बहुदलीय जनवादको स्थापना गर्न कटिबद्ध भएको पार्टी भएको हुनाले यसको विचारलाई सबैले आ-आफ्नो कोणबाट हेर्न सक्छन् ।

**कम्युनिष्ट-हरूले गणतन्त्रमा अडान त राख्नै पऱ्यो नि !**

कांग्रेसको नजरमा जनताको बहुदलीय जनवाद एउटा कुटनीतिक चालबाजी हुनसक्छ । उग्रवामपन्थीको नजरमा जनताको बहुदलीय जनवाद दक्षिणपन्थी भड्काव हुन सक्दछ । यो भनेको 'बुझ्नेलाई श्री खण्ड नबुझ्नेलाई खुर्पाको बींड' भनेजस्तै नेकपा (एमाले) को विचारलाई नबुझ्नेहरूले आ-आफ्नो ढंगले ब्याख्या गर्न सक्छन् भन्ने हो । तर हामीले के ठानेका छौं भने यही विचारबाट मात्र नेपाली जनताको उन्नति, प्रगति, परिवर्तन र मुक्ति सम्भव छ ।

तर हामीले हा... आफ्नो मान्यता राख्दाराख्दै पनि माओवादीहरूले सरकारसँग वार्ता गर्ने र मुलुक र जनताप्रति जिम्मेवार भएर मुलुकलाई प्रत्येक सास्तीबाट मुक्त गर्ने काममा भूमिका निर्वाह गर्नुपर्छ भन्ने हाम्रो आग्रह रहेको हो ।

◆ **वार्ताबाट माओवादी विद्रोह समाधान गर्न सरकारले के गर्नु जरूरी छ ? माओवादीहरूले के गर्नु जरूरी छ ?**

- सरकारले समाज र जनताका समस्याहरू समाधान गर्नु जरूरी छ । हाम्रो माग के रहेको छ भने, यो संविधानमा व्यापकतम सुधार र परिवर्तन गरिनु पर्दछ । ०४६ सालको जन-आन्दोलनको उपलब्धीलाई रक्षा गर्दै थप उपलब्धी हासिल गर्ने सोचका साथ सबैले चल्न सक्नु पर्दछ । यथास्थितिबाट मुक्त हुनु पर्दछ । शोषक-सामन्तहरूका विरूद्धमा सशक्त र गतिलो प्रहार गरिनु पर्दछ । र, समाजमा अर्थतन्त्रको क्षेत्रमा, संस्कृतिको क्षेत्रमा र राजनीतिक क्षेत्रमा पनि व्यापक, गहन र अग्रगामी सुधार गरिनु पर्दछ ।

यस अर्थमा अहिले नेपालमा आमूल सुधार गरिनुपर्छ भन्ने हामीलाई लाग्दछ । टालटुले, लिपापोतीको सतही सुधार गरेर मात्र पुग्दैन । यसको अर्थ वर्तमान संरचनामा व्यापक फेरबदल ल्याइनु पर्दछ भन्ने हो । यो समाजमा व्यापक उथलपुथल सिर्जना गरिनुपर्छ । सामाजिक, मानवीय, आर्थिक तथा उत्पादनको सम्बन्धमा परिवर्तन गर्न सबैले तयार हुनु पर्दछ ।

माओवादीहरूले पनि जनताको यही परिवर्तनका भावनाहरूलाई दृढताका साथ उभ्याउन सक्नु पर्दछ र उनीहरूले आफ्नै कुरामात्र सबैले मान्नुपर्छ भन्ने खालको ढिपी त्याग्नु पर्दछ । उनीहरूले सबैलाई शत्रु र विरोधीमात्र देख्ने र आफूलाई मात्र २४ क्यारेटको सुन ठान्ने किसिमको एकलकाँटे सोचबाट, जडसूत्रवादी चिन्तनबाट र नेपालको यथार्थबाट टाढा रहेर 'म नै विश्वको सर्वशक्तिवान शक्ति हुँ' भन्ने भ्रमबाट आफूलाई मुक्त गर्नुपर्दछ । माओवादीहरू अहिलेको वर्गशक्ति सन्तुलनको अवस्था जे छ, त्यसअनुसार अधिकतम रूपमा समाजलाई आमूल परिवर्तनको दिशामा लाग्नको निमित्त जति सम्भव हुनसक्छ, त्यति परिवर्तन र सुधारको निम्ति दृढताका साथ डट्न सक्नुपर्छ ।

◆ **माओवादीहरूले अहिले गणतन्त्र, अन्तरिम सरकार र जनसंविधानजस्ता तीनवटा मुख्य कुराहरू उठाइरहेका छन् । सरकारले गणतन्त्र र बहुदलीय प्रजातन्त्रबारे कुनै सम्झौता हुँदैन भनिरहेछ । त्यसैले यही कुरामा वार्ता ब्रेक हुने सम्भावना प्रवल छ । तपाईंको विचारमा वार्ता ब्रेक नगराउनको निम्ति राजनीतिक निकास के होला ?**

- माओवादीहरूले आफ्ना मागहरू अगाडि सार्नु र त्यसमा तर्क गर्नु स्वभाविक छ । त्यस्तो गरिनु पनि पर्छ । तर आफ्नै कुरामा मात्र ढिपी गरेर मात्र पनि हुँदैन । सरकारले कसैलाई आफ्नो विचार र मान्यताबारे कुरै उठाउन पाउँदैन भनेर रोक

बाँकी ४३ पेजमा



विशेष

## अक्विनो सरकार र कम्युनिष्टहरुबीचको शान्तिवार्ता

स्पेन, अमेरिका, जापानका साम्राज्यवादीहरुसँग भएका संघर्ष र संभौताको कथासहित



# शान्तिवार्ता र जनयुद्धबीच कसरी बढ्दैछ फिलिपिनो कम्युनिष्ट आन्दोलन ?

- राजेन्द्र महर्जन -

विश्वका हरेक देशमा वर्ग-संघर्ष चलिरहेको छ, चाहे त्यो नेपालमा होस्, या फिलिपिन्समा । वर्गसंघर्षको क्रममा संघर्षका सबै रूप र उपायहरू प्रयोग गरिन्छन्, चाहे त्यो शान्तिपूर्ण संघर्ष होस्, या हिंसात्मक संघर्ष । चाहे त्यो सडक, सदन र अदालतको संघर्ष होस् या जंगलको युद्ध ।

यस्तो वर्गसंघर्षमा सम्भौताहीन संघर्षको मन्त्र मात्रै जपिरहेमा यसरी जप्नेहरू संघर्षका विविध रूप र उपायहरूबारे अज्ञानी ठहरिने भय हुन्छ ।

वास्तवमा वर्गसंघर्षमा कहिले सम्भौताहीन संघर्ष गर्नुपर्ने हुन्छ, कहिले सम्भौतापूर्ण संघर्ष । बदलिँदो परिस्थिति र आत्मगत स्थितिको अनुकूलतामा सम्भौताहीन र सम्भौतापूर्ण सघर्षको कार्यनीति अपनाउनु पर्ने हुन्छ । यथार्थमा यी सबै संघर्षका विविध रूपहरू मात्रै हुन् ।

वर्गसंघर्षका योद्धाहरूले सम्भौता गर्नु, सम्भौतामा लेनदेन गर्नु, केही खोस्नु, केही गुमाउनु भनेको सामान्य कुरा हो । र, सम्भौता नै नगर्नु पर्ने पक्ष भनेको त वर्गीय स्वार्थ र हितमा मात्रै हो ।

वर्गीय स्वार्थ र हितको रक्षार्थ विपक्षीसँग सम्भौता गर्नु वा नगर्नु, वार्ता गर्नु वा नगर्नु सबै कुरा संघर्षका विविध रूपहरू अपनाउने कि नअपनाउने भन्ने सवालसँग सम्बन्धित छन् । विश्व कम्युनिष्ट आन्दोलनका महान गुरू माओ त्से तुङ भन्नुहुन्थ्यो- "परिस्थितिअनुरूप वार्ता गर्नु वा नगर्नु, सम्भौता गर्नु वा नगर्नु सबै वर्गसंघर्षका रूपहरू हुन् ।"

माओका शिक्षाहरूबाट दीक्षित भएको फिलिपिन्सको कम्युनिष्ट आन्दोलनले पनि संघर्षका विविध रूपहरू प्रयोग गर्दै आइरहेको छ । सशस्त्र र शान्तिपूर्ण संघर्षदेखि शान्ति वार्ता र हिंस्रक आक्रमणमा यसले आफूलाई अग्रिम पंक्तिमा राख्दै आइरहेको छ । फिलिपिनो जनताको चाहना र मागअनुरूप राष्ट्रिय मुक्ति र राष्ट्रिय जनवादमार्फत् न्याय र स्थायी शान्ति प्राप्त गर्न यसले जनताका क्रान्तिकारी संघर्षहरूको अगुवाइ गरिरहेको छ । मूलतः सशस्त्र जनयुद्ध संचालन गर्दै आइरहेको फिलिपिनो कम्युनिष्ट पार्टीले न्याय र स्थायी शान्तिका लागि चलिरहेको सिंगो क्रान्तिकारी आन्दोलनको उपायको रूपमा शान्ति वार्तालाई पनि

# ◄ विश्व कम्युनिष्ट आन्दोलन

छेउको पेजमाः मार्च ५, १९९६ मा सैनिकहरुको हिरासतबाट छुटेपछि फिलिपिन्स कम्युनिष्ट पार्टीका अध्यक्ष सिसों तत्कालीन फिलिपिनो राष्ट्रपति कोराजोन अक्विनोसँग कुरा गर्नुहुँदै (बायाँ) । जनयुद्धको लागि तालिम लिँदै गरेकी एक युवती छापामार (दायाँ)

प्रयोग गर्दै आइरहेको छ ।

विविध प्रकारका सशस्त्र र शान्तिपूर्ण संघर्षहरू एवं थरीथरीका शान्ति वार्ताहरूको अनुभवले भरिपूर्ण फिलिपिनो जनताको संघर्ष पनि वर्गसंघर्षको क्रममा क्रियाशील सबै नेपालीहरूका लागि निकै उपयोगी देखिन्छ ।

## *संघर्ष र सम्झौताको इतिहास*

फिलिपिनो जनताको संघर्षको इतिहास जति लामो छ, त्यति नै लामो छः वार्ता र सम्झौताको अनुभव पनि । स्पेनको उपनिवेश कायम हुनुभन्दा अगाडि फिलिपिनो जनताका विभिन्न समूह र जातिहरू विदेशी शत्रुसँग लड्नका लागि आपसमा शान्ति वार्ता र सम्झौता गर्दथे । जब त्यहाँ स्पेनको उपनिवेश कायम भयो, तब मोरो र इगोरोटलगायत थुप्रै जातिका जनताहरू दशकौंदशकसम्म सशस्त्र प्रतिरोध र वार्ताका रूपहरू प्रयोग गर्दै संघर्षरत रहे ।

सन् १८९६ मा विस्फोट भएको स्पेनिश उपनिवेशवादविरोधी फिलिपिनो क्रान्तिको क्रममा पनि सम्झौता वार्ता नभएको होइन । अगुइनाल्दोको नेतृत्वमा चलेको प्रतिरोध युद्धको शान्ति वार्ताको क्रममा सन् १८९७ मा बाइक-ना-बातो सन्धि हुँदा अगुइनाल्दोलगायत अरू क्रान्तिकारी नेताहरू निर्वासनमा जाने र जनताको विद्रोही सेनाले आत्मसमर्पण गर्ने सहमति बनाइएको थियो । शुरूमा फिलिपिनो जनताको संघर्षलाई साथ दिने अमेरिकाले आफ्नो उपनिवेशवादी स्वार्थ पूरा गर्न स्पेनिश उपनिवेशवादीहरूसँग गोप्य सम्झौता गरेपछि सन् १८९९ मा फिलिपिनो-अमेरिकन युद्धसमेत हुनपुग्यो । युद्धको क्रममा अमेरिकाले फिलिपिनो क्रान्तिकारी सरकारसमक्ष 'शान्ति-वार्ता'को जाल फ्याँकेर मन्त्री परिषदमा फूट पैदा गरेको थियो ।

फिलिपिन्समाथि विजय हासिल गरी आफ्नो उपनिवेशवादी शासन कायम गरिसकेपछि पनि अमेरिकाले 'फुटाऊ र शासन गर'को नीति अँगालिरह्यो । उपनिवेशवादविरोधी सशस्त्र जनप्रतिरोधलाई सैन्य बलद्वारा कुल्चने र स्थानीय स्तरमा वार्ता र सम्झौताद्वारा प्रतिरोधी शक्तिहरूलाई आफ्नो उपनिवेशको ढाँचाको तल्लो तहमा फिट गर्ने काममा उसले धेरै नै सफलता हासिल गऱ्यो । फिलिपिनो जनताको सशस्त्र प्रतिरोध आन्दोलनलाई विभाजन गर्न स्थानीय स्तरमा शान्ति वार्ता र सम्झौता गर्ने प्रक्रियालाई उसले सशक्त हतियारको रूपमा प्रयोग गऱ्यो । अनि बचेखुचेका सशस्त्र संघर्षहरू-माथि निर्मम दमन गऱ्यो । यसैको ठोस उदाहरण हो: लुजोन र विसायास क्षेत्रमा सन् १८९९ मा 'किराम बेट्स सन्धि' गरेपछि सशक्त विद्रोही शक्तिको रूपमा रहेका मोरो जनतामाथि नृशंस दमन गरिएको घटना ।




करिब आधा शताब्दी लामो अमेरिकी उपनिवेशमा जकडिएको फिलिपिन्सलाई अर्ध-उपनिवेश र नवउपनिवेशमा परिवर्तन गर्ने काम सतहमा देखिँदा मूलतः सफलतापूर्ण वार्ताको क्रममा भएको थियो । अमेरिकी सरकारसँग नाशियोनालिस्टा पार्टीका सांसदहरूले गरेको लामो वार्ताकै क्रममा १९३५ मा फिलिपिनो संविधान र अन्तरिम सरकार र सन् १९४६ मा नाउँमात्र भए पनि स्वतन्त्रता हासिल गर्न संभव भएको थियो । यस सफलताको पृष्ठभूमिमा फिलिपिनो जनताको अथक संघर्ष, कम्युनिष्ट पार्टीको जुझारू आन्दोलन र पहिलो र दोस्रो विश्वयुद्धको महत्वपूर्ण र दूरगामी प्रभाव रहेको थियो ।

अमेरिकी उपनिवेश अन्तर्गतका राष्ट्रपति क्वेजोनले सन् १९३० को दशकको आधा आधीतिर बन्दी बनाइएका फिलिपिनो कम्युनिष्ट पार्टीका नेता क्रिसान्तो इभाञ्जेलिस्टा र अरू नेताहरूसँग वार्ता गरेको वास्तविकता पनि यहाँ स्मरणीय देखिन्छ । उक्त वार्तामा कम्युनिष्ट पार्टीलाई वैधानिकता प्रदान गर्ने, 'सामाजिक न्याय'सम्बन्धी कार्यक्रममा सहयोग गर्ने र फासीवादविरोधी संघर्ष अगाडि बढाउने विषयमा कुराकानी भएको थियो ।

जापानी सैन्यवादीहरूको आक्रमणको प्रतिरोध गर्न कम्युनिष्ट नेताहरूले क्वेजोनलाई समर्थन गर्ने र जनतालाई सशस्त्र पार्ने क्रान्तिकारी प्रस्ताव पनि राखेका थिए, तर सरकारले त्यसलाई अस्वीकार गरेको थियो ।

*विविध प्रकारका सशस्त्र र शान्तिपूर्ण संघर्षहरू एवं शान्ति वार्ताहरूको अनुभवले भरिपूर्ण फिलिपिनो जनताको संघर्ष नेपालीहरूका लागि निकै उपयोगी देखिन्छ*

फिलिपिन्समा आफ्नो उपनिवेश कायम भएपछि जापानी सैन्यवादीहरूले सन् १९४२ देखि एकातिर कम्युनिष्ट नेताहरूलाई गिरफ्तार गर्ने, अर्कोतिर शान्तिवार्ता पनि गर्ने दोहोरो नीति लिएका थिए । कम्युनिष्ट पार्टीले तिनीहरूविरूद्ध 'सशस्त्र हुक आन्दोलन' शुरू गरेर जनसेना निर्माण गऱ्यो । कम्युनिष्ट पार्टीले त्यो आन्दोलनलाई पछि गएर संसदीय संघर्षमा विसर्जन गर्ने नीति लिएपछि त्यसभित्र चर्को अन्तर-संघर्ष र विद्रोह हुनथाल्यो । यसै क्रममा सन् १९४८ मा फिलिपिनो राष्ट्रपति एल्पिदियो कुइरिनो र हुक आन्दोलनका नेता लुइस तारूकबीच भएको शान्ति वार्तापछि आत्मसमर्पण गर्ने र शस्त्र-अस्त्र बुझाउने सहमति भयो । सहमति भएको दुई महिना पनि नबित्दै अमेरिकी सरकारको निर्देशनमा सरकारी सैनिकहरूले हुक आन्दोलनका नेता-कार्यकर्ताहरूको निर्मम हत्या गर्नथाले ।

'कुइरिनो-तारूक सम्झौता' सरकारी सैनिकहरूद्वारा तोडिएपछि पनि अमेरिकी सरकारको निर्देशनमा फिलिपिनो सरकारले वार्ताद्वारा हुक विद्रोहीहरूलाई आत्मसमर्पण गराउन पुरानै नीति अख्तियार गऱ्यो । पुरानो नीति भनेको स्थानीय स्तरमा शान्ति वार्ता गर्ने र नेतृत्वमा रहेकाहरूलाई अनेकौं प्रलोभनमा फसाउने नीति हो । परिणाम सरकारकै हितमा गयो, स-साना व्यक्तिगत र तुच्छ स्थानीय स्वार्थको बलीवेदीमा हुक आन्दोलनलाई स्वाहा पारियो ।

फिलिपिन्सको सत्ता-संरचनालाई हल्लाउने हिसाबले चलेको सशस्त्र हुक आन्दोलन मूलतः उग्र वामपन्थी अवसरवादको कारणले पतन भएको विश्लेषण फिलिपिनो कम्युनिष्ट नेता क. होसे मारिया सिसोंको छ । दुई



लालसेनाका पूर्व सेनापति बर्नाबे बुस्काइनो, वार्ता टोलीका प्रमुख सातुर ओकाम्पो र होसे लुनेताका साथ होसे मारिया सिसों प्रसन्न मुद्रामा

# ◀ विश्व कम्युनिष्ट आन्दोलन

वर्षभित्र क्रान्ति गर्ने उत्तेजनात्मक उद्घोषसहित शुरू भएको सशस्त्र हुक आन्दोलन दुस्साहसिक कारवाही चलाउने, त्यसमा जनता स्वतःस्फूर्त रूपमा सहभागी हुने र सशस्त्र आन्दोलनलाई सामाजिक क्रान्तिमा परिणत नगर्ने नीतिले गर्दा हुक आन्दोलन नराम्ररी पतन भएको थियो । त्यहाँ त्यसको पृष्ठभूमिमा रहेको अमेरिकी-फिलिपिनो सरकारको निर्मम सैनिक दमनलाई कदापि भुल्न सकिँदैन ।

हुक आन्दोलनको पतनपछि लामो समय समयसम्म त्यहाँ शान्ति वार्ता र सम्झौताको जरूरत नै परेन । १९५७ मा आएर गार्सिया सरकारले एकाएक कम्युनिष्ट पार्टीका नेताहरूलाई आत्मसमर्पण गर्न वा मृत्युदण्डको सजायँ भोग्नका लागि तयार हुन 'अल्टिमेटम' नै दियो । त्यसपछि वार्ता र सम्झौताको नीतिभन्दा पनि दमन र युद्धको नीति बलवान भयो ।

सन् १९७४ मा गएर मात्रै पुरानो कम्युनिष्ट पार्टीको संशोधनवादी समूहको रूपमा चर्चित लाभा ग्रुपसँग फर्डिनान्ड मार्कोसको तानाशाही शासनले शान्तिवार्ता गरेको इतिहास देखिन्छ । मूलतः युद्ध र दमनमाथि जोड दिने तानाशाह मार्कोसले कम्युनिष्टविरोधी प्रचार र जासूसीका लागि लाभा ग्रुपसँग हातहतियारसहित आत्मसमर्पणको शर्तमा सम्झौता गरेका थिए । आत्मसमर्पणको सम्झौताविरूद्ध जाने आफ्नै २५ जनाभन्दा बेसी कार्यकर्ताहरूको हत्या गर्ने लाभा ग्रुप अन्ततः सरकारी अभियानमा विलीन भयो ।

सन् १९६८ मा क. होसे-मारिया सिसोंको नेतृत्वमा स्थापित फिलिपिन्सको कम्युनिष्ट पार्टी (CPP) ले न्याय र स्थायी शान्तिका लागि जनयुद्ध संचालन गर्न थालेपछि सन् १९७२ मा तानाशाह मार्कोसले देशभरि 'मार्शल ल' लागू गरे । पार्टीले १९७४ देखि नै राष्ट्रिय स्वतन्त्रता, जनवाद र जनताको जीविकाका लागि लाभदायक हुने खालको सम्झौता गर्ने हो भने शान्ति वार्ताको ढोका हरदम खुला रहने घोषणा गऱ्यो । र, गाउँ गाउँमा न्याय, स्वतन्त्रता, समानताको वातावरण बनाउन जनताको जनवादी सत्ता स्थापित गर्न थाल्यो । तर मार्कोस सरकार भने कम्युनिष्ट पार्टीको सशस्त्र आन्दोलनलाई सखाप नै पार्ने दमनकारी अभियानमा चुर्लुम्म डुबेर लागिपऱ्यो ।

यसैबीच सन् १९७६ मा मार्कोस सरकारले मोरो जातिको स्वतन्त्र देशका लागि सशस्त्र संघर्ष गरिरहेको 'मोरो नेशनल लिबरेशन फ्रन्ट' (MNLF) सँग लिबियाको राजधानी त्रिपोलीमा शान्ति सम्झौता गऱ्यो । फ्रन्टले फिलिपिन्सको राष्ट्रिय सार्वभौमिकता र क्षेत्रीय अखण्डताभित्रै मोरो जातिको अधिकार स्थापित गर्ने सहमति दियो । सरकारले फ्रन्टलाई युद्धरत पक्षको संज्ञा दियो र त्यसका नेता-कार्यकर्ताहरूलाई विशेष आर्थिक र भौतिक सहयोग प्रदान गऱ्यो । तर ती सबैको परिणामस्वरूप फ्रन्ट पलायन र विभाजनको कारणले निकै कमजोर हुनपुग्यो ।

*मार्कोसका दूतहरुले 'शान्ति वार्ता'को नाउँमा आत्मसमर्पणका लागि प्रयास गरिरहेकै बेला क. सिसोंले साम्राज्यवादविरोधी र प्रजातान्त्रिक सुधार गर्ने हो भने शान्ति वार्ताको संभावना रहेको संकेत दिनुभयो ।*



सैनिक तानाशाह : मार्कोस

सशस्त्र संघर्षरत फ्रन्टलाई शान्त पारेपछि अर्को बलियो सशस्त्र समूह फिलिपिनो कम्युनिष्ट पार्टीलाई पनि निशस्त्र पार्ने नियतले मार्कोस सरकारले सन् १९७७ नोभेम्बर १० मा सर्वप्रथम 'शान्तिवार्ता'को पहल गऱ्यो । मार्कोस सरकारको जेलमा बन्द गरिएका कम्युनिष्ट पार्टीका संस्थापक अध्यक्ष क. होसे मारिया सिसोंलाई जेलमै भेटेर सरकारी दूतहरूले सशस्त्र संघर्ष रोक्न, राष्ट्रिय एकता र पुनर्मिलन गर्न र शान्ति वार्ता गर्न सकिने प्रस्ताव राखे । त्यसका लागि जेलभित्रबाटै वक्तव्य दिनका लागि दिइएको दबाबमा क. सिसोंले फिलिपिनो क्रान्तिका नेता अगुइनाल्दोको आत्मसर्पणवादी वक्तव्यबाट पाठ सिकेर चलाकीपूर्वक पाइला चाल्नुभयो । बीसौं शताब्दीको शुरूमा अमेरिकी सेनाले गिरफ्तार गरी बन्दी बनाउँदा अगुइनाल्दोले क्रान्तिकारी शक्ति र जनतालाई शान्ति वार्ताका लागि राजी हुन वक्तव्य दिँदा ठूलो राष्ट्रिय दुर्घटना भएको थियो । अगुइनाल्दोको यो नराम्रो नजीरबाट पाठ सिकेर सशस्त्र आन्दोलनको रक्षार्थ क. सिसोंले गिरफ्तारीपछि पार्टीको जुनसुकै व्यक्ति पनि स्वतः पदमुक्त हुने प्रावधान भएको र अहिले आफू पनि पार्टीको जिम्मेवार तहमा नरहेको जानकारी दिनुभयो ।

त्यसको ३-४ दिनदेखि नै उहाँलाई कालकोठरीमा एकान्त बासको सजायँ दिने र कठोर यातना दिने कामसँगै उहाँसँग शान्तिवार्ताबारे कुरा गर्न मार्कोसका दूतहरू आइरहे । उनीहरूले शान्ति वार्ताको नाउँमा आत्मसमर्पणका लागि प्रयास गरिरहेकै बेला उहाँले साम्राज्यवादविरोधी र प्रजातान्त्रिक सुधार गर्ने हो भने शान्ति वार्ताको संभावना रहेको संकेत दिनुभयो । अन्तः नोभेम्बर, सन् १९७८ मा उहाँसहित बार्नाबे बुस्काइनो, होसे लुनेता, सातुर ओकाम्पो लगायतका प्रमुख बन्दी कम्युनिष्ट नेताहरूलाई एक ठाउँमा भेला गराइयो र वार्ताको लागि दबाब दिइयो । उनीहरूले विगतका शान्ति वार्ताहरूका अनुभवबाट सिकेर भने : वार्ताको सम्पूर्ण जिम्मेवारी स्वतन्त्र र सक्रिय नेताहरूले मात्रै लिन सक्छन् । तथापि जनताको मागअनुसार राष्ट्रिय मुक्ति र जनवादका मागहरू पूरा हुने शर्तमा वार्ता गर्ने हो भने हामीहरू सहयोग गर्न सक्छौं । यसका लागि विदेशमा कम्युनिष्ट पार्टी र जनसेना सम्मिलित संयुक्त मोर्चा - नेशनल डेमोक्रेटिक फ्रन्ट (NDF) बीच वार्ता गर्ने र राष्ट्रिय पुनर्मिलनको लागि केन्द्र बनाउन सकिने अवस्था छ ।

एकजना राजबन्दी नेता रिहाइको शर्तमा काम अगाडि बढ्यो । उनले पार्टीका क्रियाशील नेताहरूसँग सम्पर्क गरी सूचना र विचार आदान-प्रदान गरी शान्ति वार्तासम्बन्धी वैचारिक स्पष्टता हासिल गरे । र, प्रथम पटक पुनर्स्थापित कम्युनिष्ट पार्टीले शत्रुको रूपमा स्थापित मार्कोसको तानाशाही सरकारसँग शान्ति वार्ता गर्न आवश्यक वैचारिक स्पष्टता हासिल गर्ने, शर्त र प्रक्रिया निर्धारण गर्ने कार्य गऱ्यो । तर मार्कोसको तानाशाही शासनको कठोरता बढ्न थालेपछि वार्ताको वातावरण बिथोलियो ।

## नयाँ राष्ट्रपतिसँग वार्ता

लोकप्रिय विपक्षी नेता बेनिग्नो अक्विनोको हत्या हुनुभन्दा अगाडि पूर्व राष्ट्रपति दायसदादो म्याकापागल, होसे मारिया सिसों, होसे डब्लयू, दायक्नो र लोरेन्जो एम. तानादाले सशस्त्र संघर्षको शान्तिपूर्ण अवतरणको बारेमा एउटा सनसनीपूर्ण वक्तव्य प्रकाशित गर्नुभयो । वक्तव्यमा एउटा ठूलो 'यदि' शब्द पनि गाँसिएको थियो, हो वक्तव्यमा यदि जनताका राष्ट्रिय



सरकारी सैनिकहरू



पूर्व राष्ट्रपति कोराजोन अक्विनो

*अक्विनोले 'युद्धको तरवार' म्यानबाट झिक्नका लागि नैतिक साहस उठाउन आफूहरू 'युद्धविराम वार्तामा व्यस्त रहेको घोषणा गरेर आफैलाई नंग्याइन् ।*

र प्रजातान्त्रिक हितहरूको परिपूर्ति गरिएमा सशस्त्र संघर्षको शान्तिपूर्ण अवतरण संभव भएको विचार व्यक्त गरिएको थियो । मार्कोसको तानाशाही शासनका अराष्ट्रिय र अप्रजातान्त्रिक चरित्रको भण्डाफोर गर्ने नियतले दिइएको वक्तव्यले फिलिपिन्समा एउटा लहर नै ल्याएको थियो ।

सम्पूर्ण विपक्षीहरूको आत्मसमर्पणका पक्षपाती मार्कोसकै पालामा बेनिग्नो अक्विनोको हत्यापछि देशव्यापी तानाशाही शासनविरोधी जनविद्रोह शुरू भयो । र, जनविद्रोहको लहरले मार्कोसको शासनलाई बगाएपछि बेनिग्नो अक्विनोकी पत्नी कोराजोन अक्विनोले जनविद्रोहको नेतृत्व गर्ने क्रममा सशस्त्र संघर्ष चलाइरहेको फिलिपिन्सको कम्युनिष्ट पार्टीसँग युद्धविराम गर्ने, बन्दी बनाइएका सम्पूर्ण विपक्षी नेता-कार्यकर्ताहरूलाई रिहा गर्ने र तानाशाही शासनविरोधी वाम र प्रजातान्त्रिक शक्तिहरूको बृहत् संयुक्त मोर्चा गठन गर्नुपर्ने आवाज उठाइन् ।

२५ फेब्रुअरी, १९८६ मा सत्तासीन भएपछि राष्ट्रपति कोराजोन अक्विनोले राजबन्दीहरू रिहा गर्ने क्रममा राष्ट्रिय प्रजातान्त्रिक आन्दोलनलाई सुदृढ गर्ने र युद्ध विराम गर्ने मनसाय व्यक्त गरिन् । अर्कोतिर, उनैले मार्कोसकालीन रक्षामन्त्री हुआँ पोन्से एनरिले र फिलिपिन्सको सशस्त्र फौजका सेनाध्यक्ष जनरल फिडेल रामोसलाई सोही पदहरूमा यथावत् रूपमा रहन दिइन् ।

मार्च १९८६ मै फिलिपिन्सको कम्युनिष्ट पार्टी र त्यसको लालसेना- 'न्यू पिपुल्स आर्मी' (NPA) समेत सदस्य रहेको संयुक्त मोर्चा- 'नेशनल डेमोक्रेटिक फ्रन्ट' (NDF) का प्रवक्ता अन्तोनियो जुमेलले पत्रकार सम्मेलन गरी सरकारी सेना र लाल सेनाबीच युद्ध विरामको संभावना खोज्नका लागि वार्ताको आह्वान गरे । भर्खरै रिहा भएका कम्युनिष्ट नेता होसे मारिया सिसोंले सरकार र कम्युनिष्ट पार्टीले सद्भाव बढाउने खालका थप कामहरू गर्नुपर्ने र युद्ध विरामलाई लक्षित गरेर आपसी समझदारीको आधारमा महत्वपूर्ण र दिगो खालका परिवर्तनहरू गर्नुपर्ने आवाज उठाउनुभयो ।

अप्रिल, १९८६ मा राष्ट्रपति अक्विनोले खुलेआम रूपमा युद्ध विरामका लागि शान्ति वार्ता गर्ने घोषणा गरेपछि लालसेना (NPA) र नेशनल डेमोक्रेटिक फ्रन्ट (NDF) ले पनि तुरुन्ता-तुरुन्तै त्यस घोषणालाई स्वागत गरे । यसका लागि सरकारले नेशनल रिकन्सिलीयशन कमिटी गठन गर्ने र लाल सेनाका पूर्व कमाण्डर इन चीफ बर्नबि बुस्काइनोसँग गम्भीर अनौपचारिक वार्ता गरी शान्ति वार्ताको लागि वातावरण तयार गऱ्यो र फ्रन्टले पनि आवश्यक सहयोग गऱ्यो । यसमा मानवअधिकारवादी नेताहरू, प्रगतिशील धार्मिक नेताहरू र पूर्व बन्दी नेताहरूले महत्वपूर्ण भूमिका खेले ।

जून महिनामा फिलिपिनो कम्युनिष्ट नेता सिसोंले सिंगापुर र मनिलामा बोल्ने क्रममा सामाजिक न्याय र स्थायी शान्तिका लागि राष्ट्रिय मुक्ति र प्रजातन्त्रजस्ता जनताका मागहरू पूरा गर्न युद्धविराम र शान्तिवार्ता तुरुन्तै थाल्नुपर्ने विचारको प्रचार गर्न थाल्नुभयो । उहाँले सरकारले सेनामार्फत् लालसेना र जनतामाथि गरिरहेको आक्रमणलाई तुरुन्तै रोक्नुपर्ने र सेनालाई ब्यारेकमा फर्काउनु पर्ने, भिजिलान्तेहरूका रूपमा क्रियाशील हत्याराहरूको अर्द्धसैनिक दस्तामाथि प्रतिबन्ध लगाउनु पर्ने र प्रहरी बललाई नयाँ सरकारद्वारा नियुक्त स्थानीय कार्यकारी अधिकारीहरूको नियन्त्रणमा राख्नुपर्ने माग जोड्दार रूपमा उठाउन थाल्नुभयो ।

जून महिनामै सरकार र फ्रन्टले प्रारम्भिक चरणको अनौपचारिक कुराकानी परिणाममुखी भएको जनाउँदै वार्ता टोली बनाउन दुवै पक्ष सहमत भएको जानकारी सार्वजनिक गरे । सरकारले वार्ताको टेबुलमा सरकारी सैनिकहरूको कुनै प्रतिनिधित्व नहुने तर उनीहरूसँग सर-सल्लाहचाहिं गरिने घोषणा गऱ्यो ।

### फ्रन्टको शान्तिवार्तासम्बन्धी आधार

फ्रन्ट र फ्रन्टभित्रका विभिन्न घटकहरूले जुलाईमै शान्ति वार्ताको 'फ्रेमवर्क' (आधार)बारे गहन छलफल गरी वार्ता टोली गठन गर्ने र सल्लाहकार एवं विशेषज्ञहरूको कार्यदल पनि गठन गरिसकेका थिए । फ्रन्टको टोलीको नेतृत्व चर्चित नेता सातुर ओकाम्पोले गरेका थिए । शान्तिवार्ताका लागि फ्रन्टले तयार गरेको आधार नेपालका लागि पनि निकै कामलाग्दो हुनसक्छ ।

**शान्तिवार्ताका आधारहरु :**

१. शान्तिवार्ताका लागि फ्रन्टको आधारभूत सिद्धान्त र रणनीतिक लाइन भनेको राष्ट्रिय जनवादी क्रान्तिका सबै कार्यक्रमहरू हुन् । शान्तिवार्ताले सशस्त्र संघर्षका मूलभूत कारणहरूलाई संबोधन गर्नुपर्छ, दशकौं दशकदेखि संघर्षरत फिलिपिनो जनताले राष्ट्रिय मुक्ति र जनवादका लागि गरिरहेका मागहरूको परिपूर्ति गर्नुपर्छ ।

-नागरिकहरूको स्वाधीनता र मानवअधिकारजस्ता सवालहरूले भरिएको फासीवादविरोधी सन्दर्भहरूलाई, भूमिसुधारजस्ता सवालहरूसँग गाँसिएको सामन्तवादविरोधी सन्दर्भहरूलाई र आर्थिक नीति र विदेशी सैनिक अखडाजस्ता प्रश्नहरूमा राष्ट्रिय स्वाधीनतालाई प्राथमिकता दिने साम्राज्यवादविरोधी सन्दर्भलाई सारभूत एजेण्डाको रूपमा छलफल गरिनुपर्छ ।

-यी एजेण्डाहरूमा छलफल गर्दा वा सहमतिमा पुग्दा १९७२ देखि संघर्षरत फिलिपिनो जनताका अनुभव चाहना र मागलाई समझदारीको आधार मानिनु पर्छ, दुवै पक्षमा मागहरूलाई तर्क र तथ्यपूर्ण सन्दर्भ राखेर निर्णय गरिनुपर्छ, निर्णय यान्त्रिक, हचुवा र जनविरोधी कदापि हुनुहुँदैन । र, सशस्त्र क्रान्तिकारी आन्दोलनको विसर्जनको शर्तमा सहमति हुनसक्दैन ।

२. अक्विनो सरकारले कम्तीमा पनि आफ्ना सैनिकहरूलाई ब्यारेकमा फर्काउन आदेश दिएमा, अर्द्ध-सैनिक बललाई भंग गरेमा, प्रहरी बललाई स्थानीय कार्यकारी अधिकारीहरू अन्तर्गत राखेमा र अधिकतम रूपमा २६ डिसेम्बर, १९८४ मा आफैले हस्ताक्षर गरेको 'एकताको घोषणा'अनुसार फिलिपिन्सस्थित



लालसेनाका एक योद्धा

अमेरिकी सैनिक अखडा हटाउने वा १९९१ सम्ममा फिलिपिन्स छाडेर जानुपर्ने घोषणा गरेमा देशव्यापी रूपमा युद्धविरामको सम्झौतामा हस्ताक्षर गर्न सकिन्छ ।

सरकारी पक्षबाट स्थानीयस्तरमा शान्तिवार्ता गर्ने र युद्धविराम गर्ने प्रस्ताव आएमा हामीले कदापि स्वीकार्नु हुँदैन । किनकि, त्यस्ता कामहरूले तल्लो पंक्तिमा भ्रम सिर्जना गर्ने र क्रान्तिकारी आन्दोलनमा विखण्डन ल्याउने सुनिश्चित छ । र, सरकारी सेनालाई एकातिरका लालसेनामाथि भीषण आक्रमण गर्ने, अर्कोतिरका छापामारहरूसँग चाहिँ शान्ति वार्ता गर्ने दोहोरो नीति अख्तियार गर्न सजिलो हुन्छ ।

३. शान्ति वार्ता गर्ने स्थलका रूपमा मूलतः गाउँले इलाकाहरूलाई छान्न सकिन्छ । र, बलियो सूचना केन्द्र भएको राजधानी मनिलालाई वैकल्पिक थलो बनाउन सकिन्छ । वार्ताकारहरू र त्यसका सहयोगीहरूको सुरक्षा, भयमुक्त वातावरणमा कुराकानी गर्ने वातावरणको बारेमा शुरूमै दुवै पक्षले प्रत्याभूति दिनुपर्छ । वार्तास्थल आ-आफ्नो प्रभुत्व रहेका क्षेत्रहरूमा पालैपालो गर्ने व्यवस्थाअन्तर्गत सुरक्षाको जिम्मेवारी पनि पालैपालो लिने र दुवैले एकसाथ लिने प्रावधान हुनुपर्छ । संचार माध्यमहरूमा वार्ताका सहमति-असहमतिहरू समान महत्वका साथ सार्वजनिक हुनुपर्छ । र, वार्ताकारहरूलाई सेनासमक्ष सार्वजनिक गर्ने काम कदापि हुनुहुँदैन ।

## सरकारका एजेण्डाहरू

सशस्त्र संघर्ष गरिरहेको नेशनल डेमोक्रेटिक फ्रन्ट न्याय र स्थायी शान्तिका लागि राष्ट्रिय स्वाधीनता र जनवादको प्राप्ति गर्न वार्ताको टेबुलमा शान्तिपूर्ण संघर्ष गर्न गइरहेको थियो भने वार्तामा जुध्नका लागि सरकारले पनि आफ्नै लक्ष्य र एजेण्डाहरू तय गरेको थियो । सरकारी वार्ता टोली युद्धविरामका लागि मरिहत्ते गर्ने पक्षमा थियो । सर्वप्रथम युद्धविराम, अनि मात्रै अरू एजेण्डाहरूमा सहमति- यही उसको कार्यनीति थियो । उसको एजेण्डामा सर्वप्रथमतः युद्धविराम, त्यसपछि सरकारी संविधानप्रतिको स्वीकारोक्ति, आममाफी, कम्युनिष्ट पार्टी र अरू भूमिगत शक्तिहरूमाथि लगाइएको प्रतिबन्धको फुकुवा, लालसेनाको आत्मसमर्पण, हातहतियारहरूको समर्पण, छापामारहरूको पुनर्स्थापनाजस्ता सवालहरू मूल रूपमा समावेश गरिएका थिए ।

सरकारी वार्ता टोलीका प्रमुख सिनेटर होसे डब्ल्यू. दायक्नोको नराम्रो स्वास्थ्यको कारणले शान्तिवार्ता अगस्ट महिनादेखि मेट्रो मनिलामै शुरू गरियो । सरकारी सेनाको कडा निगरानी र हतोत्साहित गर्ने कामका बाबजूद, वार्ताकारहरूको ज्यूज्यानको असुरक्षा र वार्ताका सहयोगी दल एवं सम्पर्क सूत्रहरूको सुरक्षामा खतरा आउने संभावनाका बावजूद पनि राजधानी मनिलामै शान्ति वार्ता चलाइयो । सन् १८९७ र सन् १९४८ मा, भएका शान्ति वार्ताहरू भने ग्रामीण इलाकामा क्रान्तिकारीहरूको सुरक्षा छाताभित्र गरिएका थिए भने यस पटकको शान्ति वार्ताचाहिँ सरकारी सेनाको 'असुरक्षाको छाता'भित्र गरिएको थियो ।

शान्ति वार्तालाई सरकार र पूँजीपतिवर्गीय संचार माध्यमहरूले 'युद्धविरामसम्बन्धी वार्ता'को रूपमा प्रचारित गरे । सरकारले त अझ एक पाइला अगाडि बढेर युद्धविराम भनेको क्रान्तिकारी कम्युनिष्टहरूको लालसेनाको आत्मसमर्पण र हातहतियार सुम्पने वार्ताको रूपमा कुप्रचार गर्ने हदसम्मको धृष्टता गर्‍यो । तर फ्रन्टले संयमित ढंगले कुप्रचार अभियानविरूद्ध सही प्रचार गर्‍यो र वार्ताका एजेण्डाहरू नै सार्वजनिक गरिदियो ।

आफूलाई शान्ति वार्ताको कट्टर पक्षपाती देखाउन चाहने राष्ट्रपति अक्विनोले आफ्नो अमेरिका यात्राभन्दा अगावै ३० दिने निःशर्त युद्ध विरामका लागि सरकारी टोलीमार्फत् दवाब बढाइन् । उनलाई वार्तामा उठेका थुप्रै राजनैतिक, आर्थिक र सांस्कृतिक सवालहरूमा सहमति कायम गर्नुभन्दा पनि हतारो युद्धविराम गर्नुमा थियो, ताकि आफ्ना प्रभुहरूका रूपमा रहेका अमेरिकी शासकहरूका अगाडि आफ्नो उपलब्धिलाई कोसेलीको रूपमा टक्र्याउन सकियोस् । तर फ्रन्टले न्यूनतम समझदारी र सहमतिविना युद्धविरामको घोषणा गर्न नसक्ने अडान लिएपछि अक्विनोको हार्दिक चाहना पूरा हुन पाएन ।

अक्विनोले सेप्टेम्बर, १९८६ मा अमेरिकी कंग्रेसलाई संबोधन गर्ने क्रममा केही समयपछि 'युद्धको तरवार' म्यानबाट झिक्नका लागि नैतिक साहस उठाउन आफूहरू 'युद्धविराम वार्ता'मा व्यस्त रहेको घोषणा गरेर आफैलाई नंग्याइन् । आफूलाई शान्ति र मानवअधिकारका च्याम्पियन सम्झने अक्विनोले अभिजात शासकवर्गको सत्ता मजबूत बनाउन र सरकारी सेनाका लागि शक्ति संचय गर्न र भिजिलान्तेहरूलाई थप प्रशिक्षण एवं अत्याधुनिक हतियार वितरण गर्न शान्ति वार्तालाई उपयोग गर्ने स्पष्ट संकेत दिइन् । त्यसको लगत्तै अक्विनो सरकारले कम्युनिष्ट पार्टीका नेता तथा फ्रन्टको वार्ता टोलीका सल्लाहकार रोडोल्फो सालास, उनकी पत्नी र ड्राइभरलाई गिरफ्तार गरी आफ्नो शान्तिविरोधी अनुहार देखायो । अतः फ्रन्टले शान्तिवार्ताप्रति सरकारको प्रतिबद्धतामाथि जब्बर प्रश्न उठाएर युद्धविरामपूर्वको शान्ति वार्ता स्थगित गर्ने घोषणा गर्‍यो ।

सरकार र फ्रन्टबीच तीन हप्तासम्म शीतयुद्ध चलेपछि अन्ततः सरकारले माफी माग्नु पर्‍यो र गिरफ्तार गरिएका रोडोल्फो सालासलगायत अरूलाई पनि रिहा गर्नुपर्‍यो । अनि फ्रन्टले वार्तालाई द्रुततर गतिमा अगाडि बढाउन नोभेम्बर १, १९८६ मा 'एक सय दिनको शान्ति' कायम गर्ने प्रस्ताव अगाडि सार्‍यो । यही मौका छोपी सरकारले युद्धविरामको पर्यवेक्षणका लागि सरकारी सेना र लालसेनाबीच क्षेत्रीय र प्रान्तीयस्तरमा संयोजन समिति बनाएर काम गर्ने धूर्त्याइँपूर्ण प्रस्ताव राख्यो । अर्कोतिर, फेरि एकपटक शान्तिवार्तामाथि तोडफोड गर्ने कुनियतले नोभेम्बर १३, १९८६ मा सरकारले पिपुल्स पार्टी (PNB) र मे फर्स्ट मुभमेन्ट (KMU) का अध्यक्ष रोलान्डो ओलालिया र पिपुल्स पार्टीका उपाध्यक्षलाई अपहरण गरी नृशंसतापूर्वक हत्या गर्‍यो । फ्रन्टका वार्ताकारहरूले त्यसको कडा प्रतिक्रिया जनाउँदै सरकारसँगको शान्ति वार्ता फेरि एकपटक स्थगित गरे । अनि मारिएका नेताहरूको अन्त्येष्टीमा उर्लेको दशौं लाख जनताको भीडमा उनीहरू पनि सामेल भए ।

त्यसैबीच नोभेम्बर २२ मा भएको राष्ट्रपति अक्विनोविरोधी सैनिक विद्रोहलाई दवाउन अक्विनो सरकार समर्थ भयो । त्यसपछि रक्षामन्त्री हुआँ पोन्से एनरिलेलाई बर्खास्त गरियो । त्यसपछि पुनः शुरू भएको वार्ताको क्रममा सरकार र फ्रन्टले नोभेम्बर २७ मा बेनिग्नो अक्विनोको जन्मजयन्तीको अवसरमा युद्धविराम र वार्ताकारहरूको सुरक्षासम्बन्धी दुईवटा सहमति गर्ने घोषणा गरे । यसरी निकै हतारोमा सहमति हुनुको कारण रोलाण्डो ओलालियाको हत्यामा संलग्न सैनिकहरूद्वारा गरिएको सैनिक विद्रोह दबाउन र अपराधीहरूमाथि कडा कारवाही गर्नका लागि उठेको जनआवाजअनुरूप अक्विनो सरकारद्वारा गरिएको छिटो कारवाही नै मानिन्छ ।

डिसेम्बर १०, १९८६ देखि फेब्रुअरी ८, १९८७ सम्म प्रभावकारी हुने ढंगले ६० दिने प्रारम्भिक युद्धविराम लागू गर्नुभन्दा अगाडि नै कुनै पनि




*थोत्रो भइसकेको वर्तमान संविधानलाई नै शान्ति वार्ताको सम्पूर्ण आधार मान्नका लागि दबाब दिएपछि सरकारी टोलीले शान्ति वार्ताको प्रक्रियाको हत्या गर्न लागिरहेको आरोप लाग्यो*

सारभूत एजेण्डामा सहमति कायम भएको थिएन । तर युद्धविरामले नै सारभूत एजेण्डाहरूमा आवश्यक सहमति गर्न मद्दत गर्नेछ भन्ने समझदारी र विश्वास गरिएको थियो ।

यो सम्झौतापछि फ्रन्ट र त्यसअन्तर्गत रहेर सशस्त्र संघर्ष गरिरहेको फिलिपिन्स कम्युनिष्ट पार्टी अब आतंककारी शक्ति रहेन । उसले युद्धको सर्वव्यापी नियमअनुसार एउटा युद्धरत शक्तिको रूपमा मान्यता प्राप्त गर्‍यो । युद्धविरामकै क्रममा भइरहेको शान्ति वार्तामा सरकारी टोलीले सर्वप्रथमत विद्यमान संविधानलाई नै वार्ताको वैधानिक र राजनैतिक आधार मान्नुपर्ने अडान लियो, त्यसपछि मात्रै अरू एजेण्डाहरूमा प्रवेश गर्ने ढिपी कस्यो । जनवादी व्यवस्थाका लागि संघर्षरत फ्रन्टले सही ढंगले सफलतापूर्वक त्यसको प्रतिवाद गर्दै फ्रन्टलाई आत्मसमर्पण गराउने सरकारी टोलीको दाउको प्रतिरोध गर्‍यो । थोत्रो भइसकेको वर्तमान संविधानलाई नै शान्ति वार्ताको सम्पूर्ण आधार मान्नका लागि दबाब दिने सरकारी टोलीले शान्ति वार्ताको प्रक्रियाको हत्या गर्न लागिरहेको आरोप लगाउँदै फ्रन्टले पनि आफ्ना एजेण्डाहरूमा छलफल गर्न अपील गर्‍यो । संरकारी संविधानलाई नै मूल आधारको रूपमा स्वीकारिएको भए फ्रन्टले पछि सरकारको प्राधिकारलाई मान्नुपर्ने, अनि त्यसको दमनकारी सरकारी यन्त्र र त्यसका गएगुज्रेका विधि र प्रक्रियाहरू पनि स्वीकार्नु पर्ने बाध्यता आउन सक्थ्यो । वास्तवमा ती सबैलाई जनताको मागअनुसार फेर्नु जरूरी भइसकेको थियो ।



*पिपुल्स पार्टी (KMU) का अध्यक्ष रोलान्डो ओलालियाको हत्याको विरूद्ध लाखौं जनता सडकमा उत्रिए, त्यसमा शान्तिवार्ता स्थगित गरेर वामपन्थी वार्ता टोलीका सदस्यहरूले पनि भाग लिएका थिए*

२३ डिसेम्बर, १९८६ मा फ्रन्टका अध्यक्ष आन्द्रेज मासियासले 'न्याय र स्थायी शान्तिका लागि एजेण्डा' नामक ४ वटा निर्देशिका सार्वजनिक गरे ।

ती चारवटा निर्देशिकाहरू यस प्रकार छन् :

**१. मार्कोसको फासीवादी अधिनायक-तन्त्रका अवशेषहरुको समूल नष्ट र आधारभूत प्रजातान्त्रिक एवं मानव अधिकारहरुको पूर्ण संरक्षण**

**२. जनताको जीविका र कल्याणको पूर्ण प्रत्याभूति**

**३. देशको सार्वभौमिकता र राष्ट्रिय गौरवप्रति पूर्ण प्रतिवद्धता**

**४. दिगो शान्तिको सुनिश्चितताका लागि ठोस नीति र कार्यक्रम**

डिसेम्बर, १९८६ भित्रै क्रान्तिकारी शक्तिहरूले फ्रन्टको वार्ता टोलीमार्फत् युद्धविरामकै क्रममा मूलभूत एजेण्डाहरूमा सहमति कायम गर्न दबाब बढाउने निर्णय गरे । र, सरकारी पक्षबाट यी विषयहरूमा सहमति कायम गर्ने चाहना व्यक्त नभएमा सरकारलाई कडा आलोचना गरी युद्ध विरामको अवधिसमेत नलम्ब्याउने फैसला पनि गरे ।

उता सरकारी पक्षले त आफ्नै वार्ताकारहरूको समेत सुरक्षाको जिम्मेवारी वहन गर्न गाह्रो भएको घोषणा गर्‍यो । र, फ्रन्टका वार्ताकारहरू भने विभिन्न सैनिक गुटहरूका चुनौतीका बीच वार्तामा अडिग भइबसे । यसैबीच सेनाध्यक्ष जनरल फिडेल रामोसले शान्ति वार्तालाई ध्वस्त पार्ने नियतले सशस्त्र लालसेनालाई निशस्त्र पार्न, गिरफ्तार गर्न, थुन्न र कानूनी कारवाही चलाउनका लागि सेनालाई आदेश दिए । यी आदेश र कारवाहीहरू युद्धविरामको घोषणा र वार्ताकारहरूको सुरक्षाको प्रत्याभूतिसम्बन्धी घोषणाका ठीक विपरित थिए । अतः फ्रन्टका वार्ताकारहरूले राष्ट्रपति अक्विनोसमक्ष औपचारिक रूपमा विरोध दर्ता गराए, तर तथाकथित शान्तिवादी अक्विनो भने सेनाको अगाडि मौन नै भइरहिन् ।

जनवरी २२, १९८७ मा किसानहरू सरकारी घोषणाअनुरूप क्रान्तिकारी भूमिसुधार लागू गर्न र उनीहरूका समर्थकहरूले राष्ट्रपति भवनअगाडि विरोध प्रदर्शन गर्दा उनीहरूमाथि नृशंस दमन गरियो । राष्ट्रपतिका गार्डहरूले समेत जुलूसमाथि गोली चलाए, सैनिक र प्रहरीहरू त दमनमा अग्रपंक्तिमा थिए नै । शान्ति वार्ता र युद्ध विराम चलिरहेकै बेला भएको यो निर्मम दमनमा परी कम्तीमा १३ जना प्रदर्शनकारीहरूको हत्या भयो भने सयौं घाइते भए । सरकार वार्तास्थलदेखि सडकसम्म पनि दमनकारी हुन थालेपछि फ्रन्टका वार्ताकारहरूले भने- 'यो त अति भो !'

धेरै अतिले खति निम्त्याउँछ भने, जस्तै सरकारी अतिकै कारणले फ्रन्टका वार्ताकारहरू र सहयोगी सदस्यहरू सबैले वार्ता भंग गरी भूमिगत हुने फैसला गरे । जबकि, त्यतिखेरसम्म त युद्धविरामको औपचारिकता टुंगिएकै थिएन ।

नरसंहार भएको एक हप्तापछि फिलिपिन्सका लाखौंलाख जनताले राष्ट्रपति भवन अगाडि विशाल मार्च गरी नरसंहारको कडा भर्त्सना गरे । उता वार्ताको टेबुल छाडेर आएका फ्रन्टका वार्ताकारहरूले भने फिलिपिन्सका जनतासँग एकाकार हुने, उनीहरूसँग संवाद गर्ने र जनताका अनेक संगठनहरूसँग वार्तचित गरी सरकारविरूद्ध जनपरिचालन र जनसंघर्षको लर्को लगाउन थाले । यसबीच वार्ताकारहरू, सहयोगीहरू, भूमिगत नेता र कार्यकर्ताहरूदेखि लिएर लालसेनाका जवानहरूले केही हदसम्म सार्वजनिक भई संचार माध्यमसँग संवाद गर्ने, तिनीहरूमार्फत् आफ्नो सिद्धान्त र कर्मको प्रचार गर्नेदेखि आफ्नो परिवारजन र साथी भाइहरूसँग भेट्ने अवसरको रूपमा प्रयोग गरे ।

वार्ता भंग भएपछि र युद्धविराम टुंगिएपछि फ्रन्टले जनसमक्ष आफ्नो विचार, आफ्नो प्रयासको बारेमा सम्पूर्ण कुरा सार्वजनिक गर्‍यो । 'हामी जनविश्वासमाथि घात गर्न सक्दैनौं' भन्दै फ्रन्टले भन्यो : 'फिलिपिनो जनताको चाहनाअनुरूप न्याय र स्थायी शान्ति स्थापनाका लागि सशस्त्र संघर्षका मूलभूत कारणहरूको हल गर्न, जनताले भोगिरहेका उत्पीडन र अन्यायलाई निर्मूल गर्न नयाँ जनवादी व्यवस्था स्थापना अत्यावश्यक छ र यसका लागि सशस्त्र र शान्तिपूर्ण संघर्ष, बुलेट र टेबुलको संघर्षको प्रयोग गर्न हामी कदापि पछि पर्ने छैनौं । त्यसैले नयाँ चरणका शान्ति वार्ताको लागि हामी कहिले पनि ढोका बन्द गर्दैनौं ।'

सरकार र सरकार समर्थक पादरीहरूको केही प्रयासका बावजूद पनि युद्धविरामको समय लम्बिएन । फ्रन्टले दमन र नरसंहारको वातावरणबीच वार्ता र युद्धविराम र संभव नहुने अडान लिएपछि सरकार हिस्स भयो । सरकारले युद्धविराम र वार्ताको क्रममा सत्ता-शक्तिमाथि नयाँ अभिजातवर्गको पकड मजबूत पार्ने र आफू शान्ति र मानवअधिकारको च्याम्पियन हुँ भनेर देखाउने कार्यमा व्यस्त पारेको थियो । त्यस्तै सशस्त्र क्रान्तिकारी आन्दोलनमा भ्रम, विभाजन, अनास्था, अविश्वास छर्ने एवं सेना-प्रहरीमार्फत् कडा निगरानी र जासूसीको कार्यलाई तीव्र पारेको थियो । तर सरकार अधिकांश मामिलामा असफल साबित भयो ।

थोरै हदसम्म भए पनि शक्ति संचय गर्न पाएको सरकारले अन्ततः 'युद्धको तरवार' म्यानबाट निकाल्यो । अक्विनोले क्रान्तिकारी शक्तिहरूविरूद्ध सम्पूर्ण युद्ध घोषणा गरिन्, अनि नृशंस दमन अभियान संचालन गरिन् । र फिलिपिनो जनता र लालसेनाले पनि प्रतिरोध आन्दोलन पनि तीव्र पार्न थाले । ❑

**अर्को अंकमा १९८७ पछिका संघर्ष र शान्तिवार्ताहरूबारे विस्तृत नालीबेली**



# कसरी हुनुपर्छ क्रान्तिकारी भूमिसुधार ?

◆ *श्याम श्रेष्ठ*

नयाँ प्रधानमन्त्री शेरबहादुर देउवाले श्रावण ३२ गते संसदको रोष्ट्रमबाट 'क्रान्तिकारी भूमिसुधार' गर्ने र 'हदबन्दी घटाउने' घोषणा गरेपछि नेपालका दक्षिणपन्थी पार्टीहरूमा र धनी किसान एवं जमीन्दार वर्गमा खैलाबैला मच्चिएको छ । सद्भावना र रा.प्र.पा.जस्ता पार्टीले यो कदमको विरूद्ध संसदको बैठक नै अवरूद्ध पार्ने काम गर्दैछन् । उनीहरू 'जमीनमा मात्र होइन संपत्तिमा पनि हदबन्दी लगाउनुपर्ने' माग गर्दै चोर बाटोबाट 'हदबन्दी घटाउने' कार्यक्रममा तगारो लाउने प्रयत्न गर्दैछन् ।

आफ्नै पार्टीको सरकारले गरेको यो प्रगतिशील सुधारको घोषणाविरूद्ध नेपाली कांग्रेसका महामन्त्री सुशील कोइराला र नेतृ शैलजा आचार्यले सार्वजनिक तवरले विरोधको आवाज चर्को पारेका छन् । आफूलाई वि.पी. को शिष्या ठान्ने शैलजाले वि.पी.को सोच विपरीत 'क्रान्तिकारी भूमिसुधार'लाई 'माओवादी एजेण्डा' बताएर आफ्नो विगतको अभ्रष्ट छवि ज्यादै धुमिल पारेकी छिन् । यदि 'क्रान्तिकारी भूमिसुधार' माओवादी एजेण्डा हो भने प्रजातान्त्रिक समाजवादको झण्डा उचाल्ने नेपाली कांग्रेसको एजेण्डा चाहिँ के त ? भूमिमा अन्यायपूर्ण सामन्ती सबन्ध ज्यूँ का त्यूँ बाँकी राख्नु ? भूमिको मामलामा उनी यथास्थितिवाद र सामन्तवादको दरो पक्षपोषकको रूपमा प्रस्तुत भएकीछिन् । आवाज उनले मुखरित गरेकी छिन्, परन्तु यो उनको मात्र आवाज होइन । नेपाली कांग्रेसभित्र रहेका-पचासौं र शैयौं विगाहा जमीन हुने धेरै सख्यामा रहेका धनी किसान र सामन्तहरूको वर्ग स्वार्थको प्रतिनिधित्व मात्र उनले गरेकी हुन् ।

जमीनमा हदबन्दी घटाउँदा के सद्भावना, रा.प्र.पा., सुशील-शैलजाहरूले दावी गरेजस्तो बहुसंख्यक किसानहरूको जीवनमा ठूलो नकारात्मक असर पर्छ ?

## *विरोध किन हुँदैछ ?*

भू.पू. प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेकपा (एमाले) बीच भएको 'सत्र-बूँदे सहमति' अनुसार लागु हुनुपर्ने भनिएको केशव बडालको नेतृत्वमा गठित 'उच्च स्तरीय भूमि सुधार आयोगको प्रतिवेदन २०५१'ले तोकेमुताविकको हदबन्दी हो । त्यो प्रतिवेदनमा निम्नअनुसारको हदबन्दी प्रस्तावित गरिएको थियो : *(हेर्नुहोस् बडाल आयोगको बक्स-१)*


२०४८ सालको कृषि गणनाअनुसार नेपालमा अहिले २ हेक्टरभन्दा ज्यादा जमीन भएका किसान परिवारहरू केवल ११ प्रतिशत छन् । ३ हेक्टरभन्दा ज्यादा जमीन भएका किसान परिवार केवल ५ प्रतिशत छन् । अझ ४ हेक्टरभन्दा बढी जमीन भएकाहरू त खालि २.५ प्रतिशत मात्र छन् । त्यसैले, बडाल आयोगको प्रतिवेदनलाई आधार मानेर हदबन्दी घटाउने हो भने ३ देखि २ हेक्टरभन्दा माथि जमीन भएका ५ देखि ११ प्रतिशत किसान परिवारलाई मात्र त्यसले प्रभावित पार्ने देखिन्छ । अरूलाई त यो हदबन्दीले छुँदै छुँदैन । यस हिसावले हदबन्दी घटाउनाले बहुसंख्यक किसान परिवारलाई नकारात्मक असर पुर्छ भन्ने प्रचार बिल्कुलै निराधार र भूठो हो । कुरो ठीक उल्टो हो, ९० प्रतिशत किसान परिवारलाई हदबन्दी घटाएर फाइदा मात्र हुनेवाला छ, बेफाइदा केही हुनेवाला छैन ।

देउवा सरकारले बडाल आयोगको प्रतिवेदनमुताविक होइन, त्योभन्दा निकै उच्च दरमा हदबन्दी घटाउन लागेको छ । *(हेर्नुहोस् बक्स- २)*

अझ नेपाली कांग्रेसको केन्द्रीय कार्य समितिले भाद्र १४ गते गरेको निर्णयअनुसार तराईमा ११ विगाहा, पहाडमा ७५ रोपनी र उपत्यकामा ३० रोपनीको हदबन्दीको सिफारिश गरेको छ । यो भनेको ४ हेक्टरदेखि ७ हेक्टरसम्मको हदबन्दी हो । यो हदबन्दीको प्रस्तावबाट भूमिहीन र सुकुम्बासीलाई बाँड्न पुग्ने जमीन नै निक्लनेवाला छैन । हदबन्दीको यो प्रस्तावको आधारमा 'क्रान्तिकारी भूमिसुधार'को नारा उठाउनु बिल्कुलै हास्यास्पद कुरा हो । यसबाट त प्रगतिशील भूमिसुधारसमेत हुन सक्दैन । यो जम्माजम्मीमा यथास्थितिवादी भूमिसुधारमा परिणत हुनेवाला छ । देउवाको क्रान्तिकारी भूमिसुधारको कार्यक्रमलाई गिरिजाको नेतृत्वको कांग्रेसको कार्य समितिले बिल्कुलै निरर्थक बनाएर तुहाइदिएको छ ।


हदबन्दीको यो प्रस्तावले केवल २.५ प्रतिशतदेखि १.५ प्रतिशत किसान परिवारलाई मात्र असर गर्छ । किसान परिवारको अत्याधिक संख्या अर्थात् ९७.५ देखि ९८.५ प्रतिशतलाई यसले छुँदै छुँदैन ।

यो आँकडाले छर्लंग पारेको कुरा के हो भने



प्र.म. शेरबहादुर देउवा

*गिरिजाप्रसाद कोइराला र नेकपा (एमाले) बीच भएको 'सत्र-बूँदे सहमति अनुसार लागु हुनुपर्ने भनिएको केशव बडालको आयोगको प्रतिवेदन २०५१ले तोकेमुताविकको हदबन्दी हो ।*



केशव बडाल

## ① बडाल आयोगले २०५१ सालमा प्रस्तावित गरेको हदबन्दी

| | हेक्टरमा | बिगाहामा वा रोपनीमा |
|---|---|---|
| १. तराई र भित्री मधेशमा | ३ हेक्टर | ४.५ बिगाहा |
| २. मध्य पहाडी क्षेत्रमा | २ हेक्टर | ४० रोपनी |
| ३. हिमाली क्षेत्रमा | ४ हेक्टर | ८० रोपनी |
| ४. काठमाण्डौ उपत्यकामा | १ हेक्टर | २० रोपनी |
| ५. शहरी क्षेत्रमा | | |
| ◆ काठमाण्डौ, भक्तपुर र ललितपुर नगरपालिकामा | ०.५ हेक्टर | १० रोपनी |
| ◆ उपत्यका बाहिरका नगरपालिकाहरूमा | १ हेक्टर | २० रोपनी वा १.५ विगाहा |

*स्रोत : उच्च स्तरीय भूमिसुधार आयोगको प्रतिवेदन, २०५१*

## ② नेपाली कांग्रेसले सरकारलाई सिफारिश गरेको हदबन्दीको प्रस्ताव

| | हेक्टरमा | रोपनी/विगाहामा |
|---|---|---|
| १. तराइमा | ७.२८ हेक्टर | ११ विगाहा |
| २. पहाडी क्षेत्रमा | ३.८३ हेक्टर | ७५ रोपनी |
| ३. काठमाण्डौ उपत्यकामा | १.५३ हेक्टर | ३० रोपनी |

*स्रोत : नेपाल समाचार पत्र, १५ भदौ, २०५८*

अहिले सद्भावना, रा.प्र.पा., सुशील र शैलजाहरूले जुन हदबन्दीको विरूद्ध चर्को विरोधको आवाज उठाएका छन्, त्यो यिनै डेढ-दुई प्रतिशत धनी किसान र जमीन्दारहरूको स्वार्थको लागि मात्र हो । किसानहरूको ज्याद्रै ठूलो बहुसंख्याको दुर्दशापूर्ण जीवनका बारेमा उनीहरूलाई कुनै सुर्ता र सरोकार भएको देखिएन । कुन पार्टी कुन वर्गको स्वार्थको लागि लड्छ भन्ने कुरा थाहा पाउनको लागि यो विरोध निकै राम्रो ऐनाभैं भएको छ ।

अहिले 'क्रान्तिकारी भूमिसुधार' र हदबन्दी न्यूनतम हदसम्म घटाउने कुरामा नेपालका सम्पूर्ण वामशक्ति मात्र देखापरेका छन् । क्रान्तिकारी भूमिसुधार र हदबन्दीको मामिलामा कांग्रेसभित्र चर्को विभाजन देखापरेको छ । परन्तु वामपन्थी पार्टीहरूभित्र त्यस्तो देखिएन, सबै यसको पक्षमा दृढताका साथ देखा परेका छन् ।

त्यसमाथि थप, अहिले देउवा सरकारले हदबन्दीभन्दा बेसी जमीन क्षतिपूर्तिसहित मात्र राज्यले प्राप्त गर्ने सोच अघि सारेको हो, विनामुआब्जा होइन । वास्तविक अर्थमा यो क्रान्तिकारी भूमिसुधार नै होइन, किनभने क्रान्तिकारी भूमिसुधारमा जफत गरिएको हदबन्दीभन्दा ज्यादा जीमनमा मुआब्जा नै दिइन्न । चुसाहा सामन्त वर्गले जोताहा किसानलाई शोसेर-ठगेर उत्पीडिन गरेर नै आवश्यकताभन्दा ज्याद जमीन जोडेका हुन्छन् । जमीन आवाद गर्न वास्तविक पसिना बगाउने त जोताहा किसान हुन्छ, हली गोठाला-कमैया हुन्छन् । उनैका श्रमले सामन्तको सयौं र हजारौं बिगाहा जमीन उर्वर र आवाद भएको हुन्छ । अनि तिनै चुसेर-ठगेर-उत्पीडन गरेर हडपिएको जग्गाको मुआब्जा दिने किन ? आखिर राज्यले दिने भनिएको मुआब्जा त जनताको करले बनेको राज्यकोषबाट दिइने हो । जमीन अन्ततः सारा जनता र राज्यको सम्पत्ति हो । यो सम्पत्ति राज्यले लिन जनताको करको पैसाबाट शोषक सामन्तलाई मुआब्जा दिन जरूरी नै किन ? यस्तो सोच राखेर क्रान्तिकारी भूमिसुधारमा जफत गरिएका हदबन्दीभन्दा ज्यादा जग्गामा मुआब्जा दिइने गरिंदैन ।

परन्तु देउवा सरकारले त मुआब्जासहित हदबन्दीभन्दा ज्यादा जमीन जफत गर्ने सोच अघि सारेको छ । यो यस अर्थमा सुधारवादी भूमिसुधार मात्र हो, परन्तु यस्तो भूमिसुधारको पनि रा.प्र.पा., सद्भावनाले र कांग्रेसभित्रकै कतिपय नेताहरूले चर्को विरोध गरिरहेछन् । क्रान्तिकारी भूमिसुधार नै गर्न खोजे यिनले के गर्दा हुन् ?

### *हदबन्दी घटाएर मात्र पुग्दैन*

क्रान्तिकारी भूमिसुधार सम्पन्न गर्ने हो भने सरकारले हदबन्दीलाई न्यूनतम पार्नु पर्दछ । बडाल आयोगको सिफारिश यस सम्बन्धमा भएमध्ये उपयुक्त देखिन्छ । त्यसमा दुईवटा हेरफेरको जरूरत छ । एउटा, त्यसमा सिंचित र असिंचित जमीनमा कुनै फरक पारिएको छैन, जब कि व्यवहारमा सिंचित उति नै जमीनमा असिंचितमा भन्दा निकै ज्यादा उत्पादन हुन्छ, । तराइमा सिंचित २ हेक्टर जमीन भयो भने एउटा परिवार पाल्नका लागि पर्याप्त भन्दा निकै ज्यादा हुन्छ, असिंचित जमीन भयो भने उति नै जमीनले ठीक्क मात्रै हुन्छ । परन्तु बडाल आयोगको प्रतिवेदनले सिंचित र असिंचित जमीनलाई हदबन्दीको सिलसिलामा उही वर्गमा राखेको छ । यसो गर्नु उपयुक्त हुँदैन भन्ने मलाई लाग्छ ।

तराइमा असिंचित जमीनमा ३ हेक्टरको हदबन्दी उपयुक्त छ, परन्तु सिंचित जमीन छ भने त्यो हदबन्दीलाई २ हेक्टरमा झार्नु उपयुक्त हुन्छ । त्यस्तै, मध्य पहाडी क्षेत्रमा २ हेक्टर जमीनको हदबन्दी लाउने सिफारिश गरिएको छ । असिंचित जमीनमा यो उपयुक्त नै छ, परन्तु सिंचित जमीन छ भने यो १.५ हेक्टर गर्दा नै पर्याप्त हुन्छ । यो व्यवस्थाले भूमिको न्यायपूर्ण वितरणको लागि थप हज्जारौं हेक्टर जमीन जुटाउने कार्य गर्नेछ । किनभने, नेपालमा कुल खेतीयोग्य जमीनमध्ये १८ प्रतिशत अर्थात् पाँच भागमा एक भाग जमीनमा सिँचाइ सुविधा प्राप्त छ ।

दोस्रो, जमीनको हदबन्दीसँग गयल जमीन्दारीको अन्त्यलाई जोडिनुपर्छ । जमीन आफैं नजोत्ने, जमीनको जोताइमा गयल रहने, तर जमीनको स्वामित्वचाहिं राखिराख्ने स्थितिको कानूनद्वारा पूर्ण अन्त्य गरिनुपर्छ । जमीन त्यसैलाई दिइनुपर्छ, जो जमीन जोत्दछ । बैकल्पिक रोजगारी भएर जमीन पटक्कै नजोत्नेलाई हदबन्दी लागु गरेर जमीन दिइनु हुंन्न, उसबाट पूरै जमीन जफत गरिनुपर्छ । नेपालमा अहिले पाँचमा एक भाग जमीन बाँझो छ । जसको कारणले हरेक वर्ष तीसौं अरब रूपैयाँको नोक्सानी भइरहेछ । यो बाँझो हुनुको एउटा मूलभूत कारण गयल जमिन्दारीको लागि कानूनी मान्यता हो । अब जमीन एक बाली बाँझो राख्यो कि जफत हुने कानूनी अवस्था गरिनुपर्छ । गयल जमीन्दारहरू वास्तविक जोत्ने किसानलाई जमीन बेच्न स्वतः बाध्य हुनेछन् । त्यसमाथि थप, वैकल्पिक पेशा भएका र जमीन आफै नजोत्नेहरूको सम्पूर्ण जमीन जफत हुने कानूनी व्यवस्था गरिनुपर्छ र त्यो जमीन जोताहा मोहीलाई दिइनुपर्छ, त्यसमा हदबन्दी लागु गरेर गयल जमीन्दारको हातमा उब्जाउ जमीन रही नै रहने स्थिति कदापि सृजना गर्नु हुँदैन ।

यसो गरियो भने द्वैध स्वामित्वको उन्मूलन भनीराख्नै पर्दैन, द्वैध स्वामित्वको स्वतः अन्त्य हुन्छ । जमीन त्यसकहाँ पुग्छ, जो यसमा तरक्की गर्न र ज्यान फाल्न तैयार छ । वास्तविक जोताहा जमीनको मालिक बन्छ । खेतीपातीमा गयल रहने जमीनका स्वामिहरूका हातमा जमीनको स्वामित्व बाँकी रहने छैन्, गयल जमीन्दारीको अन्त्य हुनेछ । यसबाट कृषि उत्पादन र उत्पादकत्व दुवै बढ्नेछ ।

बडाल आयोगको प्रतिवेदनले हदबन्दी घटाउने र द्वैध-स्वामित्व उन्मूलन गर्ने कुरालाई त एकै ठाउँमा जोड्यो, परन्तु गयल जमीन्दारीको अन्त्य गर्ने कुरालाई र बाँझो जमीन राख्न नपाउने कुरालाई योसँग जोडेन । यसो गर्दा जमीनमा द्वैध स्वामित्व त यान्त्रिक रूपमा अन्त्य हुन्छ, परन्तु जमीन आफूले नजोत्ने तर त्यसको स्वामी बनिरहने स्थिति बाँकी नै रहन्छ । परिणामस्वरूप जग्गामा मोही राख्ने स्थिति चाहिं रहिरहने, तर मोहीयानी हकचाहिं दिनु नपर्ने नयाँ अन्यापूर्ण स्थितिको सृजना हुन्छ । यो स्थिति जोताहा मोहीको हितको पक्षमा हदापि हुँदैन, न त यो उत्पादन र उत्पादकत्व बृद्धिको पक्षमा नै हुन्छ ।

त्यसैले हदबन्दी घटाउने, गयल जमीन्दारी प्रणाली निषेध गर्ने र जमीन बाँझो राख्नै नपाउने प्रणाली, यी तीनवटा व्यवस्थालाई एकै ठाउँमा जोडिनु आवश्यक छ । यसो गरियो भने बल्ल जमीन वास्तवमै जोत्नेको हातमा हुनजान्छ । द्वैध स्वामित्वको स्थिति जरामै अन्त्य हुन्छ । बाँझो जमीन बाँकी नै नरहने स्थितिको सृजना हुन्छ । जमीन पहिलेभन्दा निकै उत्पादनशील हुन जान्छ । भू-स्वामित्वमा र कृषि उत्पादनमा क्रान्तिकारी

*शैलजाले वि.पी.को सोच विपरीत 'क्रान्तिकारी भूमिसुधार'लाई 'माओवादी एजेण्डा' बताएर आफ्नो छवि ज्यादै धुमिल पारेकी छिन्*


शैलजा आचार्य

**क्रान्तिकारी भूमिसुधार सम्पन्न गर्ने हो भने सरकारले हदबन्दीलाई न्यूनतम पार्नु पर्दछ । बडाल आयोगको सिफारिश यस सम्बन्धमा भएमध्ये उपयुक्त देखिन्छ । त्यसमा दुईवटा हेरफेरको जरूरत छ ।**

रूपान्तरण हुन्छ ।

## *खण्डीकरणको समस्या र उपायहरू*

धेरै मानिसहरू 'जसको जोत-उसको पोत' गर्नासाथ नेपालमा क्रान्तिकारी भूमिसुधार गर्नुपर्छ भन्ने धारणा राख्छन् । जसको जोत उसको पोत गरिनु पनि पर्छ, परन्तु यसैबाट मात्र नेपालको भूस्वामित्वमा आमूल परिवर्तन हुने र उत्पादन प्रणालीमा कायापलट हुने स्थिति नेपालमा छैन ।

यसको कारण के हो भने २०४८ सालको कृषि गणनाअनुसार नेपालमा अहिले ८३ प्रतिशत जोतमा जोताहा किसानको आफ्नै स्वामित्व छ । १५ प्रतिशत जोतमा आंशिक रूपमा जोताहाको र मोहीको मिश्रित खेतीपाती चल्छ र २ प्रतिशत जोतमा मात्र शुद्ध रूपमा मोहीहरूको खेतीपाती चल्छ । भयो के भने, २०२१ सालमा भूमिसुधार हुँदा धेरै मोहीले मोहीको रूपमा आफ्नो नाम नै दर्ता गर्न सकेनन् । नापीको मोठ स्रेस्ताअनुसार दर्तावाल मोहीहरू २०५१ सालमा ३ लाख ७० हजार मात्र हो । यो भनेको कूल कृषक परिवारको १३ प्रतिशत मात्र हो । उनीहरूले जोतिरहेको जमीन कुल आवदी जग्गाको ७ प्रतिशत मात्र रह्यो । बडाल आयोगको प्रतिवेदनअनुसार दर्ता र बेदर्ताका मोहीहरू एकै ठाउँमा जोड्ने हो भने अनुमानित ५ लाख ६० हजार पुग्छ, यो कुल कृषक परिवारको २० प्रतिशत हो । उनीहरूले कुल आवादी जग्गामध्ये ३ लाख १२ हजार हेक्टर मात्र जोत्छन्, अर्थात् कुल खेतीयोग्य जग्गाको १२ प्रतिशत मात्र ।

यसप्रकार, दर्ता र बेदर्ताका सम्पूर्ण मोहीलाई जोतको मालिक त बनाउनै पर्छ, परन्तु यतिकैमा नेपालमा बहुसंख्यक किसान परिवारको जीवनमा आमूल हेरफेर आउनेगरी भूमि क्रान्ति भईहाल्ने देखिएन । किनभने यो कदमले केवल एक पंचमांश अर्थात् ५ जनामा एउटा किसान परिवारलाई मात्र प्रभावित पार्ने देखियो ।

नेपालको बहुसंख्यक किसान परिवारको मुख्य समस्या त आर्थिक हिसाबले पर्ता नपर्ने सानो जोतको समस्या र त्यसको पनि पुस्तैपिच्छे खण्डीकरणको समस्या देखिएको छ । २०४८ सालको कृषि गणनामुताबिक नेपालमा अहिले एक हेक्टर (डेढ बिगाहा वा २० रोपनी)सम्म जमीन हुने किसान परिवार ६९ प्रतिशत छन्, परन्तु उनीहरूसित कुल खेतीयोग्य जमीनको ३० प्रतिशत हिस्सा मात्रै छ । अझ आधा हेक्टरसम्म जमीन हुने किसान परिवार त ४३ प्रतिशत देखिए, जसलाई आफ्नो जोतले खानै पुग्दैन ।

नेपालमा जमीनको खण्डीकरणको समस्या कति विकराल देखियो भने एउटा किसान परिवारको जोत औसत ४ कित्तामा टुक्रिएको छ र हरेक कित्ताको औसत साइज एक चौथाइ हेक्टरको मात्र छ । परिवारमा अंशवण्डा भयो- जमीन नै टुक्रिएको छ, आकस्मिक घर खर्च, बिहे-ब्रतवन्ध चलाउनु पर्‍यो, त्यसका लागि जमीन बेच्दा पनि जमीन नै टुक्रिएको छ । नेपालमा अहिले खण्डित र पर्ता नपर्ने गरी टुक्रिएको जमीन किसानको लागि विकासको अवसर नबनेर बोझ मात्र बनेको देखिएको छ । तसर्थ, सघन खेती हुनसक्ने र सिंचित जमीन नभएका धेरैजसो ग्रामीण इलाकामा स-सानो जोत भएका लाखौं किसानहरू जमीनबाट ठूलो संख्यामा भाग्दैछन् र वैकल्पिक पेशाको खोजमा विदेश वा शहर पस्दैछन् । नेपालको क्रान्तिकारी भूमिसुधारले यही समस्या मूलतः हल गर्न सक्नुपर्छ ।

यो समस्या हल गर्ने उपायहरू छन् । ती उपायहरू क्रान्तिकारी भूमिसुधारमा सन्निहित प्याकेज भएर आउन सक्नुपर्छ ।

यो समस्या हल गर्ने हो भने पहिलो काम, भएको जग्गा अब अरू टुक्रिन नदिने कार्य गरिनुपर्छ । त्यसका निम्ति यी उपाय अपनाउन सकिन्छ :

- **हदबन्दीभन्दा बढी जग्गा जफत गर्ने, तर त्यो कसैको व्यक्तिगत स्वामित्वमा रहन नदिई गा.वि.स. र नगरपालिकाको स्वामित्वमा ल्याउने र लीजमा वास्तविक जोताहा किसानलाई खेती गर्न दिने । यो महेशचन्द्र रेग्मीले सुझाउनुभएको उपाय हो र नेपालको सन्दर्भमा अत्यन्त उचित छ भन्ने मलाई लाग्छ ।**
- **राज्यले सहकारी खेतीलाई पूँजी, प्रविधि, सिंचाई सुविधा र अनुदानमार्फत् व्यापक प्रोत्साहन दिने कार्यक्रम लागु गर्नुपर्छ ता कि स-सानो टुक्रा जमीन हुने किसानहरु व्यक्तिगत खेतीभन्दा सहकारी खेतीतर्फ उत्प्रेरित होउन् ।**
- **ग्रामीण औद्योगिकण कार्यक्रम लागु गरेर गाउँले क्षेत्रमा बैकल्पिक पेशाको सिर्जना गर्नुपर्छ र भएको सानो टुक्रो जमीन सबैलाई नबाँडी परिवारको एउटा सन्ततिमा मात्र सर्ने कानूनी व्यवस्था गर्नुपर्छ ।**
- **जमीनको खण्डीकरणको न्यूनतम हदबन्दीको व्यवस्था गर्नुपर्छ । जमीन बेचबिखन गर्दा त्यो साइजभन्दा सानो टुक्रामा जमीन बेच्न र किन्न नपाउने व्यवस्था गर्नुपर्छ ।**
- **जमीनमा चक्लाबन्दी गर्ने कार्यक्रम ल्याइनुपर्छ ।**

जमीनको खण्डीकरण रोक्ने प्रभावकारी उपाय जमीनको सामूहिकीकरण र राष्ट्रियकरण हो । तर हालको पूँजीवादी व्यवस्थाले यस्तो गर्नै सक्दैन । यसको लागि समाजवादी व्यवस्था नै ल्याइनु पर्छ । पूँजीवादी व्यवस्थाअन्तर्गत नै हुनसक्ने उपायहरू माथि दिइएका उपायहरू हुन् ।



***जसको जोत उसको पोतबाटमात्र नेपालको भूस्वामित्वमा र उत्पादन प्रणालीमा कायापलट हुने स्थिति नेपालमा छैन***

*किसानहरूको जागरणः केही समयअघि जनकपुरमा संजमोले गरेको किसान जुलुस*

## *कृषि क्रान्ति र औद्योगीकरण पनि*

नेपालमा २०४८ सालको कृषि गणनामुताबिक जम्मा २७ लाख किसान परिवार छन्, तर खेतीयोग्य जमीन भने २६ लाख हेक्टर मात्रै छ । त्यसैले, हरेक किसान परिवारलाई बराबरी जमीन बाँड्दा पनि एक परिवारको भागमा १ हेक्टर जमीन पनि भाग लाग्दैन । यही हुनाले ग्रामीण क्षेत्रमा ब्याप्त आर्थिक हिसावले पर्ता नपर्ने सानो जोतको समस्या, गरीवी र बेरोजगारी केवल क्रान्तिकारी भूमिसुधारको कार्यक्रमद्वारा मात्र हल गर्नु असंभव छ ।

यसका लागि क्रान्तिकारी भूमिसुधारसित कृषि क्रान्तिको कार्यक्रम र ग्रामीण औद्योगीकरण कार्यक्रम जोडेर लागु गर्नु जरूरी छ ।

कृषि क्रान्तिअन्तर्गत गयल जमीन्दारी अन्त्य गरेर र हदबन्दी घटाएर जमीन वास्तविक जोताहालाई दिनुको अलावा - सिंचाइ, पूँजी, प्रविधि, बाटो र उन्नत मल-बीउको प्याकेज गाउँ गाउँमा उपलब्ध गराउन राज्यले विशेष कार्यक्रम ल्याउनु पर्दछ । चीनले यही उपाय अपनाएर विश्वको एक चौथाइ जनसंख्यालाई विश्वको केवल ७ प्रतिशत जमीनले पर्याप्त मात्रामा ख्वाउन सक्ने व्यवस्था गरेको उदाहरण विश्वसामु छ । ताइवानमा पनि भूमिसुधार गरिँदा कृषि क्रान्ति र ग्रामीण औद्योगीकरणको कार्यक्रम सँगसँगै लागु गरिएको थियो र यसले ताइवानको कृषि उत्पादनमा कायापलट ल्याएको थियो ।

यो उपायबाट थोरै जमीनमा पनि सघन खेतीद्वारा प्रशस्त उत्पादन गर्नसक्ने स्थिति पैदा हुन्छ । प्रतिहेक्टर कृषि उत्पादकत्व कैयन् गुणा बढ्छ । किसानहरू जमीनबाट पलायन भएर शहर पस्ने समस्या नियन्त्रित हुन्छ । जमीन व्यक्तिको विकासको लागि बोझ नबनेर बरदान हुन थाल्छ ।

कृषि क्रान्तिअन्तर्गत नै आउने अर्को पक्ष हो-

वैज्ञानिक भू-उपयोगको नीति । नेपालको कुन क्षेत्र कुन कुराको उत्पादनको लागि ज्याद उपयुक्त छ भन्ने बैज्ञानिक खोजको आधारमा हिमाल, पहाड, तराई र भित्री मधेश क्षेत्रमा भू-उपयोगको उपयुक्त नीति अपनाइनु पर्दछ । जस्तो, पशुपालन फलफूल र जडीबूटी उत्पादन गर्न ज्यादा उपयुक्त हुने हिमाली क्षेत्रमा- त्यसैको उत्पादनमा ज्यादा जोड दिने भू-उपयोगको नीति अख्तियार गर्नुपर्दछ । र, त्यसैसँग सम्बन्धित औद्योगीकरण कार्यक्रम पनि जोडेर अघि बढाइनु पर्दछ । खेतीको लागि उपयुक्त हुने जमीनमा बस्ती नबसाल्ने नीति पनि बैज्ञानिक भू-उपयोगकै नीति हो ।

ग्रामीण औद्योगीकरणलाई कृषि क्रान्तिसँगै जोडेर अघि बढाइँदा मात्रै ग्रामीण क्षेत्रमा गरीवी र बेरोजगारीको समस्या हल गर्न संभव छ । ग्रामीण औद्योगिकरण अन्तर्गत जुन ठाउँमा जुन कृषिजन्य वस्तुको ज्यादा उत्पादन हुनसक्ने हो, त्यहाँ त्यही वस्तुको कच्चा पदार्थमा आधारित लघु-साना-मझौला उद्योग विकास गर्न मरिमेट्ने नीति अपनाउनु पर्छ । जस्तो, जडीबूटी ज्यादा पाइने ठाउँमा ओखती उद्योगहरू, हेल्थ रिसोर्टहरू । पशुपालन ज्यादा हुने ठाउँमा डेरी उद्योग, मासु उद्योग र उनी लुगा गलैंचा उत्पादन गर्ने उद्योगहरू । जूट ज्यादा उत्पादन हुने ठाउँमा त्यसबाट बन्ने कार्पेट, ब्याग र अन्य तैयारी मालसामान उत्पादन गर्ने उद्योगहरू ।

नेपालको शिक्षालाई राज्यले हाम्रो क्रान्तिकारी भूमिसुधार, कृषि क्रान्ति र ग्रामीण औद्योगीकरणको मूर्त आवश्यकता पूरा गर्ने जनशक्ति उत्पादनतर्फ केन्द्रित गर्नु जरूरी हुन्छ ।

सारमा भन्न खोजेको कुरो के हो भने, क्रान्तिकारी भूमिसुधार एक्लो र अगलथलग कार्यक्रमको रूपमा सफल र प्रभावकारी दुवै हुन सक्दैन । यो सफल र प्रभावकारी हुन योसित कृषिक्रान्ति र ग्रामीण औद्योगीकरणजस्ता कुराहरू जोडेर ल्याइनु जरूरी हुन्छ । अन्यथा जमीनको हदबन्दी घटाउने र केही लाख हेक्टर जमीन मात्र बाँड्ने कार्यक्रम मात्रैले जोताहा किसानहरूलाई क्षणिक राहत मात्र देला, अन्याय, गरीवी र बेरोजगारीबाट मुक्ति दिन सक्नेछैन । उनीहरूको जीवनमा क्रान्ति ल्याउन सक्ने छैन । बाँडिएको जमीन घुमिफिरी फेरि पैसा हुनेकै हातमा थुप्रिन जानेछ । □

# राजसंस्थाको प्रजातान्त्रीकरण हुनु जरूरी छ



◆
क. माधवकुमार नेपाल
महासचिव, नेकपा (एमाले)

**◆ गत जेठ १९ गते राजदरवारमा घटेको जघन्य हत्याकाण्डको घटनापछि नेपालको राजनीतिक वृत्तमा राजगद्दी उत्तराधिकारको निर्णय संसदले गर्नुपर्छ र राजदरवार पारदर्शी हुनुपर्छ भन्ने कुराहरू उठिरहेछन् । यस सम्बन्धमा तपाईंको टिप्पणी के छ ?**

- नारायणहिटी हत्याकाण्डले राजसंस्थाको प्रतिष्ठामाथि निक्कै ठूलो आघात पुऱ्याएको छ । त्यसले राजतन्त्रप्रति जनताको आस्थामा पनि ठूलो स्खलन ल्याएको छ । त्यसैले त्यत्रो अप्रत्याशित, जघन्य र निर्मम हत्याकाण्ड जुन भएको छ, त्यसको वास्तविक अपराधी वा दोषी को हुन् ? तिनीहरूलाई जनताको बीचमा प्रस्तुत गरिनुपर्छ ।

इतिहासले दण्डित गर्नुपर्ने घृणित पात्रको रूपमा उनीहरूलाई उभ्याइनु पर्छ भन्ने माग पनि अहिले जनस्तरमा उठिरहेको छ ।

राजदरबार हत्याकाण्डका वास्तविक कारणका सम्बन्धमा विभिन्न पक्षहरूले विभिन्न किसिमबाट मूल्यांकन गरिरहेका छन् । तर त्यसका यथार्थ कुराहरू के हुन् भन्ने सवालमा सत्य-तथ्यहरू व्यवस्थित ढंगले जनसमक्ष अझै आउन सकेका छैनन् । त्यस सम्बन्धमा गठन भएको आयोगले विवरणहरू त ल्याएको छ, तर त्यसले सम्पूर्ण तथ्यहरूको विश्लेषण गर्न सकेको छैन । त्यस समितिले आफ्नो निश्कर्ष पनि व्यवस्थित किसिमले प्रस्तुत गर्न सकेको छैन ।

एउटा वास्तविकता के बन्न पुग्यो भने- शाही नेपाली सेनाको सुरक्षामा रहेका राजा र राजपरिवारका सदस्यहरू नारायणहिटी दरबारभित्र सुरक्षित हुन सकेनन् । अर्थात् रहस्यभित्र, अन्धकारभित्र र अपारदर्शिताभित्र राखिँदाराखिँदै पनि राजा र राजपरिवारको सिंगो जीवनलीला समाप्त हुन पुगेको छ ।

वास्तवमा कुनै पनि संस्थालाई जोगाउने, बचाउने शक्ति भनेको आम जनता नै हुन् । नेपाली जनता सार्वभौमसत्ता सम्पन्न हुन् भन्नुको अर्थ के पनि हो भने जनतामाथि सबैले विश्वास गर्नुपर्छ । राष्ट्र र प्रजातन्त्र जोगाउने शक्ति भनेको जनता नै हुन् । त्यस्तैगरी, जनताले उपयुक्त ठानेका संस्था तथा व्यक्तिहरूको समान मर्यादालाई कायम गर्ने शक्ति पनि जनता नै हुन् ।

त्यसैले राज्यले जनताबाट कुनै कुरा लुकाउनु कति पनि आवश्यक छैन । यस अर्थमा हामीले राजदरवारको सन्दर्भमा पनि पारदर्शिताको कुरा अगाडि सारेका छौं ।

अर्को कुरा, राजसंस्थाको संचालन कसरी भइरहेको छ भन्ने सवालमा पनि जनताको चासो छ । राजसंस्था लगायत देशभित्रका विभिन्न संस्थाहरू सबैमा प्रजातान्त्रीकरण हुनु आवश्यक छ ।

प्रजातान्त्रीकरण भन्नुको अर्थ जनताको पहुँचको कुरा हुनु पनि हो ।

त्यस्तैगरी, प्रजातान्त्रीकणभित्र पुराना संस्कार, परम्परा, पद्दति र प्रक्रियाहरूमा सुधार तथा आधुनिकीकरण गर्ने कुराहरू पनि पर्दछन् । प्रजातान्त्रीकरणमा संस्थाहरूको जनताप्रतिको उत्तरदायित्व तथा जिम्मेवारी बोधको कुरा पनि आउँछ । संस्थाहरूमा अन्य पक्षहरूको सहभागिताको कुरा पनि प्रजातान्त्रीकरणमा आउँछ । राम्रो गर्दा प्रशंसा र नराम्रो गर्दा दण्ड पाउने कुरा पनि त्यसभित्र अन्तर्निहित भएको हुन्छ ।



*राज्यले जनताबाट कुनै कुरा लुकाउनु कति पनि आवश्यक छैन । यस अर्थमा हामीले राजदरवारको सन्दर्भमा पनि पारदर्शिताको कुरा अगाडि सारेका छौं ।*

यस अर्थमा, हामीले समाजका सबै संस्थाहरू र राज्यका सबै संस्थाहरूको प्रजातान्त्रीकरणको जति आवश्यकता देख्छौं, त्यति नै राजसंस्थाको प्रजातान्त्रीकरणको पनि आवश्यकता देख्दछौं । यही कारणले गर्दा हामीले राजसंस्थाको प्रजातान्त्रीकरण हुनुपर्छ भन्ने कुरा गऱ्यौं । हाम्रो त्यस भनाइभित्र राजसंस्थाको संचालन विधिको सवाल पनि परेको छ, त्यसको रीतिथिति तथा परम्पराको आधुनिकीकरणको कुरा पनि परेको छ । यसको अर्थ, राजसंस्था अहिलेको युग सुहाउँदो हुनुपर्छ भन्ने हो । र, त्यो अदृश्य, अभेद्य र रहस्यमय संस्थाको रूपमा रहनु हुँदैन । राजसंस्थाभित्र कहाँ के कस्तो भइरहेको छ भन्ने कुरा जनताको जानकारीमा आइराख्नु पर्दछ र जनप्रतिनिधिहरूको जानकारीमा आउनु पर्दछ भन्ने हामीलाई लाग्दछ ।

**◆ राजगद्दी उत्तराधिकार तोक्ने अधिकार संसदलाई हुनुपर्छ भन्ने कुरा पनि अहिले उठिरहेको छ नि ! यसमा तपाईंको भनाइ के छ ?**

- अहिले यस सवालमा प्रवेश गर्न हाम्रो पार्टीले चाहना राखेको छैन । पार्टीभित्र यसबारेमा व्यापक छलफल चलिरहेको छ । त्यो छलफल चलिनै रहोस् । राज्यसँग सम्बन्धित संस्थाहरूबारे छलफल चल्दा, त्यसबारे जनताको चासो बढ्दा, त्यसबारे प्रकाशनहरू निस्कँदा र जनतालाई जानकारी हुँदा राम्रो नै हुन्छ भन्ने मलाई लाग्दछ । □

# राजसंस्थाको लोकतान्त्रिक व्यवस्थापन

- नरहरि आचार्य -

राजसंस्थालाई नेपाली समाजले परम्परागत रूपमा नै शक्ति, मर्यादा र व्यवस्थाको स्रोतका रूपमा मान्दै आएको हो । तर नारायणहिटी राजदरवारमा २०५८ जेठ १९ गते भएको व्याख्या गर्न कठीन र अस्वाभाविक देखिएको भयानक हत्याकाण्डले नेपालको राजसंस्थाप्रति एकै चोटी थुप्रै प्रश्नहरू उठाएको छ । मुलुकको सबैभन्दा बलियो, मर्यादित र व्यवस्थित संस्था भनेर संविधानले समेत राष्ट्रिय एकताको प्रतीक मानेको राजसंस्थाभित्र भएको त्यस दुर्दान्त घटनाले मुलुकको राजनीतिक चिन्तनलाई गम्भीर प्रभाव



श्री ५ ज्ञानेन्द्र

पारेको छ । यसका साथै राजसंस्थालाई सम्पूर्ण आस्थाको प्रतीक मान्नेहरू समेत एकाएक झसङ्ग र स्तब्ध भएका छन् ।

## *संवैधानिक राजसंस्था : सुधार वा परिवर्तन*

विश्व हतिहासका पानाहरू पल्टाएर हेर्ने हो भने प्राचीन एथेन्सको नागरिक राज्यदेखि आधुनिक विश्वका अनेक देशहरूमा लोकतन्त्रसँगै गणतन्त्रको उदय र अभ्यास भएको पाइन्छ । तर, राजसंस्था राखेर पनि लोकतन्त्रको अभ्यास हुन सक्छ भन्ने प्रयोग बेलायतले गरेको र गरिरहेको छ । यूरोपका कतिपय राजसंस्थाहरू र एसियामा जापानले पनि बेलायतकै अनुकरण गरेको छ । नेपालले पनि त्यस्तै मोडेलको स्थापना गर्न खोजेको हो । तर, हाम्रो सन्दर्भमा संवैधानिक राजसंस्थाको लोकतन्त्रसम्मत तरिकाले संचालन गर्न अनेक कठिनाइहरू देखापरेका छन् । यसर्थ नेपालका लोकतन्त्रवादीहरूले फेरि एकपटक राजसंस्थालाई लोकतान्त्रिक व्यवस्थापनभित्र समावेश गर्नु अनिवार्य भएको छ । यो प्रयत्न सार्थक नहुँदा मात्र लोकतान्त्रिक गणतन्त्र स्वाभाविक विकल्पका रूपमा उपस्थित हुन्छ ।

जेठ १९ को घटना हाम्रा लागि ज्यादै दुःखद् र अप्रत्यासित रह्यो तर कुनै पनि भौतिक घटना देखिँदा जतिसुकै आकस्मिक भए पनि त्यो नियमित प्रक्रियाकै परिणाम हुने गर्छ । त्यसैले यस्ता विषयलाई वैज्ञानिक सत्यका आधारमा उत्तेजना र भावुकताबाट बचेर केलाउनु नेपाल अधिराज्य र नेपाली जनताकै भविष्यका लागि पनि आवश्यक छ ।

एकथरी मान्छेहरू नयाँ परिप्रेक्ष्यका कारण उत्पन्न भएको यस स्वाभाविक बहसलाई छोपछाप पार्न वा निषेध गर्न खोज्दैछन् । तर तिनले पनि आजको लोकतान्त्रिक युगमा कुनै पनि विषयलाई निषेधले होइन, सहज र शान्तिपूर्ण बहसले मात्रै निष्कर्षमा पुऱ्याउन सकिन्छ भन्ने वस्तुतथ्यलाई बुझ्नु जरूरी छ । यतिखेर हाम्रा अगाडि उपस्थित ताजा सन्दर्भलाई लिएर पनि हामी थप स्पष्ट हुन सक्छौं । नेकपा (माओवादी)ले नेपालमा कम्युनिष्ट राज्यव्यवस्था स्थापना गर्ने मान्यताका साथ आफ्ना सबै प्रकारका हिंसात्मक एवं फौजी कारवाहीहरूलाई जति नै उचाइमा पुऱ्याएको भने पनि र संस्थापन पक्षले ती सबै गतिविधिमाथि राज्य शक्तिको प्रयोगद्वारा नै नियन्त्रणमा लिन सकिन्छ भन्ने आग्रह राखे पनि अन्ततः अहिले आएर वार्ता र संवादका माध्यमबाट नै आ-आफ्ना उद्देश्यमा सफलता पाउन सकिन्छ भन्ने सोचाइमा दुबै पक्ष पुगेका छन् । लोकतन्त्रले उपलब्ध गराउने सुविधा भनेको यही हो । वास्तवमा लोकतन्त्र नै यस्तो पद्धति हो, जसले हरेक किसिमका तनावहरूको, द्वन्द्वहरूको व्यवस्थापन गर्छ । विचारहरूको मन्थन र पारस्परिक संवादको प्रक्रियाद्वारा नै हामी हाम्रा मान्यताको सुरक्षा गर्न सक्छौं ।

सरकारसँग वार्ताको तयारी गरिरहेको नेकपा (माओवादी)ले गणतन्त्रको संस्थागत विकासलाई आफ्नो पछिल्लो आधिकारिक वक्तव्यमा अत्यधिक प्रमुखता दिएको छ । वार्ताको मूल विषयभित्र यसलाई पारे पनि आफैंमा यो भनाइ स्पष्ट हुनसकेको छैन । माओवादी कतै 'गणतन्त्र' कतै 'जनगणतन्त्र' भनेर विषयलाई त्यसै पनि अस्पष्ट बनाउँदै छ । नेपालको भू-राजनीतिक परिस्थिति र सांस्कृतिक विविधतालाई समेत ध्यानमा राख्ता मुलुकका निम्ति गणतन्त्र स्थापना भन्दा राजसंस्थाको क्रियाकलाप र गतिविधिलाई पारदर्शी र लोकतान्त्रिक मर्यादा अनुकूल बनाउनु आजको मूल आवश्यकता देखिन्छ । त्यसैले संवैधानिक राजसंस्थाको परिवर्तन भन्दा त्यसमा गर्नु पर्ने सुधार आजको बहसको विषय बन्नु पर्छ ।

## *सात सालको प्रयत्न : राजसंस्थाको लोकतन्त्रीकरण*

नेपालमा लोकतान्त्रिक चेतनाको प्रवेश संगसँगै कार्यप्रधान अग्रसरताका रूपमा भएको संवत् १९९७ को शहीद-प्रसङ्ग तथा त्यसपछि भित्र भित्रै फैलिएको यस विचारधारालाई संगठित आकार र कार्यक्रमका साथ अघिबढाउने नेपाली तरूणहरूको अठोटमा बनेको नेपाली राष्ट्रिय कांग्रेस (२००३) र पछि प्रजातन्त्र कांग्रेस समेत मिसिएर पुनः संगठित नेपाली कांग्रेस (२००६)ले लोकतान्त्रिक पद्धतिभित्र आन्दोलनलाई अघि बढाएको हो । आफ्नो स्थापना-घोषणापत्रमा नेपाली कांग्रेसले भनेको छ :–



नारायणहिटी दरवार

नेपाली कांग्रेसको ध्येय स्पष्ट छ । यसले महाराजाधिराजको वैधानिक नायकत्वमा जनताप्रति उत्तरदायी शासन कायम गर्न चाहन्छ । निरङ्कुश राणाशाहीले अरूलाई जस्तै नै महाराजाधिराजलाई पनि व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित राखी अधिकारविहीन तुल्याएको छ । हामी आज महाराजधिराजलाई पनि बन्दीतुल्य जीवनबाट मुक्त गरी राज्यको प्रधान पदमा प्रतिष्ठित गर्न चाहन्छौं । यहाँ यो स्पष्ट गरिदिन चाहन्छौं कि हामी उहाँलाई एक वैधानिक शासकले पाउनुपर्ने जति अधिकार मात्र प्रदान गर्नेछौं, जसले गर्दा महाराजाधिराजले पनि अगाडि गएर स्वेच्छाचारी एवं निरङ्कुश हुनसक्ने बाटो नरहोस् । -'विश्वेश्वरप्रसाद कोइराला' नेपाली कांग्रेसको घोषणा पत्र, १९५० चार राजनैतिक लेख (वाराणसी, तरूण प्रकाशन, सन् १९७१) पृ. ५-१४९

सातसाल (सन् १९५०)को क्रान्तिका क्रममा त्यतिखेर गणतन्त्र स्थापनाको विचार पनि कतिपय कोणबाट नउठेका होइनन् तर नेपाली कांग्रेसले त्यतिबेलादेखि नै आफूलाई मुलुक र जनताको स्वतन्त्रतालाई उत्तिकै महत्त्वका साथ एउटै विषयका रूपमा उठाएकाले तथा यो समन्वित स्वतन्त्रताका लागि संवैधानिक राजसंस्था आधारभूत ढंगबाट सहयोगी रहने मान्यता अघि सारेकाले गणतन्त्रका विचारहरू थन्किएका हुन् ।

सातसालको क्रान्तिपछि पनि राजसंस्थाको भूमिका र दायित्वको

> *राजसंस्थालाई लोकतान्त्रिक व्यवस्थापनभित्र समावेश गर्नु अनिवार्य भएको छ । यो प्रयत्न सार्थक नहुँदा मात्र लोकतान्त्रिक गणतन्त्र स्वाभाविक विकल्पका रूपमा उपस्थित हुन्छ ।*

**छयालीस सालपूर्व राजा वीरेन्द्र पनि १८ वर्षको आफ्नो शासनकालभरि ३६ सालमा भएको जनमत संग्रहको घोषणा–प्रसङ्गमा बाहेक आलोचनाकै केन्द्रीय पात्र रहेका थिए ।**


विषयलाई लिएर विधिवत छलफल प्रारम्भ भयो । राजसंस्था आफैमा एउटा ज्यादै पुरानो राजनीतिक संस्था हो । यो सामन्ती पद्धतिकै एउटा अभिन्न अङ्ग पनि हो । यो इतिहाससिद्ध सैद्धान्तिक स्थापनालाई आफ्नै ठाउँमा राखेर लोकतन्त्रवादीहरूले संवैधानिक राजसंस्थाको अवधारणालाई अघि बढाएका हुन् । संवैधानिक राजसंस्था भनेको राजसंस्थाको लोकतन्त्रीकरण हो । यसलाई आधुनिक समयमा लोकतन्त्रभित्र राजसंस्थालाई व्यवस्थित र मर्यादित ढंगले स्थापित गर्ने प्रक्रियाका रूपमा पनि हेर्ने गरिन्छ । यस तथ्यलाई नेपालका लोकतन्त्रवादीहरूले राष्ट्रिय परिस्थिति र भूराजनीतिक यथार्थलाई केलाएर अंगीकार गरेका हुन् । सिद्धान्ततः लोकतन्त्रवादीहरू गणतन्त्र विरोधी होइनन् ।

यसै क्रममा नेपाली कांग्रेसको वीरगंजमा भएको छैटौं महाधिवेशनमा स्वीकृत नीति र कार्यक्रम सम्बन्धी नयाँ घोषणापत्रले पनि राजसंस्था र लोकतन्त्रका बीचको अन्तर्सम्बन्धका बारेमा स्पष्ट अवधारणालाई त्यतिबेलै पनि अघि सारेको हो :–

आधुनिक युगमा राजतन्त्रको कल्पनामात्र पनि एउटा गाडिएको मुर्दा उधिन्नु जस्तै ठहर्छ र सामाजिक न्याय तथा समतावादका सिद्धान्तको बिलकुलै विपरीत देखिन्छ । राजतन्त्रवादका सबैभन्दा ठूला समर्थकहरूले पनि यस कुराको कुनै तथ्यपूर्ण तर्क दिन सकिरहेका छैनन् कि यसको उपयोगिता आजको युगमा के छ ? तैपनि देश तथा पार्टी संवैधानिक राजतन्त्रका सिद्धान्तहरूको समर्थक छ नै । हामी मान्दछौं कि संवैधानिक राजतन्त्र महाराजाधिराज र जनताका बीच एउटा संभौता हो, जसमा जनताको हात माथि हुन्छ । यस दृष्टिले हेर्ने हो भने संवैधानिक राजतन्त्र एउटा प्रजातान्त्रिक सिद्धान्त हो । -'नेपाली कांग्रेस छैटौं महाधिवेशनको वीरगंज घोषणा पत्र (२०१२)'

## नेपाली राजसंस्था : ऐतिहासिक पृष्ठभूमि र योगदान

नेपालको राजसंस्था नेपालको सबैभन्दा पुरानो राष्ट्रिय संस्था हो । गोरखाका राजा पृथ्वीनारायण शाहले यस दक्षिण एशियाली उपमहाद्वीपका विशेषतः हिमालको काखमा र पहाडी क्षेत्रमा छरिएर रहेका थुप्रै साना–मसिना राज्यहरूलाई आफ्नो राजनीतिक चातुर्य र सैनिक कुशलताका कारण आफ्नो अधीनमा



नरहरि आचार्य

लिएपछि नेपाल अधिराज्यको स्थापना भएको हो । पृथ्वीनारायण शाहको यो अभियान प्रारम्भमा गोरखा राज्य–विस्तारको साहसी र रोमाञ्चक कार्यका रूपमा रहे पनि जीवनको उत्तरार्धमा पुग्दा उनले यसलाई दिव्योपदेशमार्फत् राष्ट्रिय एकीकरणको अभियान भन्दै राजनीतिक परिपक्वता र दूरदर्शिताको परिचय दिएका हुन् । तत्कालीन नेपाल राज्य (आजको काठमाडौं)लाई विक्रम संवत् १८२५मा विजय गरेपछि गोरखा राज्यको नाम नै बदलेर नेपाल अधिराज्य राख्नु तथा स्थानीय तहमा प्रचलित धार्मिक–सांस्कृतिक एवं सामाजिक परम्परालाई यथावत निरन्तरता दिनुबाट पनि उनको भविष्यमुखी राजनीतिक दृष्टिकोण देखापर्छ । यसैले पनि पृथ्वीनारायण शाह नेपाली राजसंस्थाको प्रथम प्रतिनिधि पुरूष मानिएका हुन् । साथै नेपालको राजगद्दीको उत्तराधिकार परम्परामा पृथ्वीनारायण शाहका वंशजको मात्रै संवैधानिक अधिकार स्थापित हुनाको पछाडि पनि यही नै प्रमुख ऐतिहासिक कारण रहेको हो ।

यसरी नेपाल अधिराज्यका प्रथम महाराजाधिराजका रूपमा पृथ्वीनारायण शाहको गद्दीआरोहण भएपछि आजसम्म करिब २३३ वर्षको नेपालको इतिहासमा कार्यकारी प्रमुखका रूपमा महाराजाधिराजहरूको क्रियाशीलता मुश्किलले पचपन्न वर्ष मात्रै रहेको देखिन्छ । यस कोणबाट हेर्दा सबैभन्दा बढी कार्यकारी प्रमुखका रूपमा राजा हुने वीरेन्द्र शाह नै देखिन्छन् । उनले जम्मा १८ वर्ष कार्यकारी प्रमुखका रूपमा समेत रही राजा बने । यसपछि कार्यकारी प्रमुखका रूपमा धेरै वर्ष राजा हुने दोस्रो व्यक्ति राजा महेन्द्र (११ वर्ष) र तेस्रो व्यक्तिमा राजा पृथ्वीनारायण शाह (७ वर्ष, गोरखाको २५ वर्ष बाहेक) नै देखिन्छन् । अरू सबै राजाको अवधि जोड्दा कार्यकारी प्रमुखका रूपमा जम्मा करीव दश वर्षको अवधि मात्रै पाइन्छ । यसबाट करीव १७० वर्ष भन्दा बढी समय नेपाल अधिराज्यमा श्री ५ महाराजाधिराज राष्ट्रप्रमुखका रूपमा मात्रै रहेको यथार्थ छर्लङ्ग हुन आँउछ ।

नेपाल अधिराज्यको स्थापना देखि २००७ फागुन ७ गते पूर्वको राजसंस्थाको स्वरूप र भूमिकाभित्र विविधता रहे पनि प्रत्यक्ष हुकुम गर्ने वा कसैको हुकुम वा नियन्त्रणको घेरामा रहने किसिमको मात्रै देखिन्छ । यस परिपाटीले एकीकृत रूपमा अंकुशरहित हुकुमी शैलीको शासनलाई संकेत गर्दछ । सात सालपछि मात्रै मुलुक एउटा संवैधानिक प्रक्रियाभित्र प्रवेश गरेको हो । यसै अनुरूप संसद्का लागि भएको पहिलो आमनिर्वाचन (२०१५) पछि नेपाल अधिराज्यको संविधान, २०१५ ले राजसंस्थाको मर्यादा बढाउन राजसंस्थाका गतिविधिलाई केही पारदर्शी र महाराजाधिराजका निजी बाहेक प्रायः सबै क्रियाकलापलाई संवैधानिक प्रक्रियाभित्र समावेश गऱ्यो । तर यस प्रक्रियाले अठार महिना पनि पूरा गर्न नपाउदै २०१७ साल पुस १ गतेदेखि नेपालमा पुनः राजाको हुकुमी र निरङ्कुश शासनको थालनी भयो । यसले राजनीतिक रूपमा मुलुकलाई पुनः हुकुमी अर्थात् राजाको निरङ्कुश शासनको अवस्थामा फर्काएको देखिन्छ । यसै कारण नेपालको राजसंस्था विवादमा पऱ्यो र राजा महेन्द्र व्यक्तिगत आलोचनाको केन्द्रमा परे । छयालीस सालपूर्व राजा वीरेन्द्र पनि १८ वर्षको आफ्नो शासनकालभरि ३६ सालमा भएको जनमत संग्रहको घोषणा-प्रसङ्गमा बाहेक आलोचनाकै केन्द्रीय पात्र रहेका थिए ।

## राजसंस्थामा पारदर्शिता : आजको राष्ट्रिय आवश्यकता

नेपाली जनताले गरेको तीस वर्षको लामो संघर्षपछि २०४६ सालको जनआन्दोलनको अन्तिम प्रयत्नबाट लोकतन्त्रको पुनरोदयका साथ नेपालको राजसंस्थालाई केही विशेष अधिकारका साथ संवैधानिक मर्यादाभित्र सम्मानित गरेको हो । नेपाल अधिराज्यको संविधान, २०४७ले महाराजाधिराजका विशेष अधिकारका रूपमा राखेका संवैधानिक व्यवस्थामध्ये तलका दुई प्रावधानका बारेमा अहिले आएर विशेष रूपमा राष्ट्रिय बहस प्रारम्भ भएको छ :–



श्री ५ पृथ्वीनारायण



श्री ५ महेन्द्र



श्री ५ वीरेन्द्र

**छयालीस सालमा १८ वर्ष भएका ३० वर्ष पुगिसकेका छन् र त्यतिवेला ६ वर्ष हुने १८ वर्ष पुग्दैछन् । यो नयाँ जमातको मानसिकता र आकाङ्क्षालाई बुझ्नु नितान्त जरुरी भएको छ ।**

१. राजगद्दी उत्तराधिकार सम्बन्धी कानून बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार सम्बन्धी व्यवस्था

२. राजा, रानी र राजगद्दीका उत्तराधिकारीको आचरणका सम्बन्धमा संसद्मा छलफल गर्न नपाइने व्यवस्था

संविधानले राजसंस्थालाई प्रदान गरेका केही विशेष अधिकारसहितका माथिका दुई अधिकारका बारेमा पुनर्विचारको आवश्यकतालाई जेठ १९ मा भएको नारायणहिटी हत्या काण्डको दारूण परिणतिले बढी घच्घच्याएको छ । साथै राजसंस्थाको सांस्कृतिक एवं राजनीतिक छविलाई गम्भीर किसिमले नकारात्मक प्रभाव पारेको छ । त्यसैले हिजोको परिस्थिति र आजको परिप्रेक्ष्य समान छैन । यस घटनाका निम्ति राजसंस्था बाहेक अरू जनता र जनताका संस्था दोषी हुन पाउने प्रावधान र व्यवस्थापन हामीसँग थिएन । छयालीस सालको त्यत्रो ठूलो लोकतान्त्रिक परिवर्तनपछि पनि हाम्रो राजसंस्थाले आफूलाई आवश्यक मात्रामा खुला बनाउन सकेन र कृत्रिम औपचारिकताभित्र बाँधेर राख्यो, जसले गर्दा अनपेक्षित परिणामलाई व्यहोर्नु पर्ने अवस्थामा पुग्नु पर्‍यो । यस सम्बन्धमा नारायणहिटी राजदरवारमा भएको हत्याकाण्डको यथार्थ विवरण प्रस्तुत गर्न कठिन उच्चस्तरीय समितिले प्रतिवेदन प्रस्तुत गरेपछि नेपाली कांग्रेसले राजसंस्थाका बारेमा गरेको निर्णय उल्लेख्य छ :–

अब आउने दिनमा यस्तो भयानक प्रकृतिको दुःखद् परिस्थिति दोहोरिन नदिन, राजदरबारको सुरक्षा प्रबन्धसंग सम्बन्धित संयन्त्रहरूमा देखिएको गम्भीर त्रुटीलाई सच्याउन र गद्दीनशीन श्री ५ र राजपरिवारका सदस्यहरूको सबै प्रकारको सुरक्षा र संरक्षणका निम्ति यस घटनापछि नेपाली जनताद्वारा अभिव्यक्त चिन्ता र चासोलाई समेत व्यवस्थित गर्न श्री ५ को सरकारले आफ्नो कार्य र जिम्मेवारीलाई अगाडि बढाओस् भन्ने आग्रह गर्दछ । साथै प्रतिवेदनबाट देखिएका विभिन्न विषयहरूमा श्री ५ को सरकारले आवश्यक नीतिगत, प्रक्रियागत तथा कानूनी पहल गरोस् भनी हार्दिक अनुरोध गर्दछ । ......आजको यस गम्भीर परिस्थितिमा आपसी सानातिना मतभेदलाई बिर्सेर मुलुकका समक्ष आइपरेको यस दुःखद् घटनाको परिप्रेक्ष्यमा राष्ट्रिय एकताको प्रतीक संवैधानिक राजसंस्थालाई मर्यादित गराउन र राजदरवार सम्बन्धी मामलालाई पारदर्शिता प्रदान गरी बहुदलीय संसदीय प्रजातन्त्रको सुदृढीकरण गर्ने कार्यमा हामी सबै क्रियाशील बनौं भनी सम्पूर्ण राजनीतिक दल लगायत नागरिक समाजलाई हार्दिक अपील गर्दछौं । **(नेपाली कांग्रेस, केन्द्रीय कार्यसमितिको निर्णय, २०५८ असार ६ गते)**

यसैले विशेष परिस्थिति र पृष्ठभूमिका आधारमा २०४७ को संविधानले राजगद्दी उत्तराधिकार कानून बनाउने जिम्मेवारी महाराजधिराजमा राखे पनि अब आएर राजसंस्थाको सुरक्षा र निरन्तरताको लागि समेत यो जिम्मेवारी संसद्ले लिनुपर्ने अवस्था उत्पन्न भएको छ । आउने दिनमा जेठ १९ को जस्तो भयानक प्रकृतिको घटना दोहोरिन नदिन, गद्दीनशीन राजा र राजाका उत्तराधिकारीको समेत सबै प्रकारको सुरक्षा र संरक्षणका निम्ति संसद्ले आफ्नो कार्य र जिम्मेवारीलाई पूरा गर्न आवश्यक कानूनी पहल गर्नु पर्ने अवस्था प्रबल रूपमा उपस्थित भएको छ । यस बाहेक घटना भइसके पछि पनि सूचनालाई रोक्ने, खण्डित गर्ने, रहस्यमय बनाउने तथा मध्ययुगीन मानसिकताको व्यवहार गर्ने जस्ता क्रियाकलाप पनि संवैधानिक राजसंस्था र लोकतान्त्रिक नेपालको मर्यादालाई कायम राख्न समर्थ देखिएन । त्यसैले यस पृष्ठभूमिलाई पनि विचार गर्दै राजदरवार सम्बन्धी मामलामा पारदर्शिताको प्रबन्ध गर्नै पर्ने अवस्थामा हामी आइपुगेका छौं । आजको संसारमा जनता र जनताका प्रतिनिधिले सुरक्षा दिएको एवं जनताले स्नेहपूर्वक आफ्नै बीचमा राखेको राजसंस्था मात्रै दीर्घजीवी बनेको छ । अरू राजसंस्थाहरू हाम्रै आँखा अगाडि इतिहासका विषय बन्दै गएका छन् । परिस्थितिले निर्माण गर्दै आएको यस गम्भीरतालाई पनि नेपालको राजसंस्था र मुलुकका निम्ति यसको निरन्तरता चाहने सबैले आत्मसात् गर्नु जरूरी बनेको छ ।

जेठ १९ को घटनाले राजसंस्थाभित्र पनि आचरणको समस्या प्रबल रूपमा देखा परेको छ । पारदर्शिताको सम्बन्ध आचरण र व्यवहारसँग पनि सम्बन्धित छ । राजा र रानीको आचरणका बारे संसद्मा छलफल नगरे पनि राजगद्दीको उत्तराधिकारी हुनेहरूको आचरण संसदीय छलफलभन्दा बाहिरको विषय बन्नुहुँदैन । त्यसमाथि संसद्मा राजाको मान्यतालाई स्वीकार गरिसकेपछि संसद्ले यस्ता सबै किसिमका विषयलाई अवका दिनमा छलफलको विषय बनाउनु स्वाभाविक हुन्छ । राजामा देवताको अवतार देख्ने परिपाटी अब धेरै पुरानो विषय बन्दै गएको होला तर नयाँ पुस्ताले पनि आफ्नो राजालाई असल आचरण भएको, सहज रूपमा प्रस्तुत हुने तथा मानवीय उदारता सहितको व्यक्तिका रूपमा हेर्न र बुझ्न चाहेको हुन्छ । यस निम्ति पनि लोकतान्त्रिक पद्धतिभित्र राजा हुने व्यक्तिको आचरण र व्यवहार जनताको अभिरूचि र चासोको विषय बन्नु पर्छ भन्ने स्वरलाई अनौठो सुन्नु हुँदैन ।

## *निष्कर्ष*

नेपाली समाज यतिखेर तीव्रताका साथ रूपान्तरणका निम्ति उत्सुक छ । लोकतन्त्रको पुनरोदयपछि बितेका बाह्र वर्षको अनुभव र अभ्यासले हामीलाई पद्धतिको परिवर्तनले मात्रै सन्तुष्ट बनाएर राख्न सकेको छैन । पद्धतिको परिष्कारका लागि निरन्तरको जागरूक दृष्टि आजको आवश्यकता बनेको छ । यस अवधिभित्र संसारमा र नेपालमा पनि सूचना र संचारका क्षेत्रमा भएको आधारभूत परिवर्तनले समाजको चिन्तनशैली र विशेषताहरूलाई धमाधम परिवर्तन गर्दैछ । एकातिर सूचना खोज्ने प्रवृत्ति समाजका हरेक क्षेत्रमा बढेको छ भने त्यसैगरी सूचना पुर्‍याउने प्रतिस्पर्धामा पनि आधारभूत रूपमा परिवर्तनको अनुभव प्रत्यक्ष बन्दैछ । वितेको दश वर्षभित्र मात्रै हाम्रो मुलुकमा पचास लाखभन्दा बढी जनसंख्या बढिसकेको छ । छयालीस सालमा १८ वर्ष भएका ३० वर्ष पुगिसकेका छन् र त्यतिवेला ६ वर्ष हुने १८ वर्ष पुग्दैछन् । यो नयाँ जमातको मानसिकता र आकाङ्क्षालाई बुझ्नु नितान्त जरूरी भएको छ ।

लोकतान्त्रिक मूल्य पद्धति र त्यसले खोज्ने कार्यशैली एवं व्यवहारका बीच तालमेल मिलाउन नसक्ता हाम्रा महत्वपूर्ण संस्थाहरू गंभीर ढंगले संक्रमणको समस्याबाट पीडित छन् । जनताले निर्माण गरेका संस्थाहरूमा समेत देखिने यस प्रकारका समस्याको निराकरण लोकतान्त्रिक अभ्यासमा गरिने सुधार सँगसँगै हुन सक्नुपर्छ र यो सम्भव छ । साथै आवधिक निर्वाचनलाई बारम्बार सामना गर्नुपर्ने कारणले पनि ती संस्थाले आफूलाई सुधार तथा परिमार्जन गर्नै पर्ने देखिन्छ । अन्यथा त्यस्ता संस्थामा पुग्ने व्यक्तिहरूको परिवर्तन स्वाभाविक प्रक्रियाभित्र पर्दछ । त्यसैले जनताका संस्थामा देखिने कमजोरीलाई देखाएर राजसंस्थाले आफूलाई संसद्भन्दा अलग राख्छु भन्नु संभव छैन । जनताले नजोगाएका संस्थालाई कसैले जोगाउन सक्तैनन् भन्ने मान्यतामा नै संवैधानिक राजसंस्थाको गरिमा अडेको छ । आधुनिक युगमा परम्परागत मान्यताकै आधारमा स्थायित्व खोज्ने राजसंस्थाहरू कालको प्रवाहमा कुन किनारामा पुग्छन्, त्यसको कल्पना गरेर हाम्रो राजसंस्थाको जनताद्वारा सुरक्षा र संरक्षण गर्नुपर्ने भएको छ । वर्तमान पद्धतिमा जनताद्वारा सुरक्षा गर्नु भनेको राजसंस्थालाई संसदीय व्यवस्थापनभित्र पूर्णतः समावेश गर्नु नै हो । ❑

*(नेपाल समसामयिक अध्ययन केन्द्रद्वारा ३ भाद्र, २०५८, पोखरामा आयोजित गोष्ठीमा प्रस्तुत विचारमा आधारित)*


**मकालु यातायात बस सेवा**

फोन नं. २८१७०४

| जाने स्थान | छुट्ने समय |
|---|---|
| काकडभिट्टा | बिहान ५:०० बजे |
| भद्रपुर | बिहान ५:१० बजे |
| उर्लाबारी-मधुमल्ला | बिहान ५:२० बजे |
| विराटनगर | बिहान ५:४५ बजे |
| राजबिराज | बिहान ६:०० बजे |
| सिरहा-माडर | बिहान ६:१५ बजे |
| मलंगवा | बिहान ६:३० बजे |
| विराटनगर दोस्रो | बिहान ६:४५ बजे |
| धरान | बिहान ७:०० बजे |
| जनकपुर | बिहान ७:२० बजे |
| गौर | बिहान ७:४० बजे |
| बिरगंज | बिहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| कलैया | बिहान ८:०० र १०:१५ बजे |
| बरहथवा | बिहान ८:३० बजे |
| भरतपुर | बिहान ८:३०, ९:१५ र ११:४५ बजे |
| गितानगर | दिउँसा १:३० बजे |
| पर्साढाप-मेघौली | दिउँसो १:५५ बजे |
| नारायणगढ-विशालचोक | दिउँसो २:२० बजे |
| बिरगंज रात्री | बेलुका ८:१५ बजे |

आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् ।

### रक्सीविरोधी वार्ता सफल

# संघर्षको यो शैलीबाट महिलाहरू सशक्त हुन्छन् ?

हिजोसम्म गाउँले महिलाहरुको सामाजिक आन्दोलनको रुपमा चलिरहेको रक्सीविरोधी अभियानमाथि हस्तक्षेप गरेर माओवादी क्रान्तिकारी महिलाहरुले जब त्यसलाई राजनैतिक र सैनिक आयाम दिए, तब रक्सीविरोधी अभियानसामु सरकार झुक्नुपरेको छ । यसमा माओवादी पार्टीको जनयुद्ध र शान्ति वार्ताको प्रक्रियाको असरलाई कदापि बिर्सनु हुँदैन । माओवादी क्रान्तिकारी महिलाहरुको जुलुस, आमसभा र तोडफोडका फलस्वरुप सरकार र माओवादी क्रान्तिकारी महिलाहरुबीच सम्झौता भएपछि रक्सीविरोधी अभियानका विभिन्न आयामहरुबारे चासो, चिन्ता र चिन्तन बढेको छ ।

एकातिर रक्सीविरोधी अभियान चलाइरहेकाहरु संघर्ष र सम्झौताका उपलब्धिहरु गन्दै थप आक्रामक कार्यक्रमको तयारीमा जुटेका छन् । अर्कोतिर, रक्सी र अरु मादक पदार्थका उत्पादक पूँजीपतिहरुदेखि लिएर स-साना भट्टी पसलेहरु, जाँड-रक्सी उत्पादन गर्ने गरीबहरु र भ्रष्ट नेताहरु, बेकामे नोकरशाहहरु र सेठाश्रित संचार माध्यमहरु यो सम्झौताको विरोधमा एकसाथ आवाज उठाइरहेका छन् ।

पहिलेदेखि नै मादक पदार्थ उत्पादक पूँजीपतिहरुलाई पोस्दै आइरहेको राज्यको एक अंगको रुपमा रहेको सरकारले यसपटक सम्झौताको रबैया अपनायो । हरेक सवालमा सम्झौता या बीचबचाउको भूमिका खेल्न थालेको देउवा सरकारले सम्झौता गर्दागर्दै पनि 'लातको भूत बातले मान्दैन' भन्ने उखानलाई नै चरितार्थ गऱ्यो । विगत एक दशकभन्दा अगाडिदेखि विभिन्न जिल्लाका गाउँले महिलाहरुको भुइँतहको सामाजिक आन्दोलनको रुपमा विकसित भएको रक्सीविरोधी अभियान गाउँघरदेखि सदरमुकामसम्म फैलिँदा पनि विगतका सबैजसो सरकारहरुले मादक पदार्थ उत्पादक पूँजीपतिहरुसँग हातेमालो गरेर कहिले बेवास्ता गर्ने त कहिले निर्मम दमन गर्ने नीति अख्तियार गर्दै आएका थिए । रक्सीको कारणले आफ्नो पारिवारिक र सामाजिक जीवन नष्ट-भ्रष्ट भएको देखेर रक्सीविरोधी अभियानमा जुटेका गाउँले महिलाहरुको संघर्ष पूँजीवाद र पूँजीवादी सरकारविरोधी स्पष्ट सिद्धान्त र राजनैतिक दृष्टिकोणको अभाववश अस्पष्टता, विश्रृंखलता र स्थानीयताको शिकार भएको थियो, र केन्द्रीकृत संयोजनको अभावमा यो संघर्ष देशव्यापी रुपमा छाउन सकिरहेको थिएन ।

विभिन्न जिल्लाहरुमा अलग-थलग ढंगले रक्सीविरोधी अभियान चलिरहँदा कहिले बेवास्ता र कहिले दमन गर्ने नेपालका तथाकथित प्रजातान्त्रिक सरकारहरुले विगतमा कहिले पनि अभियानकर्ता महिलाहरुका जायज मागहरुप्रति सामान्य संवेदनशीलता देखाउनुसमेत जरुरी ठानेनन्, संवेदनाहीन हुने पूँजीपतिवर्गले यसमा चासो देखाउने त कुरै भएन । तर जब यस अभियानमाथि हस्तक्षेप गरेर माओवादी क्रान्तिकारी महिलाहरुले राजनैतिक र सैनिक आयाम जोडे, तब पूँजीपतिदेखि पूँजीवादी सरकारसम्म पनि हतार-हतारमा वार्ता, सम्झौता र सहमतिको मुडमा आए । र, तथाकथित प्रजातान्त्रिक सरकारद्वारा गाउँले महिलाहरुले सामाजिक आन्दोलन चलाउने क्रममा उठाएका जायज मागहरुप्रति संवेदनशील भई पहिले नै पूरा गरिएको भए भुइँतहका सामाजिक जन-आन्दोलनहरुले मर्यादा र उत्साह पाउँथे र महिलाहरुको सशक्तीकरण-माथि ईंटा थप्ने काम पनि हुन्थ्यो । र, ठोस सफलताहरुको सिँढी चढ्ने क्रममा त्यो आन्दोलन देशव्यापी रुपमा फैलने संभावना पनि थियो ।

तर अहिले रक्सीविरोधी आन्दोलनको नेतृत्व त्यस्तो महिला संगठनले उपलब्धिमूलक ढंगले चलाइरहेको छ, जसको राजनैतिक दृष्टिकोण, केन्द्रीकृत नेतृत्व, देशव्यापी संगठन त छ, तर भुइँतहको सामाजिक जन-आन्दोलनमा भने उसको धेरै विश्वास छैन । हो, सशस्त्र जनयुद्ध संचालन गरिरहेका नेकपा माओवादीको जस्तै, त्यसको नियन्त्रणमा रहेको जनवर्गीय संगठन : अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को पनि छापामार आक्रमणमा बेसी जोड छ, जनआन्दोलनमाथिको जोड कम छ । ऊ वक्तव्यबाजी, प्रचारबाजी, केही जुलुस, धेरै तोडफोड, अत्याधिक रुपमा आमसभा र आमसभामार्फत् सशक्त कारवाहीको धम्की दिने काममा बेसी प्रवृत्त छ । यस संघर्षको क्रममा पनि माओवादी क्रान्तिकारी महिलाहरुले पहिले पहिलेका गाउँले महिलाहरुको रक्सीविरोधी आन्दोलनलाई संयोजन गर्ने, राजनीतिक दिशा र केन्द्रीकृत नेतृत्व दिने कुनै काम गरेनन् । न त उनीहरुले गाउँ-गाउँबाट महिलाहरुलाई रक्सीविरोधी आन्दोलनको क्रममा सचेत, संगठित र संघर्षशील बनाई मादक पदार्थ उत्पादक पूँजीपतिको स्वार्थ, मूलतः पूँजीवादको शोषण र पूँजीवादी सरकारहरुको पूँजीपति पोस्ने नीतिप्रति सजग गर्ने काम नै विस्तृत र गहन रुपमा गर्न सके । अतः रक्सीविरोधी अभियानको नाममा भएका उनीहरुका क्रियाकलापहरु सस्तो लोकप्रियता प्राप्त गर्ने होडबाजी र आफ्नो राजनैतिक पार्टी, माओवादीको शहरीया संघर्ष अगाडि बढाउने नयाँ रणनीतिद्वारा प्रेरित छन् भनेर आलोचना गर्नेहरुलाई जवाफ दिन उनीहरुलाई धेरै गाह्रो हुनसक्छ ।

माओवादी क्रान्तिकारी महिलाहरुको हचुवापन वास्तवमा मदिराको सेवन, उत्पादन, वितरण र प्रचार-प्रसारलाई पूर्णतः निषेध गर्ने सवालमा पनि देखियो । वास्तवमा माओवादी नेता क. बाबुराम भट्टराईले भनेजस्तै, रक्सीविरोधी आन्दोलनको ध्येय रक्स्याहापन (अल्कोहलिज्म)को विरोध गर्नु हुनुपर्थ्यो, रक्सीलाई सम्पूर्णतः निषेध गर्नेतिर लक्षित नहुनु पर्ने थियो । किनकिं रक्सीको पूर्ण निषेध न सम्भव छ, न त सही र वैज्ञानिक हुनसक्छ । रक्सी (अल्कोहल)माथि पूर्ण प्रतिबन्ध लगाउने अति गर्ने हो भने अल्कोहल मिश्रित अधिकांश औषधीमाथिसमेत प्रतिबन्ध लगाउनुपर्ने अतिशयोक्तिपूर्ण माग पनि उठ्न बेर छैन ।

अतः रक्सीमाथि पूर्ण निषेधका लागि संघर्षरत माओवादी क्रान्तिकारी महिलाहरुले रक्सी र रक्स्याहापनको बारेमा बैचारिक स्पष्टता हासिल नगरीकनै हतारोमा अदूरदर्शी र अवैज्ञानिक माग गर्न पुगे । र, अहिले सरकारसँगको सम्झौतापछि उनीहरुले मदिराको उत्पादन र वितरण-लगायतका सवालमा नियमित र नियन्त्रित गर्ने सही सहमति गरेका छन् । ती सहमतिहरुको क्रियान्वयनको समस्यालाई सरकारले प्रशासनिक ढंगले हल गरिहाल्छ नि भनेर छाड्ने हो फेरि पनि उपलब्धि शून्य हुन बेर छैन । अतः ती सहमतिहरुको क्रियान्वयनलाई मात्रै भए पनि जनमुखी आयाम दिन दुवै पक्षले, विशेषतः माओवादी क्रान्तिकारी महिलाहरुले मदिराजन्य समस्याले पीडित महिलाहरुलाई सचेत, संगठित र संघर्षशील गर्नु जरुरी हुन्छ । अन्यथा, धेरै माथिबाट सरकार र माओवादी महिलाहरुको सम्झौताबाट प्रशासनिक ढंगले फ्याँकिएको अत्यन्त राम्रो सुधारको कोसेली पनि उत्पीडित महिलाहरुका लागि आफ्नै उपलब्धि हुन गाह्रै हुन्छ ।

माओवादी क्रान्तिकारी महिलाहरु उत्पीडित महिलाहरुलाई साँच्चै नै सचेत, संगठित र संघर्षशील बनाई सशक्तीकरण नै गर्न चाहन्छन् र भुइँतहदेखि सामाजिक जनआन्दोलन चलाउन चाहन्छन् भने उनीहरुले संघर्षका ठोस उपलब्धिहरुलाई मात्रै सर्वोपरि ठान्नु हुँदैन । ठोस उपलब्धि हासिल गर्नका लागि अपनाइने सही बाटो, संघर्षको वैज्ञानिक विधि, प्रक्रिया र कार्यशैलीमाथि पनि ध्यान दिइनुपर्छ । निरन्तर रुपमा शोषित महिलाहरुलगायत सम्पूर्ण उत्पीडित जनताको स्वतन्त्र, सक्रिय र आलोचनात्मक सहभागिताबिनाको आन्दोलन वा क्रान्तिबाट देशमा नयाँ जनवाद वा समाजवाद नै स्थापित भयो भने पनि अन्ततः ढल्दोरहेछ भन्ने वास्तविकता सोभियत संघबाट पाठ सिकेका क्रान्तिकारीहरुले संघर्षको प्रक्रियाबारे गहन रुपमा सोच्नै पर्दछ: चाहे त्यो संघर्ष जतिसुकै सानो वा ठूलो किन नहोस्, सशस्त्र वा शान्तिपूर्ण किन नहोस् ।

अर्को सोच्नैपर्ने कुरा भनेको कुनै पनि आन्दोलनसम्बन्धी वैचारिक स्पष्टता हासिल गर्नु हो । अर्थात् रक्सीविरोधी आन्दोलन किन, कसरी, कसका विरुद्ध भन्ने सवाल ।

अर्को विचार गर्नुपर्ने सवाल हो : गरीव-उत्पीडितहरुमा छाएको रक्स्याहापनको मूल कारण । सांस्कृतिक, आर्थिक र राजनैतिक कारणका अलावा व्यवस्थाजन्य मानसिकताका कारणले रक्सी पिउने वा रक्सीबाज हुने स्थितिबारे पनि आफ्नो चिन्तनको विषय बनाउनु जरुरी देखिन्छ । प्रगतिशील मनोवैज्ञानिकहरुका अनुसार साधारणतया गरीव-उत्पीडितहरु रक्सीबाज हुनुको मूल कारण उनीहरुले रक्सीलाई अन्यायपूर्ण यथार्थबाट पलायन हुने, केही पनि गर्न नसकेको कारणले पैदा हुने हताशामाथि विजय पाउने र अन्ततः आफैलाई नष्ट गर्ने समाधानको उपायको रुपमा लिनु नै हो । अतः उनीहरुको हातबाट रक्सी खोसिएपछि उनीहरुले त्यसको डरलाग्दो विकल्प खोज्न थाल्छन् । ती विकल्पहरु हुन्- मर्नु (Suicide) या मार्नु (Homicide) । यी डरलाग्दा विकल्पहरुतिर उनीहरुलाई उद्यत हुन नदिन र रक्स्याहापनबाट पनि बचाउन उत्पीडनकारी यथार्थलाई नै बदल्नु, त्यसमा उनीहरुलाई पनि सहभागिताको ग्यारेन्टी गर्नु र सारमा, वैज्ञानिक र प्रगतिमुखी सांस्कृतिक आन्दोलन संचालन गर्नु अति जरुरी हुन्छ ।

❑ राजेन्द्र महर्जन

# तुल्सीलाललाई ज्यापु ड्रेसमा आमसभामा बोल्न लगाएँ


- निर्मल लामा -



सामन्त र फटाहालाई कुटपीट गर्ने आन्दोलनमा संलग्न कमरेडहरूमा एकजना कमरेड ऋषि देवकोटा 'आजाद' हुन् । अन्य कमरेडहरूको नाम अहिलेलाई नभनौं । किनकि क. ऋषि देवकोटा त अहिले जीवित छैनन् । उनको नाम खोल्दा केही फरक पर्दैन । तर अन्य कमरेडहरू अझै जीवित छन् र उनीहरू अहिले पनि काम गरिरहेछन् । त्यसैले उनीहरूको नाम अहिले नै मैले खोल्न मिल्दैन । क. ऋषि देवकोटा त्यतिखेर त्यस क्षेत्रकै कमाण्डर थिए ।

एउटा घटना ! सायद यो २०३६ सालतिरको कुरा होला । त्यतिखेर झण्डै झण्डै देशभरि नै आन्दोलन चलाउने कुरा भयो । त्यही क्रममा पूर्वी तराईको जनकपुरमा गाउँ-गाउँबाट पैदल हिँडेर जुलुस गर्न जाने भनेर पार्टी केन्द्रीय समितिबाट कार्यक्रम तय गरियो ।

पार्टी केन्द्रले पूर्वी तराईका कमरेडहरूलाई के निर्देशन दियो भने बागमती नदीको किनारादेखि लाहानसम्मको लाइनमा पर्ने गाउँ-गाउँका साथीहरूलाई जम्मा गरी पैदल नै जनकपुर ल्याइपुऱ्याउने । एकदिन, दुईदिन कति हुन्छ, समयलाई हिसाब गरी जति दिन हिँड्दा जनकपुर पुगिन्छ, त्यही अनुसार जाने भनेर त्यस क्षेत्रका सबै साथीहरूलाई निर्देशन दिइयो ।



जय गोविन्द शाह

अर्को निर्देशन के थियो भने झण्डा धेरै बोक्ने । प्रत्येक झण्डाको डण्डा चाहिँ कुट्न, पिट्न र चुट्न मिल्ने किसिमको, तराईतिर खेल्ने लाठी खेलमा प्रयोग हुने प्रकारको लट्ठीको हुनुपर्ने र केहीगरी कसैले त्यो लाठी के हो भनेर सोध्यो भने झण्डाको डण्डा हो, भन्ने । कसैले केही भन्यो भन्दैमा लाठी झण्डाबाट ननिकाल्ने निर्देशन थियो ।

लडाकू दलका कमरेडहरूले अरूले झैं झण्डाको डण्डा र त्यसको साथै झोलामा ठीक्क ठीक्क हान्न मिल्ने किसिमका ढुंगाहरू बोक्ने भन्ने निर्देशन पनि थियो । ढुंगा जुलुसका सुरक्षाकर्मीहरूले मात्र बोक्ने र त्यसबारे अरूलाई थाहा नदिने । ढुंगा बोक्नेहरूले पनि एकले अर्कोलाई थाहा नदिने । यी निर्देशनहरू लडाकू दलका नियम वा अनुशासनभित्र परिएका छन् ।

पार्टीको अर्को निर्देशन के थियो भने- जुलुसमा सबैलाई सहभागी नगराउने । प्रत्येक गाउँ कमिटी बसेर त्यो गाउँबाट कति जना र को को जाने, त्यसको पूर्ण सूची तयार गर्ने र त्यस सूचीभित्र पर्नेभन्दा बाहिर कसैलाई पनि जुलुसबारे जानकारी नदिने । यसरी जुलुसलाई संगठित गर्ने भन्ने निर्देशन पार्टी केन्द्रको रह्यो ।

जुलुसमा यदि लडाकू दललाई पुलिसले आक्रमण गऱ्यो भने, लाठी चार्ज गऱ्यो भने हामीले पनि लाठीले हान्न शुरू गर्ने र ठूला-ठूला लाठी बोक्ने नौजवानहरूलाई पुलिससँग भिड्न अगाडि सार्ने । पुलिससँग भिड्दा बेस्सरी पिट्ने, तर मार्न नपाइने भन्ने निर्देशन पनि उनीहरूलाई दिइएको थियो । त्यसरी जुलुस शुरू भयो ।

जुलुस शुरू हुनुअगाडि जनकपुरमा पंचहरूले र हाम्रा विरोधी पार्टीहरूले 'कम्युनिष्टहरू आउँदैछन् । उनीहरूले सारा पसल लुट्नेछन् । त्यसैले सबै बजार बन्द गर । कसैले पनि पसल नखोल ।' भनेर व्यापक प्रचार गरे । पुलिसहरू जिपमा माइक राखेर 'तिमीहरू लुटिन्छौ, लुटाहाहरू आउँदैछन्' भनेर प्रचार गर्दै हिँडे ।

त्यसदिन उदयपुर, सिन्धुली, सिराहा, सर्लाही, धनुषा र महोत्तरीका गाउँ-गाउँबाट एकदिन, दुईदिन समय लगाएर हिँडेर नै हजारौं मानिसहरू जुलुस गर्न जनकपुर आइपुगे । त्यो जुलुस देखेर एउटा झापाली समूहका गाउँका नेता अश्वेश्वर यादव प्रभावित हुनपुगे । उनले त आफ्नो गाउँ नै उठाएर जुलुसमा ल्याए । पछि उनले बकाइदा हाम्रो चौथो महाधिवेशन पार्टीको सदस्यता लिए । तर उनी पछाडिसम्म चौथो महाधिवेशनमा टिक्न भने सकेनन् । पछि उनी पुनः तत्कालीन माले पार्टीमा नै फर्के । तत्कालीन माले पार्टीलाई हामी 'झापाली' भन्थ्यौं । अश्वेश्वर यादव बाहेक त्यसबेला उनको साथमा चौथो महाधिवेशन पार्टीमा प्रवेश गर्ने मान्छेहरूमा पछि कमैमात्र माले पार्टीमा फर्के ।

त्यसरी जनकपुर शहरमा गाउँ-गाउँबाट खानपीन, ओड्ने-ओछ्याउने सबै बोकेर हज्जारौं मानिसहरू जुलुस गर्न आइपुगे । जनकपुरलाई पुलिसहरूले घेरिरहेका थिए । यताबाट नरम कुरा गर्न जान्ने साथीहरूको एक टोलीलाई पुलिससँग कुराकानी गर्न पठाउने कुरा भयो । उनीहरूले पुलिसहरूसँग 'हामी शान्तिपूर्ण जुलुस निकाल्छौं । हामी कुनै पनि मारपिट गर्दैनौं । हामीलाई जुलुस निकाल्न देऊ । हामी बाह्रबिघा चौरमा आमसभा गर्छौं । मनमोहनजीले बोल्नु हुन्छ । अरू स्थानीय साथीहरूले पनि बोल्छन् । त्यसपछि हामी फर्कन्छौं ।' भनेर कुराकानी गर्ने भन्ने कुरो भयो ।

त्यसबेला म पार्टीको सर्वेसर्वाजस्तै थिएँ । मेरो इच्छा के थियो भने जनकपुरको त्यस आमसभामा कमरेड जयगोविन्द शाहलाई बोल्न लगाउने र आमसभापछि उहाँलाई भगाउने ।

त्यसअघि काठमाण्डौंमा पनि मैले एउटा त्यस्तै काम गरेको थिएँ । कमरेड तुल्सीलाल अमात्य भूमिगत हुनुहुन्थ्यो । किसानहरूको एउटा जुलुसमा उहाँलाई ज्यापु ड्रेस लाउन लगाएर सहभागी गराएँ । आमसभास्थलमा पुग्नासाथ त्यो ज्यापु ड्रेस खोल्न लगाई उहाँको साविक ड्रेसमा उहाँलाई मञ्चमा उतार्ने काम गरियो । र, आमसभा सकिएपछि उहाँलाई गुपचुप तरिकाले सुरक्षित स्थानमा लग्ने काम गरियो । म त्यतिखेर पार्टीको काठमाण्डौं जिल्लाको सेक्रेटरी थिएँ । जुलुस आयोजनाको प्रमुख काम मैले गरेको थिएँ । जुलुसमा स्वयंसेवकहरूको व्यवस्था र कमरेड तुल्सीलाल अमात्यलाई जुलुसमा ल्याउने, भगाउने र भूमिगत राख्ने सबै व्यवस्था मैले मिलाएको थिएँ । सम्भवतः यो घटना २०११/१२ सालतिर पार्टी प्रतिबन्धित भएको बेलाको थियो ।

त्यो अनुभवबाट 'जनकपुरको जुलुस र आमसभामा कमरेड जय गोविन्द शाहलाई लग्नु पर्छ, उहाँलाई भाषण दिन लगाउनु पर्छ ।' भनेर मैले पार्टी केन्द्रमा आफ्नो कुरा राखें । तर साथीहरूले मान्नु भएन । त्यस मामलामा म एक्लो परें । र, बैठकबाट आमसभामा बोल्नको लागि स्थानीय साथी खोज्ने निर्णय भयो ।



तुल्सीलाल अमात्य


त्यतिबेला त्यस क्षेत्रमा पाण्डवराज भन्ने एकजना पुराना कम्युनिष्ट साथी पनि थिए । उनीसँग मेरो परिचय २००९/१० सालतिर भएको थियो । उनी त्यस क्षेत्रका एक महत्वपूर्ण कमरेड थिए । त्यसबेला उनी कमरेड मनमोहन अधिकारीको नजिक थिए । उनले जनकपुरको आमसभामा कमरेड मनमोहन अधिकारीलाई भाषणको लागि बोलाइदिए । त्यो कुरो हामीलाई थाहा नै भएन ।

कार्यक्रमको एकदिन अगाडि म त्यस क्षेत्रमा पुगें । म त्यहाँ पुग्नासाथ पाण्डवराजले 'आमसभामा बोल्नको लागि क. मनमोहन अधिकारी आइसक्नुभएको छ' भनेर खबर दिए । म अलमलमा परें । आइ नै सकेपछि मैले रोक्ने कसरी ?

वास्तवमा पाण्डवराजसँग मेरो के कुरो भएको थियो भने, 'हाम्रो जुलुस र आमसभा जनकपुरमा हुँदैछ, तपाईंले एकजना पुरानो कम्युनिष्ट र एक स्थानीय मान्छेको नाताले सक्दो सहयोग गरिदिनु पर्‍यो' भनेर मैले उनीसँग सहयोग मागेको थिएँ । तर उनले सहयोगको नाममा क. मनमोहन अधिकारीलाई आमसभामा बोल्नका लागि बोलाइदिएछन् ।

अब हामीलाई फसाद पर्‍यो । कमरेड मनमोहन अधिकारी त अर्कै पार्टीका नेता हुनुहुन्थ्यो । त्यसैले त्यस आमसभामा हाम्रो पार्टीको तर्फबाट क. मनमोहन अधिकारीसँग दाँज्न मिल्ने खालको स्थानीय कोही एकजना कमरेडलाई पठाउनु जरूरी हामीले ठान्यौं । मैले फेरि पनि क. जयगोविन्द शाहलाई नै पठाऔं भनें । तर साथीहरू मानेनन् ।

त्यसपछि खोज्दा, खोज्दा, खोज्दा सर्लाही बरहथवाका अच्युत काफ्ले फेला परे । उनी त्यतिबेला सुकुम्बासी थिए । उनको परिवारमा श्रीमती छोरा, छोरी र आमा थिए । उनकी आमा चाहिँ विदेशमा कसैको घरेलु काम गरेर गुजारा चलाइरहेकी थिइन् । उनको आफ्नो घर थिएन । आमा चाहिँले बेला-बेलामा उनलाई खर्च पठाउने गर्थिन् । उनको अर्को



मनमोहन अधिकारी



**आमसभाको व्यवस्थापन गर्ने साथीहरूलाई के निर्देशन दिइयो भने आमसभामा मनमोहनलाई पहिले बोल्ने दिने र त्यसपछि मात्र अच्युत काफ्लेलाई बोल्न लगाउने**

आम्दानीको कुनै स्रोत थिएन ।

त्यस्तो दुख पाएको सक्रिय कमरेड थिए- अच्युत काफ्ले । उनलाई खोजेर ल्याई भाषणको लागि तयारी गर्न लगाइयो । भाषणमा यो यो बोल्ने, यी यी बुँदाहरू नछुटाउने आदि कुराको उनलाई राम्ररी तालिम दिने काम भयो । 'कति पनि नडराई मनमोहनको भन्दा राम्रो भाषण दिएर आउने' भनेर उनलाई ढाडस दिई पठाइयो ।

आमसभाको व्यवस्थापन गर्ने साथीहरूलाई के निर्देशन दिइयो भने आमसभामा मनमोहनलाई पहिले बोल्ने दिने र त्यसपछि मात्र अच्युत काफ्लेलाई बोल्न लगाउने । र, अर्को कुरो आमसभामा अच्युत काफ्लेको नाम बोलाउनासाथ त्यो हाम्रो मान्छे हो भन्ने कुरो बुझ्ने किसिमले सबैले जोडले ताली बजाउने भनेर हाम्रा साथीहरू सबैलाई ह्विस्परिङ्ग गर्ने भनेर पनि निर्देशन दिइयो ।

आमसभा भयो । आमसभामा सहभागी मान्छेहरू अधिकांश सबै हाम्रै थिए । उनीहरू सबैले अच्युत काफ्ले कहिले आउलान् भनेर पर्खेर बसे ।

योजना अनुसार क. मनमोहन अधिकारीलाई अगाडि नै भाषण दिन लगाइयो । सबै मान्छेहरू अच्युत काफ्लेको प्रतीक्षामा रहेकाले उहाँले कति पनि ताली पाउनु भएन । सम्भवतः उहाँको भाषणमा अधिकांशले ध्यानै दिएनन् ।

तर जब अच्युत काफ्लेको नाम उद्घोषण भयो, उद्घोषण सकिन नपाउँदै सबैले जोडले ताली बजाए । उनको भाषणभरि नै ताली नै ताली बज्यो । तर उनीभन्दा अगाडि भाषण दिने मनमोहनले एकपटक पनि ताली पाएनन् ।

त्यसअघि जुलुस शुरू गर्न पहिलेको योजना मुताबिक केही साथीहरू पुलिससँग कुराकानी गर्न गएका थिए । तर ठीक त्यही समयमा अन्य केही साथीहरू माइक लिएर बजारमा 'यो कम्युनिष्टको जुलुस हो । जुलुस अत्यन्त अनुशासित हुन्छ । कुनै पसल पनि लुटिने छैन । तपाईंहरू ढुक्क भएर पसल खोल्नुहोस्' भनेर कराउँदै सबैतिर घुमे । उता पुलिससँग करिब आधा घण्टासम्म छलफल चलिरह्यो । त्यतिञ्जेलसम्म जुलुसको लागि हजारौं मानिसहरू झण्डामा डण्डा घुसार्दै जम्मा भइसकेका थिए । माइकबाट पसल खोल्न अनुरोध गरिएमुताबिक शुरूमा दुई-चारवटा पसलेहरूले आँट गरेर आफ्ना पसलहरू खोलेपछि क्रमशः धमाधम सबै पसलहरू खुल्न थाले ।

यत्तिकैमा पुलिसहरूले जुलुस गर्न दिन मञ्जुर गरे । तर उनीहरूले झण्डाभित्रको डण्डा नबोक्नू भने । स्थानीय गाउँका साथीहरू त डण्डा फाल्न मानिरहेका थिएनन् । तर पार्टीको क्षेत्रीय कमिटीले पुलिसले भनेअनुसार डण्डा फालेर झण्डा मात्र बोकेर जुलुस गर्ने निर्देशन पठायो । पार्टीको क्षेत्रीय कमिटी जनकपुरमै बसिरहेको थियो । क्षेत्रीय कमिटीले के भन्यो भने- 'पुलिसहरूले हामीलाई जुलुस गर्न अनुमति दिन बाध्य हुनु नै हाम्रो ठूलो विजय हो ।'

पार्टी क्षेत्रीय कमिटीको निर्देशन आएपछि सबैले झण्डाबाट डण्डा झिके । र, महिनौंसम्म घाममा सुकाएर कडा बनाइराखेको त्यो चिल्लो बाँसको लठ्ठी मन नलगाई नलगाई सबैले एक ठाउँमा थुपारे । थुपार्दा-थुपार्दै यति भयो कि लठ्ठीको त्यो थुप्रो गाउँमा हुने घरको एक तल्ला जतिको उचाई हुन पुग्यो । साथीहरूको हिसाब किताबमा त्यो थुप्रोमा कम से कम चार हजार लठ्ठीहरू थिए होलान् ।

अब त्यसपछि जुलुस शुरू भयो । प्रत्येकको हातमा झण्डा थियो । जुलुस शुरू हुँदासम्म कैयौं पसलहरू खुलिसकेका थिए । बाँकी पसलहरू पनि जुलुस शुरू हुनासाथ भटाभट् खुल्न पुगे । जुलुस अत्यन्त अनुशासित थियो । हजारौंको त्यो विशाल जुलुस जनकपुर शहरलाई परिक्रमा गरी पछि बाह्रबिघामा पुगेर आमसभामा परिणत भयो ।

आमसभामा पार्टीको तर्फबाट भाषण दिन जाने व्यक्ति अच्युत काफ्लेलाई पार्टीको के निर्देशन थियो भने उनले भाषणको लागि मञ्चमा जाँदा गाउँलेको साधारण भेषमा अर्थात् उनको दैनिक ड्रेसमा जाने । राम्रो लुगा लगाएर जानु आवश्यक छैन । उनको दैनिक ड्रेस भन्नाले साधारण भोटो र धोतीको लुङ्गी जस्तो बनाएर बेरेको ड्रेस हो । त्यसदिन संजोगले उनको भोटो फाटेको परेछ । साराले "हाम्रो नेता फाटेको भोटो ! हाम्रो नेता फाटेको भोटो !!" भनेर कराए । उनले आमसभामा राम्रो त बोले बोले । उनको वास्तविक भेषभूषाले पनि सहभागीहरूलाई निक्कै नै आकर्षित गरायो । जुलुस र आमसभा यसरी सफलतापूर्वक सम्पन्न भयो ।

*क्रमशः*

❑ प्रस्तुति : तुल्सीदास महर्जन

# 'सापेक्ष समय' पछिल्लो भौतिक विज्ञानको निष्कर्ष हो

- तुल्सीदास महर्जन -

*__मूल्याङ्कन__को पूर्णाङ्क ८७ मा 'पाठकको कुरो' स्तम्भमा छापिएको 'म अल्मलिएँ' शीर्षकको एक सानो प्रतिक्रियामा एकजना पाठक मित्र (वि.के.आर. 'विद्रोही')ले वैज्ञानिक निष्कर्षको परिधिभित्र पर्ने विषयमा केही महत्वपूर्ण प्रश्नहरु उठाउनुभएको रहेछ । त्यो प्रतिक्रिया मूल्याङ्कनको पूर्णाङ्क ८६ मा प्रकाशित प्रज्ञानरत्नको आइन्स्टाइन र द्वन्दवादसम्बन्धी दार्शनिक लेखमाथि टिप्पणी गर्न लेखिएको रहेछ । दार्शनिक बुझाइप्रति टिप्पणी गर्नको निम्ति लेखिएको भए पनि त्यस लेखमा उल्लेखित प्रतिक्रियाका प्रश्नहरु प्रत्यक्ष नै वैज्ञानिक निष्कर्ष तथा सिद्धान्तहरुसँग सम्बन्धित भएकाले विज्ञानको एक बिद्यार्थीको नाताले मैले यहाँ ती प्रश्नहरुबारे आफूलाई थाहा भएका केही कुराहरु उल्लेख गर्नु सान्दर्भिक ठानेको छु ।*

*प्रतिक्रियामा पाठक मित्रले प्रज्ञानरत्नले उल्लेख गर्नुभएको 'परिवर्तनको प्रक्रिया बाहेक संसारमा अपरिवर्तनीय र अन्तिम भन्ने चीज केही छैन' भन्ने कुरालाई टिप्पणी गर्ने क्रममा थुप्रै प्रश्नहरु अगाडि सार्नुभएको छ । उहाँले उठाउनुभएका विज्ञानको परिधिभित्र पर्ने केही महत्वपूर्ण प्रश्नहरु यस प्रकार छन् :*

१. अहिले सेतो भनेर ऐतिहासिक र वैज्ञानिक तथ्यका आधारमा प्रमाणित भैसकेको कुरालाई पनि भोलि कालो भन्न सकिने आधार हुन्छ त ?

२. पृथ्वीले सूर्यको परिक्रमा गर्नु अहिलेसम्मको अन्तिम सत्य हो कि होइन ? के अबका दिनमा पृथ्वीलाई सूर्यले घुम्ला ? पृथ्वीको खास स्वरूपमा भएको प्रमाणित तथ्यलाई किन अन्तिम भन्न मिल्दैन ?

३. २ जोड २ बाट ४ हुन्छ भन्ने 'वास्तविकता अन्तिम सत्य हो कि होइन ?

४. जुम्ल्याहा बच्चामध्ये एकलाई ९९.९९ प्रतिशत प्रकाशको गतिमा अन्तरिक्षमा पठाउँदा ५० वर्षसम्म ऊ कसरी ६ महिनाको मात्र हुनसक्छ ? अन्तरिक्षमा पठाइरहँदा बच्चाको शारीरिक बनावटमा पो परिपक्वता र परिवर्तन नहोला, के त्यसकै आधारमा समय नै रोकियो वा ५० वर्ष ढीलो भयो भन्न मिल्छ ? समय त समान गतिमा कुदेकोकुद्यै दिनपछि रात, रातपछि दिन त भएकोभयै हुन्छ नि हैन ? के बिग्रेको घडीको सूई नघुम्दैमा समय नै रोकियो, या ५० वर्षअघि जन्मेको बच्चा नै ६ महिनाको भयो भन्न सकिन्छ ? जस्तो कि आइन्स्टाइनले भनेका छन्- "हामीले तातेको तावामा हात राख्दा थोरै समय पनि धेरै जस्तो लाग्छ, तर यसको ठीक विपरीत कुनै प्रेयसीसँग गफ गरिरहँदा हामीलाई घण्टौं गएको पनि थोरै समयजस्तो लाग्छ ।" यसरी उनले सापेक्षतावादको परिभाषा दिएका छन् । यसको आधारमा तातो तावामा हात राख्ने मानिसको तत्कालीन भ्रमलाई नै आधार मानेर २ मिनेटलाई २ घण्टा भन्ने भ्रमपूर्ण निष्कर्ष त अर्थिनु भएन नि ! यो त सम्बन्धित ब्यक्तिको भ्रमजन्य ब्यक्तिगत अनुभव पो भयो । सर्वभौम सच्चाई त भएन नि !




कुदिरहेको रेलभित्रको मान्छेले चीमबाट निस्केको प्रकाश सिधा तल रेलको भुइँमा रहेको ऐनामा ठक्कर खाई फेरि सिधा माथि चीमतिर नै फर्केको देख्छ । किनकि रेल, चीम, प्रकाश र ऐनासँगै ऊ पनि कुदिरहेको हुन्छ ।

बाहिर रेललाई हेरिरहेको मान्छेले रेल सँगसँगै चीम र ऐना पनि चलिरहेको महसूस गर्छ । उसले चीमबाट निस्केको प्रकाश विकर्णरूपी (diagonal) बाटोमा हिँडेको देख्छ । आइन्स्टाइनका अनुसार त्यस अवस्थामा प्रकाशले लामो दूरी पार गरेको हुन्छ, तर प्रकाशको गति त सँधै एउटै हुन्छ । त्यसैले रेल बाहिरको मान्छेले एउटै घटनामा बढी समय व्यतीत भएको पाउँछ । अर्थात् उसको घडीले बढी समय देखाउँछ ।

सामान्यतः सर्वसाधारण मानिसहरू भौतिक यथार्थको गहिराईमा पुगेका हुँदैनन् । त्यसैले उनीहरूले भौतिक यथार्थलाई बढीभन्दा सतहमा बुझ्न खोज्नु स्वभाविक नै मान्नुपर्छ । तर जीवन र जगतलाई यथार्थ रूपमा बुझ्न चाहनेहरू वा सत्यलाई वास्तविक रूपमा बुझ्न चाहनेहरूले भने भौतिक यथार्थलाई सतहमा होइन, गहिराईमा र सूक्ष्मरूपमा बुझ्न खोज्नुपर्दछ । पाठक मित्रले माथि उल्लेखित प्रश्नहरू अगाडि सारेर हामीलाई भौतिक यथार्थको अलि गहिराईमा पस्न झकझक्याउनु भएको छ । यो धेरै राम्रो भएको छ ।

मानव सभ्यताको इतिहासको अलिकति पनि ज्ञान राख्ने जो कोहीलाई पनि के कुरा थाहा छ भने मानवीय ज्ञान, बुद्धि, धारणा, विचार र दर्शनलाई विज्ञानको विकासले ठूलो प्रभाव पारेको छ । त्यसैले मानव समाजभित्रका अर्थतन्त्र, राजनीति, संस्कृति, सामाजिक व्यवहार लगायत सम्पूर्ण पक्षहरूमा वैज्ञानिक सिद्धान्त, वैज्ञानिक अन्वेषण र आविष्कारले आधारभूत भूमिका खेलेका छन् ।

हजारौं वर्ष पहिलेदेखि विकसित हुँदै आएको विज्ञानले हरेक पटक के कुरा देखाउँदै आयो भने अघिल्लो समयमा पूर्ण र अन्तिम सत्य भनेर ठानिएको कुरो पछिल्लो समयमा अपूर्ण र आंशिक सत्य मात्र भएको यथार्थ उजागर हुँदै अयो । त्यसैले हरेक समयमा वैज्ञानिकहरूले अघिल्लो पुस्ताले दिएको निष्कर्षमा के कति कमी-कमजोरीहरू छन्, त्यसलाई पत्ता लगाई आवश्यक सुधार तथा नयाँ थप निष्कर्षहरू निकाल्ने प्रयत्न गरिरहेका हुन्छन् । र, विज्ञानले यही बाटोबाट आफूलाई अगाडि बढाइरहेको छ ।

तसर्थ हामी के भन्न सक्छौं भने, विज्ञानले कुनै पनि निष्कर्ष अथवा सत्यलाई कहिल्यै पनि पूर्ण र अन्तिम भनेर ठान्नु हुन्न भनेर सिकाएको छ । किनकि वर्तमानमा हामीले जेलाई सत्य ठानिरहेका हुन्छौं, त्यो वास्तवमा त्यस क्षणमा मानवीय ज्ञानले हासिल गरेको उँचाईको सीमाभित्रको कुरो मात्र हुन्छ । भोलि मानवीय ज्ञानले त्यो सिमा नाघ्दा हिजोको सत्य असत्य वा अपूर्ण सावित हुनजान्छ ।

मानवीय ज्ञानले नै सत्यलाई बुझ्ने गर्दछ । मानवीय ज्ञान अन्तिम कहिल्यै हुँदैन । यो समय र परिवेशसँग सापेक्ष हुन्छ । त्यसैले सत्य पनि अन्तिम कहिल्यै हुँदैन । यो मानवीय ज्ञानसँग सापेक्ष हुन्छ । विज्ञानले हामीलाई सिकाएको कुरो यही हो ।

पाठक मित्रले 'आज सेतो भनेर विज्ञानले प्रमाणित गरेको कुरो भोलि कालो कसरी हुनसक्छ ?' भन्ने आशयको प्रश्न अगाडि सार्नुभएको छ । अन्तिम सत्य भन्ने कुरा हुन्न भन्नुको अर्थ हिजो सत्य ठानिएको कुरो जम्मै आज असत्य ठहरिन आउँछ भन्नु होइन । हिजो सत्यलाई जुन मात्रा र जुन ढंगबाट बुझियो, आज त्योभन्दा फरक मात्रा र फरक ढंगबाट बुझ्नुले पनि के हिजो अन्तिम र पूर्ण भनिएको सत्य वास्तवमा त्यस्तो थिएन भन्ने बुझिँदैन र ?

***२ जोड २ बाट ४ हुन्छ भन्ने वास्तविकता अन्तिम सत्य हो कि होइन ?***


निकोलस कोपर्निकस

## *केपलरले ग्रहहरूको बाटोको सम्बन्धमा कोपर्निकसले भनेझैं ती ठीक वृत्ताकार नभई तिनीहरू दीर्घ वृत्ताकार अथवा अण्डाकारको रूपमा रहेको कुरा पत्ता लगाए*


जोहान केपलर

सूर्यको किरण सेतो हुन्छ भन्ने कुरा सत्य थियो । तर त्यो सत्य पूर्ण नभई आंशिक सत्य मात्र हो भन्ने कुरा वैज्ञानिक आइज्याक न्यूटनले सूर्यको किरणलाई प्रिज्मभित्रबाट छिराई त्यसभित्र लुकेर रहेका सात रङ्गका किरणहरूलाई पर्दामा उतारेर देखाइदिए । तर पछि न्यूटनले पत्ता लगाएको कुरा पनि पूर्ण र अन्तिम थिएन भन्ने कुरा पत्ता लाग्यो । सूर्यको किरणमा सात रङ्गका किरणहरूमात्र होइन, त्यसभित्र अल्ट्राभ्वाइलेट, इन्फ्रारेड आदि जस्ता अदृश्य किरणहरू पनि हुन्छन् भन्ने कुरो न्यूटनपछिका वैज्ञानिकहरूले पत्ता लगाए ।

तर विज्ञानले के भन्छ भने, सूर्यको प्रकाशबारे अहिले मानिसहरूलाई जे जति थाहा छ, त्यो पनि अन्तिम र पूर्ण छैन । यसलाई भविष्यले अवश्यै अपूर्ण प्रमाणित गरिदिने छ ।

पाठक मित्रले 'पृथ्वीले सूर्यलाई परिक्रममा गर्नु अहिलेसम्मको अन्तिम सत्य हो कि होइन ?' भनी प्रश्न सोध्नुभएको छ । उहाँले 'के अबका दिनमा पृथ्वीलाई सूर्यले घुम्ला ?' भनी अर्को प्रश्न पनि सोध्नु भएको छ ।

पृथ्वीले सूर्यलाई गरिरहेको परिक्रमाबारे अहिलेको व्याख्या पूर्ण र अन्तिम नहुन सक्छ । तर यसो भन्नुको अर्थ भोलि 'सूर्यले पृथ्वीलाई घुम्छ' भन्ने निष्कर्ष नै निक्लने छ भन्ने होइन ।

सोह्रौं शताब्दीमा महान् वैज्ञानिक निकोलस कोपर्निकसले पृथ्वी लगायत सम्पूर्ण ग्रहहरूले सूर्यलाई परिक्रम गर्छन् भन्ने विचार ल्याए । त्यस अघिसम्म मानिसहरूले डेढहजार वर्ष पहिले अरस्तुले अगाडि ल्याएको र त्यसको पाँचसय वर्ष पछाडि गणितज्ञ टोलेमीले पुनः व्याख्या गरी पेश्याएको 'सूर्य तथा सम्पूर्ण ग्रह नक्षत्रहरूले पृथ्वीलाई परिक्रमा गर्छन्' भन्ने विचारलाई सत्य मान्दै आएका थिए । कोपर्निकसको विचार क्रान्तिकारी थियो । त्यसैले उनको विचारले विज्ञानको क्षेत्रमा ठूलो तहल्का नै मच्चायो ।

कोपर्निकसले ग्रहहरूले आ-आफ्नो वृत्ताकार बाटोमा रही सूर्यलाई परिक्रमा गर्छन् भन्ने कुरा गणितद्वारा प्रमाणित गरिदिए ।

तर कोपर्निकसको विचार आंशिक सत्य मात्र भएको कुरा सोह्रौं र सत्रौं शताब्दीका अर्का महान वैज्ञानिक जोहान केपलरले पत्ता लगाए । केपलरले ग्रहहरूको बाटोको सम्बन्धमा कोपर्निकसले भनेझैं ती ठीक वृत्ताकार नभई तिनीहरू दीर्घ वृत्ताकार अथवा अण्डाकारको रूपमा रहेको कुरा पत्ता लगाए ।

केपलरको व्याख्या पनि पूर्ण र अन्तिम भएन । किनकि केपलरले ग्रहहरूले सूर्यलाई किन परिक्रमा गर्छन् भन्ने कुरा बताएनन् । सत्रौं शताब्दीमा आएर मात्र वैज्ञानिक न्यूटनले केपलरले अपूर्ण छोडेको कुरा पूरा गरिदिए । उनले ग्रहहरूले सूर्यलाई परिक्रमा गर्नुमा गुरुत्वाकर्षण शक्ति जिम्मेबार छ भनी प्रमाणित गरिदिए ।

न्यूटनपछि सयौं वर्षसम्म ग्रहहरूले सूर्यलाई परिक्रमण गरिरहेको बारे न्यूटनले अगाडि राखेका कुराहरूलाई नै अन्तिम र पूर्ण सत्यको रूपमा मानिसहरूले लिँदै आए । तर बीसौं शताब्दीमा आएर यस सम्बन्धमा नितान्तै नयाँ र भिन्न विचार अगाडि आयो । त्यो विचार महान वैज्ञानिक अल्बर्ट आइस्टाइनले ल्याएका हुन् । आइन्स्टाइनले सन् १९१६ मा बाहिर प्रकाशमा ल्याएको 'सामान्य सापेक्षताको सिद्धान्त'अनुसार गुरुत्वाकर्षण शक्तिको कारणले ग्रहहरूले सूर्यलाई परिक्रमा गर्ने नभई अन्तरिक्षको आकार नै वक्र भएको कारणले गर्दा वक्र सतहमा छोटो बाटो पछ्याउँदै जाने क्रममा ग्रहहरूले सूर्यलाई परिक्रमा गर्न पुगेका हुन्छन् । उनका अनुसार अन्तरिक्ष, पहिले विश्वास गरिएझैं चेप्टो नभई यो वक्र छ ।

न्यूटनको गुरुत्वाकर्षणसम्बन्धी सिद्धान्तले सूर्यको सबभन्दा नजीकको बुध ग्रहको गति र त्यसको व्यवहारबारे सही व्याख्या गर्न सकिराखेको थिएन । तर, आइन्स्टाइनको 'सामान्य सापेक्षताको सिद्धान्त'ले बुध ग्रहको गति र व्यवहारलाई उपयुक्त ढंगले व्याख्या गर्न सम्भव भयो ।

यसरी खगोल विज्ञानको इतिहास हेर्दा लगातार नै एक समयमा पूर्ण सत्यजस्तो देखिएको विचार अर्को समयमा आउँदा त्यो आंशिक सत्यमात्र भएको तथ्य पत्ता लाग्दै आएको देखिन्छ । त्यसैले वर्तमान समयमा पूर्ण र सत्यजस्तो देखिएको कुनै पनि वैज्ञानिक तथ्य पनि भोलि गएर अपूर्ण साबित हुनेछ भन्ने कुरा हामी अनुमान लगाउन सक्छौं ।

पाठक मित्रले पृथ्वीको स्वरूपबारे पनि कुरा उठाउनु भएको छ ।

वैज्ञानिकहरूले के कुरा पत्ता लगाएका छन् भने, ४½ अरब वर्ष पहिले उत्पत्ति हुँदादेखि अहिलेसम्म पृथ्वीको सतहमा लगातार परिवर्तन हुँदै आइरहेको छ । शुरूमा त पृथ्वी अत्यन्तै तातो गोलो थियो । पहिले पृथ्वीमा न वायुमण्डल थियो न त सतहमा सागरहरू नै थिए । ती सबै पृथ्वी चिसिँदै गएपछि बनेका हुन् ।

*सयौं वर्षसम्म ग्रहहरूले सूर्यलाई परिक्रमण गरिरहेको बारे न्यूटनले अगाडि राखेका कुराहरूलाई नै अन्तिम र पूर्ण सत्यको रूपमा मानिसहरूले लिँदै आए । तर.........*


सर आइज्याक न्यूटन

वैज्ञानिकहरूका अनुसार करोडौं वर्ष पहिले अहिलेका सबै महादेशहरू एकै ठाउँमा जोडिएका थिए । पृथ्वीको सतह विभिन्न भू-खण्डहरू मिलेर बनेको छ । यी भू-खण्डहरू लगातार सरिरहेका छन् । भू-खण्डहरू सर्ने क्रममा नै करोडौं वर्ष पहिले एकै ठाउँमा जोडिएर रहेका महादेशहरू अहिले छुट्टिएर अलग रहन पुगेका हुन् । अहिले पनि यी भू-खण्डहरू सरिरहेका छन् । केही महिना पहिले भारतको गुजरात राज्यमा गएको विनाशकारी भूकम्पको कारण पनि यही भू-खण्डहरूको सराइ नै हो । त्यसैले करोडौं वर्ष पछाडिको पृथ्वीको कुरा गर्ने हो भने त्यो अहिले जस्तो अवश्यै हुने छैन । त्यसैले पृथ्वीको अहिलेको स्वरूप अन्तिम स्वरूप होइन । र, त्यस्तो अन्तिम स्वरूप भविष्यमा पनि कहिल्यै हुनेछैन ।

२ जोड २ बाट ४ हुन्छ । यो सत्य हो । तर यो सत्य आफैं पूर्ण छैन । किनकि यो एउटा विशुद्ध अंकगणितीय तर्क मात्र हो । यसको अर्थ उस्तै दुई बराबर परिमाण अर्को उस्तै दुई बराबर परिणामसँग जोड्दा उस्तै चार बराबर परिमाण हुन्छ भन्ने हो । तर यो अंकगणितीय तर्क विज्ञानका अन्य क्षेत्रहरूमा एउटै किसिमले लागु नहुन सक्छ । जस्तो कि सामाजिक विज्ञानमा मानवीय व्यवहारको कुरा गर्ने हो भने दुईजना उत्तिकै बलवान मानिसहरूले जति मात्राको काम गर्छन्, तिनीहरूमा अर्को उत्तिकै बलवान दुईजना मानिसहरू थपिँदा उनीहरू सबैले गर्ने कामको मात्रा ठीक दोब्बर नै हुन्छ भन्ने हुँदैन । त्यो दोब्बरभन्दा कम वा बढी पनि हुन सक्दछ । दुईजना मन परेका मान्छे थपिएमा सबैजना उत्साहित भएर चारैजनाले सामान्यतया गर्नेभन्दा बढी काम हुन पनि सक्छ । अथवा मन नपर्ने मान्छे थपिएमा चारै जनालाई दिक्क लागेर सामान्यतया चारजनाले गर्न सक्नेभन्दा कम मात्र काम पनि हुन सक्छ । समाज विज्ञानले यो कुरालाई प्रष्टसँग स्वीकारेको पनि छ । त्यसैले

२ जोड २ बराबर ४ लाई सबै क्षेत्रमा लागु हुने निरपेक्ष सत्यको रूपमा लिन मिल्दैन ।

पाठक मित्रले उठाउनु भएको सबभन्दा महत्वपूर्ण टिप्पणी समय चाहिं सापेक्ष हुन्छ कि निरपेक्ष हुन्छ भन्ने सवाल हो । उहाँ प्रश्न गर्नुहुन्छ, जसलाई हामीले माथि पनि उल्लेख गरिसकेका छौं- "जुम्ल्याहा बच्चामध्ये एकलाई ९९.९९ प्रतिशत प्रकाशको गतिमा अन्तरिक्षमा पठाउँदा ५० वर्षसम्म ऊ कसरी ६ महिनाको मात्र हुनसक्छ ? अन्तरिक्षमा पठाइरहँदा बच्चाको शारीरिक बनावटमा पो परिपक्वता र परिवर्तन नहोला, के त्यसकै आधारमा समय नै रोकियो वा ५० वर्ष ढीलो भयो भन्न मिल्छ ? समय त समान गतिमा कुदेकोकुद्यै, दिनपछि रात, रातपछि दिन त भएकोभयै हुन्छ नि हैन ? के बिग्रेको घडीको सूई नघुम्दैमा समय नै रोकियो, या ५० वर्ष अघि जन्मेको बच्चा नै ६ महिनाको भयो भन्न सकिन्छ ?"

पाठक मित्र, हामीहरूमध्ये अधिकांशको धारणा के रहेको छ भने समय निरपेक्ष छ । अर्थात् समय जुनसुकै स्थानमा र जस्तोसुकै अवस्थामा पनि एउटै हुन्छ । विज्ञानमा सत्रौं शताब्दीका महान् वैज्ञानिक सर आइज्याक न्यूटनको पनि यही धारणा रहेको थियो ।

तर समय निरपेक्ष हुन्छ भन्ने कुरो सत्य होइन भनेर बीसौं शताब्दीमा अर्का महान वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले प्रमाणित गरिदिए ।

समयको कुरो गर्दा यो के हो र यसको मापन कसरी हुन्छ भन्ने सवाल उठ्दछ ।

सामान्यतया हामी के देखिराखेका छौं भने, बिहान घाम उदायो, दिन शुरूभयो र साँझ घाम अस्ताएपछि रात शुरूभयो । त्यस्तै गरी भोलिपल्ट घाम उदाउँदा फेरि अर्को दिन शुरू हुन्छ । र, यो क्रमले दिनहरू हिजोबाट आज, आजबाट भोलि हुँदै बित्दै गएर हप्ता, महिना र वर्ष बित्न पुग्छ । यसबाट हामी एक खालको समयलाई अनुभूत गर्दछौं ।

समयको यही रूपलाई मात्र लिंदा पनि समय एउटै छैन । जस्तो कि पृथ्वीमा रहनेहरूको लागि दिन र रात जति लामो हुन्छ चन्द्रमा, मंगल ग्रह वा अन्य ग्रहहरूमा रहनेहरूको लागि दिन र रातको लम्बाई त्यति नै हुँदैन । किनकि आफ्नो धूरीमा रही पृथ्वीले जुन गतिमा आफ्नै फन्का मार्छ, चन्द्रमा लगायत अन्य ग्रहहरूले त्यही गतिमा मार्दैनन् । त्यसैले पृथ्वीभन्दा बाहिर अन्य ग्रह-उपग्रहहरूमा दिन र रात पृथ्वीमा भन्दा फरक हुन्छ । दिन र रात समयको एउटा रूप भएकोले समयको स्थानसँग अभिन्न तिनको नाता रहेको बुझिन्छ ।

अर्कोकुरा, पृथ्वीभित्रकै कुरा गर्ने हो भने पनि करोडौं वर्ष पहिलेको पृथ्वीको एकदिन, एकरातको लम्बाई र अहिलेको एकदिन, एकरातको लम्बाई फरक भइसकेको छ । किनकि करोडौं वर्ष पहिले पृथ्वीले आफ्नो धूरीमा जुन गतिमा आफ्नै फन्को मार्थ्यो, अहिले त्यही गतिमा मार्दैन । र, यो अझै क्रमशः परिवर्तित हुँदै गइरहेको छ । वैज्ञानिकहरूले के पत्ता लगाएका छन् भने करोडौं वर्ष पहिले पृथ्वीको एकदिन एकरात अहिलेको समयको इकाईको हिसाबबाट गणना गर्दा त्यो २४ घण्टा नभई २१ घण्टाको मात्र थियो ।

यसबाट अतीतदेखि वर्तमानसम्मको कुरा गर्दा समय सँधै एउटै रहेन भन्ने निष्कर्ष निस्कन्छ । यसले समय निरपेक्ष होइन, यो सापेक्ष हुन्छ भन्ने हामीलाई अनुभूत गराउँदछ ।

समयभित्र हेर्दा घटनाहरूको श्रृंखलावद्ध गति देखिन्छ । र, त्यही गतिले हामीलाई समयको अनुभूति दिन्छ । अघिल्लो र पछिल्लो घटनाको व्याख्याले गतिलाई जन्म दिन्छ । र, गतिले समयलाई जन्म दिन्छ । त्यसैले गति र समयको बीचमा अन्योन्याश्रित सम्बन्ध छ ।

घडीमा समयको सबभन्दा सानो इकाई सेकेण्ड हो । एक सेकेण्ड समयमा प्रकाश ३ लाख किलोमिटर हिंड्छ ।

वैज्ञानिकहरू अल्बर्ट माइकेल्सन र इडवार्ड मोर्लेको 'माइकेल्सन-मोर्लेको परीक्षण' (Michelson-Morley Experiment) नामले विश्वप्रसिद्ध परीक्षणको नतीजाको आधारमा महान वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले प्रकाशको गतिको सवालमा एउटा महत्वपूर्ण सिद्धान्त अगाडि ल्याएं । त्यस सिद्धान्तअनुसार अवलोकन-कर्ताहरू जुनसुकै गतिमा रहेका भएपनि सबैले प्रकाशको गति एउटै भएको पाउँछन् । अर्थात् प्रकाशको गति प्रतिसेकेण्ड ३ लाख किलोमिटर नै हुन्छ ।

अल्बर्ट आइन्स्टाइनको यो सिद्धान्त उनको विश्वप्रसिद्ध विशेष सापेक्षता सिद्धान्त (theory of special relativity) को एउटा महत्वपूर्ण भाग हो ।


प्रकाशको गति अवलोकनकर्ताको गतिसँग भर नपर्ने अर्थात् त्यो निरपेक्ष हुने तथ्यलाई आधार बनाई आइन्स्टाइनले आफ्नो 'विशेष सापेक्षताको सिद्धान्त'मा के व्याख्या गरे भने, बढी गतिमा रहेको व्यक्तिले कम गतिमा रहेको व्यक्तिले भन्दा समय ढीलो चलेको अनुभूत गर्दछ ।

आइन्स्टाइनले उदाहरण दिएका छन्- मानौं तीव्र गतिमा चलेको एउटा रेलमा यात्रा गरिरहेको एक व्यक्तिले रेलको सिलिङ्गमा रहेको बत्तीबाट निस्केको प्रकाश भुइंमा राखिएको ऐनामा ठक्कर खाई पुनः बत्तीसम्म फर्कन लाग्ने समय नाप्दैछ । ऊ के देख्दछ भने प्रकाश सिधा तल जान्छ र पुनः सिधा माथि फर्कन्छ ।

अर्को एक व्यक्ति रेलभन्दा बाहिर जमीनमा बसी रेलभित्रको त्यही प्रकाश सिलिङ्गबाट तल भुइंको ऐनासम्म पुग्न र ऐनाबाट बत्तीसम्म फर्कंदाको समय नाप्दैछ । आइन्स्टाइन के भन्छन् भने, रेल बाहिरको व्यक्तिले जसरी रेलभित्रको व्यक्ति, बत्ती र ऐना अगाडि सरेको देख्छ, त्यसरी नै बत्तीबाट निस्केको प्रकाशले सिधा तल जाने र सिधा माथि फर्कने नगरी त्यसले रेलको भुइंमा विकर्णरूपी (Diagonal) छड्के रेखा कोर्दछ । तसर्थ उसको अवलोकनमा प्रकाशले पार गर्ने दूरी बढी हुन्छ ।

तर सत्य तथ्य के छ भने, प्रकाशको गति सँधै समान हुन्छ । तसर्थ रेलको सिलिङ्गमा रहेको बत्तीको प्रकाश तल भुइंमा रहेको ऐनामा ठक्कर खाई पुनः बत्तीसम्म फर्कंदाको समय रेलभित्र यात्रा गरिहेको व्यक्तिले भन्दा बाहिर जमीनमा रहेको व्यक्तिले बढी भएको अनुभूत गर्दछ ।

*समय निरपेक्ष हुन्छ भन्ने कुरो सत्य होइन भनेर बीसौं शताब्दीमा अर्का महान वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले प्रमाणित गरिदिए*




त्यसैले बाहिर जमीनमा रहेको व्यक्तिको तुलनामा त्यस गतिशील रेलभित्र रहेको व्यक्तिको लागि समय ढीलो चल्छ ।

अल्बर्ट आइन्स्टाइनले आफ्नो विश्वप्रसिद्ध 'सापेक्षताको सिद्धान्त'मा गणितको सहारामा प्रमाणित गरिदिएको एउटा महत्वपूर्ण कुरो यही हो कि 'भ्याकुम' (Vacuum) मा प्रकाशको गति बाहेक निरपेक्ष मान्ने चीज केही छैन । न्यूटनले स्थान वा अन्तरिक्ष (Space) लाई सापेक्ष माने पनि समयलाई सापेक्ष मानेका थिएनन् । तर आइन्स्टाइनले समयसमेत पनि सापेक्ष छ भन्ने कुरा प्रमाणित गरिदिए ।

माथि भनिसकियो आइन्स्टाइनले देखाएअनुसार कम गतिमा रहँदा भन्दा बढी गतिमा रहँदा समय ढीलो चल्छ । कति बढी गतिमा कति समय ढीलो चल्छ भन्ने कुरो गणितबाट हिसाब गरेर निकाल्न सकिन्छ । अहिलेको विज्ञानमा यो नौलो र जटील विषय बन्न छोडिसकेको छ । वैज्ञानिकहरूले 'सापेक्ष समय' पछिल्लो भौतिक विज्ञानको निष्कर्षको रूपमा लिएका छन् ।

जुम्ल्याहा दुई बच्चामध्ये एक जनालाई ९९.९९ प्रतिशत प्रकाशको गतिमा अन्तरिक्षमा पठाउँदा ६ महिनाको हुँदा ऊ सँगै जन्मेको पृथ्वीमा रहेको अर्को बच्चा बच्चाको रूपमा बाँकी नरही ५० वर्षको बुढो मान्छे भइसक्छ । त्यसो भन्नुको अर्थ माथि उल्लेखित गतिमा रहँदाको ६ महिनाको समय र पृथ्वीको ५० वर्षको समय एउटै हो भन्नु हो । त्यसैले त्यस कुरालाई तर्कको तहमा नै बुझ्नु पर्छ । सत्य के हो भने अहिलेको वैज्ञानिक विकासको धरातलमा त्यो तर्कको रूपमा आएको उदाहरणलाई व्यवहारमा परीक्षण गर्नसक्ने स्थिति छैन ।

तर वैज्ञानिकहरूले आइन्स्टाइनको 'बढी गतिमा रहँदा समय ढीलो चल्छ' भन्ने सिद्धान्तलाई अन्य परीक्षणहरूबाट पुष्टी गरिसकेका छ । जस्तो कि, वैज्ञानिकहरूले अत्यन्तै ठीक समय दिने दुई पारमाणिक घडीहरू लिएर एउटालाई सुपरसोनिक जेट बिमानमा राखी पठाए । र अर्कोलाई जमीनमै राखीराखे । पछि सुपरसोनिक जेट बिमानमा रहेको घडी र पृथ्वीको सतहमा अचल अवस्थामा रहेको घडीको समय दाँजेर हेर्दा पहिलो घडी पछिल्लो घडीभन्दा केही ढीलो भएको पाइयो ।

तर त्यो घडी पाठक मित्रले भने जस्तै बिग्रेको घडी वा जेटमा राखीपठाएपछि बिग्रन गएको घडी होइन ।

माथि भनिसकियो कि घटनाहरूको क्रमिक श्रृंखला नै गति हो र गतिले नै समयको अनुभूत गराउँदछ । यहाँ घट भनेपछि ठूला-ठूला देखिने घटनाहरूलाई मात्र बुझ्नु बेठीक हुन्छ । परमाणुभित्र कणहरूको गतिविधि पनि घटना नै हो । प्रकाशको गतिको दाँजोमा आउने वस्तुको अणु परमाणुभित्रका सम्पूर्ण गतिविधिमा फेरबदल आउन सम्भव छ र त्यसले त्यस वरपरका सम्पूर्ण घटनाहरूलाई प्रभावित गरेको हुन्छ । र, यही कारणले गतिअनुसार घडीले फरक समय देखाउने मात्र होइन कि साँच्चै नै समयको चालमा नै फेरबदल आएको हुन्छ ।

पाठक मित्रले 'तातेको तावामा हात राख्दा' र 'प्रेयसीसँग गफ गर्दा'को समयलाई तुलना गरी २ मिनेट र २ घण्टा समय एकैफैं हुन्छ भनेर आइन्स्टाइनले दिएको उदाहरण भ्रमपूर्ण निष्कर्ष हो भन्नुभएको छ । पाठक महोदय, तपाईंको कुरो गलत होइन । तर आइन्स्टाइनले त्यो उदाहरणमा २ मिनेट र २ घण्टा समय साँच्चैकै एकै भयो भन्न खोजेका होइनन् । उनले त समयको अनुभूति सापेक्ष हुन्छ भन्ने कुराबाट साधारणभन्दा साधारण मान्छेलाई पनि समयको सापेक्षता बुझाउनको निम्ति मात्र त्यो उदाहरण प्रस्तुत गरेका हुन् । आखिर सामान्य व्यवहारमा अनुभूतिले नै त समयको मापन गरिन्छ नि ! होइन र ?

सामाजिक व्यवहारमा पनि आइन्स्टाइनको 'सापेक्षताको सिद्धान्त' लागु हुन्छ । जस्तो कि 'सुशीलले २५ वर्षमा पि.एच.डि. गरे । तर प्रतापले बल्ल ४५ वर्षमा पि.एच.डि. गरे' भन्ने कुरालाई विश्लेषण गर्दा सुशीलको २५ वर्ष र प्रतापको ४५ वर्ष बराबर भएको बुझिन्छ । त्यसैले पि.एच.डि. पास गर्नु घटना र वर्ष भनेको समय भएकाले एउटै घटनाका लागि सुशीलको घडी ढीलो र प्रतापको घडी चाँडो भयो । किनकि सुशीलको गति (पढाइको गति) बढी छ र प्रतापको ढीलो छ ।

द्वन्दवादी दर्शनले कुनै पनि कुरालाई गतिमा हेर्न सिकाउँछ । हरेक कुरा गतिमा रहन्छ भने हरेक कुरालाई सापेक्षतामा नै बुझ्नु सही हुन्छ । आइन्स्टाइनले समय समेत पनि सापेक्ष हुने कुराको उजागर गरेर उनले द्वन्दवादी दर्शनलाई नयाँ उचाई प्रदान गर्न मद्दत गरेका छन् ।


तर के कुरा बुझ्नु जरूरी छ भने, आइन्स्टाइनको 'सापेक्षताको सिद्धान्त' हाम्रो दैनिक व्यवहारमा भन्दा पनि ब्रम्हाण्डका रहस्यमय जटील प्रश्नहरू तथा दार्शनिक सत्यहरूलाई पुष्टी गर्न बढी उपयोगी हुने देखिन्छ । ❑

# मन्दिर उद्घाटनमा माओवादी, बोक्सी बकाउनेमा एमाले-माले

◆ चन्द्रदेव नेपाली ◆

*के विचार प्रष्ट नभएकाहरूलाई ने.क.पा. माओवादीले हातमा बन्दूक थमाउने गरेको र एमाले-मालेले चाहिँ चुनाव जित्छ भने दुई खुट्टामा उभिएको जुनसुकै प्राणीलाई पनि टिकट दिने गरेको हो ?*







❑ गत साउन २७ गते काभ्रे ज्याम्दी गा.वि.स. चण्डीबेसीमा श्रीकृष्ण मन्दिर उद्घाटन कार्यक्रममा कांग्रेसी सांसद राजेन्द्र खरेल र केही क्षेत्रीय स्तरका भनिएका स्थानीय माओवादी छापामारहरू हतियारसमेत उपस्थिति भएको र सँगै भाषण गरेको खबर अखबारहरूमा २८ गते छापिएको छ । सो कार्यक्रममा कांग्रेसी सांसदहरूले माओवादीहरूको प्रशंसा गरेर उनीहरूलाई फुर्क्याउन खोजेका र उपस्थित माओवादीहरूले 'टीका ग्रहण गरी एक आपसमा आत्मीयता प्रदर्शन गरेका थिए' ('राजधानी' साउन २८) । माओवादी काभ्रे-रामेछाप एरिया- ४ का सबएरिया कमाण्डर अमृत उर्फ भरत सापकोटालगायत अरू केही माओवादीहरूले पनि मंचबाट बोलेका थिए भनी समाचार छापिएको छ । यो समाचारलाई ने.क.पा. माओवादीले खण्डन गरेको छैन ।

❑ गत साउन ३० गते महोत्तरी जिल्लाको सिमरदही गा.वि.स.मा १५ सय महिलाहरूलाई अपमान गरी सार्वजनिक चौरमा दशौं हजार जनताकाबीच उनीहरूमध्येबाट बोक्सी पत्ता लगाउने भनी जंगली व्यवहार गरी स्थानीय स्वास्थ्य कार्यकर्ता प्रौढ महिला मरनीदेवीलाई मरणासन्न हुनेगरी कुटपीट गरियो । यो घिनलाग्दो कुटपीट र अपमानको घटनाले देश पूरै स्तब्ध बन्यो । संसद र जनस्तरबाट यस घटनाका दोषीहरूलाई कारवाही गर्नुपर्छ भनी पहल पनि भयो ।

यस जंगली घटनाको मूलकर्ता पात्र रहेका छन्- पहिले एमालेमा रहेका र हाल मालेतिर लागेका भनिएका सो गा.वि.स.का अध्यक्ष नवल किशोर सहनी । त्यस गाउँमा केही हप्ताअघि मरेको कुनै युवक बोक्सी लागेर मरेको ठहर गरी मृत युवकको बाबुको साथ लागेर निज गा.वि.स. अध्यक्षले नै अग्रसरता लिई भारतबाट झाँक्री बोलाई, गाउँले महिलाहरूलाई धम्कीसहितको उर्दी जारी गरेर उपस्थिति गराई उनले यत्रो निन्दनीय र जघन्य घटनाको अगुवाइ गरेका थिए ।

माथि उल्लेख गरिएको पहिलो घटनामा देखिन्छ- भौतिकवादमा पनि सबैभन्दा बैज्ञानिक बाटो द्वन्दात्मक-भौतिकवादप्रति आस्थावान भनिएको ने.क.पा. माओवादीका केही कार्यकर्ताहरू आध्यात्मवादको जगमा खडा गरिएको कृष्ण मन्दिरको उद्घाटनमा सहभागी भए । मन्दिर स्थापनामा उनीहरूको सक्रिय समर्थन रहेको पाइयो । समाजमा आमजनताको चेतना स्तरलाई अबैज्ञानिक, रूढीवादी, अन्ध-धार्मिक हुनुबाट जोगाई बस्तुवादी, यथार्थवादी बनाउनेसमेत संकल्प बोकेर ने.क.पा. माओवादीमा ज्यू-ज्यान अर्पेर लागीपरेका कार्यकर्ताहरूको यो खाले व्यवहार एकदमै विसंगतिपूर्ण र आत्मघाती व्यवहार हो । हो, जनतालाई आ-आफ्नो आस्थाअनुसार धार्मिक स्वतन्त्रता दिनुपर्छ । तर कम्युनिष्टहरू आफैले पनि सार्वजनिक सहभागीको रूपमा धार्मिक समारोहमा भाग लिने अग्रसरता लिनु कत्तिको जायज र नैतिक हुन्छ ? -यो गम्भीर रूपले विचारणीय प्रश्न हो ।

हो, व्यवहारमा मान्छे लचिलो बन्नुपर्छ । तर व्यवहारमा लचिलो बन्ने नाममा आफ्नो आस्था र निष्ठा विपरीतकै काम पनि गर्नु भनेको चाहिँ व्यवहारवाद हो, जसलाई एउटा अवसरवादकै रूपमा लिइने गरेको छ । अहिले ने.क.पा. माओवादीका मित्रहरूले 'घोर दक्षिणपन्थी संशोधनवादी' भनेर एमाले-मालेलाई आलोचना गर्ने गर्नुहुन्छ । हो, एमाले-मालेहरू पनि यही व्यवहारवादकै शिकार भएर नै यहाँसम्म आइपुगेका हुन् । प्रकृया यही हो । कुरा ठूला गर्ने र मित्रहरूलाई विभिन्न आरोपले प्रहार गर्न पछि नपर्ने तर सामाजिक व्यवहारमा उत्रेपछि त्यस व्यवहारका क्रममा लचिलो हुने नाममा सारा सिद्धान्त र आस्था नै त्यागीदिने ।

कामको क्रममा के गर्ने, के नगर्ने भन्ने विषयमा धारणा बनाउने यस्तो गलत प्रकृयालाई ने.क.पा. माओवादीले

आफ्ना पार्टीपंक्तिहरूबाट उन्मूलन नगर्ने हो भने ऊ पनि अन्ततः अवसरवादको खाडलमा जाकिने संभावना प्रवल रहेको छ ।

वास्तवमा, ठूलो ठूलो परिवर्तनको पक्षमा कडाकडा कार्यशैलीहरू बोकेर हिंडेको ने.क.पा. माओवादीको यो कामजोरीको जरो हो- कार्यकर्ता पंक्तिमा वैचारिक प्रस्टताको काम कम गर्नु । यही एउटा घटनाले समग्र माओवादी पंक्तिकै मूल्यांकन गर्नु बेठीक हुन्छ र पनि यस घटनाले संकेत गर्ने कुरो भने त्यही नै हो । ती ती कार्यकर्ताहरूमा धर्मबारे सही सही धारणा र कम्युनिष्टहरूले धर्मलाई समाजमा कसरी बैज्ञानिक तरीकाले व्यवस्थापन गर्ने भन्ने सही सोच-शैली नभएको कारणले नै उनीहरू 'कुहिरोको काग' भएर कृष्ण मन्दिर उद्घाटन कार्यक्रममा सरिक भएका हुन् । र, मन्दिर स्थापनाको अगुवाइ गरेका हुन् ।

एकातिर यस्तो स्थिति छ भने, अर्कातिर पश्चिम नेपालका कतिपय भेगहरूमा ने.क.पा. माओवादीका कार्यकर्ताहरूले देवी-देउताका मन्दिरहरू भत्काइदिने काम पनि गरिरहेका छन् । उदारहणका लागि गत भाद्र ५ गते जाजरकोटमा शकला गा.वि.स. नायक वाडा गिरी, मैना गाउँ, सुवाकोट, लुहाग स्याला समेतका नौ वटाभन्दा बढी नै देवी देवताका मठ तथा थानहरू उनीहरूले भत्काइदिएका छन् । धामी-झाँक्रीको टुपी काटिदिएका छन् । साउन पूर्णिमाको पर्वको बेला उनीहरूले यसो गरेका हुन् ।

मन्दिर उद्घाटन एउटा 'अति' हो भने यो मन्दिर ध्वंस अर्को 'अति' हो ।

जनता आफ्नो आस्था र विचारको तहमै धर्म, देउता र चाड पर्वहरूप्रति बैज्ञानिक रूपले प्रष्ट भएका खण्डमा जनता आफैंले मूर्तिपूजा र महँगो जात्रा, भोज त्याग्न थाल्छ । यसरी वैचारिक रूपमा जनता तयार नहोउञ्जेल भने क्रान्तिकारीहरूले उनीहरूलाई दार्शनिक र वैचारिक रूपले प्रशिक्षण दिनुपर्छ । एकाएक बन्दूकका भरमा लाद्ने बस्तु हैन संस्कृति भनेको । प्रशासनिक र सैनिक तरीकाले जनतामाथि यसरी लादेको भरमा नयाँ संस्कृति स्थापित हुँदैन ।

यो कुरा नै प्रष्ट नभएकाहरूलाई ने.क.पा. माओवादीले हातमा बन्दूक थमाएर आफ्नो कार्यकर्ता बनाएको देखिन्छ । यदि यो प्रवृत्ति ने.क.पा. माओवादी पार्टीभित्र आम प्रवृत्तिकै रूपमा रहेको छ भने त्यो एकदमै चिन्ताजनक प्रवृत्ति हो । 'हातलाई सशस्त्र गर्नुअघि दिमागलाई सशस्त्र गर्नुपर्छ' भन्ने मार्क्सवादी भनाइ व्यवहारमा लागु नहुने हो भने भोलि पार्टीभित्र कसले, कुन बेला व्यवहारमा के गर्छ भन्ने कुरामा माओवादी नेतृत्वले ग्यारेन्टी गर्न सक्ने स्थिति रहने छैन । मन्दिर उदघाटनमा सामेल हुने 'अति' वा मन्दिर भत्काउने 'अति'हरू यस पार्टीका नियमित

*रा.प्र.पा. र सद्भावना पार्टीहरूलाई समाजमा वैज्ञानिकता होइन, सामन्तवाद पक्षधर अबैज्ञानिकता नै टिकाइराख्नु छ, त्यसैले उनीहरूको ध्यान बैज्ञानिकताको पक्षमा रहने गरेकै छैन । प्रजातान्त्रिक समाजवादी हुँ भन्ने नेपाली कांग्रेस पनि सांस्कृतिक-वैचारिक क्षेत्रमा यिनीहरूभन्दा फरक छैन ।*



*गाविस अध्यक्ष नवल किशोर सहनीको अगुवाईमा बोक्सीको आरोपमा कुटिएकी समाजिक कार्यकर्ता मरनीदेवी*

घटनाहरू हुनेछन् ।

माथि महोत्तरी सिमरदही घटनामा पूर्व एमाले र हालको माले कार्यकर्ता गा.वि.स. अध्यक्षको भूमिका पनि यही वैचारिक रूपले तयार नभएको मान्छेलाई पार्टीले आफ्नो मान्छे बनाएर आफ्नो स्थानीय प्रतिनिधि हुनुको पगरी गुथाइदिनुको परिणाम हो । एमाले खराव भयो भनेर 'असल' पार्टी बनाउन मालेतिर लागेको नवल किशोर सहनीको वैचारिक सांस्कृतिक स्तर शरमलाग्दो देखियो । एउटा वामपन्थी कार्यकर्ताले त गाउँमा हुने रूढीवादका विरूद्ध जुध्नु पो पर्थ्यो, बोक्सी र झाँक्री भनेका झूठा र अन्धविश्वासी कुरा हुन् भनेर जनतालाई बुझाउनु पो पर्थ्यो । सिमरदहीमा भएकोजस्तो घिनलाग्दो प्रथाको विरूद्ध त ऊ एक्लै पनि जुध्नु पो पर्थ्यो ।

यो सब नगरी, जब नवल किशोर सहनी यो कुहिएको जंगली विश्वास रूपी बोक्सी र झाँक्री प्रथाको पक्षमा सयौं महिलाहरूलाई अपमान गर्न र कयौंलाई कुटपीट गर्न आफैं तम्सिन्छन्, अगुवाई गर्छन्, तब समाजका अगुवा हुँ भन्नेहरूले तीनपल्ट निधार खुम्च्याएर सोच्नुपर्ने हुन्छ । त्यस्तो रूढीवादको घरलाई एमालेले कसरी पार्टीमा भित्र्यायो, मालेले कसरी आफ्नो प्रतिनिधि बनाइराख्यो ? यत्रो समयसम्म निजलाई यी पार्टीहरूले वैचारिक-सांस्कृतिक रूपले किन प्रशिक्षित गरेनन् ? किन योग्य बनाएनन् ?

एमाले-मालेले चुनाव जित्छ भने दुई खुट्टामा उभिएको जुनसुकै प्राणीलाई पनि टिकट दिने र त्यसरी टिकट दिएर पार्टीमा भित्र्याएको प्राणीलाई प्रगतिशील विचार र आचरणबारे पटक्कै प्रशिक्षण नदिने, सचेत नगराउने प्रवृत्तिको परिणाम हो- सिमरदही काण्ड । यो काण्डजस्तो लाजमर्दो काण्ड घटित गर्ने स्तरका जिम्मेबार कार्यकर्ताहरू एमाले-मालेमा अरू पनि थुप्रै हुनसक्छन् । यस दिशामा यी पार्टीहरूको ध्यान जाने कि नजाने ?

(यस्तै व्यवहार यही भाद्रको दोस्रो साता कपिलवस्तु जिल्ला, मोतिपुर गाविस वडा नं.- ४ का एमाले वडाध्यक्ष रूक्मागत पन्थसहितका व्यक्तिहरूले प्रदर्शित गरेका छन् । उनीहरूले स्थानीय महिला ५५ वर्षीया तारामती गुरूङ्गलाई बोक्सीको अरोप लगाए । अनि उनलाई तातो पानी खन्याउने, पन्यू तताएर डाम्ने, बाँणगंगा खोलामा लगेर चोपल्ने र छेपारो टोक्न लगाउने जस्ता क्रूर र अमानवीय व्यवहार गरे ।)

बस्तुतः माथि उल्लेख गरिएका व्यवहारिक उदाहरणहरूमा संगेटिएको प्रवृत्ति भनेको संगठनभित्र उन्नत वैचारिक-सांस्कृतिक सचेतनालाई कम महत्व दिने वा महत्व नै नदिने हाम्रा पार्टीहरूको प्रवृत्तिको द्योतक हो । यो ने.क.पा. माओवादी वा ने.क.पा. एमाले-मालेको मात्र समस्या होइन । यो समस्या सबै पार्टीहरूमा फरक फरक मात्रामा विद्यमान रहेको छ । रा.प्र.पा. र सद्भावना पार्टीहरूलाई समाजमा वैज्ञानिकता होइन, सामन्तवाद पक्षधर अबैज्ञानिकता नै टिकाइराख्नु छ, त्यसैले उनीहरूको ध्यान बैज्ञानिकताको पक्षमा रहने गरेकै छैन । प्रजातान्त्रिक समाजवादी हुँ भन्ने नेपाली कांग्रेस पनि सांस्कृतिक-वैचारिक क्षेत्रमा यिनीहरूभन्दा फरक छैन । पूंजीवादको स्थापना गर्ने हदको बैज्ञानिक संस्कृति पनि यसको एजेण्डा बनेको छैन । वामपन्थी पार्टीहरूमा एमाले-मालेमा 'चुनाव जित्न सबैलाई खुसी पार्ने' नियतका कारण बैज्ञानिक चेतना र संस्कृतिको पक्ष एकदमै ओझेलमा परेको छ भने बाँकी अरू पार्टीहरूले पनि यो पक्षमा पर्याप्त महत्व दिइरहेका छैनन् । आफ्नो पार्टी र त्यसको तात्कालीन 'लाइन'लाई समर्थन गर्ने र त्यसनिम्ति सक्रिय हुने : दुईवटा शर्त पूरा गर्ने जो-कोही व्यक्ति पनि उनीहरूका 'आफ्ना मान्छे' भैहाल्छन् । अनि ऐन मौकामा, व्यवहारमा, काम आइपर्दा उनीहरूभित्रको अवैचारिकता र असांस्कृतिकपन बाहिर देखापरिहाल्छ, जसरी माथिका उदाहरणहरूमा देखापरे । ❑

केन्द्रीय प्रचार विभाग, नेकपा एमालेद्वारा प्रकाशित

**मुक्तिमोर्चा**

त्रैमासिक रूपमा
नियमित प्रकाशित भैरहेको छ ।

कविता, गीत-गजल, कथा, लेख निबन्ध, यात्रा संस्मरण, समालोचना, विशेष अन्तर्वार्ता लगायतका विविध साहित्यिक विधाहरुको संगालो !



नयाँ अंक
बजारमा उपलब्ध छ

# महिला स्वास्थ्यको लागि उपयोगी दुई पुस्तक




सम्पत्तिको अधिकारबाट ठगिएका महिलाहरु अरु पनि हरेक क्षेत्रमा ठगिएका छन् । उनीहरु आवश्यक शिक्षा प्राप्त गर्न र स्वस्थ जीवन बिताउनसमेत पछाडि परेका छन् । पुरुषप्रधान समाज भएको कारणले हाम्रो समाजमा महिलाहरु दोस्रो दर्जाका नागरिकको रुपमा बाँचीरहेका छन् । पोषणतत्वको अभावले गर्दा करीब ७०/८० प्रतिशत महिलाहरु रक्तअल्पताको रोगले ग्रसित छन् । नेपालका अधिकांश महिलाहरु 'डाक्टरको सेवा' प्राप्त गर्न नसक्ने ठाउँमा बसेका छन् भने कति महिलाहरु गरिबीको कारणले गर्दा रोगको उपचार गर्न नपाई मृत्युको मुखमा होमिन पुगेका छन् । अझ कति महिलाहरु त आफ्नो स्वास्थ्यको बारेमा आवश्यक सामान्य कुराहरुसमेत थाहा नपाएर दुःख पाइरहेका छन् र अकालमा मरिरहेका पनि छन् ।

त्यस्तै महिलाहरुलाई लक्षित गरेर एउटा पुस्तक प्रकाशित भएको छ– 'महिलाहरुको लागि डाक्टर नभएमा' । यस पुस्तकले महिलाहरुलाई आफ्नो स्वास्थ्यको हेरचाह कसरी गर्ने, सानातिना रोगहरुको उपचार कसरी गर्ने, कुन अवस्थामा स्वास्थ्य चिकित्सकहरुको सल्लाह लिने आदि कुरा सिक्न मद्दत गर्छ । यतिमात्र नभई यो पुस्तकबाट सामुदायिक स्वास्थ्य कार्यकर्ताहरुले समेत महिलाहरुलाई उनीहरुको स्वास्थ्यमा सुधार गर्न के कसरी मद्दत गर्नुपर्छ भन्ने कुरा पनि सिक्न सक्छन् ।

यसका साथै यस पुस्तकबाट महिलाहरुको स्वास्थ्यमा परिवर्तन ल्याउन पुरुष, परिवार तथा समुदायले कसरी मद्दत गर्न सक्छन् ? महिलाहरुको स्वास्थ्य सुरक्षाको लागि सरकारसँग के कुराको माग गर्नुपर्छ ? रोगी तथा स्वास्थ्य चिकित्सकहरुको अधिकार र कर्तव्य के के हुन् ? परिवार र बच्चाहरुलाई कसरी एउटा सक्षम नागरिक बनाउन सकिन्छ भन्ने कुराहरु पनि राम्रोसँग थाहा पाउन सकिन्छ ।

साधारण महिलाहरुले पनि सजिलैसँग बुझ्न सक्ने गरी यो पुस्तक अत्यन्त सरल भाषामा, ठाउँ ठाउँमा कथा तथा चित्रहरुसमेत समावेश गरेर लेखिएको छ । र, यस पुस्तकको अर्को महत्वपूर्ण पक्ष हो– पुस्तकको अध्ययनपछि यसले मानिसहरुमा पैदा गर्ने सामूहिक भावना ।

यो पुस्तक विभिन्न देशका महिलाहरुको सामूहिक छलफलबाट निस्केका नतीजाहरु र स्वास्थ्यक्षेत्रमा कार्यरत विशेषज्ञहरुको समेत सल्लाह लिएर तयार गरिएको छ । त्यसैले यो पुस्तक महिलाहरुको स्वास्थ्यमा सुधार ल्याउन चाहने जोसुकैलाई पनि उपयोगी हुनसक्छ ।

ए. अगष्ट बर्न्स, रोनी लोभिक, जेन म्याकसेल, क्याथरिन शापिरोद्वारा लिखित र स्यान्डी निम्यानद्वारा सम्पादित दी हेस्पेरियन फाउन्डेसन बर्कले, क्यालिफोर्निया, यु.एस.ए.बाट प्रकाशित अंग्रेजी संस्करणबाट नेपालीमा अनुवाद गरिएको पुस्तक हो यो । यसको नेपाली अनुवाद दामोदर उपाध्याय, ध्रुवबाबु नेपाल, आनन्दकुमार राई, चन्द्रकिरण श्रेष्ठ, सरोज कोइराला, सुजन वन्त र शोभा गौतमले गरेका हुन् भने यसको सम्पादन कोमल भट्टराई, शरद वन्त र अरुणा उप्रेतीबाट भएको हो ।

यो पुस्तकको नेपाली संस्करणको प्रकाशक हुन्– ग्रामिण स्वास्थ्य तथा शिक्षा सेवा गुठी (रेस्ट–नेपाल) र जनस्वास्थ्य सरोकार ट्रष्ट (फेक्ट नेपाल) । ❑




महिलाहरूकै स्वास्थ्यको लागि एउटा अर्को लाभदायक पुस्तक 'तपाईंको स्वास्थ्य तपाईंकै हातमा' प्रकाशित भएको छ । यो पुस्तककी लेखिका हुनुहुन्छ– डा. अरूणा उप्रेती । उहाँले विभिन्न समयमा लेख्नुभएका लेखहरू संकलन गरेर अस्मिता प्रकाशन गृह, संचार तथा स्रोत संस्थाले यो पुस्तक प्रकाशित गरेको हो ।

यो पुस्तक खास गरेर हामीले दैनिक रूपमा खाने खाना र त्यससँग जोडिएको स्वास्थ्यसँग सम्बन्धित छ । हिजोआज संचार माध्यमबाट प्रसारित गरिने तयारी खानाबाट नेपालीहरू, विशेष गरेर शहरियाहरू प्रभावित भएका छन् । धेरैजसो आमाबाबुहरू बच्चाहरूलाई स्कूलमा खाजा पठाउँदा बजारमा पाइने बिस्कुट, चाउचाउ, चीजबलजस्ता खाद्य पदार्थ दिने गर्छन् । केटाकेटीहरू पनि बजारकै तयारी खाद्य वस्तुहरू खान रूचाउँछन् । घरमा खाजा पनि प्रायः गरेर चाउचाउ तथा पाउरोटी खाने गर्छन् । तर यस्ता खानेकुराहरूबाट हाम्रो स्वास्थ्यमा कस्तो नराम्रो असर पर्नसक्छ भन्ने कुरा ती आमाबाबुहरूलाई थाहा छैन । बजारमा पाइने तयारी खाद्य पदार्थहरूमा घरमा बनाइने खानाहरूमा भन्दा अत्यन्त कम पोषणतत्व हुन्छ । यस्ता खानाहरूको बढी प्रयोग गर्दा बच्चाहरू कुपोषित भई अनेक खालका रोगहरूको शिकार बन्न थालेका छन् ।


यसरी बजारमा पाइने तयारी खाद्यवस्तुबाट नराम्ररी प्रभावित भएकाहरूको लागि यो पुस्तक अत्यन्त उपयोगी छ । यस पुस्तकमा बजारमा पाइने तयारी खाद्य पदार्थको तुलनामा घरमा नै बनाइने खाद्य पदार्थहरू धेरै सस्तो र पोषणयुक्त हुन्छ, पोषणयुक्त खानाको अभावमा के कस्ता रोगहरू लाग्न सक्छन्, घरमै भएका कुन कुन खाद्य पदार्थमा के कति कार्वोहाइड्रेट, प्रोटिन तथा रेसादार पदार्थ हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ । यसका साथै खाद्य वस्तु र घरमा पाइने परम्परागत खाद्य वस्तुमा मूल्य कतिको फरक हुन्छ भन्ने कुरा पनि दिइएको छ ।

यसबाहेक यस पुस्तकमा सानातिना रोगहरू घरको भान्छामै पाइने लसुन, प्याज, जिरा, बेसार, मेथी, अदुवा, पानी आदिबाट निको हुनसक्ने र तिनको उपयोग कसरी गर्ने भन्ने कुरा पनि दिइएको छ । यस पुस्तकमा महिलाहरूको महिनावारी हुने कारण, त्यसबेला हुने समस्या तथा समस्याको समाधान, उनीहरूमा हुने मुत्रनलीको संक्रमण र ढाड दुख्ने समस्याका कारण र समाधानबारे पनि विस्तृत रूपमा उल्लेख गरिएको छ ।


त्यसैले यो पुस्तक हरेक परिवारको लागि उपयोगी छ र यो संकलन याग्य छ ।

❑ मुक्ता श्रेष्ठ


## ◄ उल्लेख्य




**दशैं खर्च**
विधा : लघुकथा
लेखक : नारायण तिवारी
प्रकाशक : साझा प्रकाशन
पृष्ठ : ८६
मूल्य : रू. २५/-



**जनयुद्धको सेरोफेरोभित्र महिला र बालकालिका**
विधा : स्थलगत अध्ययनको रिपोर्ट
लेखक : शोभा गौतम
प्रकाशक : मानव अधिकार संचार प्रतिष्ठान, नेपाल
पृष्ठ : १३९
मूल्य : उल्लेख नभएको




**अदृश्य पीडा**
विधा : लघुकथा
लेखक : नवराज रिजाल
प्रकाशक : प्रज्ञापन प्रकाशन, नेपाल
पृष्ठ : ७६
मूल्य : रू. ३५/-

◀ अन्तर्क्रिया

# पूँजीवादको बदलिंदो स्वरूप

◆ माधव कुमार नेपाल
❑ झलनाथ खनाल
◆ सि.पी मैनाली
❑ टंक कार्की
◆ हरि रोका
❑ परी थापा
◆ गंगाप्रसाद चौधरी
❑ डा. डिल्लीराज खनाल
◆ सीताराम तामाङ्ग
❑ विमल फुयाँल
◆ गोविन्द न्यौपाने
❑ महेश्वरमान श्रेष्ठका टिप्पणीहरूबारे
**डा. चैतन्य मिश्रको** प्रत्युत्तरको बाँकी अंश

## मूल्यांकनको अंक ७९,८०,८१ मा प्रकाशित डा. चैतन्य मिश्रको लेखमाथि भएको विचार अन्तर्क्रियाको अन्तिम अंश



*डा. चैतन्य मिश्र*

*अब छोटो चर्चा गरौं, नेपाललाई 'अर्ध-औपनिवेशिक' भनेर के बिग्रियो त ?'*

अब छोटो चर्चा गरौं, नेपाललाई 'अर्धऔपनिवेशिक' भनेर के बिग्रियो त ? भन्ने प्रश्नको विश्वऐतिहासिक सन्दर्भका बारेमा । विश्व औपनिवेशिक सन्दर्भ हो विशिष्ट पूँजीवादजन्य ऐतिहासिक परिस्थिति जहाँ मूलतः ८-१० यूरोपीय मुलुकहरूले विश्वका अन्य खासखास भूभाग, अर्थतन्त्र, राज्यतन्त्र, संस्कृति र श्रमिकहरूलाई आपसमा 'अंशवण्डा' गरेर लिए । यो 'अंशवण्डा' अत्यन्त संघर्षमय, रक्तपातपूर्ण रह्यो, दुई पृथक क्षेत्रमा । एक, औपनिवेशिक मुलुकहरूकै बीचमा । यी बीच 'बाँडफाँड'लाई लिएर लामा-लामा र घोर घमासान युद्ध भइ बस्यो । यहाँसम्म कि दुईवटै विश्वयुद्धका प्रमुख कारकहरूमध्ये एक यो 'बाँडफाड' नै थियो । दुई, यस्तो संघर्ष र रक्तपातपूर्ण अझ लामो घमासान र रक्तपातपूर्ण भयो, औपनिवेशिक शक्ति र शासितको बीचमा भिन्दाभिन्दै मोर्चाहरूमा । यस्तो औपनिवेशिक बाँडफाडको उद्देश्य रह्यो । - त्यस्तो श्रम र सामानको बजारको नियन्त्रण र निर्माण जुन अन्य औपनिवेशिक शक्तिहरूबाट अभेद्य छ र स्थानीयविरोधी शक्तिहरूबाट पनि । अर्थात्, औपनिवेशिक श्रम र सामानको बजार 'बन्द-बजार' को हो, यो अर्थमा कि- खास उपनिवेश, खास यूरोपीयन शक्तिको प्रभुत्व वा प्रत्यक्ष शासनअन्तर्गत हुन्थ्यो, त्यहाँको श्रम र सामानको बजार अन्य यूरोपीयन र स्थानीयविरोधी शक्तिको लागि बन्द, अभेद्य हुन्थ्यो । यद्यपि यो अभेद्यता आर्थिक र बजार क्षेत्र र यिनलाई निश्चित 'गर्ने राजनैतिक र सामरिक क्षेत्रमा मात्र सीमित थिएन । भाषा, धर्म, शिक्षा, सञ्चार आदिका क्षेत्रहरूमा पनि यी अभेद्य र 'बन्द' नै रहे ।

तर पूँजीवादी उत्पादन शक्तिको विकास र यसैमा आधारित पूँजीवादी विश्वव्यापीकरणले यस्तो 'बन्द' चरित्रको, मूलतः राजनैतिक र सामरिक रूपले बाँडफाँड गरिएको त्यस श्रम, सामान, बित्त आदि व्यवस्थामाथि धावा बोल्यो । यी दुईबीचको संघर्ष धेरै ठाउँमा र लामै समयावधिसम्म मुखरित रह्यो । यो संघर्ष दोस्रो विश्वयुद्धको रूपमा चुलीमा पुग्यो । यो युद्धले यूरोप, उपनिवेशबाद र 'बन्द' बजार व्यवस्थालाई हरायो र संयुक्त राज्य अमेरिका, पूँजीवादी परिधिभित्रको 'सार्वभौम' र स्वतन्त्र राज्य र विश्वव्यापी रूपमा 'खुला' बजार व्यवस्थालाई जितायो । प्रत्यक्ष औपनिवेशिक, राजनैतिक, सामरिक र हैकमयुक्त शासनको अन्त्य गर्‍यो । अनेक पूँजीवादी असमानता सहितको संयुक्त राष्ट्रसंघ र यसका निकायहरू, विश्वबैंक र सबै राज्यहरूको बराबरी कानूनी हैसियत रहेको विश्वव्यापार संगठनको निर्माण गर्‍यो । पूँजीवादी परिधिभित्र राष्ट्रहरूबीच स्वतन्त्र सम्बन्ध स्थापित गरायो । अन्तर्राज्यीय विश्वसंरचना खडा गर्‍यो ।

के यी परिवर्तनहरूले विश्वमा नेपाललगायतका विभिन्न राज्य र जनताका लागि र भविष्यको इतिहास निर्माणको लागि कुनै विशिष्ट अर्थ राख्दैनन् ? भारत वा चीनको लागि र नेपालको लागि यो नयाँ विश्वसंरचनाले नयाँ स्थिति खडा गरेन ? यो विश्व स्थितिको सामना नयाँ र विशिष्ट किसिमले गर्नु परेन ? के उल्लिखित परिवर्तनहरू 'विश्वऔपनिवेशिक'कालमा सम्भव थिए ? अथवा उपनिवेशवादको ध्वंशले नै यी परिवर्तनहरू ल्याएका हुन् ?

कसैलाई यो लाग्छ भने कि परिवर्तन राम्रै हुनुपर्छ, गरीबी घटाउनुपर्छ, धनी बनाउनुपर्छ, असमानता घटाउनुपर्छ, सके निर्मूल नै गर्नुपर्छ- यो परिवर्तनले पक्कै पनि त्यसो गरेन । उल्टो, धेरै देशभित्र र विश्वतहमा असमानता द्रुत गतिले बढ्यो, बढ्दैछ । गरिबी प्रशस्त छ, कतिपय मुलुक र स्थानमा गरिबी बढ्दैछ । तर पूँजीवादी प्रक्रियाभित्र यो स्वाभाविक पनि हो । उपनिवेशवाद छैन, तर साम्राज्यवादी विश्वव्यापी पूँजीवाद त अघि बढ्दैछ । हामी मूलतः यही विश्वव्यापी पूँजीवादी साम्राज्यवाद अथवा एकाधिकारी पूँजीवादअन्तर्गत छौं । उपनिवेशवाद वा नव-उपनिवेशवादअन्तर्गत होइन । यी दुई पृथक र अन्तरविरोधी संरचना हुन्, एकमा भएपछि अर्कोमा होइन्न । एकमा गर्न सकिने, गर्न हुने, गर्नैपर्ने काम अर्कोमा गर्न सकिन्न, गर्नुपर्ने नै हुँदैन । हामी दुवै संरचनामा एकै पटक हुनै सक्दैनौ ।

माधव नेपालजीको प्रतिक्रिया समष्टिगत रूपमा अत्यन्त सन्तुलित छ । नेपाल अर्धसामन्ती र अर्धऔपनिवेशिक हो वा होइन भन्नेबारेलाई लिएर उहाँले तीखो प्रहार गर्नुभएको छ । यो प्रतिक्रिया स्वागतयोग्य छ, यद्यपि म उहाँलाई पनि यसबारेको सूचना र ज्ञान लिन माथि दिइएका लेख, पुस्तक अध्ययन गर्नुहुन आग्रह गर्दछु ।

जहाँसम्म "एउटा विषयवस्तुमा बाँधिएर एक लेखमा एउटा निर्दिष्ट उद्देश्य हासिल गर्नका लागि" हुनुपर्थ्यो भन्ने प्रतिक्रिया छ, त्यसमा मेरो सहमति मात्रै छैन, मैले गर्न खोजेको पनि त्यही नै हो । लेख तीनपटक गरी आयो, यसले गर्दा केही छितरिएको अनुभव भयो, पाठकहरूलाई पक्कै पनि । यसमा म क्षमा-प्रार्थी छु । तर यसबाहेक भने लेखको विषय-वस्तु त उही हो, "नाशवान पूँजीवादका



*माधव नेपाल*

## नाशवान पूँजीवादका विशेषताहरु के हुन् ?

विशिष्टताहरू" । मेरो प्रयत्न एउटा लेखको लम्बाइ, आकार आदिको सीमाभित्र रहेर विश्व इतिहासको ४०० वर्षभित्रको उतारचढावसहितको ऐतिहासिक संश्लेषण गर्दा विश्लेषण-प्रधान, घटना-प्रधान, स्थान-प्रधान, अवधि-प्रधान हुन नसकेको हो । यसबारे माथि पनि केही भनिसकेको छु । यस कारणले "विचारको स्वच्छन्द उडान"बारे मेरो मतभेद छ । टंक कार्की र माधवजी आफैंले भन्नुभएभैं, "आधिकारिक" जकडबाट बेलाबेलामा र कोही कसैले पन्छिनु उपयोगी हुन्छ ।

हरि रोकाजी र गंगा चौधरीजीका केही समान प्रतिक्रिया छन् । सम्बन्धित प्रश्नहरू गहन र जटिल छन् । के लेखमा सामन्तवाद र पूँजीवादको प्रस्थापना विन्दु यूरोपमुखी भएन र ? के पूँजीवाद यूरोपबाट शुरू भएको हो र ? भन्ने प्रश्न छन् । चौधरीजीले त ठोकेर भन्नुभएको छ, पूँजीवादको जन्मथलो भारतीय महाद्वीप नै हो, यूरोप होइन ।

यी प्रश्नहरू उठाउनु भएकोमा धेरै धन्यवाद । लेखमा त होइन, तर आजको प्रस्तुतीकरणको शुरूमै मैले यी ऐतिहासिक-वैचारिक समस्याहरूबारेमा ५-७ वाक्यमा संक्षेप गरेको थिएँ । तर त्यो संक्षेप अत्यन्त अपुग थियो ।

सारमा र फेरि पनि संक्षेपमा- यो सत्य हो कि सामन्तवादबारेको यावत 'विश्वप्रसंग' यूरोपीय इतिहास र अनुभवमा केन्द्रित हुनेगरेको छ । सामन्तवादबारेको यस्तो यूरोपमुखी दृष्टिकोण गलत रह्यो, विश्वका विभिन्न क्षेत्रमा सामन्तवाद एक होइन, अनेक रूपले प्रकट भए, यिनका आकृति र अभिलक्षण छुट्टाछुट्टै रहे भन्नेबारे गएको २५-३० वर्षमा निकै विचार, लेखहरू हाम्रो सामु आएका छन् । सोचको यो दिशा सही हो भन्ने मलाई पनि लाग्छ । तर एशियामा, दक्षिण एशियामा र नेपालमा यूरोपीयभन्दा छुट्टै लक्षण रहेको सामन्तवाद कुन रह्यो, अर्थात् यी क्षेत्रहरूमा रहेको सामन्तवादको विशिष्ट लक्षण के रह्यो त भन्नेबारे खोजी थोरै भएको छ, मतैक्यता भएकै छैन ।

पूँजीवादको सृष्टि विश्वको कुन कुनामा भयो ? यूरोप वा दक्षिण एशिया वा पश्चिम एशिया वा अन्य कुनै क्षेत्र वा मुलुकमा ? स्थापित मान्यताअनुसार पूँजीवादको जन्मथलो पश्चिमी यूरोप नै हो । यही मान्यताअनुसार हजारौंहजार ग्रन्थ तयार भए । तर, हरिजी र गंगाजीले आशंका व्यक्त गरेअनुसार नै यी ग्रन्थहरूका सबैजसो ग्रन्थकार यूरोपीयन वा यूरोपीयन मूलका नै रहे । थप, गएको २०० वर्षको यूरोपमा भएको पूँजीवादी विकासले प्रकारान्तरले यही मान्यतालाई साथ दियो । यिनै कारणले र आशंका व्यक्त गर्दागर्दै पनि आजको प्रस्तुतीकरणको शुरूमै मैले तत्कालको लागि आशंकालाई थाँति राख्दै स्थापित मान्यताअन्तर्गत नै चलूँ भनेको हुँ ।

तर यो सही हो कि गएको दुई दशकभित्र यो स्थापित मान्यतालाई चुनौती दिने विचारकहरू निस्केका छन् । यीमध्ये गैर-यूरोपीयनहरू पनि उल्लेख्य संख्यामा छन् । यो चुनौती संगीन महत्वको देखिन्छ । किनकि यो चुनौती विभिन्न कोणबाट आएका छन् । यिनको समष्टिगत संश्लेषण कठीन पनि छ । तर पनि हरिजी, गंगाजीले गर्नुभएको प्रतिक्रियाको सन्दर्भमा उपर्युक्त चुनौतीको दुई विशिष्ट धारहरूको संक्षेपमा चर्चा गर्नु उपयुक्त ठहर्छ ।

पहिलो धारअनुसार पूँजीवादको जन्म पश्चिमी यूरोप र विश्वका अन्य भू-भाग, अर्थतन्त्रबीचको अन्तर्क्रियाबाट भएको हो, पश्चिमी यूरोपबाट मात्र होइन । उपरोक्त अन्तर्क्रियामा मूलतः केन्द्रीय र दक्षिण अमेरिका, पश्चिमी यूरोप, पश्चिम एशिया,


हरि रोका


परि थापा

दक्षिण एशिया र चीन सहभागी रहे । एक उपधारअनुसार केन्द्रीय र दक्षिण अमेरिकाको सुनचाँदिमाथिको एकलौटी स्वामित्वले पश्चिम यूरोपलाई अन्य क्षेत्रहरूसँग व्यापार बढाउन र पूँजीवादी प्रणाली स्थापित गराउन मद्दत पुऱ्यायो । अर्को उपधारअनुसार पश्चिम यूरोपको सामुद्रिक श्रेष्ठताले अन्य क्षेत्रहरूको दाँजोमा पूँजीवाद स्थापित गराउन यूरोपलाई तुलनात्मक रूपले सजिलो भयो । सामुद्रिक श्रेष्ठताले पश्चिम यूरोपलाई अन्य भू-भागसँग मध्यस्थतारहित र प्रत्यक्ष व्यापार गर्न पनि सघाउ पुग्यो ।

अर्को धारले अझ बढी संगीन र तात्विक प्रश्न सोधिरहेको छ । त्यो हो- पूँजीवाद कहाँबाट शुरू भयो भन्ने प्रश्न कसरी निक्यौंल गर्ने, जबकी पूँजीवाद के हो भन्नेबारेमा नैं स्थापितभन्दा छुट्टै शिराबाट सोच्नुपर्ने बाध्यता बनिसकेको छ । यस धारअनुसार यदि उत्पादनका साधन र उत्पादित वस्तुको क्रय-विक्रय (कार्लमार्क्सको विनिमय मूल्य) र बजारलाई पूँजीवादको मूल परिचायक मान्ने हो भने त आजको चार-पाँचसय वर्षभन्दा धेरै अघिदेखि दक्षिण एशियालगायत कतिपय स्थानहरूमा यस्तो परिपाटी विकसित भैसकेको पाइन्छ । एक उपधारअनुसार त स्वतन्त्र बजार पूँजीवादको परिचायक होइन, एकाधिकारी बजार व्यवस्थाचाहिं पूँजीवादको परिचायक हो । यसरी पूँजीवादको परिभाषा, पूँजीवादको जन्मकाल र स्थानबारे अत्यन्त महत्वपूर्ण बहस हाल चलिरहेका छन्, स्थापित मान्यतालाई जगैदेखिसमेत हल्लाउने प्रयत्न भइरहेको छ । तर स्थापित मान्यतामध्ये अधिकांश ध्वंश नभैसकेको स्थिति छ । हरिजी र गंगाजीको प्रक्रियाबारे हाल यति नै ।

सी.पी. मैनालीजीले लेखको समष्टिगत धारणा राम्ररी नै पकड्नुभएको छ । वर्तमान युगलाई चित्रण गर्नेबारे उहाँको लेखमाथिको प्रतिक्रिया ग्राह्य छ । यसबारे मैले अघि नै उल्लेख गरिसकेको छु । दासप्रथा र पूँजीवादको सम्बन्धबारे पनि आफ्नो टिप्पणी अघि सारिसकेको छु । प्रतिक्रियाका केही थप पक्षहरूबारे सामान्य टिप्पणी गर्न चाहन्छु । पहिलो 'र फेरि पनि, प्रस्तुत लेखको 'मूल विषय' उहाँले भन्नुभएजस्तो नेपाल अर्धसामन्ती र अर्ध औपनिवेशिक हो वा होइन भन्ने निक्यौंल गर्नु रहेको थिएन । लेखको एक अंश त्यतापट्टि निर्देशित रहेको पक्कै हो, तर लेखको मूल विषय त त्यसको शीर्षकले बोल्छ, त्यसमा रहेको एक अंशले होइन । नेपालको वर्तमान सन्दर्भमा त्यो अंशको र त्यसमा रहेको 'अति संक्षिप्तता र अपुगपना'मा केही सहभागी मित्रहरूको ध्यान आकृष्ट भयो, त्यति नै हो । साथै यी विषयहरूमा थप सोच्नु, लेख्नु र छलफल गर्नुपर्ने आवश्यताको बोध सबैलाई गरायो ।

सी.पी.जीले प्रतिक्रियामा लेख प्रस्तुतकर्तालाई धेरै भारी बोकाइदिनु भएको छ । नेपाल अर्धसामन्ती र अर्धऔपनिवेशिक हो वा होइनको विषयलगायत, सामन्तवादले चोला फेरेको हुन सक्नेबारे, समाजवादको चरण-उपचरणबारे, नेपाल समाजवादमा प्रवेश गर्ने र त्यसपछिको चरणबारे विश्लेषण र व्याख्याको अपेक्षा उहाँ लेख प्रस्तुतकर्ताबाट राख्नुहुन्छ । एक ठाउँमा त उहाँ भन्नुहुन्छ "व्याख्या उहाँले ल्याउनु होला, त्यसबेला छलफल गरौंला" । प्रचलित बोलीको भाषामा भन्नुपर्दा, यो अलि मिलेन कि ?

परि थापाजीको नेपाल अर्धसामन्ती हो वा होइन भन्नेबारे थप प्रमाणका साथ तर्कहरू आओस् भन्ने प्रतिक्रिया छ । सो स्वागतयोग्य छ ।

गंगा चौधरीको मुख्य प्रतिक्रियाबारे मैले माथि हरि रोकाजीको प्रतिक्रियासँगै राखेर टिप्पणी गरिसकें । यहाँ थप दुईवटा प्रसंगमा संक्षिप्त टिप्पणी गर्न चाहन्छु । कृषि र उद्योगबीचको विभाजनलाई उहाँले पूँजीवादी विकासकालका मुख्य दुईमध्ये एक विशेषता मान्नुभएको छ । र, दक्षिण एशियामा यस्तो अलगाव उत्तर वैद्धिक कालमै भैसकेकोले पूँजीवादको जन्मथलो दक्षिण एशिया नै हो भन्ने पनि उहाँको ठहर छ । यसबारे मेरो जानकारी कमै छ । तर पहिलो प्रसंगबारे म यति भन्न सक्दछु- पूँजीवादको उद्भवको मूल विश्लेषण र व्याख्या आर्थिक-सामाजिक र उत्पादन सम्बन्धको आधारमा गरिनुपर्छ, न कि कृषि, उद्योग आदि आर्थिक क्रियाकलापको अलगाव, विस्तार आदिका आधारमा । विस्तारित, प्रसंगमा विशिष्ट आर्थिक क्रियाकलापको चर्चा जरूर पनि आवश्यक पर्छ, तर यो पक्ष मूल पक्ष होइन; दोस्रो तेस्रो आदि महत्वको हो । के कृषि पूँजीवादी चरित्रको हुन सक्दैन ? के उद्योग

*पूँजीवादको सृष्टि विश्वको कुन कुनामा भयो ? यूरोप वा दक्षिण एशिया वा पश्चिम एशिया वा अन्य कुनै क्षेत्र वा मुलुकमा ?*

*पूँजीवादको परिभाषा, पूँजीवादको जन्मकाल र स्थानबारे अत्यन्त महत्वपूर्ण बहस हाल चलिरहेका छन्, स्थापित मान्यतालाई जगैदेखिसमेत हल्लाउने प्रयत्न भइरहेको छ*

> *प्रतिप्रश्न छ मेरो : सामन्तवादको पूर्ण विकास केले रोक्यो ? सो विकास किन हुन पाएन ?*

सामन्तवादी हुन सक्दैन ? थप, यो 'अलगाव'लाई सामन्तवाद र पूँजीवादबीच पानीढलो मान्ने आधार के के हुन् ?

जहाँसम्म दक्षिण एशिया (भारतीय महाद्वीप) मा यस्तो अलगाव उत्तर वैदिक कालमा भयो भन्ने प्रसंग छ, फेरि पनि म यसबारे जानकार छैन । तर पनि अन्य सभ्यता, खास गरेर मेसोपोटामिया, केन्द्रीय दक्षिण अमेरिका र चीनमा तुलनात्मक स्थिति कस्तो रह्यो भन्नेबारे पनि ध्यान दिनु आवश्यक सम्झन्छु ।

थप, पूँजीवादको उद्भव दक्षिण एशियामा भयो, तर पूँजीवादी शोषण युरोपमा र युरोपद्वारा भयो भन्ने तर्कको आधार प्रष्ट रहेन । फेरि पनि प्रचलित बोलीको आधारमा भन्नु पर्दा यो तर्क अलि हजम हुन सकेन ।

डिल्लीराज खनालजीको प्रतिक्रिया शुरू हुन्छ, "लेखमा भएका सबै व्याख्याहरू अलि बढी आत्मगत भयो" बाट । लेख आत्मगत कसरी, कुन कारणले भयो, लेख कसरी कुन कारणले 'वस्तुगत... नभएको' हो, यसमाथि उहाँले एक शब्द, एक वाक्य खर्च गर्नुभएको छैन । अर्थात् आफ्नो प्रतिक्रियाको पुष्ट्याई गर्न उहाँ समर्थ हुनुहुन्न ।

लेख वस्तुगत नभएको र आत्मगत भएको ठहर गरिसकेपछि त्यसमा थप टिप्पणीको आवश्यकता नपर्नुपर्ने हो । तर उहाँ थप टिप्पणी गर्न चुक्नुहुन्न । यसै सन्दर्भमा उहाँका "सन् १९३० देखि पनि पूँजीवाद ४-५ चरणबाट गुज्रिसकेको" सन्दर्भ तान्नु हुन्छ, जसबारे थप टिप्पणी गर्नुपर्ने आवश्यकता रहेन ।

डिल्लीजीको प्रतिक्रियामा सन् १९३० यताको पूँजीवादबारेको चर्चा छ । गएको ७० वर्षको पूँजीवादबारे चर्चा गर्न आवश्यक र महत्वपूर्ण दुवै छ । उहाँको प्रकारान्तर आग्रह छ, लेख पछि अवधिबारे नै हुनुपर्थ्यो, तर भएन । लेखको शीर्षकलाई इंगीत गर्नुभन्दा यसबारे मेरो भन्नु केही रहेन ।

वर्तमान नेपालको अर्थ-राजनैतिक चरित्र अर्धसामन्तवादी हो वा होइन भन्ने छुट्याउन गयल-जमिन्दारीमा आएको ह्रास र जमिन्दारीको आकार घट्दै गएको तथ्यहरूलाई मात्र आधार बनाइनु हुन्न भन्ने डिल्लीजीको राय छ । यो रायमा विवाद गर्ने ठाउँ रहेन । तर उहाँले 'सामन्तवाद बलियो रहेका' निचोड प्रष्ट्याउने प्रयत्न गर्नुभएका थप आधारहरू हुन् - (उच्च) अर्ध-बेरोजगारी र बेरोजगारी, मजदूरहरूको न्यून ज्यालादर, कृषकहरूले तिर्नुपर्ने उच्च इन्स्योरेन्स प्रिमियम । उहाँले बोल्दा सर्वथा उल्टो परेको होइन रहेछ भने, यति मात्र भन्नु काफी छ, उहाँले बुझ्ने र अरूले बुझ्ने सामन्तवादमा फरक मात्र होइन, पूर्ण विपरीतता नै छ । थप, उहाँको यो प्रतिक्रिया सुन्दा लाग्छ - सिंगो पूँजीवादको पारिभाषिक तत्वका बारेमा समेत उहाँको बुझाइ अरूको भन्दा धेरै टाढा छ ।

सीताराम तामाङ्गजीको प्रतिक्रियाका बुँदाहरूमध्ये नेपाल-भारतसम्बन्ध र औपनिवेशिकताको प्रसंगबारे माथि नै चर्चा भैसक्यो । नेपालमा सामन्तवादको पूर्णरूपमा विकास भएन भन्ने बुँदाबारे म सहमत प्रायः छु । तर प्रतिप्रश्न छ मेरो : सामन्तवादको पूर्ण विकास केले रोक्यो ? सो विकास किन हुन पाएन ? मेरो राय रहिआएको छ कि सामन्तवादको विकास रोक्ने पूँजीवाद नै हो ।

जहाँसम्म लेखमा सन्दर्भ श्रोत खुलाउन पर्थ्यो भन्ने आग्रह छ, त्यो साधारणतया स्वागतयोग्य छ । तर लेखलाई निकास दिने प्रकाशनमा मूलतः यो चलन रहेको देखिँदैन । उता मास्टरको नाताले भन्ने हो भने म भट्याउने मात्र गर्दिनँ । विद्यार्थीहरूलाई सन्दर्भ, स्रोत खुलाउने कतिपय पुस्तक, लेख अप्राप्य हुने, कुनै साह्रै महँगो हुने हुँदा फोटोकपी गर्न सामाग्रीसमेत उपलब्ध गराउने गरेको छु । नेपाल कम्युनिष्ट पार्टीको स्थापनाकालको दस्तावेजमा नेपालको अर्थराजनैतिक प्रकृतिलाई 'अर्धसामन्ती' होइन, 'सामन्ती' ठहर गरिएको सूचनाको लागि म अत्यन्त आभारी छु ।

विमल फुँयालजीको प्रतिक्रियामा म सहमत छु ।



*डिल्लीराज खनाल*



*विमल फुयाँल*



*गोविन्द न्यौपाने*



*महेश्वरमान श्रेष्ठ*

> *नेपालको राजनीतिको चरित्र कसरी फेरिँदैछ भन्नेबारे उहाँले प्रष्ट र बुँदागत रूपमा राख्नुभएको विचार प्रशंसनीय छ*

गोविन्द न्यौपानेजीको अधिकांश प्रतिक्रियाप्रति मेरो सहमति छ । नेपालको राजनीतिको चरित्र कसरी फेरिँदैछ भन्नेबारे उहाँले प्रष्ट र बुँदागत रूपमा राख्नुभएको विचार प्रशंसनीय छ । यद्यपि यो सूचीमा थप्नुपर्ने बुँदा अन्य पनि छन् भन्ठान्छु । 'पराश्रयी' पूँजीवाद र नेपालबारेको धारणासँग पनि म प्रायः सहमत छु । नौलो जनवादी क्रान्तिका केही विशिष्ट पक्षहरूबारे भने मेरो धारणा केही बेग्लै छ, जसको संक्षेप **मूल्यांकन**मा हालै प्रकाशित भएको छ ।

महेश्वरमान श्रेष्ठजीको प्रतिक्रियाहरूमध्ये तीनवटा बुँदामा टिप्पणी गर्न चाहन्छु । पहिलो, 'उत्पादन प्रणालीलाई विश्लेषण गर्दा उत्पादनसम्बन्ध मात्र होइन, अरू कुरालाई पनि विश्लेषण गर्नुपर्छ' भनेर मैले भनें भन्नेबारेको स्पष्टीकरण । उत्पादनसम्बन्धलाई न्यूनीकरण नगर्दा, उच्च महत्व दिंदा उहाँले आशंका गरेजस्तो गरी 'सैद्धान्तिक' र अव्यवहारिक कदापि होइदैन । उत्पादनसम्बन्ध अर्थराजनैतिक संरचनाको प्राण हो भन्नेमा मलाई शंकै छैन, महेश्वरमानजीलाईझैं । यसो ठान्दा 'सैद्धान्तिक' भइएछ भने हामी दुवै हौंला । मेरो भनाइ यतिमात्र हो कि विश्वपूँजीवादी परिप्रेक्ष्यमा स्थानीय उत्पादनसम्बन्धको निर्माण, ध्वंश र पुनर्निर्माण स्थानीय इतिहास, समूह र वर्गसम्बन्धको प्रक्रिया र अर्थराजनीतिले मात्र गर्दैन । यो विशिष्ट र सीमित अर्थमा मैले 'अरू कुराको पनि विश्लेषण गर्नुपर्छ' भनें हुँला । अर्थात्, मेरो आशय यही हो ।

दोस्रो, 'नेपालको अर्थतन्त्रलाई नेपालकै सन्दर्भमा हेरिनु पर्छ' भन्ने उहाँको आग्रह । यो आग्रह पूर्ण छैन, विश्वपूँजीवादको सन्दर्भमा तर यो असत्य पनि छैन । म पनि यसै भन्नसक्छु । तर यसको मूर्त अर्थ के हो त ? के के गर्‍यो भने 'नेपालको सन्दर्भमा' हेरेको, विश्लेषण र सश्लेषण गरेको ठहर्छ ? यसबारे उहाँले र डिल्लीजीले प्रकाश पारिदिनुभएको भए सुनमा सुगन्ध थपिन्थ्यो कि ?

तेस्रो '९० प्रतिशत नेपाली गाउँमा बस्छन् र १० प्रतिशत मात्र शहरमा बस्छन्" भन्ने सन्दर्भ । स्थापित तथ्याङ्क त ठ्याक्कै नभए पनि झण्डै यही हो । तर कतिपय महत्वपूर्ण हिसाबले यो मिथ्याङ्क हो । के बसाइ सराइ, श्रम सराइले गाउँ-शहर जोडेको छैन ? शिक्षा-विद्यालय प्रणालीले ? यातायातले ? शहरबजार, उद्योग, विदेश आदिमा बनेका सामान र सेवाबाट स्वतन्त्र छन् गाउँबासीहरू ? बचत संस्था, बैंक आदिबाट पूर्णपृथक छन् गाउँबासीहरू ? लाहुरे, डोके र अन्य बाहिरिएका श्रमिकको ज्यालाबाट पृथक छन् गाउँबासीहरू ? "९० र १०" को तथ्याङ्कको खास प्रयोजन छ, जस्तो कि गाउँ र शहरको बीच भेद पनि छ । तर गाउँ र शहर जोडिएको पनि छ । नजोडिएका भए त सम्बन्ध पनि हुँदैनथ्यो, शोषण पनि हुँदैनथ्यो । तसर्थ, 'गाउँमा सामन्तवाद, शहरमा पूँजीवाद'को आशयमा ठूलो भ्वाङ्ग छ ।

चौथो, महेश्वरमानजीले सन् १९५० देखिको ५० वर्षको समयावधिलाई लेख वा प्रस्तुतीकरणले प्रधान मान्यो, त्यसभित्रको वास्तविकतालाई हेरेन भन्ने आशय प्रकट गर्नुभएको छ । तर मैले त '५० वर्ष' सांकेतिक अर्थमै प्रयोग गरेको हुँ । इंगीत गरिएको त यो सीमाभित्रका ऐतिहासिक प्रक्रियाहरूलाई नै हो । मेरो यो आशय महेश्वरमानजीले बुझ्न सक्नुभएन होला भन्ने मलाई पटक्कै लाग्दैन । ❑ *समाप्त*

# एमाले-माले एकता अहं सवालहरूतिर सोझियो

– हरिगोविन्द लुईटेल



क. भरतमोहन अधिकारी



क. सिद्धिलाल सिंह

एमाले-मालेबीच एकताको संभावना खोज्न भएको दोस्रो चरणको औपचारिक वार्ता एकता-प्रकृयाको जटिल धरातलमा प्रवेश गर्दै करीव करीव असफल सावित भएको छ । तर पनि यो वार्तामा मालेले अघि सारेका केही प्रस्तावहरूले एकता-प्रकृयाले हल गर्नुपर्ने अहं सवालहरूतिर दुवै पार्टी र आम-जनताको पनि ध्यानाकर्षण गरेको छ । यस स्थितिमा एमाले-माले पार्टी एकता हुन संभव देखिएकोमा अचानक यो असंभव पो ठहर हुन आटेको आशंका पनि गर्न सकिने स्थिति पैदाभएको हो । एमाले पार्टीभित्रका एकताविरोधीहरू आफ्नो नेतृत्वलाई सकेसम्म सहज ढंगले अघि बढ्न नदिने मुद्रामा देखिएका छन् भने, मालेभित्रका यो प्रवृत्तिधारीहरू एमालेलाई सबै मुद्दाहरूमा 'तल' पारेर २०५४ को 'हार'लाई आज आएर 'जीत'मा बदल्ने मनोकांक्षाका शिकार भएका पनि देखिएका छन् ।

यस स्थितिमा अहिले एमाले-माले एक अर्काबाट छुट्टिदाखेरिका 'सांगठनिक सुखहरू'को मोह र मिल्नैपर्ने आजको बाध्यात्मक वस्तुगत स्थितिले पैदागरेको चापको तानातानीको स्थितिमा गुज्रिरहेका छन् ।

यसैबीच, मालेका दोस्रा प्रभावशाली नेता सी.पी. मैनालीले बल्ल अहिले आएर आफूले 'तीस वर्षदेखि सापटी राजनीति गरेको' बोध गर्नुभएको छ र भन्नुभएको छ- "अब पनि माले-एमालेका लागि सापटीको राजनीति गरेर एमालेमा विपक्षी बन्न म जान्नँ ।" तर उहाँले आफू माले एमाले एकता वा तिनले हालै प्रस्ताव गरेको 'बृहद् वाम एकता'को विपक्षमा भने आफू नरहेको कुरा पनि बताउनुभएको छ ।

यसरी हाल सी.पी. मैनाली 'मैत्रीपूर्ण ढंग'ले किनारा लाग्दा एमाले-मालेका बीचमा बहुदलीय जनवादबाहेक अरू विचारमा तालमेल मिलाइराख्नु पर्ने स्थिति रहेन । यस अर्थमा, चाहने हो भने माले-एमाले एकता धेरै अर्थमा सजिलो एकता हुने देखिन्छ । सी.पी. मैनाली भने प्रस्तावित साझा मोर्चा 'देशभक्तहरूको मोर्चा'लाई नै सम्पूर्ण कम्युनिष्ट आन्दोलन मानेर त्यसैमा रूमल्लिनु हुनेछ वा उहाँले आजको नेपाली कम्युनिष्ट आन्दोलनको मूल मर्ममै रहेर त्यसलाई दृढ बनाउन, त्यसका अस्पष्टताहरू हटाउन र विचार अनुकूलका नयाँ मित्रहरू खोज्नतिर लाग्नु हुनुहुनेछ, त्यो यसै भन्न सकिन्न । उहाँले आफ्नोबारे जुनसुकै राय व्यक्त गर्नुभएको भएतापनि उहाँ पनि आफ्नो मत नमिले पनि कथित 'ठूलो पंक्ति'को 'कमाण्डर' बन्ने कि मत मिल्ने तर थोरै संख्यामा रहेको सानो पंक्तिको 'नाइके' बन्ने भन्ने कुराको चरम द्विविधाको स्थितिमा हुनुभएको देखिन्छ । एमालेमा विपक्षी बन्न त नजाने तर गर्नचाहिँ के गर्ने त भन्ने सवालको ठोस जवाफ उहाँले सार्वजनिक नगर्नुले यस कुराको संकेत गरेको छ ।

कमरेडसी.पी.को सन्दर्भलाई नजोड्ने हो भने एमाले-माले एकताको जुन प्रसंग गत साउन महिनाबाट शुरू भयो, त्यो भाद्र १ गतेको पहिलो वार्ता र भाद्र ८ को दोस्रो वार्तासम्म पुग्दा एकताप्रेमीहरूका लागि निकै नै खुल्दुलीमय भएको प्रसंग विशेष रूपमा उल्लेखनीय रहेको छ । एमालेको के.क.को २२ औं बैठक र मालेको ८ औं बैठकले 'बृहद् वाम एकता'का निम्ति ढोका खुला गरेका थिए । यस प्रसंगमा एमालेले मालेसमेतलाई औपचारिक रूपमा एकताको निम्ति चिठी लेखेको थियो । एमालेले भरतमोहन अधिकारीको संयोजकत्वमा अमृत बोहरा र केशव बडालसहितको र मालेले सिद्धिलाल सिंहको संयोजकत्वमा अशोक राई र त्रिलोचन ढकालसहितको एक एक औपचारिक वार्ता टोली नै बनाए । यी टोलीहरूले कृष्णदास श्रेष्ठको नेतृत्वमा रहेको ने.क.पा. मालेमा र विष्णुबहादुर मानन्धरको नेतृत्वमा रहेको ने.क.पा. संयुक्तलगायतका अन्य वामहरूसँग पनि एकताका निम्ति वार्ता पहलमा रूची राखेका पाइए । ने.क.पा. माओवादीले पनि गणतन्त्रलगायतलाई संस्थागत गर्न 'बृहद् वाम एकता'को प्रस्ताव गरेको वर्तमान स्थितिले माले-एमालेलाई आपसी एकता प्रकृयालाई तेज बनाउन दबाव सिर्जना गरिरहेको देखिएको छ ।

**एमाले-माले एकता कता ?**

### सांगठनिक वाध्यता कि मुलुकको आवश्यकता ?

अहिले माले-एमालेबीच एकताको जुन कुरा उठिरहेछ, त्यो मुलुकको आवश्यकतालाई ध्यान दिएरभन्दा ज्यादा आफ्नो सांगठिक पकडमा आएको ह्रासलाई रोक्ने उद्देश्यले अभिप्रेरित भएर उठिरहेको प्रष्ट छ । कारण, मुलुकको आवश्यकताको कुरा गर्ने हो भने त यी दुई पार्टीबीच हिजै संयुक्त मोर्चा वा सह-कार्यहरू हुनु जरूरी र संभव थियो । यसबीचमा एमाले त मालेलाई 'पार्टी'सम्म मान्न पनि तयार थिएन । ने.क.पा. माओवादीले यी दुवै पार्टीका जनाधारहरू खोस्दै गएको आजको स्थितिको चापले पेलिएरै भए पनि आज उनीहरू एकले अर्कोलाई स्वीकारेर सँगै अघि बढ्ने बाटो खोज्न थालेका छन् । यसलाई स्वागतयोग्य नै मान्नु पर्दछ ।

ढीलै भए पनि राजनीतिक संस्कारयुक्त व्यवहार शुरू गरेकोमा दुवैलाई बधाइ दिनु पनि अर्गेल्याई ठहरिने छैन ।

वास्तवमा, एमाले-मालेले आफूलाई सिद्धान्तको जगमा उभ्याएर परस्पर सम्मानजनक बाटो पहिल्याएर दुवैले आ-आफ्ना कमजोरीहरू हटाउने संकल्पसमेत बोक्ने हो भने समग्र मुलुककै लागि यसले ठोस योगदान पुऱ्याउने पृष्ठभूमि तयार गर्न सक्नेछ ।

### समस्याहरू

पहिलो वार्ताले एमाले-मालेबीच 'दुवै पार्टीमा सैद्धान्तिक मत भिन्नता नरहेको सहमति' जनाएको हप्तादिनपछि नै दोस्रो वार्ताले ठूला ठूला गृहकार्यहरू जरूरी भएको जुन संकेत दियो, त्यसका आधारमा भन्न सकिन्छ- यी दुई पार्टीबीच केही राजनीतिक मुद्दाहरूका बारेमा रहेका मतभेदहरूको व्यवस्थापन कसरी गर्ने भन्ने सवालभन्दा पनि ठूलो समस्या त 'हार-जित'को मानसिकता नै रहेको छ ।

लामो समयसम्म अराजनीतिक

गाली-गलौज गरेर समय कटाएका यी दुई संगठनहरूमा माथिदेखि तलसम्म मनोवैज्ञानिक तहसम्मै 'फूट'को मानसिकता झाँगिरहेको छ । एकता भएमा न.स.स.-गा.स.स. वा जिविस सदस्य पदसम्मको चुनावी टिकट अर्को पक्षको प्रभावशाली व्यक्तिले हत्याउने 'खतरा' देखेका तल-तलका स्वार्थीहरू र एकता भएमा एकलौटी रजाईं चलाउन नपाइने 'खतरा' देखेर तर्सेका माथि-माथिका स्वार्थीहरूले यो फुटपरस्त मानसिकतालाई बढावा दिइरहेको कारणले गर्दा पनि दुवै पार्टीमा ठूलै समस्याहरू रहेका छन् । दुवैतर्फका छापाहरूमा अचेल आएका विश्लेषणहरूमा प्रायः एकले अर्कोलाई 'आफूमा समाहित गर्ने' चालबाजी ज्यादा देखिएका छन् ।

वस्तुतः एमाले-मालेका बीच एकता खोज्नेहरूले सबै मतमा 'एकता' खोज्नु जरूरी छैन । आधारभूत सैद्धान्तिक मान्यता एउटै भएका पार्टीहरू भएकोले यी दुईबीच विद्यमान मतभेदहरू पनि आधारभूत प्रकारका छैनन् । यस्तोमा विद्यमान कतिपय फरक मतवादहरू बहन गर्न र व्यक्त गर्न छुट दिइने परिपाटी स्थापित गरेर अर्को महाधिवेशनसम्मलाई अन्तरिम व्यवस्थापन गर्नु नै अहिलेको निम्ति सबैभन्दा उपयुक्त बाटो हुनेछ ।

हाल मालेले गरेका प्रस्तावहरूमा मुख्य गरी जनताको बहुदलीय जनवादलाई परिमार्जन गर्नुपर्ने, महाकाली सन्धीमा गल्ती भएको स्वीकार्नु पर्ने, अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादविरूद्ध दृढ हुनुपर्ने जस्ता कुराहरू छन् । आगामी महाधिवेशनबाट सदर गराउने गरी केही कुराहरूमा लचिलो भई भिन्न मतहरू स्वीकार्नु संभव होला । तर एमालेले छैठौं महाधिवेशनका सम्पूर्ण निर्णयहरूलाई नै बीचमा बदल्न संभव छैन । त्यसैले दुवैथरि सोचहरू बोक्ने र व्यक्त गर्ने 'स्वतन्त्रता'को ग्यारेण्टी नै हालको समाधानको अन्तरिम माध्यम हुनसक्छ ।

हालका दुवै केन्द्रीय समिति भंग गरी समानस्तरमा प्रतिनिधित्व गराई नयाँ केन्द्र निर्माण गर्ने अर्को प्रस्तावले भने अन्ततः एकता-प्रकृयालाई ज्यादा असर गर्ने देखिन्छ । कारण, एमालेमा आएको विगतको फूट भनेको पनि यही 'पद'को हिसाव-किताव नमिल्नु नै थियो । दावी गर्नेले यति संख्या नभई हुन्न भन्यो, दिनेले यति त ज्यान गए पनि दिन्न भन्यो । बस् फूट भयो । अहिले पनि दुवै पक्षले 'सिट संख्या ठूलो कुरो हैन, मुख्य कुरो विचार हो' भन्ने रटीरटाउ नारा दिंदै दुई चार सिट संख्यामा भुत्ती खेलेर एकतालाई 'असंभव' पार्ने खतरा टड्कारो रहेको छ ।

दोस्रो, वार्ता यही 'खतरा'को वरपर पुगेर टुंगिएको छ । मालेले प्रस्ताव राखेको तर एमालेले ठोस प्रतिक्रिया नदिएको स्थितिमा मालेको मागअनुसारको 'बराबरी सिट संख्या' कि 'योग्यता र दक्षताअनुसारको पद' भन्ने नाममा एमालेले खटाएर दिने पद संख्या-? - भन्ने प्रश्नको ठोस हल निकाल्नु जरूरी छ । विगतमा माले-मार्क्सवादी एकताको अवसरमा भएझैं समानस्तरको प्रतिनिधित्वको मागबाट मालेले केही पर हटेर र एमालेले पनि मालेलाई सम्मानजनक

# एकता प्रक्रियाहरूबारे मसाल के भन्छ ?

**- रामसिंह श्रीस, महामन्त्री नेकपा मसाल**

**+ माओवादीहरूले 'गणतन्त्रलाई संस्थागत गर्न सहकार्य गर्न वामपन्थी पार्टीहरूलाई आह्वान गरेकोलाई तपाईंहरूले कसरी लिनुभएको छ ?**

- सर्वप्रथमतः माओवादी साथीहरूले जेठ १९ गतेको घटनापछि परम्परागत राजतन्त्रको अन्त्य भएको छ भन्ने जुन निश्कर्ष निकाल्नुभएको छ, त्यो गलत छ । यो ठोस स्थितिको ठोस विश्लेषण होइन । जेठ १९ गतेको घटनाले राजा वीरेन्द्रको वंशको नाश भएको छ, त्यो सत्य हो तर राजतन्त्रको परम्पराअनुसार नै राजाका भाइ राजा भएका छन् । राजतन्त्र भनेको व्यक्ति हैन, संस्था हो । त्यो संस्था अहिले पनि यथावत छ । व्यक्तिमात्र बदलिएको छ । राजतन्त्रका सबै अंगहरू यथावत् छन् । त्यो अवस्थामा राजतन्त्रको अन्त्य भयो भनेर निष्कर्ष निकाल्नु नै वस्तुगत पक्षसंग मेल खान्न । निश्चय नै अहिले राजतन्त्रप्रति जनताको आस्था घटेको छ । नयाँ राजा जनताको बीचमा लोकप्रिय छैनन् । तर राजाप्रति जनताको विश्वास छैन भन्ने आधारमा राजतन्त्र नै समाप्त भएको भनी निश्कर्ष निकाल्नु एकदम गलत हो ।

२०४६ सालमा राजा वीरेन्द्र र रानी ऐश्वर्य जनताको बीचमा अत्यन्तै अलोकप्रिय थिए । राजा सार्वजनिक सभा समारोहमा भाग लिन निस्कन सकेका थिएनन् । रानी ऐश्वर्यलाई तीजमा पशुपतिमा पूजा गर्न जाँदासमेत जनताले ढुगा-मुढा वर्षाएकै हुन् । त्यसबेला पनि राजतन्त्र यथावत् थियो । राजाप्रति जनताको विश्वास छ कि छैन भन्ने आधारमा राजतन्त्र छ कि छैन भन्ने निश्कर्ष निकालिन्न । राजतन्त्र वस्तुगत रूपमा अहिले अस्तित्वमा छ कि छैन भन्ने आधारमा नै राजतन्त्र छ कि छैन भन्ने निश्कर्ष निकाल्नुपर्छ । त्यसकारण अहिले पनि राजतन्त्र यथावत् छ, र अहिले देशको राजनैतिक स्थितिमा राजावादी खतरा झन् गम्भीर बन्दैगएको छ ।

जहाँसम्म गणतन्त्रलाई संस्थागत गर्ने कुरा हो, त्यो अहिलेको स्थितिमा मेल नखाने कुरा हो । उहाँहरूले 'राजतन्त्रको अन्त्य भैसकेको हुनाले गणतन्त्रलाई संस्थागत गर्ने' कुरा गरिरहनुभएको छ । राजतन्त्रकै अन्त्य नभएको अवस्थामा 'गणतन्त्रलाई संस्थागत गर्न' सहकार्य नै हुनसक्दैन । राजतन्त्र कमजोर भएको कुरा सत्य हो । राजतन्त्र कमजोर भए पनि राजनैतिक शक्ति सन्तुलनलाई ध्यान दिंदा गणतन्त्रको नारालाई अहिले नै क्रियात्मक नारा दिने स्थिति भने अझै होइन । त्यसकारण अहिलेको स्थितिमा गणतन्त्रको नारालाई प्रचारात्मक अभियानको रूपमा लैजान सहकार्य हुनसक्छ तर 'गणतन्त्र' माओवादीहरूले भनेझैं अस्तित्वमा आई नसकेको हुनाले 'गणतन्त्रलाई संस्थागत' गर्न सहकार्य हुन सक्दैन ।

**+ एकता केन्द्रसँगको तपाईंहरूको एकता प्रक्रिया कहाँसम्म पुग्यो ?**

-एकता केन्द्र र हाम्रोबीचको पार्टी एकता-प्रक्रिया अगाडि बढिरहेको छ । पार्टी एकताको लागि केन्द्रीयस्तरमा संयोजन समिति बनेको कुरा सार्वजनिक भैसकेको कुरा हो । अहिले पार्टी एकताको लागि दस्तावेज तयार पार्ने काम भैरहेको छ । संयोजन समितिले दस्तावेज तयार पारिसकेपछि दुवै पार्टीले त्यो दस्तावेजलाई आ-आफ्नो पार्टीमा लगेर आ-आफ्नो सांगठनिक प्रक्रियामार्फत् अन्तिम रूप दिएपछि मात्र पार्टी एकताको लागि अन्तिम फैसला हुनेछ । पार्टी एकता संयोजन समितिले सांगठनिक पक्षमा पनि कैयौं महत्वपूर्ण कुराहरूको टुङ्गो लगाइसकेको छ ।

**+ एकता केन्द्रप्रति माओवादीको दृष्टिकोण बदलिएकाले पनि मसाल र एकता केन्द्रबीच एकता-प्रक्रियामा ढिलाई र अन्यौल बढेको छ भन्ने कुरा साँचो हो ?**

-पार्टी एकता ढिला हुनुमा विभिन्न कारणहरू छन् । त्यसरी पार्टी एकता ढिला भएकोमा हाम्रो पार्टीले चिन्ता पनि व्यक्त गरिसकेको छ । जहाँसम्म माओवादीले एकता केन्द्रप्रतिको दृष्टिकोण बदलेको भन्ने कुरा छ, त्यो कुनै पार्टीले अन्य कुनै पनि पार्टीप्रतिको आफ्नो पूर्व दृष्टिकोणहरू बदल्न सक्दछ । तर एकता केन्द्रले माओवादीप्रतिको दृष्टिकोणमा खासै परिवर्तन गरेको छैन । एकता केन्द्रले माओवादी समूहलाई उग्रवामपन्थी भड्कावमा गएको भन्ने कुरा अहिले पनि भनिराखेकै छ र एकता केन्द्रका महासचिवले प्रचण्डपथलाई लिनपियाओवाद भनी व्याख्या गर्नुभएको छ । माओवादीले मसाल र एकताकेन्द्रको बीचमा हुन लागेको एकतामा भाँजो हाल्न प्रयत्न गरिरहेकै छ, तर हाम्रो पार्टी-एकताको प्रक्रिया आफ्नै ढंगले अगाडि बढ्दै गइरहेको छ ।

**+ एमाले-माले एकता प्रसंगप्रति तपाईंहरूको धारणा के छ ?**

-एमाले र मालेको बीचमा सैद्धान्तिक, राजनैतिक, कार्यनीतिक र कार्यक्रमिक रूपमा आधारभूत अन्तरविरोधहरू छैनन् । उनीहरूको पार्टी फुट्ने बेलामा पनि खासै वैचारिक सैद्धान्तिक मतभेदका कारणले फुटेका होइनन् । दुवैले बहुदलीय जनवादलाई आफ्नो कार्यक्रमको मार्गदर्शक आधार मान्दछन् । त्यो अवस्थामा उनीहरूको बीचमा पार्टी एकता हुनु स्वभाविकै हो । ❑

**अहिले पनि राजतन्त्र यथावत् छ, र अहिले देशको राजनैतिक स्थितिमा राजावादी खतरा झन् गम्भीर बन्दैगएको छ ।**

उपस्थितिबोध हुनेगरी स्वीकारेर यो समस्या हल गर्न सक्छन् । दुवैले एकदमै लचिलो हुन तयार हुनुबाहेक यसका लागि यो दुनियाँमा अरू उपाय छैन भन्ने कुरा दुवैले आत्मसात गर्नु जरूरी छ ।

### *विगतको समीक्षा : भावी संस्कृति*

एमाले-माले एकता जुन उद्देश्य र कारणले जरूरी ठानिएको हो, त्यसका लागि यसलाई ढीलो गर्नु कुनै पनि हालतमा बेठीक हुन्छ । यस स्थितिमा 'एकता नै गरीहाल्न' हतारो गर्नु भने हचुवा हुनसक्छ, त्यसैले 'एकताको प्रकृया शुरू गर्न' हतारो गर्नु जरूरी छ । यो भनेको व्यवहारमा केन्द्र र स्थानीय रूपमा कार्यगत एकता र सहकार्य शुरू गर्नु र केन्द्रमा एकताका सैद्धान्तिक पक्षमा गृहकार्य थाल्नु हो । पानी बाराबारको अराजनीतिक स्थितिलाई तोड्न यो व्यवहारिक सहकार्यले मद्दत पुऱ्याउँछ भने त्यतिञ्जेलमा एकताको बाटो पहिल्याउने काम पनि साथसाथै भैरहेको हुनेछ ।

यो गृहकार्यमा राजनीतिक मतभेदका मुद्दाहरू र सिट विभाजनका पक्षहरूबाहेक छुट्नै नहुने पक्ष हो- विगतको फूटको कारण पत्ता लगाउने काम । त्यत्रो ठूलो फूट हिजो के जरो कारणले गर्दा भएको थियो, त्यसमा कसको कति दोष थियो, त्यसलाई व्यक्तिगत रूपमा हैन, प्रवृत्तिगत रूपमा पहिचान गर्नु जरूरी छ । प्रवृत्तिगत रूपमा गरिने यो पहिचानले भविष्यमा त्यस्तो हुन नदिन बाटो देखाउने काम गर्नेछ । नेपाली कम्युनिष्ट आन्दोलनमा विगतका फूटहरूको प्रवृत्तिगत समीक्षा नगरी गरिएका एकताहरू क्षणिक भएका उदाहरणहरू थुप्रै रहेका छन् । यसरी गरिएको समीक्षाकै आधारमा आगामी दिनका निमित्त विगतको कमजोरी नदोहोरिने गरी भावी पार्टी -संस्कृति निर्माण गर्न सजिलो पर्नेछ । दुवैथरि समूहहरूले आलोचना-आत्मालोचना गरी विगतका जस्ता आपसी तीता आक्षेप-प्रवृत्तिहरूबाट आफूलाई मुक्त गर्नु जरूरी छ । यस निम्ति पार्टी पंक्तिभरि र आमजनतासम्मका निमित्त उन्नत र निरन्तर वैचारिक-सांस्कृतिक आन्दोलन दुवै पक्षको शर्त र प्रतिवद्धता हुनु जरूरी छ । अन्यथा एकता भएमा पनि 'असैद्धान्तिक व्यक्तिहरूको मभयौला दुईवटा भीड' मिली 'असैद्धान्तिक व्यक्तिहरूको एउटै ठूलो भीड'मात्र तयार हुनेछ । सामाजिक परिवर्तनकामी प्रगतिशील शक्तिचाहिं तयार हुनेछैन । ❑

१५ पेजको बाँकी

लगाउनु पनि हुँदैन । बहुदलीय प्रजातन्त्रमा कसैलाई उसको राजनीतिक विचार व्यक्त गर्नै पाइँदैन भनेर सरकारले ढिपी कस्नु हुँदैन । मुख्य कुरो, अहिलेको परिस्थितिमा कतिसम्म जान सकिन्छ, त्यति अगाडि जानुपर्छ भन्ने हो । जनता र राष्ट्रको निम्ति जति हदसम्मको उपलब्धी अहिले लिन सकिन्छ, त्यतिसम्म उपलब्धी लिन माओवादीहरू तयार हुनु पर्दछ ।

हामी के चाहन्छौं भने, वार्ता नटुटोस् र वार्ता नबिथोलियोस् । यस सम्बन्धमा सबै पक्ष सजग हुनु पर्दछ । गृहयुद्ध यो देशले थाम्न सक्दैन । त्यसबाट सबै नै हार्नेछन् । गृहयुद्धमा कसैको पनि विजय हुनेछैन । गृहयुद्ध भएमा राष्ट्र हार्नेछ, जनता हार्नेछन्, प्रजातन्त्र हार्नेछ, कम्युनिष्ट आन्दोलनलाई नोक्सान पुग्नेछ र राष्ट्रको अस्मितामाथि पनि आघात पुग्न सक्नेछ । त्यसैले कम्युनिष्ट आन्दोलनलाई बचाउने हिसावले जनआन्दोलनबाट प्राप्त प्रजातन्त्र र बहुदलीय व्यवस्थालाई बचाउने हिसावले र राष्ट्रको सार्वभौमसत्ता जोगाउने हिसावले चल्न सक्नु पर्दछ भन्ने हामीलाई लाग्दछ ।

हामीले अहिले समाजलाई एक कदम अगाडि बढाउने, एउटा नयाँ चरणमा पुऱ्याउने काम गर्नु पर्दछ । अहिले नै नयाँ जनवाद आउने अवस्था देखिंदैन । अहिले नै आमूल परिवर्तनको विन्दुमा पुग्नसक्ने अवस्था छैन । त्यसकारण जतिसम्म रबर तन्काउन सकिन्छ, तन्काऔं । रबर तन्काउँदा रबर नचुडियोस् भन्ने ख्याल गर्नु पर्दछ ।

◆ **के तपाईंले माओवादीहरू गणतन्त्रमा अड्डी लिएर बस्नु हुँदैन भन्न खोज्नुभएको हो ?**

-मैले त्यस्तो भनिराखेको छैन । कम्युनिष्टहरूले गणतन्त्रमा अडान त राख्ने पर्‍यो नि ! गणतन्त्रको कुरा कसरी छोड्न सकिन्छ ?

तर अहिले कति हदसम्म पुग्न सकिन्छ र कुन विन्दुमा गएर टुङ्ग्याउनुपर्छ भन्ने कुरा निक्यौंल गर्नको निम्ति अहिलेका वर्ग-शक्तिहरूबीचको शक्ति सन्तुलन कहाँनिर हुनसक्छ भन्ने कुरालाई पनि ख्याल गर्नु जरूरी छ । वर्गशक्तिहरूबीचको शक्ति सन्तुलनको निक्यौंल गर्न सकेमात्र निशानामा तीर हान्न सक्ने हुन्छ । त्यसैले धनुष त्यति तान्नुहोस्, जति तान्दासम्म धनुषको डोरी नचुडियोस् र निशानामा तीर पुग्न सकोस् ।

◆ **देशको अहिलेको विषम परिस्थितिमा देशलाई अग्रगामी दिशा दिन माओवादी नेता क. प्रचण्डसँग भएको सिलगुडी वार्तामा के सहमति भएको छ ?**

-विभिन्न मानिसहरूले सिलगुडी सिलगुडी भनिरहेछन्, तर त्यो के हो थाहा भएन । यदि तपाईंले भर्खरै गत साउन ३१ र ३२ गते भएको वार्ताको प्रसंगलाई कोट्याउन खोज्नुभएको हो भने त्यसमा नेकपा (माओवादी)का नेताहरूसँग नेकपा (एमाले)का नेताहरूको कुराकानी देशको गम्भीर परिस्थितिको बारेमा चलेको थियो ।

त्यहाँ हामीले उहाँहरूसँग राष्ट्रिय स्वतन्त्रताको र राष्ट्रिय अस्मिताको बारेमा पनि छलफल चलायौं । त्यहाँ २०४६ को जन-आन्दोलनबाट प्राप्त उपलब्धीहरूको सवालमा पनि कुराकानी भयो । हामीले त्यहाँ कम्युनिष्ट आन्दोलनको बारेमा पनि कुराकानी गऱ्यौं ।

त्यस्तैगरी वार्तामा हामीले कसरी सम्पूर्ण जनता र राष्ट्रलाई एकताबद्ध बनाएर अगाडि लग्न सकिन्छ र यसमा राजनीतिक पार्टीहरूको गम्भीर जिम्मेवारी र अभिभारा के हुन् भन्नेबारेमा पनि कुराकानी गऱ्यौं । अहिलेको परिस्थितिमा राजनीतिक निकास के हो भन्नेबारेमा पनि त्यहाँ आ-आफ्नो धारणा राख्ने काम भयो । त्यहाँ माओवादी साथीहरूको आफ्नै धारणा प्रस्तुत भयो भने नेकपा (एमाले)को तर्फबाट पनि हामीले हाम्रा आफ्नै धारणाहरू प्रस्तुत गऱ्यौं । यी दुवै धारणाहरूबारे मैले अगाडि नै प्रष्ट पारिसकें । ती धारणाहरूको सन्दर्भमा भन्नुपर्दा आ-आफ्नो धारणा आ-आफूमै रह्यो र एकले अर्काको धारणालाई सम्मान गर्ने काम भयो ।

अर्को कुरो, हामीले माओवादी नेताहरूसमक्ष उनीहरूबाट ठाउँठाउँमा भइरहेका जबर्जस्ती गा.वि.स.बाट जनप्रतिनिधिहरूलाई राजीनामा गर्न लगाउने, जबर्जस्ती घरमा घुसी खाना खाएर हिंड्ने, विपक्षी पार्टीहरूलाई सभा-जुलूस गर्न नदिने आदिजस्ता क्रियाकलापहरूको सन्दर्भमा पनि कुरा उठायौं । हाम्रो कुरालाई लिएर नेकपा (माओवादी)का अध्यक्ष प्रचण्डले भन्नुभयो, कि त्यस्ता क्रियाकलापहरू पार्टीको केन्द्रीय नीति विपरीत छन् र तिनीहरूलाई रोक्नको निम्ति सबै ठाउँमा तुरून्त निर्देशन पठाइनेछ । र, उहाँले त्यस्तो क्रियाकलाप फेरि दोहोरिन नदिने आश्वासन दिनुका साथै त्यसबारेमा सार्वजनिक वक्तव्य निकाल्ने कुरा पनि गर्नुभयो । साथै, उहाँले त्यस्ता क्रियाकलापहरूको छानवीन गर्न लगाई गल्ती गर्नेहरूलाई दण्डित गर्ने कुरा पनि बताउनुभयो ।

हामीसँग कुराकानी भएअनुसार पछि नेकपा (माओवादी)का अध्यक्ष प्रचण्डले सार्वजनिक वक्तव्य पनि दिइसक्नुभएको छ । यसबाट उहाँ आफूले दिएको बचनअनुसार नै अगाडि बढ्नुहुनेछ भन्ने हामीले आशा लिएका छौं । तर पनि अझै त्यस्ता क्रियाकलापहरू पूर्ण रूपमा रोकिनसकेको कारणले गर्दा उहाँहरूप्रति नेकपा (एमाले)को गुनासो आज पनि रहेको कुरा म यहाँ प्रष्ट राख्न चाहन्छु ।

◆ **सिलगुडीमा जे सहमति भयो, त्योभन्दा फरक ढंगले अहिले नेकपा (एमाले)ले आफूलाई प्रस्तुत गरिरहेछ भन्ने उहाँहरूको गुनासो छ भन्ने पनि सुनिन्छ नि ! यो के हो ?**

- सहमतिभन्दा फरक केही पनि कुरा हामीले बाहिर ल्याएका छैनौं ।

सहमतिमा आएका कुराहरू के थिए भने देश र जनताप्रति जिम्मेबार र गम्भीर बनौं, सबैको बीचमा पूर्वाग्रह र कटुतालाई समाप्त पारौं, शारीरिक हमला र जबर्जस्तीजस्ता कुराहरू नहोउन् र असमभदारी बन्ने कुनै काम पनि नहोस् । राजनीतिक विश्वास र मान्यताहरू आफ्ना-आफ्ना हुन्छन् । तिनीहरूको सम्बन्धमा एकले अर्कालाई सम्मान गरौं भन्ने सहमति त्यहाँ भएको थियो । ❑

**अहिले नै आमूल परिवर्नतको बिन्दुमा पुग्नसक्ने अवस्था छैन । त्यसकारण जतिसम्म रबर तन्काउन सकिन्छ, तन्काऔं । रबर तन्काउँदा रबर नचुडियोस् भन्ने ख्याल गर्नु पर्दछ ।**



# देउवाको आठ बुँदे घोषणा : यो कति क्रान्तिकारी ?

## - कार्यान्वयनले देखाउनेछ



सरकार माओवादी वार्ताको पूर्वसन्ध्यामा प्र.म. शेरबहादुर देउवाले आठ बुँदे विशेष कार्यक्रमको घोषणा गर्नुभएको छ । आठ बुँदे कार्यक्रममा यी बुँदाहरू उल्लिखित छन् ।

◆ जमीनको हदबन्दी घटाउने ऐनसहितको परिवर्तनकारी भूमिसुधार र सो ऐन नबनेसम्म जग्गा जमीनको बेचबिखन र नामसारीमा रोक

◆ मठ-मन्दिरमा दलितलाई प्रवेश गर्न अवरोध गर्न नपाइने, गरेमा दण्डनीय हुने ऐन बनाउने

◆ सम्पत्तिमा महिलाको हकसम्बन्धी विधेयक पारित गर्ने

◆ राष्ट्रिय महिला आयोग गठन गर्ने

◆ आदिवासी, जनजातिसम्बन्धी प्रतिष्ठान बनाउने

◆ २५ वर्षे सामाजिक-आर्थिक रूपान्तरणको विशेष कार्ययोजना ल्याइने

◆ भ्रष्टाचारसम्बन्धी प्रस्तावित विधेयक पारित गर्ने

◆ मुक्त कमैयालाई आगामी माघ मसान्तभित्र जग्गा उपलब्ध गराई सकिने

यो कार्यक्रम सरकारले २०४७ सालमा नै ल्याइसक्नु पर्ने थियो । त्यसो गर्न सकिएको भए जनतामा यति धेरै निराशा र जन-आक्रोश छाइसक्ने थिएन । तर ढिलै भए पनि सरकारले केही राम्रा राहतकारी सुधारको कार्यक्रमको घोषणा गरेको छ । सबैजसो प्रतिपक्षी पार्टीहरूले यसको स्वागत गरेका छन् । माओवादीले चाहिँ यसलाई 'नयाँ उभारलाई मत्थर पार्ने कुत्सित दाउ' बताएको छ ।

अहिले जुन कार्यक्रमको घोषणा देउवा सरकारले गरेको छ, त्यो स्पष्टतया निराश र अधीर जनतालाई माओवादी सशस्त्र विद्रोहले चारैतिर व्यापक मात्रामा आकर्षित गर्न थाल्नुको प्रतिक्रियास्वरूप आएको छ । नाम 'क्रान्तिकारी' दिएर पनि यो सुधारवादी कार्यक्रम हो । तर यति कार्यक्रम पनि विगतको कुनै पनि कांग्रेसी सरकारले ल्याउन सकेको थिएन । अहिले माओवादी विद्रोहले निकै चापेपछि देउवा सरकारले यो कार्यक्रमको घोषणा गरेको छ । घोषणामध्ये परिवर्तनकारी भूमिसुधार र हदबन्दी घटाउने घोषणाले देउवालाई चर्चाको शिखरमा पुऱ्याएको छ । साथसाथै जमीन्दारवर्गका केही मुट्ठीभर प्रतिनिधि पार्टीहरूको विरोधको पनि उहाँले सामना गर्नुपरिहेछ । र, यो विरोध कांग्रेसभित्रैबाट पनि आएको छ । कांग्रेसको आकस्मिक केन्द्रीय बैठकले तराईका जमीन्दारहरू र धेरै जग्गा भएकाहरूको स्वार्थमाथिको धक्का कम गर्न नयाँ अर्थहीन हदबन्दी तोक्न सरकारलाई निर्देशन दिएको छ । परन्तु बहुसंख्यक जनताले यो कार्यक्रमलाई मन पराएका छन् र यसको समर्थन गरेका छन् । एमालेले त यसको समर्थनमा राजधानीमा जुलूस नै निकालेको छ । यो कार्यक्रमको राम्रो पक्ष भनेको ऐन नबनेसम्म जग्गा जमीनको बेचबिखन, नामसारी, रजिस्ट्रेशन रोक्का गर्ने घोषणा हो । परन्तु पार्टीभित्रैबाट तीव्र विरोध आएपछि देउवाले खुट्टा कमाउन थाल्नुभएको छ । उहाँले कांग्रेसको निर्देशनलाई स्वीकारेर काम नलाग्ने हदबन्दी लागू गर्नुभएमा उहाँ स्वयं जोकर फाल्नु हुने निश्चित छ । यसबाट खासै हदबन्दीभन्दा ज्यादा जमीन निक्लने नै छैन, जुन भूमिहीनहरूमा बाँड्न सकियोस् ।

अर्को, राम्रो कार्यक्रम भनेको महिलालाई संपत्तिको हक दिने, दलितहरूलाई मठ-मन्दिरमा प्रवेश गर्न रोक लगाउनेलाई कानूनतः दण्ड दिने र मुक्त कमैयालाई माघ मसान्तभित्र जग्गा उपलब्ध गराउने घोषणा हो । यो काम साँच्चै नै हुनसक्यो भने नेपालका महिलाहरू, दलितहरू र मुक्त कमैयाहरूको जीवन स्थितिमा काफी हेरफेर आउनेछ । यसैको परिणमस्वरूप मुलुकी एने लागू भएको ३८ वर्ष बितीसक्दा पनि मन्दिर प्रवेश गर्न नपाएका दलितहरूले हालै मात्र सर्वप्रथम सामुहिक रूपमा पशुपतिको मन्दिर प्रवेश गरेका छन् । र यो क्रम अब देशभरि बढ्ने निश्चित प्रायः छ । जनजातिहरूको हकमा उनीहरूले खोजेको मुख्य कुरा जनजाति प्रतिष्ठान होइन, क्षेत्रीय जातीय स्वायत्त शासन हो, एक भाषा अधिकारको अन्त्य हो, र माथिल्लो सभालाई जनजाति सभामा रूपान्तरण गर्ने कार्य हो । अहिलेको घोषणाले त्यो कुरो गर्न सकेको देखिँदैन ।

भ्रष्टाचार नियन्त्रणका लागि चालिने भनिएका कदमहरू राम्रा छन्, तर पर्याप्त छैनन् । भ्रष्टाचार नियन्त्रणका लागि अहिलेको एउटा प्रमुख आवश्यकता भनेको अख्तियारलाई र संसदको सार्वजनिक लेखा समितिलाई अत्यधिक अधिकार संपन्न बनाउने कानून तर्जुमा गर्नु हो । अर्को, आवश्यकता भनेको भ्रष्टाचारको आरोप लागेको कुनै पनि व्यक्ति चुनावमा उम्मेदवार नै हुन नपाउने, कुनै पनि सरकारी, गैर-सरकार ओहोदामा बस्नै नपाउने कानूनी व्यवस्था हो । ❑


मार्क्स, एंगेल्स, लेनिन, स्टालिन, माओ र चे ग्वेभाराका चित्रांकित रंगीन पोष्टर चाँडै प्रकाशित हुँदैछ !

रंगीन पोष्टरहरू









बिक्रेताहरूले सम्पर्क गर्नुहोला

-अन्तर्क्रिया प्रकाशन प्रा. लि., फोनः ४२२७६९

◀ घटना र प्रवृत्ति

# वास्तवमा सिलीगुडी वार्तामा के भएको थियो ?


*मूल्यांकन* विशेष संवाददाता

गत श्रावण महिनाको अन्त्यमा सम्पन्न भएको नेपालका प्रमुख वामपन्थी पार्टीका शीर्षस्थ नेताहरूको दुई दिने सिलीगुडी-वार्ता नेपालको आम जनसमुदाय र प्रेस जगतबीच अत्यन्त चर्चाको विषय रह्यो । वार्तापछि संयुक्त प्रेस विज्ञप्ति जारी नगर्नाले यो वार्ताबारे काफी धेरै शंका, उपशंका र अड्कलबाजीहरू चले र आम जनसमुदायमा यसबारे प्रशस्त भ्रम सृजना भयो । माओवादी जनयुद्ध शुरू भएयता तीक्ततापूर्ण सम्बन्ध भएका माओवादी, एमाले र मसाल ६ वर्षपछि पहिलो पटक एकै ठाउँमा जम्मा भई वार्ता गर्नुले पनि यो वार्ताबारे सार्वजनिक जिज्ञासा चर्को हुनु स्वाभाविक थियो ।

वास्तवमा सिलीगुडी-वार्ता मोआवादीले आयोजना गरेको बैठक


रोहित


वामदेव गौतम


लिलामोणि पोखरेल


ईश्वर पोखरेल

नभएर नेकपा (एकताकेन्द्र)ले आयोजना गरेको बैठक थियो । र, यो बैठक सिलीगुडीमा भएको नभएर जलपाइगुडीको कुनै एउटा गाउँमा भएको थियो । बैठकमा ६ वटा पार्टीको सहभागिता थियो । यो बैठकमा नेकपा (एमाले) का तर्फबाट महासचिव माधवकुमार नेपाल र पोलिट्ब्यूरो सदस्य ईश्वर पोखरेल, नेकपा (मसाल) का तर्फबाट महामन्त्री रामसिंह श्रीस, नेमकिपाका तर्फबाट अध्यक्ष नारायणमान बिजुक्छे रोहित, र के स स सुनील प्रजापति, नेकपा (माले) का तर्फबाट महासचिव वामदेव गौतम, नेकपा (एके) का तर्फबाट महासचिव प्रकाश र सजमो, नेपालका तर्फबाट महासचिव लिलामणि पोखरेलको र नेकपा (माओवादी) का तर्फबाट अध्यक्ष प्रचण्ड, पो. ब्यू. सदस्य किरण र बाबुराम

**यो मोआवादीले आयोजना गरेको बैठक नभएर नेकपा (एकताकेन्द्र)ले आयोजना गरेको बैठक थियो**

भट्टराईको उपस्थिति रहेको थियो ।

बैठकमा सहभागी एक विश्वस्त सूत्रले *मूल्यांकन*लाई बताएअनुसार यो बैठकको संचालन र संयोजन नेकपा (एके) का महासचिव प्रकाशले गर्नुभएको थियो । बैठकको प्रारम्भ गर्दै क. प्रकाशले देशको वर्तमान स्थितिको चित्रण गर्नुभएको थियो । यो स्थितिमा वामपन्थी र जनपक्षीय शक्तिहरूको कार्यभार निश्चित गर्नुपर्ने र त्यसलाई पूरा गर्न साझा कार्ययोजना हुनुपर्ने धारणा उहाँले अघि सार्नुभएको थियो । साथै अहिलेको विशिष्ट स्थितिमा वामपन्थी शक्तिहरूबीचको कटुता कम गर्ने माओवादीबाट हुने गरेको असहिष्णु र आक्रमक व्यवहार राक्ने र समाधान गर्नेबारे आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।

'लिखित रूपमा सहमतिको बुँदा तयार पार्ने कार्य त्यो बैठकले गरेन, परन्तु बैठकमा कैयन् महत्वपूर्ण सवालमा सहमति पैदा भएको थियो' विश्वस्त सूत्रले *मूल्याकन*लाई बतायो ।

बैठकमा निम्न सवालमा सबै सहभागीहरूबीच ऐतिहासिक प्रकारको सहमति कायम भएको थियो :

◆ देश अहिले विशिष्ट अवस्थामा छ ।

◆ प्रतिक्रियावादी सत्ताको संकट तीव्र भएर गएको छ ।

◆ देशमा अग्रगामी आमूल परिवर्तनको लागि अनुकूलता बढेर गएको छ ।

◆ सम्पूर्ण वामपन्थी शक्तिलाई एकताबद्ध गर्न सक्दा देशमा वामपन्थी शक्तिको पक्षमा शक्ति सन्तुलनको स्थिति छ ।

◆ त्यसैले, यो शक्तिलाई एकताबद्ध गरेर लैजाने हो भने नीटक भविष्यमै अग्रगामी परिवर्तनको संभावना छ ।

◆ परन्तु प्रतिक्रियावादीहरू एक शिविरमा ध्रुवीकृत हुँदैछन् र क्रान्तिकारीहरू विरूद्ध दकनकारी षडयन्त्रकारी योजनाका साथ पेश हुने तयारी पनि गर्दैछन् ।

◆ तसर्थ, चुनौतीहरू पनि गम्भीर छन् । चुनौतीहरूलाई चिर्दै अग्रगामी परिवर्तन हासिल गर्न वामपन्थी शक्तिहरूका बीचमा एकता आजको प्रमुख आवश्यकता हो ।

◆ जेठ १९ गतेको घटनापछि राजतन्त्र पहिलेभन्दा कमजोर भएको छ ।

◆ सरकार-माओवादी वार्तालाई नेपाली समाजको अग्रगमनको पक्षमा प्रयोग गर्नुपर्दछ । त्यसको निम्ति वामपन्थी शक्तिहरूबीचको सल्लाह र एकता आवश्यक छ ।

पछिल्लो यो सवालमा नेकपा (मसाल) ले भने आफ्नो असहमति प्रस्तुत गरेको थियो ।

यी महत्वपूर्ण सवालमा सहमति रहेपनि केही सवालमा बैठकमा असहमति पनि कायम रहेको थियो । उदाहरणको लागि वर्तमान संकटको राजनीतिक निकास सम्बन्धमा बैठकमा सबै पार्टीबीच सहमति कायम हुनसकेन । ठीक त्यस्तै, कार्यनीतिक नाराको सवालमा पनि । एकता केन्द्र र माओवादी पार्टी गणतन्त्रको पक्षमा देखापरे, बाँकी अरू पार्टीहरू विस्तारै सुधार गर्दै जाऊँ, जनअधिकारलाई सुदृढ पार्दै जाऊँ भन्ने पक्षमा देखा परे । एमालेले त्यसको लागि संविधान संशोधनको प्रस्ताव राख्यो, मालेले पनि त्यही गर्‍यो । नेमकिपाको पनि लगभग त्यही अडान रह्यो । मसालको भने त्यस सवालमा कुनै ठोस दृष्टिकोण देखिएन ।

"बैठकको पछिल्लो घडीमा व्यापक छलफलपछि संविधान सभाको पक्षमा सहमति हुने दिशातिर बैठक अघि बढ्यो" -विश्वस्त सूत्र बताउँछ । 'नेकपा (माले) ले खुलेरै यसको समर्थन गर्‍यो । नेमकिपाको मौन समर्थन रह्यो । मसालले सैद्धान्तिक रूपले साझा सहमति भए पनि फाइदा पुग्छ भने बुझेर समर्थन गर्ने जनायो । एमालेले भने आफ्नो पार्टीको निर्णय संविधान संशोधनको पक्षमा रहेको बताउँदै संविधान सभाका बारेमा अहिले छलफल गर्नु उपयुक्त हुन्छ, त्यसको लागि हामी पार्टीमा गएर छलफल गर्छौं भन्ने धारणा अघि सार्‍यो । एकता केन्द्रले सबैको सहमति हुन्छ भने सबै संविधान सभाको पक्षमा जाऊँ भन्ने प्रस्ताव राखेको थियो । त्यसमा करिब करिब सकारात्मक धारणा देखिएको थियो ।'

बैठकले ऐतिहासिक भूमिका खेल्न सक्ने संभावना महसुस गर्दै र फेरि फेरि पनि छलफललाई निरन्तरता दिने टुंगोका साथ बैठकको अन्त्य भएको थियो । ❑

महिला र बाल-बालिकाहरूप्रतिको शोषण र अत्याचार निन्दनीय कार्य हो । महिला र पुरुषबीच भेदभाव गर्ने सामाजिक कुरीतिहरू र बाल-बालिकाहरू उपर गरिने सबैथरीका शोषणहरू हटाउन सबै सचेत नागरिकहरूले संयुक्त रूपमा प्रयास गर्ने समय आएको छ । गाउँघरमा हुने सामाजिक भेटघाट र सामूहिक छलफलमा पनि यस्ता कुराहरू उठाई जनचेतना बढाउनु शिक्षित र सचेत नागरिकहरूको कर्तव्य हो ।


**श्री ५ को सरकार**
**सूचना तथा संचार मंत्रालय**
**सूचना विभाग**




**लामो समयको प्रतिक्षापछि**

मनोज गजुरेलका हास्य व्यंग्यहरुको **संगालो**

**लुखास्त !**



**बजारमा उपलब्ध छ !**

छानिएका हास्यव्यंग्यहरुको विशेष संग्रह !

**अन्तर्क्रिया प्रकाशन प्रा.लि.**
पुतलीसडक, काठमाण्डौ
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९

**नव युवा**




**जब निरंकुश राजा बोकाझैं काटिए !**

प्रजातन्त्रका लागि निरंकुश राजतन्त्रविरुद्ध भएको बेलायती जनताको विद्रोहको रोमाञ्चक इतिहास

पढ्नु भो ?

**आगामी अंकमा**

बेलायतमा पुनः राजतन्त्र कसरी स्थापित भयो ?
'रक्तहीन क्रान्ति'को कथा !

*साथमा अन्य रोचक र ज्ञानबर्द्धक सामग्रीहरूको संगालो*

**प्रख्यात साहित्यकार खगेन्द्र संग्रौलाको नयाँ पुस्तक**

# इतिहासमा कालो पोतिएको अनुहार




प्रकाशित भएको एक हप्तापछि दोस्रो संस्करण छापिएको लोकप्रिय पुस्तक बजारमा उपलब्ध छ !

- भतिज दीपेन्द्र ! मलाई माफ गर
- तिम्रा कन्नापछाडि दीपेन्द्र ! तिम्रो नाउँमा उल्कै गरे
- गणेशपन्थी गण, गणपति र तानाशही
- कोचिङ क्लासका सरकारी उत्तरहरु शंकाको घेरामा
- के कांग्रेस र एमाले पनि अब स्वर्गवासी ?
- राजगद्दी उत्तराधिकारीबारे उठेको सामयिक प्रश्न
- मैले देखेको दुःखद् सपना
- काट्टो, जदौ र जो हुकुम सरकार !
- दन्त्यकथाको आदिम देशना फिलिम रिहर्सलको झाँकी
- कविता
  - नाम नखुलेको एउटा उत्तर
  - बालक र सत्य

नारायणहिटी हत्याकाण्डबारे लिखित रोचक, ज्ञानबर्द्धक र विचारोत्तेजक रचनाहरूको संगालो



लेखक

**मूल्य रु. ५०/-**

प्रकाशक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.

**MULYANKAN**
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५०    म.क्षे.हु.द.नं. १२/०५१/५२

हिमाल स्टील

टोरस्टील®

*हिमालले सुरक्षित घर बनाउँछ।*

प्रत्येक इन्जिनीयर, आर्किटेक्ट, कुशल ठेकेदारलाई थाहा हुन्छ, फलामे डण्डीको यील्ड स्ट्रेन्थ, डिजाइनको त्यो आधार हो जसबाट निर्माण किफायती र बलियो बन्छ ।

हिमाल स्टील टोरस्टील त्यस्तो शक्तिशाली फलामे डण्डी हो जुन अन्तरराष्ट्रिय प्रविधिबाट अन्तरराष्ट्रिय गुणस्तरमा नेपालमै तयार पारिएको छ । यस्को शक्ति सम्पन्न ४२.५ किलो वर्ग मि.मि. यील्ड स्ट्रेन्थको हामी ग्यारेन्टी दिन्छौं र यस्को बढी बण्ड स्ट्रेन्थले तपाईंको निर्माणमा बचत गराउँछ ।

तपाईंको सृजनशीलता र हाम्रो हिमाल स्टील
अभिन्न साथी एक अर्काको ।

अति शक्तिशाली



ISO 9002
SGS

ज्योति

हिमाल आयरन एण्ड स्टील
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३
फोन: २२५२३०, २२५४९०, फ्याक्स